समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## आमा-समूहका सदस्यहरूका लागि बालसंरक्षणसम्बन्धी प्रशिक्षण

## भाग-७


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरुका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## आमा-समूहका सदस्यहरूका लागि
## बालसंरक्षणसम्बन्धी प्रशिक्षण

## भाग-७

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**




प्रकाशकः केन्द्रीय बालकल्याण समिति, हरिहरभवन, ललितपुर

सहयोगः प्लान इन्टरनेशनल नेपाल, श्रीमहल, ललितपुर,
सेभ द चिल्ड्रेन, सिनामङ्गल, काठमाडौं,
तेरे दे जोम्स फाउन्डेसन, पुल्चोक, ललितपुर,
युनिसेफ नेपाल, पुल्चोक, ललितपुर,
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सानेपा, ललितपुर ।

प्रथम संस्करणः सेप्टेम्बर, २०१५

लेखन तथा सम्पादनः चन्द्रिका खतिवडा
सहयोगः सुरेन्द्र रेग्मी, निना महर्जन, शिव थापा र कृष्णप्रसाद सुवेदी
(इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, लाजिम्पाट, काठमाडौं)

चित्रः केशव खनाल

आकृतिविन्यासः रमेश दाहाल

---

प्रस्तुत निर्देशिका केन्द्रीय बालकल्याण समितिले इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सहयोगमा तयार गरेको हो । निर्देशिका तयार गर्दा प्लान इन्टरनेशनल नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोग रहेको थियो भने सेभ द चिल्ड्रेन, तेरे दे जोम्स फाउन्डेसन र युनिसेफ नेपालको प्राविधिक सहयोग रहेको थियो ।

# शुभकामना

बालबालिकाको अधिकार र बालसंरक्षणको विषय वर्तमानमा सबैका लागि एक प्राथमिकताका रूपमा रहिआएको छ । यसैलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूको विकास गरी एक व्यवस्थित बालसंरक्षण प्रणाली स्थापित गर्ने प्रारम्भिक कार्यको थालनी भएको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर धेरै सरकारी निकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रि संघ संस्थाहरूले नेपालमा विगत धेरै लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । सबैको सहयोग र सहकार्यमा केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिले समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरू मार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् ।

बालसंरक्षणको क्षेत्रमा क्रियाशील रहेका औपचारिक वा अनौपचारिक संरचनालाई सशक्त बनाउन यी संरचनाहरूमा रहेका सरोकारवालाहरूबीच बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरूबारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी छ ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा साझेदार इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूको सहयोग एवं सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् ।

यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ-समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्ट रूपमा प्रस्तुत गरिएका छन् ।

यसको तयारीमा लाग्नु हुने सबैलाई विशेष धन्यवाद दिदैं यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले गाउँ-समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**डिल्लीराम गिरी**
अध्यक्ष
केन्द्रीय बालकल्याण समिति

# प्राक्कथन

बालबालिकाको संरक्षणका लागि घरपरिवारपछि उनीहरूको वरिपरिको समुदायको अहम् भूमिका रहन्छ । समुदायमा नै बालबालिकाले विभिन्न प्रयोजनका निम्ति आफ्नो महत्वपूर्ण समय व्यतीत गरिरहेका हुन्छन्, अन्तर्क्रिया गरिरहेका हुन्छन् र जीवनोपयोगी शिक्षा पाइरहेका हुन्छन् । समुदायमा आधारित भएर क्रियाशील अभिन्न एवं महत्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, सामुदायिक प्रहरी, आमा समूह, बालक्लब लगायतका थुप्रै संरचनाहरू पर्दछन् ।

विद्यालय शिक्षा आर्जन गर्ने थलो मात्र नभएर बालअधिकार प्रवर्द्धन एवं बालसंरक्षणमा कार्य गर्ने एक महत्वपूर्ण निकाय पनि हो । स्वास्थ्य प्रवर्द्धनका लागि केन्द्रित समुदायतहका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी अर्का महत्वपूर्ण संयन्त्रहरू हुन् भने समुदायका आमा समूहहरूले पनि बालसंरक्षणमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । समुदायमा अथवा विद्यालयमा आधारित बालक्लबहरूमा आबद्ध भएर बालबालिकाले आफ्नो हकअधिकार प्रवर्द्धन गर्नुका साथै बालसंरक्षणबारे चेतना जागरणमा उल्लेख्य भूमिका खेल्दै आएका छन् । बालबालिका पीडित हुन पुगेका घटनाको अनुसन्धान गरी पीडितलाई कानुनी उपचार तथा न्याय दिलाउन स्थानीय तथा समुदाय तहका प्रहरीको महत्वपूर्ण भूमिका रहन्छ । साथै, बालसंरक्षणमा कार्य गर्ने अख्तियारीसहित गठित गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समिति समेत स्थानीयस्तरका बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि रोकथाममूलक कार्यका साथै घटनाको द्रुत-सम्बोधन तथा तत्काल उद्धार एवं पुनर्स्थापना लगायतका काममा क्रियाशील रहेका पाइन्छन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, विभेद, हेलचेक्र्याइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई एक महत्वपूर्ण अङ्गको रूपमा स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ, ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ एवं उपयुक्त न्याय प्रदान गर्न सकियोस् । यस सन्दर्भमा विभिन्न संघ-संस्था तथा निकायहरूले आ-आफ्नै शैलीमा यस्ता समुदायमा आधारित संयन्त्रहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यशालाहरू गर्दै आएका छन् । तर सबैको सम बुझाइका निम्ति क्षमता अभिवृद्धिका सन्दर्भमा प्रयोग गरिने सामग्रीहरूमा एकरूपता ल्याई एक समानस्तर कायम गर्नुपर्ने आवश्यकता महसुस गरिएकाले नै बालसंरक्षणको क्षेत्रमा क्रियाशील तथा यस समितिका साझेदारका रूपमा रहँदै आएका ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूसँगको सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई लक्षित यो तालिम निर्देशिका तयार गरिएको हो । यसबाट आगामी दिनहरूमा सबैका तर्फबाट यसैलाई आधार मानी एकै प्रकारका तालिम कार्यशालाहरू सम्पन्न भई एकरूपता कायम हुने विश्वास गरिएको छ ।

यस तालिम प्याकेजमा जम्मा आठवटा निर्देशिकाहरू छन् । निर्देशिकाको भाग १ देखि ३ सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ । तिनमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ । भाग ४ विद्यालयको तहमा बालसंरक्षणका निम्ति, भाग ५ समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ६ बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ७ आमा समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति र भाग ८ समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति केन्द्रित गरी तयार गरिएका छन् ।

यी तालिम निर्देशिकाहरूले समुदायमा आधारित विभिन्न बालसंरक्षण संयन्त्रहरूको क्षमता विकास गरी बालसंरक्षण कार्यलाई अझै

प्रभावकारी बनाउने अपेक्षा गरेको छु । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

बालसंरक्षण कार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका भूमिका अनुरूप उनीहरूको क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा विभिन्न संस्था तथा निकायहरूले प्रयोग गर्दै आएका सामग्रीहरू समेतलाई एकीकृत गर्दै समानस्तर कायम गर्ने अभिप्रायले तयार गरिएका यी निर्देशिकाहरू तयार गर्नुहुने बालअधिकारकर्मी श्री चन्द्रिका खतिवडा तथा उहाँको टिमलाई धेरै धन्यवाद दिन्छु । विभिन्न चरणमा भएका छलफलमा सक्रिय सहभागी भई पृष्ठपोषण गर्नुहुने केन्द्रीय तथा जिल्ला बालकल्याण समिति एवम् अन्य संघसंस्था तथा निकायका मित्रहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । केन्द्रीय बालकल्याण समितिको यो अभियानलाई साकार गर्न लेखन तथा प्रकाशनमा आर्थिक सहयोग गर्ने प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपाललाई धेरै धन्यवाद व्यक्त गर्दछु । साथै, निर्देशिकाको समग्र खाका तयार गर्न तथा यसका विषयवस्तुमा आफ्नो सुझाव, कार्यक्षेत्रमा सँगालेका अनुभवहरू तथा स्रोत-सामग्री उपलब्ध गराएर प्राविधिक सहयोग प्रदान गर्ने ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका अन्य सदस्यहरू युनिसेफ नेपाल, सेभ द चिल्ड्रेन र तेरे दे जोम्स फाउन्डेसनलाई म हृदयदेखि नै धन्यवाद दिन्छु ।

अब यो हामी सबैको साझा सामग्रीको रूपमा रहेको छ । समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्न सबैबाट यी निर्देशिकाहरूको प्रयोग गरी त्यसबाट प्राप्त व्यवहारिक सुझावहरूलाई समावेश गरी आवश्यकताअनुरूप आगामी दिनहरूमा यिनमा नियमित परिमार्जन गरिने नै छ ।

धन्यवाद !



**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# मन्तव्य

बालबालिकाको अधिकारको सुनिश्चितता र बालसंरक्षण वर्तमानमा विश्वकै प्रमुख सवालको रूपमा उठदै आइरहेको छ । नेपालमा पनि बालसंरक्षणका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूलाई सक्रिय गराई एक बालसंरक्षण प्रणालीको विकास गर्न प्रारम्भिक कार्यको थालनी भएको छ । राष्ट्रिय बालसंरक्षण प्रणालीमार्फत बालबालिका र समुदायको प्रतिरोधात्मक क्षमतामा अभिवृद्धि तथा बालसंरक्षणका सवालहरूको पैरवीको कार्य समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म हुँदै आइरहेको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, प्लान ईन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, युनिसेफ नेपाल र तेरे दे जोम्स फाउन्डेसनलगायत अन्य संस्थाहरूले नेपालमा लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । हामी ईन्टर–एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूले आ–आफ्नो प्रयासबाट केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिको साझेदारीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूमार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् ।

बालबालिकालाई समृद्ध जीवन जीउन सक्षम बनाउन उनीहरूको अधिकार तथा संरक्षणको सुनिश्चितता हुन जरूरी छ र यसका लागि समुदायदेखि राष्ट्रियस्तरसम्म बालबालिकाको संरक्षणको जिम्मेवारी पाएका बालसंरक्षण संरचनाहरूको सबलीकरण गर्न जरूरी छ । हामी बालकेन्द्रित अन्तर्राष्ट्रिय संस्था तथा निकायहरू त्यसलाई अत्यन्त आवश्यक एवं महत्वको कार्य ठान्दछौं । यी संरचनाहरूमा रहेका सरोकारवालाहरूको बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरू बारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी ठान्दछौं ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र प्लान ईन्टरनेशनल नेपालको आर्थिक सहयोग एवं ईन्टर–एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको प्राविधिक सहयोगमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् । आठवटा भागहरूमा प्रस्तुत गरिएका यी निर्देशिकाहरू समुदायका छुट्टाछुट्टै बालसंरक्षण संयन्त्रहरूः गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उपसमिति, विद्यालय, स्वास्थ्यकर्मी, आमा समूह, बालक्लबहरू तथा स्थानीय प्रहरीहरूको क्षमता अभिवृद्धिको लागि सहयोग पुऱ्याउनेगरी तयार गरिएका छन् । यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ–समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्टरूपमा प्रस्तुत गरिएका छन् ।

यी निर्देशिकाहरू तयार पार्ने क्रममा केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र ईन्टर–एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको साथै अन्य सरोकारवालाहरूसँग छलफल गरी पृष्ठपोषण लिइएको थियो । अतः यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

अन्त्यमा, यी तालिम निर्देशिकाहरू प्रकाशनका लागि आर्थिक सहयोग गर्ने वर्ल्ड भिजन, यु.के. र प्लान नर्वेलाई विशेष धन्यवाद दिन्छौं । यी तालिम निर्देशिकाहरू तयार पर्दा प्राविधिक सहयोग प्रदान गर्नुहुने ईन्टर–एजेन्सी वर्किङ्ग ग्रुपका सबै सदस्यहरूका सम्बन्धित कर्मचारीहरूलाई पनि धन्यवाद व्यक्त गर्दछौं । साथै, यी निर्देशिकाहरूको लेखनको अभिभारा लिनुहुने श्री चन्द्रिका खतिवडा र उहाँको सम्पूर्ण टिम तथा चित्राङ्कन र लेआउट डिजाइन गर्नुहुने ईको नेपालको टिमलाई समेत विशेष धन्यवाद व्यक्त गर्दछौं ।

**माटियस् ब्रायन्सन्**
राष्ट्रिय निर्देशक
प्लान ईन्टरनेशनल नेपाल

**दलैलाह् (लाला) बोर्ज़ा**
राष्ट्रिय निर्देशक
सेभ द चिल्ड्रेन

**डा. सेबाष्टियन चुग**
देशीय प्रतिनिधि
तेर दे जोम् – लोजान (टिडिएच)

**तोमु होजुमी**
देशीय प्रतिनिधि
यूनिसेफ नेपाल

**लिज साटो**
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल

# कृतज्ञता

गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धिको लागि सिलसिलेवाररूपमा तालिम सञ्चालन गर्न निर्देशिकाको आवश्यकता बोध भएपछि केन्द्रीय बालकल्याण समिति र ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था वा निकायहरूको तर्फबाट संयुक्तरूपमा तीन चरणको तालिमको पाठ्यक्रम तर्जुमा गरियो । सोहीअनुरूप इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका तर्फबाट हामीले निर्देशिकाको प्रारम्भिक लेखन कार्य थाल्यौं । निर्देशिकाको भाग १, २ र ३ को लेखन कार्य सम्पन्न भएपछि समुदायमा क्रियाशील विद्यालय, स्वास्थ्यकर्मी, स्थानीय प्रहरी, आमा समूह र बालक्लबहरूलाई लक्षित गरी थप सामग्रीसहित खासखास निर्देशिकासमेत तयार गर्ने निर्णय भयो । त्यसैअनुरूप निर्देशिकाहरू ८ भागमा तयार भएका हुन् । भाग १ देखि ३ सम्म सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि सञ्चालन हुने तालिममा आवश्यकताअनुरूप उपयोग गरिनुपर्दछ भने अन्य भागहरू निर्दिष्ट लक्षित समूहको तालिमका लागि उपयोगी हुनेछन् ।

यी निर्देशिकाहरूको लेखन तथा सम्पादनका क्रममा हामीले धेरै महानुभावहरूको सहयोग पाएका छौं । समुदायतहमा बालसंरक्षण संयन्त्रहरूलाई तालिम दिन खासगरी प्लान ईन्टरनेशनल नेपाल, वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र सेभ द चिल्ड्रेनले उपयोग गर्दै आएका सामग्री तथा बालसंरक्षण कार्यमा खासगरी समुदायतहमा कार्यरत महानुभावहरूका अनुभव तथा सिकाइलाई आवश्यकताअनुसार निर्देशिकामा समावेश गरिएको छ । त्यस्तै निर्देशिकाको मस्यौदा तयार भएपछि जिल्ला बालकल्याण समिति, प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका कर्मचारी/पदाधिकारी तथा साझेदार संस्थाका कर्मचारीहरूलाई आमन्त्रित गरी परीक्षण तालिम सञ्चालन गरिएको थियो । ती तालिमहरूबाट आएका सुझावको आधारमा निर्देशिकामा आवश्यक परिमार्जन गरिएको थियो ।

यस निर्देशिकालाई यसरूपमा ल्याउन योगदान पुर्‍याउनुहुने सबै महानुभावहरूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

*निर्देशिकाको अवधारणा, पाठ्यक्रम तर्जुमा तथा मस्यौदामाथि सुझाव प्रदान गर्नुहुनेः*

केन्द्रीय बालकल्याण समितिका श्री तारक धिताल, श्री नमूना भुषाल र श्री नीता गुरूङ्ग ।

प्लान ईन्टरनेशनल नेपालका श्री मधुवन्ती तुलाधर र श्री सुभाषा श्रेष्ठ ।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका श्री अर्पणा रोंगोन, श्री दिलिप गिरी र श्री भविन्द्र राई ।

सेभ द चिल्ड्रेनका श्री कीर्ति थापा र श्री मदन गोतामे ।

युनिसेफ नेपालका श्री ब्रिजिट र श्री इभान राई ।

तेरे दे जोम्स फाउन्डेसनका श्री नवजीत कर्माचार्य ।

*निर्देशिकाको परीक्षण प्रशिक्षणका सहभागी तथा प्रशिक्षकहरूः*

प्लान ईन्टरनेशनल नेपालको आयोजनामा बुढानीलकण्ठ, काठमाडौंमा सम्पन्न पहिलो चरणको तथा हेटौंडा मकवानपुरमा सम्पन्न दोस्रो चरणको तालिमका सहभागी प्लान ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको आयोजनामा धुलिखेल, काभ्रेपलाञ्चोकमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, सुनसरीको आयोजनामा ईटहरीमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू तथा सुनसरी जिल्लाका गाउँ बालसंरक्षण तथा संवर्द्धन उपसमितिका सदस्यज्यूहरू,

केन्द्रीय बालकल्याण समितिले चितवन र ललितपुरमा सम्पन्न गरेको तालिमहरूमा सहभागी बालकल्याण अधिकारीज्यूहरू, जिल्ला बालकल्याण समितिका पदाधिकारीज्यूहरू तथा बालअधिकार अधिकृतज्यूहरू,

*निर्देशिकाको परीक्षण प्रशिक्षण कार्यमा सहयोग पुऱ्याउनुहुने :*

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री भरत थापा, स्वतन्त्र विज्ञ श्री उद्धवराज पौड्याल, स्वतन्त्र विज्ञ श्री प्रकाश कोइराला, स्वतन्त्र विज्ञ श्री प्रल्हाद ढकाल, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका श्री सुरेन्द्र रेग्मी, श्री शिव थापा, श्री कृष्णप्रसाद सुवेदी र निना महर्जन ।

*लेखन तथा सम्पादन कार्यमा सहयोग :*

श्री शिव थापा, श्री सुरेन्द्र रेग्मी, श्री निना महर्जन र श्री कृष्णप्रसाद सुवेदी ।

निर्देशिकाको चित्रलेखन गर्नुहुने श्री केशव खनाल र आकृतिविन्यास गर्नुहुने श्री रमेश दहाल ।

सबैलाई धेरै धेरै धन्यवाद !

**चन्द्रिका खतिवडा**,

निर्देशक, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी,

काठमाडौं, नेपाल

# निर्देशिकाको परिचय

सुरक्षित वातावरणसहित आफ्नो संरक्षणको सुनिश्चितता पाउनु सबै बालबालिकाको अधिकार हो । यस अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय कानुन र बालबालिकासम्बन्धी नीति, २०६९ तथा नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा यसका दुईवटा इच्छाधीन आलेखहरू[1] (बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धका इच्छाधीन आलेखहरू, २०००) ले सुनिश्चित गरेका छन् । यसर्थ, बालबालिकाविरूद्ध हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, भेदभावलगायतका हानिहरूबाट जोगाउन सम्भव सबै प्रयत्न हुनु जरूरी छ ।

बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्ने प्रमुख दायित्व राज्यको हो । यस कार्यमा बाबुआमा, अभिभावक एवं समुदायका प्रत्येक सदस्य र स्वयं बालबालिकाको सहभागिता र सहकार्य आवश्यक हुन्छ । त्यसरी नै समुदायमा आधारित भएर बालसंरक्षणका लागि क्रियाशील महत्त्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, स्थानीय प्रहरी, आमा-समूह, बालक्लबलगायतका संरचनाहरू पर्दछन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, विभेद, हेलचेक्रयाइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा महत्त्वपूर्ण अङ्गको रूपमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ अनि उपयुक्त न्याय प्रदान गर्न सकियोस् ।

नेपाल सरकारले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम निर्देशिका, २०६५ लागु गरी गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति र जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति (यी समितिलाई 'भिसीपिसी', 'एमसीपिसी' र 'डिसीपिसी' भनेर पनि चिनिन्छ) को गठनको व्यवस्था गर्नुका साथै तिनका भूमिका तथा कार्यहरू तय गरेको छ ।

गाउँ/नगरस्तरमा गठन भएका बालसंरक्षण समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको कार्यमा सहयोग पुर्‍याई खासगरी समुदायतहमा बालसंरक्षण कार्यको प्रभावकारिता बढाउन बालसंरक्षण संयन्त्रहरूका सदस्यहरूको क्षमता बढाउन आवश्यक छ । त्यसरी नै बालसंरक्षणमा क्रियाशील व्यक्ति, संस्था तथा निकायहरूको विषयगत ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न समेत आवश्यक देखिएको छ । यही निर्दिष्ट लक्ष्यका साथ यी निर्देशिकाहरू तयार गरिएका हुन् । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

प्रस्तुत 'समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि बालसंरक्षणसम्बन्धी तालिम निर्देशिका' लाई आठवटा अलग-अलग पुस्तकको रूपमा प्रस्तुत गरिएको छ :

| | | |
|---|---|---|
| भाग १ | : | बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरू, |
| भाग २ | : | बालसंरक्षणसँग सम्बन्धित स्थानीय मुद्दाहरू, |
| भाग ३ | : | बालसंरक्षण कार्यसँग सम्बन्धित आधारभूत सीपहरू, |
| भाग ४ | : | विद्यालयको तहमा बालसंरक्षण, |
| भाग ५ | : | समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षण, |
| भाग ६ | : | बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण, |
| भाग ७ | : | आमा-समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण, |
| भाग ८ | : | समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षण |

१ बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को तेस्रो इच्छाधीन आलेख अर्थात उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ ले भने बालअधिकारसम्बन्धी महासन्धि तथा यसका दुईवटा इच्छाधीन आलेखहरुले प्रदत्त गरेका हकअधिकारहरुको हनन भएको सन्दर्भमा राज्यस्तरबाट कुनै उपचार नपाएको अवस्थामा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा गर्न सकिने उजुरीको अधिकार बालबालिकालाई प्रदान गरेको छ। तर नेपालले आजसम्म यो इच्छाधीन आलेखमा हस्ताक्षर वा अनुमोदन गरिसकेको छैन।

यी आठवटै निर्देशिकाहरूमा विषयगतरूपमा तालिम सत्रहरू र सोसँग सम्बन्धित जानकारी (अर्थात अध्ययन–सामग्री) उपलब्ध गराइएको छ । निर्देशिकाको प्रत्येक भागहरूमा उल्लिखित विषयवस्तुलाई समेटी सिलसिलेबाररूपमा प्रशिक्षण सञ्चालन गर्नु जरूरी छ । त्यसैले प्रत्येक भागका विषयवस्तुबारे प्रशिक्षण सञ्चालन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू तथा लाग्ने समयावधिबारे पनि सम्बन्धित भागहरूमा नै उल्लेख गरिएको छ । यसका साथै ती सत्रहरू सञ्चालन गर्न सहजकर्ता/प्रशिक्षकले गर्नुपर्ने आवश्यक तयारी तथा सत्र सञ्चालनका क्रममा ध्यान दिनुपर्ने कुराहरू समेत सत्रको वर्णनमा उल्लेख छ ।

निर्देशिकाको भाग १ देखि ३, सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ जसमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । अनि, भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ ।

अतः यी निर्देशिकाहरूले समुदायस्तरमा बालसंरक्षण कार्यमा संलग्न व्यक्ति, संस्था तथा निकायहरूको क्षमता अभिवृद्धिमा एक औजारका रूपमा सहयोग पुऱ्याउनेछ र बालसंरक्षण कार्यलाई अझै प्रभावकारी बनाउनेछ भन्ने हाम्रो विश्वास छ । निर्देशिकाको व्यवहारिक कार्यान्वयनबाट प्राप्त हुने अनुभवहरूबाट सिक्दै यसलाई समयसापेक्षरूपमा परिमार्जन गर्दै लगिनेछ ।

## निर्देशिका प्रयोगका सन्दर्भमा प्रशिक्षक तथा सहजकर्तालाई केही सुझावहरू

- प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणअघि नै यस निर्देशिकाको आठवटै भागहरूको गहन अध्ययन गर्नु जरूरी छ । पर्याप्त तयारीबिना प्रशिक्षणमा जानुहुँदैन ।
- यस निर्देशिकाअनुरूप सञ्चालन हुने तालिममा समुदायमा रहेका बालसंरक्षण संयन्त्रहरूमा विभिन्न पृष्ठभूमिका व्यक्तिहरूको संलग्नता हुने भएकोले प्रशिक्षण सञ्चालन गर्दा उपलब्ध समयलाई हेक्का राख्दै विषयवस्तुको प्राथमिकीकरण गर्नु आवश्यक हुन्छ ।
- तालिममा सहभागी हुने सहभागीहरूको विषयप्रतिको ज्ञान र बुझाइको स्तरलाई तालिम सत्र सञ्चालन गर्नुअगावै बुझ्ने कोशिस गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन–सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- आवश्यकतानुसार मुख्य–मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस्, जसलाई सत्र सञ्चालनको क्रममा सहभागीहरूलाई विषयबारे बुझाउन सजिलोसँग प्रयोग गर्न सकिन्छ ।
- यस निर्देशिकाको प्रत्येक सत्रमा एक निश्चित प्रक्रिया र विधिहरू तय गरिएको छ । खासगरी प्रशिक्षार्थीको सिकाइलाई व्यवस्थित गर्न सकियोस् भनी त्यसो गरिएको हो । प्रशिक्षक/सहजकर्ताले यहाँ दिइएको विधि, प्रक्रिया सञ्चालन गर्न अभ्यस्त हुनुपर्दछ र/वा त्यसको विकल्पमा अर्कै कुनै विधि वा प्रक्रिया उपयोग गर्ने हो भने त्यसबारेमा विश्वस्त हुनु जरूरी छ ।
- यस निर्देशिकामा उल्लेख गरिएका सत्रको प्रक्रियाहरू स्थानीय परिवेशसँग मिल्दो भएनभएको सुनिश्चित गर्नुपर्दछ । यदि कुनै विधि र प्रक्रिया व्यवहारिक नभएको पाइएमा त्यसलाई प्रशिक्षक/सहजकर्ताले परिवर्तन गरी उपयोगी विधि र प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।
- यस निर्देशिकाको प्रत्येक सत्रको लागि आवश्यक पर्ने सामग्रीहरूको जोहो तालिम स्थलमा जानुपूर्व नै गर्नुपर्दछ । तालिमका सहभागीहरूको सङ्ख्याअनुसार आवश्यक सामग्री व्यवस्थापन गर्नु प्रशिक्षक/सहजकर्ताको जिम्मेवारी हो ।
- तालिमलाई प्रभावकारी बनाउन तालिम कक्षको भौतिक व्यवस्थापनले महत्त्व राख्दछ । त्यसैले प्रशिक्षक/सहजकर्ताले तालिमको व्यवस्थापनका लागि आवश्यक पर्ने सबै पक्षहरूको चेकलिष्ट तयार गरी तालिम अगावै आयोजकसँग सरसल्लाह गरी सुनिश्चित गर्नुपर्दछ । त्यसैगरी, प्रशिक्षक/सहजकर्ताले तालिमका लागि चाहिने उपकरण तथा मसलन्द एवम् लजिस्टिकको अग्रिमरूपमा व्यवस्थापन गर्नुपर्दछ ।

## प्रशिक्षक/सहजकर्ताका लागि केही व्यवहारिक सीपहरू

### सत्र वा प्रस्तुतीकरणको तयारीको क्रममा

- सहजकर्ता/प्रशिक्षकले सँधै आफ्ना श्रोता को हुन् भन्ने कुराबारे जानकारी राख्नुपर्दछ । साथै, सहजकर्ता/प्रशिक्षकले समूह गतिशीलता (Group Dynamics) को बारेमा पनि जान्न जरूरी हुन्छ, जसको कारणले प्रस्तुतीकरणको क्रममा सबै

सहभागीहरूका स्वभाव बुझेर उनीहरूलाई साथै लिई प्रस्तुतीकरण गर्न सहजकर्ता/प्रशिक्षकका लागि सहज हुन्छ ।

- आफूले किन प्रस्तुति गर्दै हुनुहुन्छ, अर्थात सो प्रस्तुतिको उद्देश्य के हो भन्ने कुरा पनि राम्ररी मनन् गर्नुहोस् ।
- आफूले कहाँ अनि कहिले अर्थात कुन स्थान, परिवेश अनि परिस्थितिमा प्रस्तुति गर्दै हुनुहुन्छ, त्यसको हेक्का राख्नुहोस् तथा त्यसैअनुरूप आफ्नो भेषभुषा अनि प्रस्तुतीकरणको तयारी गर्नुहोस् ।
- आफ्नो प्रस्तुतिको लागि कति समय दिइएको छ, त्यसलाई ध्यानमा राख्नुहोस् त्यति समयमा आफ्नो विषयवस्तुलाई कसरी सहभागी सुहाउँदो भाषामा प्रभावकारी रूपमा प्रस्तुति गर्ने हो, त्यसको तयारी गर्नुहोस् ।
- सत्र सञ्चालन गर्ने स्थान तथा तालिम हलमा उपलब्ध सुविधाहरूको आधारमा आफूले प्रस्तुतिको क्रममा प्रयोग गर्ने विधिको निर्धारण गर्नुहोस् । उदाहरणको लागि यदि आफूले प्रस्तुति गर्न लागेको स्थानमा विद्युत उपलब्ध छैन वा आफ्नो प्रस्तुतिको समयमा लोडसेडिङ्को कारणले विद्युत उपलब्ध हुन सक्दैन भने एल.सी.डी. प्रोजेक्टरजस्ता विद्युतीय उपकरणहरूको प्रयोग गर्ने विधिहरू अनुपयुक्त हुन सक्दछन्, अतः वैकल्पिक विधिहरू निर्धारण गर्नुहोस् ।
- आफूले के-कस्ता विषयवस्तुहरू आफ्नो प्रस्तुतिमा समावेश गर्न चाहनुहुन्छ, त्यसलाई सहभागीहरूको आवश्यकता तथा ज्ञान र बुझाइको स्तरअनुसार प्राथमिकीकरण गर्नुहोस् ।
- आफूले प्रयोग गर्ने सहायक सामग्रीहरू (पावरप्वाईन्ट प्रिजेन्टेशन, महत्त्वपूर्ण बुँदाहरू, अध्ययन-सामग्री हातेपत्र) बारे जानकारी राख्नुहोस् ।
- साथै प्रस्तुतीकरणको क्रममा आफूलाई आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको जोहो पनि तयारीको क्रममा नै गर्नुहोस् ।

**प्रस्तुतीकरण गर्नुअघि**

- प्रस्तुतिको सुरुवातको क्रममा सहभागीहरूलाई आफ्नो परिचय दिनुहोस् । त्यसपश्चात आफूले के–के प्रस्तुति गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् ।
- सहभागीहरूलाई तालिम हल कक्षाकोठा नरहेको तथा आफू शिक्षक नभई प्रशिक्षक/सहजकर्ता हूँ भन्ने कुरा जानकारी गराउनुहोस् । यसर्थ, आफू र सहभागीहरूको स्तरमा कुनै अन्तर नरहेको कारण सहभागीहरूलाई खुला रूपले प्रस्तुतीकरणमा सहभागी हुन आव्हान गर्नुहोस् ।
- सहभागीहरूमाझ आफू सबैभन्दा जान्नेसुन्ने हूँ भन्ने भाव कहिले पनि प्रकट नगर्नुहोस् तर सो विषयसँग सम्बन्धित सहभागीहरूका जिज्ञासा मेटाउनका लागि भने आफू जसरी पनि तयार हुने कुरा भने दर्शाउनुहोस् । आफूसँग भएको ज्ञान नपुग्दो भएको अवस्थामा पनि आफूले अन्य ज्ञानका स्रोत प्रयोग गर्नसक्ने जानकारी भने दिनुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सहभागीहरूले आफ्नो कुनै प्रश्न वा जिज्ञासा रहेको स्थितिमा कुनै पनि बेला सहजकर्ता/प्रशिक्षकलाई रोकेर आफ्नो अभिव्यक्ति राख्न सक्ने कुरा बताउनुहोस् ।
- सहभागीहरूलाई आफूले अब प्रस्तुतीकरण सुरू गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् र प्रस्तुतीकरणका लागि अनुमति मागेर प्रस्तुतीकरण थाल्नुहोस् ।

**प्रस्तुतीकरणको क्रममा**

- सहजकर्ता/प्रशिक्षकले भन्न लागेको कुरा सहभागीहरूको लागि नयाँ विषय हो वा होइन भन्ने यकीन गर्नुहोस् । यसका लागि सहभागीहरूसँग सो विषयमा के-कस्तो ज्ञान छ भन्ने कुरा जान्ने प्रयत्न गर्नुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सदैव उत्साही हुनुहोस् र सकेसम्म माफी नमाग्नुहोस् ।
- डर स्वभाविक हो भन्ने कुरा सोच्नुहोस् र आफूलाई देखिने र सुनिने बनाउनुहोस् । साथै, सबै सहभागीहरूसम्म आँखाको माध्यमबाट पुग्नुहोस्, अर्थात Eye Contact गर्नुहोस् ।
- आफ्नो विषयलाई संक्षिप्त तथा सरल तरिकाले तार्किक रूपमा प्रस्तुतीकरण गर्नुहोस् । विस्तृत रूपरेखाहरू दिइरहनु केवल समयको बर्बादी हो, त्यसको साटो पर्याप्त उदाहरणहरू दिनुहोस् ।

- सम्भव भएसम्म आफ्नो प्रस्तुतिलाई अन्तर्क्रियात्मक बनाउनुहोस् । अन्तर्क्रियात्मक बनाउने क्रममा सकेसम्म सबै सहभागीहरूलाई संलग्न गराउनुहोस् । समूहमा छिट्टै आफ्ना विचारहरू राख्न नसक्ने सहभागीहरूलाई आफ्ना विचारहरू राख्न उत्प्रेरित गर्नुहोस् । तर यसो गर्दा ती सहभागीहरूलाई हीनताबोध नहोस् भन्ने कुरामा सहजकर्ता/प्रशिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

- प्रस्तुतीकरणको क्रममा सकेसम्म प्राविधिक जानकारीहरूलाई कम गर्नुहोस् । यदि प्राविधिक जानकारीहरू दिनै परेको स्थिति छ भने पनि तिनलाई सरल भाषामा सहभागीहरूलाई बुझ्न सहज हुनेगरी प्रस्तुति गर्नुहोस् ।

- प्रस्तुतीकरणको क्रममा प्रश्नहरू आउनु राम्रो हो । ती प्रश्नहरूको आफ्नो ज्ञान र क्षमताले भ्याएसम्म उत्तर दिनुहोस्, तर यस क्रममा आफूले दिएको जानकारी सत्य तथ्यपरक छ भन्ने कुराको यकीन भने अवश्य गर्नुहोस् । साथै त्यसभन्दा बढी जानकारी सहभागीहरूले कहाँ पाउन सक्दछन् भन्ने स्रोत पनि सहभागीहलाई बताउनुहोस् ।

- सँधै समयको परिपालना गर्नुहोस् । आफूलाई दिइएको समयभित्र नै आफ्नो प्रस्तुतीकरण सिध्याउनुहोस् ।

- मौखिक (शब्द, विषयवस्तु, भाषा) अर्थात, सहजकर्ताले जे बोल्छ, त्यसले ७ प्रतिशत, आवाज (उत्साह, आत्मविश्वास, गति) अर्थात जसरी भनिन्छ, त्यसले ३८ प्रतिशत र दृष्य (अनुहारको हावभाव, शरीरको हावभाव, इसारा, आँखाको चाल) अर्थात सहजकर्ताले जसरी हेर्छ र व्यवहार गर्छ, त्यसले ५५ प्रतिशत सहभागीहरूमा प्रभाव पार्दछ । यसर्थ, प्रस्तुतीकरणमा सबैभन्दा महत्त्वपूर्ण भनेकै सहजकर्ताको अमौखिक सञ्चार हो । त्यसैले आफ्ना अमौखिक सञ्चारहरूमा सहजकर्ता/प्रशिक्षकले ध्यान दिनुपर्ने हुन्छ ।

- प्रस्तुतीकरणको क्रममा कुनै विधि प्रयोग गर्दै हुनुहुन्छ भने, त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नुहोस् ।

- प्रस्तुतिपछि सारांशमा पुनः आफूले भनेका कुराहरू दोहोऱ्याउनुहोस् ।

- अभ्यासले मानिसलाई उत्तम बनाउँछ । प्रस्तुतीकरणपछि सहभागीहरूसँग केही प्रश्नहरू छन् भने सोध्ने अवसर दिनुहोस् । त्यसपछि सबै सहभागीहरूलाई ध्यानपूर्वक आफ्ना कुराहरू सुनिदिएकोमा धन्यवाद दिनुहोस् ।

***

# विषय-सूची


| | | |
|---|---|---|
| सत्र १ : | बालसंरक्षणका सवालहरूको पहिचान | १ |
| सत्र २ : | बालसंरक्षणमा आमा-समूहका सदस्यहरूको भूमिका | ६ |
| सत्र ३ : | बालबालिकाको पुनर्एकीकरण तथा फलोअप (अनुगमन) मा सहजीकरण/सहयोग | ९ |
| सत्र ४ : | जोखिम नक्साङ्कन | १४ |
| सत्र ५ : | सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्व-तयारी | २० |
| सत्र ६ : | दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामैत्री सञ्चार | २६ |
| सत्र ७ : | बालदूर्व्यवहारका घटनाको व्यवस्थापन | ३३ |
| सत्र ८ : | बालसंरक्षणका लागि समुदाय परिचालन | ४० |
| सत्र ९: | बालसंरक्षण कार्यमा बालसंरक्षण संयन्त्रहरू र तिनका भूमिका | ४७ |
| सत्र १०: | घटना व्यवस्थापनमा आमा-समूहको भूमिका | ५३ |
| सत्र ११: | बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी सामान्य परिचय | ५७ |
| सत्र १२: | अभिभावकविहीन बालबालिकाको हेरचाह र सहयोग | ६५ |
| सत्र १३: | बालसंरक्षण कार्यमा बालसहभागिता | ७१ |
| सत्र १४ : | मनोसामाजिक सहयोग | ७८ |
| सत्र १५ : | बालिकाहरूको संरक्षणको सम्बोधन | ८४ |
| सत्र १६ : | किशोरावस्थामा आउने परिवर्तनहरूबारे जागरण | ८६ |
| सत्र १७ : | वैदेशिक रोजगारीलाई कसरी सुरक्षित बनाउने | ९१ |
| सत्र १८ : | सुरक्षित वैदेशिक रोजगारीका लागि बालक्लबको भूमिका | ९३ |
| सत्र १९ : | विपद्को अवस्थामा बालसंरक्षण | १०६ |
| सत्र २०: | सीफारिस तथा समुदायमा उपलब्ध अन्य सेवाका लागि संयोजन | ११४ |

# सत्र १ः बालसंरक्षणका सवालहरूको पहिचान



१ घण्टा ३० मिनेट

### १.१. सत्रको परिचय

यो सत्रको लक्ष्य सहभागीहरूलाई आफ्नो समुदायमा बालबालिकाले के-कस्ता संरक्षणका सवालहरू भोगेका छन्, त्यसको पहिचान गर्न सक्ने बनाउनु हो । यो सत्रमा बालबालिकाले भोगेका समस्याको पहिचान समुदायका बालसंरक्षण संयन्त्रका सदस्यहरूले के कसरी गर्न सक्दछन् भन्ने (सूचकहरू) र समुदायमा बालसंरक्षणको अवस्था विश्लेषण के-कसरी गर्ने भन्नेबारे विस्तृत छलफल हुनेछ ।

### १.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामा देखिने शारीरिक वा व्यवहारगत लक्षण (वा परिर्वतनहरू) के-कस्ता हुन्छन्, सो बताउन ।
- दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकाको पहिचान गर्न ।
- आफ्नो समुदायमा बालसंरक्षणको अवस्था विश्लेषण गर्न ।

### १.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, फ्लिप चार्ट पेपर

### १.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

**क्रियाकलाप १ः पीर पर्दा आउने व्यवहारगत परिर्वतनको स्व-मुल्याङ्कन (२० मिनेट)**

- ठूलो समूहमा, तपाईंलाई पीर पर्दा व्यवहारमा कस्ता खालको परिवर्तन आउँछन् भनेर सोध्नुहोस् ।
- सबैलाई आ-आफ्नो कापीमा तपाईं पीडामा हुनुहुन्छ भन्ने तपाईंले नबताए पनि अरूले कसरी चिन्न सक्छन् त, सोको चिन्ह वा सूचकहरूको सुचि तयार पार्न लगाउनुहोस् ।
- यसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- सबैले लेखिसकेपछि पालैपालो विचार नदोहोरिने गरी एक-एकवटा बुँदा भन्न लगाउनुहोस् ।
- सहभागीले भनेका सबै बुँदाहरूलाई नदोहोऱ्याइकन सेतोपाटीमा टिप्दै जानुहोस् ।

- सामान्यतया मानिसलाई पीर पर्दा उसको व्यवहारमा देखिनेगरी नै परिवर्तन आएको हुन्छ । यो सामान्य प्राक्रितिक प्रक्रिया हो भनेर बताउनुहोस् ।
- पाठ्य-सामग्रीमा रहेको सूचकहरूको एक एक गरी छलफल गर्दै प्रस्तुती गर्नुहोस् ।

**क्रियाकलाप : २ बालसंरक्षणको अवस्था विश्लेषण (४० मिनेट)**

- बालबालिकाको संरक्षणका सवालहरूको समुदायमा के-कस्तो अवस्था छ भन्ने छलफल गरी तल दिइएका प्रश्नहरूमा एक-एक गर्दै उदाहरणसहित छलफल गर्नुहोस् :
    - समुदायमा बालसंरक्षणका सवाल(हरू) के-के हुन सक्दछन् ?
    - को वा कुन समूहका बालबालिका बढी जोखिममा रहेका छन् ?
    - कहाँ कहाँ (स्थान विशेष) का बालबालिका बालसंरक्षणको जोखिममा बढी परेका छन् ?
    - कहिले वा दिनको कुन समयमा बालबालिका बढी जोखिममा परिरहेका हुन्छन् ?
    - बालसंरक्षणका जोखिमहरू बढ्नुका कारणहरू के-के हुन सक्दछन् ?
    - त्यसबाट बालबालिका तथा तिनका परिवारमा परेका परिणामहरू के-के हुन सक्दछन् ?

**क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)**

- सत्रको अन्त्यमा सहभागीलाई सत्रअन्तर्गत हालसम्म गरिएका छलफलका सिकाइबारे छलफल गर्नुहोस् ।

सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू

- यस सत्रमा हामीले के-कस्ता कुराहरूमा छलफल गऱ्यौं ?
- के-कस्ता सूचकहरूबाट दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकाको पहिचान गर्न सकिने रहेछ ?
- सक्रियतापूर्वक सहभागी भएकोमा सबैलाई धन्यवाद दिदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## संरक्षणका सवालहरूको पहिचान (समुदायमा सबैभन्दा बढी देखिएका बालसंरक्षणका जोखिमहरू)

### १. दूर्व्यवहार तथा हिंसाका चिन्हहरू

मानिसले आफूलाई पीडा हुँदा वा खुसी हुँदा भिन्नभिन्न खालको प्रतिक्रिया देखाउनु सामान्य नै हो । यो कुरा बालबालिका वा वयस्क सबैका हकमा समानरूपमा लागु हुन्छ । बालबालिकाले दूर्व्यवहार तथा हिंसा भोग्नुपर्दाको स्थितिमा देखाउने भाव तथा व्यवहारहरूको आधारमा उनीहरूको अवस्थाको लेखाजोखा गर्न सकिन्छ । सामान्यतया, बालबालिकामाथि हुने दूर्व्यवहार तथा हिंसाको पहिचान गर्ने सूचकहरू धेरै हुन सक्दछन् । तीमध्ये कुनै बालक वा बालिकाले देहयकामध्ये कुनै लक्षण देखाए भने उनीहरूमा दूर्व्यवहार तथा हिंसा भएको हुन सक्दछ :



- बढी रिसाउने, विरोध गर्ने, अथवा बढी कडा स्वभाव देखाउने;
- वयस्कसँग बढी डराउने;
- नचाँहिदो कुरा गरिरहने, झर्कने, अथवा विरोधाभाषपूर्ण व्यवहार देखाउने;
- विद्यालय जान मन नगर्ने वा विद्यालय छोडेर हिंड्ने;
- अति जोखिमयुक्त कार्यमा पनि निडरता देखाउने;
- आफूलाई दुर्घटना वा कुनै पनि किसिमको पीरवेदना सहन सक्ने व्यक्तिको रूपमा चिनाउने;
- ठग्ने, चोर्ने वा झूटो बोल्ने;
- पढाइ/सिकाइमा प्रगति गर्न नसक्ने;
- गर्मी महिनामा पनि पुरै शरीर ढाक्ने लुगा लगाउने (साँस्क्रितिक तथा भौगोलिक पक्ष पनि विचार पुऱ्याउनुहोस्);
- साथीहरूसँग राम्रो सम्बन्ध कायम राख्न नसक्नु;
- बारम्बार अपरिपक्व व्यवहार देखाइरहने;
- कसैले पनि छोएको मन नपराउने (छोएर दिइने स्याबासीसमेत सहन नसक्ने), आदि ।

माथि उल्लेख गरिएकामध्ये धेरैजसो व्यवहारहरू सामान्य अवस्थामा रहेका बालबालिकामा पनि देखिन सक्दछन् । त्यस्ता व्यवहारहरूको अध्ययन गर्दा बालबालिकाले यो व्यवहार बारम्बार दोहोऱ्याइरहेको छ वा छैन भन्ने कुरामा समेत विचार गर्नुपर्ने हुन्छ ।

## २. बालसंरक्षणको अवस्था विश्लेषण

बालसंरक्षणको अवस्था विश्लेषण गर्ने क्रममा निम्न प्रश्नहरूको उत्तर खोज्नुपर्दछ ।

- समुदायमा बालसंरक्षणका सवाल(हरू) के-के हुन सक्दछन् ?
- को वा कुन समूहका बालबालिका बढी जोखिममा रहेका छन् ?
- कहाँ कहाँ (स्थान विशेष) का बालबालिका बालसंरक्षणको जोखिममा बढी परेका छन् ?
- कहिले वा दिनको कुन समयमा बालबालिका बढी जोखिममा परिरहेका हुन्छन् ?
- बालसंरक्षणका जोखिमहरू बढ्नुका कारणहरू के-के हुन सक्दछन् ?
- त्यसबाट बालबालिका तथा तिनका परिवारमा परेका परिणामहरू के-के हुन सक्दछन् ?

बालसंरक्षणका सवालहरूको पहिचान गर्ने क्रममा उक्त समुदायमा बालबालिकामाथि कस्ता खालका दूर्व्यवहार तथा हिंसा हुने गरेका छन् भन्ने उदाहरणहरू सहभागीहरूबाट नै खोज्नुपर्दछ । बालसंरक्षणका सवालहरूको पहिचान गर्ने क्रममा यससँग सम्बन्धीत निम्न कुराहरू महत्वका साथ विचार पुर्‍याउनुपर्दछ :

- बालसंरक्षणका सवालहरू परिवार तथा समुदायभित्र लुकेर रहेका हुन सक्दछन् । कुनै व्यक्ति दूर्व्यवहार वा हिंसामा परेको कारण डराएका हुन सक्दछन्, लज्जित भएका अथवा उनीहरूलाई चुप लागेर बस्न धम्क्याइएको हुन सक्दछ । त्यसैकारण पनि समुदायका मानिसहरूले घटनाबारे खुलेर बोल्न नसकेका पनि हुन सक्दछन् । त्यसरी नै समुदायमा बालसंरक्षण सवालहरूबारे थाहा नभएको कारणले पनि कुनै घटना कानुन विपरीतको गलत कार्य हो भन्ने नबुझ्न पनि सक्दछन् ।



- समुदायमा कुनै बालक वा बालिकाले बालसंरक्षणको एकभन्दा बढी जोखिमहरू एकसाथ भोगेका हुन सक्दछन् । कुनै व्यक्ति एउटा खालको जोखिममा पर्नुको अर्थ त्यो व्यक्ति अरू जोखिमहरूमा पनि परेका हुन सक्दछन् भन्ने ठानिनुपर्दछ ।

- बालसंरक्षणको एउटा जोखिमको कारण तथा परिणामस्वरूप खासगरी बालबालिका संरक्षणको अर्को सरोकार वा सवालहरूसँग गाँसिन पुगेका हुन सक्दछन् ।

## ३. सिकाइका मुख्य बुँदाहरू

- दूर्व्यवहार तथा हिंसा जो कोहीलाई पनि हुनसक्दछ । तर विशेष परिस्थितिमा रहेका बालबालिका भने दूर्व्यवहार तथा हिंसाको बढी जोखिममा रहेका हुन्छन् (कसैले पनि दूर्व्यवहार र हिंसा प्रतिरोधात्मक सुई लगाएको हुँदैन ।)
- एउटा व्यक्तिलाई एउटा मात्र नभई विभिन्न प्रकारको दूर्व्यवहार तथा हिंसा भएको हुन सक्दछ ।
- बालबालिकामाथि भएको दूर्व्यवहार तथा हिंसाको पहिचान गर्दा र सहयोगको रणनीति तयार पार्दा उनीहरूमाथि पुनः दूर्व्यवहार तथा हिंसा नदोहोरियोस् वा उनीहरू थप जोखिममा नपरून भन्ने कुरामा हेक्का राख्नुपर्दछ । बालसंरक्षण कार्य गर्दा यो कुरामा बढी नै सजग हुनुपर्दछ ।

***

# सत्र २ः बालसंरक्षणमा आमा-समूहका सदस्यहरूको भूमिका



**१ घण्टा ३० मिनेट**

### २.१. सत्रको परिचय

यो सत्रको लक्ष्य सहभागीहरूलाई आफ्नो समुदायमा रहेका बालसंरक्षणका सवालहरू न्यूनीकरण गर्न आमा-समूहले निभाउनुपर्ने भूमिकाबारे स्पष्ट हुन सघाउनु हो ।

### २.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- बालसंरक्षणमा आमा समूहको भूमिका बताउन ।
- आमा-समूहले बालबालिकाको संरक्षणमा अपनाउनुपर्ने रणनीति के-कस्ता हुन सक्दछन् भन्नेबारे बताउन ।

### २.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, फ्लिप चार्ट पेपर

### २.४. सत्र सञ्चालन गर्ने प्रक्रिया :

**क्रियाकलाप १ः बेलुन फुटाउने खेल (३० मिनेट)**

- समुदायतहमा बालसंरक्षणमा विभिन्न संरचना तथा संयन्त्रहरू क्रियाशील रहेका हुन्छन् । र, बालसंरक्षणमा हरेक सरोकारवाला/सेवा प्रदायकहरूले आ-आफ्ना भूमिका निर्वाह गर्नुपर्ने हुन्छ भन्ने बताउँदै यो सत्रमा बालसंरक्षणका लागि स्थानीयतहका आमा समूह भूमिकाबारे छलफल गरिने कुरा बताउनुहोस् ।
- त्यस पछि बेलुन फुटाउने खेल खेलाउनुहोस् ।

**बेलुन फुटाउने खेल**

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- सबै जना आ–आफ्नो समूहमा बसेपछि, खेलको नियम बताउनुहोस् । विचार गनुहोस्, एउटा समूहलाई दिइएको निर्देशन अर्को समूहले नसुनोस् ।
    - एक नम्बरको समूहको खुट्टामा फुलाएको बेलुन बाँधिनेछ ।
    - दुई नम्बरको समूहले बेलुन फुटाउने कोशिस गर्नेछ ।
    - तीन नम्बरको समूहले बेलुन फुटाउन नदिन एक नम्बरको समूहलाई सहयोग (रक्षा) गर्नेछ ।
    - खेल एक नम्बरको समूहको खुट्टामा फुलाएको बेलुन बाँधिसके पछि, प्रशिक्षकले "खेल सुरु" भनेपछि सुरु हुनेछ । र "खेल समाप्त" भनेपछि खेल समाप्त हुनेछ ।
    - खेलमा अत्यधिक बलको प्रयोग गर्न पाइनेछैन ।

- एक नम्बरको समूहको खुट्टामा फुलाएको बेलुन बाँधिसकेपछि "खेल सुरु" भन्नुहोस् ।
- खेल खेलाइसकेपछि सहभागीहरूलाई निम्न प्रश्नहरू सोध्नुहोस् :
    - तपाईंलाई खेल कस्तो लाग्यो ?
    - यस खेलबाट के–कुराको सिकाइ भयो ?
    - कसको भूमिका कस्तो रह्यो ? आदि ।

**क्रियाकलाप २ : आमा समूहको भूमिकाबारे प्रस्तुतीकरण तथा छलफल (२० मिनेट)**

- पाठ्यसामग्रीमा भएको आमा–समूहको भूमिका सम्बन्धी बुदाँहरू एक–एक गर्दै प्रस्तुती गर्नुहोस् ।

**सत्रको मुल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- प्रश्न उत्तर विधिबाट सत्रको मुल्याङ्कन गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## बालसंरक्षणमा आमा-समूहका सदस्यहरूको भूमिका

नेपालका सबैजसो ठाउँमा महिलाहरू एकआपसमा मिलेर महिला/आमा समूहहरू बनाएका छन् । उनीहरू समूहमा भेटघाट गरी स्थानीयस्तरमा भएका विभिन्न गतिविधिहरूबारे छलफल गर्दछन् । यी छलफलहरूमा समूहका सदस्यहरू आफ्ना हकअधिकारबारे मात्र नभई गाउँमा भएगरेका विकास निर्माणका प्रगतिहरू तथा समुदायले भोगेका समस्याहरूबारे छलफल गर्दछन् । एकआपसमा हुने यस्ता छलफलहरूमा व्यक्तिगत संरक्षणदेखि लिएर गाउँका हरेक गतिविधिको दैनिकरूपमा छलफल, विमर्श विश्लेषण हुने गरेको पाइन्छ । यस्ता छलफललाई एकत्रित गर्न र औपचारिक माध्यम वा मञ्च प्रदान गर्ने सन्दर्भमा अहिले आमा/महिला समूहहरू समुदायक एक सशक्त सरोकारवालाका रूपमा आफूलाई स्थापित गर्दै आएका छन् । र, आमा/महिला समूहहरू स्थानीयस्तरमा क्रियाशील सामुदायिक स्वाबलम्वन समूह र महिला तथा बालअधिकारवादी संस्थाका रूपमा परिचित छन् ।

बालबालिकाका लागि सँधै संवेदनशील महिलाहरूले उनीहरूको बचावट वा बालसंरक्षणका लागि विभिन्न प्रयासहरू गरिरहेको पाइन्छ । यद्यपि ती प्रयासहरू अधिकांशरूपमा अभिलेखीकरण भएको भने पाइँदैन । महिला समूह वा आमा समूहले बालसंरक्षणका लागि देहायका काम गर्न सक्दछन् :

- जनचेतना, सूचना प्रवाह गर्न सक्दछन् जसबाट पूर्व-रोकथाम प्रक्रिया, घटनाको उचित प्रतिक्रिया र उपचार पद्धतिको लागि सहयोग गर्न सकिन्छ ।
- स्थानीय समुदायमा भएका घटनाको विस्तृत विवरण (जस्तैः के भइरहेको छ ? किन र कसरी यस्तो हुन गयो ? अवस्थामा सुधार ल्याउन के-कसरी अगाडि बढ्न सकिन्छ ? आदि) बारे वास्तविक मत दिन सक्दछन् ।
- घटनालाई स्थानीयतहमा मध्यस्थकर्ताका रूपमा सहयोग गर्न सक्दछन् ।
- घटना र त्यससँग सम्बन्धीत तथ्य कुराहरू समूहमा छलफल गर्न सक्दछन् साथै प्रभावित व्यक्तिहरूलाई समूहमा ल्याई आफ्ना कुराहरू जानकारी दिन लगाउन सक्दछन् ।
- घटनाबाट प्रभावित व्यक्ति तथा परिवारलाई तत्काल भावनात्मक सहयोग (एक किसिमको अनौपचारिकरूपमा मनोविमर्श) गरी आत्मसम्मान अभिवृद्धि गर्न सघाउन सक्दछन् ।




- सेवा प्रदायक निकायसँग समन्वय गर्ने र सीफारिस गर्न सक्छन् साथै यसबारे औपचारिक वा अनौपचारिक सञ्जाल निर्माण गरी पहल गर्न सक्छन् ।

(साभारः केन्द्रीय बालकल्याण समिति, पुल्चोक र बालअधिकार अध्ययन प्रतिष्ठान (२०१०), बालसंरक्षणः बालसरक्षणमा क्रियाशील संघसंस्था तथा कार्यकर्ताहरूको लागि शिक्षण प्रशिक्षण एवम् स्व-अध्ययन श्रोत पुस्तक (लेखकः चन्द्रिका खतिवडा), काठमाडौं ।)

***

# सत्र ३ : बालबालिकाको पुनर्एकीकरण तथा फलोअप (अनुगमन) मा सहजीकरण/सहयोग



**१ घण्टा ३० मिनेट**

### ३.१. सत्रको परिचय

यो सत्रको लक्ष्य सहभागीहरूलाई बालबालिकाको पुनर्एकीकरण भनेको के हो र यस प्रक्रियामा आमा-समूहले खेल्न सक्ने भूमिकाको बारे स्पष्ट पार्ने हो । यस सत्रमा बालबालिकाको पुनर्एकीकरणका चरणहरू, यसका बाधाहरू, र सफल पुनर्एकीकरणका सूचकहरूबारे छलफल हुनेछ ।

### ३.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कुरा/पक्षहरूमा सक्षम हुनेछन् :

- बालबालिकाको पुनर्एकीकरण भनेको के हो भन्नेबारे बताउन,
- बालबालिकाको पुनर्एकीकरणमा आमासमूहले खेल्न सक्ने भूमिका पहिचान गर्न ।

### ३.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूज प्रिन्ट पेपर

### ३.५. सत्र सञ्चालन गर्ने प्रक्रिया:

**क्रियाकलाप १: विषयवस्तुमा प्रवेश तथा यसको जानकारी (१५ मिनेट)**

- बालबालिकाको पुनर्एकीकरण भन्नाले तपाईहरू के बुझ्नुहुन्छ ? भनी सहभागीलाई सोध्नुहोस् ।
- सहभागीबाट आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा बुँदागत रूपमा टिप्नुहोस् ।
- दिइएको अध्ययन सामग्रीको सहयोगमा पूनर्एकीकरणबारे सहभागीलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप २: विषयवस्तुसम्बन्धी सामुहिक छलफल (३५ मिनेट)**

- अब सहभागीलाई १, २ र ३ अङ्क क्रमसँग भन्न लगाउनुहोस् ।

- सबैले ती अङ्कहरू भनिसकेपछि एकैं अङ्क पर्ने सहभागीहरू एक ठाउँमा जम्मा गरी त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब सहभागीलाई आफ्नो समूहभित्र बालबालिकाको पुनर्एकीकरणमा महिला समूहको केकस्तो भूमिका रहन्छ? भनी छलफल गर्न लगाउनुहोस् ।
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एक जना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहे मा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सत्रको अन्त्यमा सक्रिय सहभागिताको लागि सबै सहभागीलाई धन्यवाद दिनुहोस् ।

**क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- प्रश्नउत्तर विधिबाट सत्रको मूल्याङ्कन गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## बालबालिकाको पुनर्एकीकरण तथा फलोअप (अनुगमन) मा सहजीकरण/सहयोग

विभिन्न कारणले बालबालिका आफ्नो घरपरिवारबाट बिछोडिएका हुन्छन् । बालबालिका घरबाट बाहिर रहँदा धेरै खालका जोखिमहरू हुनसक्ने हुनाले बालबालबालिकालाई परिवारभित्र नै बाबुआमासँग रहन पाउने अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को १८ धाराले उल्लेख गरेको छ । कतिपय अवस्थामा बालबालिकालाई घरपरिवारबाट समेत दूर्व्यवहार तथा हिंसा भएको हुन सक्दछ र उनलाई घरमै रहँदा बढी जोखिम हुने देखिएमा प्राक्रितिक परिवारबाट टाढा राख्नुपर्ने हुन सक्दछ । अन्यथा बालबबालिकालाई परिवारबाट टाढा राख्नु उनीहरूको हितमा हुँदैन ।

बालबालिका घरपरिवारबाट टाढा हुने केही कारणहरू देहायअनुसार रहेका छन् :

१. बालश्रममा लाग्न,

२. द्वन्द्वमा संलग्न भएर वा विस्थापनमा परेर,

३. प्राक्रितिक विपत्तिले बासस्थानहरू तहसनहस पारेर (परिवारका सदस्यहरू तितरवितर हुने गरी),

४. पारिवारिक तनावबाट छुटकारा खोजेर घर छाड्दा,

५. राम्रो हेरचाह र शिक्षाका लागि लोभिएर बालगृह पुग्दा,

६. . . .

## पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण

पुनर्मिलन भनेको परिवार र समुदायबाट बिछोडिएका बालबालिकालाई परिवार र समाजमा फर्काएर पुनः सम्बन्ध स्थापित गर्ने कार्य हो । यसलाई सामान्य अर्थमा घर-फिर्ती भनेर पनि बुझ्न सकिन्छ । परिवारसँगको पुनर्मिलन बालबालिकाको इच्छाबमोजिम नै हुन्छ र हुनुपर्दछ । साथै, परिवारमा पुनर्मिलन गराउँदा उनीहरूलाई मानसिकरूपमा तयारी गरेर, परिवारलाई तयार गरेर र बालबालिकालाई परिवारमा नै राखेर हेरचाह गर्न सक्ने क्षमता अभिवृद्धि गरेर गरिन्छ । त्यसको लागि परिवारको लेखाजोखा गरिनुपर्दछ ।




पुनर्एकीकरण भनेको पुनर्मिलन गराइएका बालबालिकालाई स्थानीयरूपमा उपलब्ध अवसरहरू उपयोग गर्नसक्ने र समाजमा राम्ररी घुलमिल हुनसक्ने वातावरण तयार पार्ने कार्य हो । बालबालिकालाई पुनर्एकीकरणमा सहयोग पुऱ्याउन दुई खालका सहयोग गर्ने चलन छ- शैक्षिक र आर्थिक सहयोग । मनोसामाजिक सहयोग चाहिँ दुवै प्रकारका सहयोग

लिइरहेका बालबालिकालाई प्रदान गर्नुपर्ने हुन सक्दछ । अधिकांश द्वन्द्व प्रभावित बालबालिकालाई परिवार तथा समाजमा पुनर्एकीकरण गर्दा सामान्यतया दुई किसिमबाट गरिने गर्दछ– सामाजिक पुनर्एकीकरण र आर्थिक पुनर्एकीकरण ।

### पुनर्एकीकरणमा शैक्षिक सहयोग




कति बालबालिका सानै उमेरदेखि नै घरपरिवारबाट बाहिर बसिरहेका हुन सक्दछन् । त्यस्ता बालबालिकालाई परिवारमा पुनर्मिलन गराइसकेपछि उनीहरू विद्यालय उमेरका भएमा विद्यालयको पढाइ निरन्तर गरिनुपर्दछ । उनीहरूले घरबाहिर रहँदा पनि आफ्नो पढाइलाई निरन्तरता दिइरहेका रहेछन् भने त्यो सहज नै हुन्छ । तर उनीहरूले आफ्नो पढाइलाई निरन्तरता नदिएको अवस्थामा पनि विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय जान प्रोत्साहन गरिनु नै पर्दछ । त्यसैले बालबालिकालाई पुनर्एकीकरण गर्दा त्यस्तो प्याकेजमा शैक्षिक सहयोगको प्रवन्ध गरिनुपर्दछ । यो बालबालिका पुनर्एकीकरणको एक प्रमूख हिस्सा नै हुनुपर्दछ । सामान्यतया विद्यालय जान सम्भव रहेका बालबालिकाका लागि विद्यालयसँग सहकार्य गरी शैक्षिक सहयोग प्रदान गरिनुपर्दछ ।

### पुनर्एकीकरणमा आय आर्जन सहयोग

शैक्षिक सहयोग सम्भव नभएका र १४ वर्षभन्दा माथिको उमेर भएका बालबालिकाका लागि सामाजिकरूपमा पुनर्एकीकरण गराउन उनीहरूलाई आर्थिकरूपले सबलीकरण गर्नुपर्ने हुन्छ । यस क्रममा देहायका किसिमले पुनर्एकीकरणका प्रक्रिया अगाडि बढाउनुपर्दछ :

क. स्वरोजगारीका लागि बीउ पूँजी

ख. सीपमुलक तालिम

ग. सीपमुलक तालिम+ बीउ पूँजी

यी सबै खाले विकल्पहरूमध्ये स्थानीय समुदाय र परिवेशमा के–के सम्भव छ र कुन विकल्पको बढी बजार माग छ भन्ने कुराको विचार पुऱ्याउनुपर्दछ ।

### पुनर्एकीकरणका बाधाहरू

कुनै–कुनै बालबालिका धेरै समयपछि घर फर्कने क्रममा समायोजन/पुनर्एकीकरण (Reintegration) हुन गाह्रो पनि हुन सक्दछ । बालबालिकाको पुनर्एकीकरणमा देखिनसक्ने समस्या देहाएका हुन सक्दछन् :

१. श्रममा लागेका बालबालिकालाई पैसा चलाउने बानी लागेको हुन्छ । त्यसैले गर्दा उनीहरूलाई गाउँघरमा रहेको घरपरिवारको परिस्थितिसँग अभ्यस्त हुन गर्न गाह्रो पर्न सक्दछ ।

२. केही समय टाढा भएका कारण बालबालिकाको लालनपालनमा थप खर्च गर्न नपरेकोले बाबुआमालाई आर्थिक दायित्व बढेको महसुस गर्ने हुँदा वहाँहरू जिम्मेवारीबाट पन्छिन खोज्ने हुन सक्दछ ।

३. घर बाहिर रहँदा राम्रो विद्यालयमा पढेका बालबालिका गाउँको विद्यालयमा समायोजन हुन गाह्रो पर्ने हुन सक्दछ ।

४. घर बाहिर रहँदा विद्यालय नगएका बालबालिकाले घर फर्किसकेपछि आफू सानो कक्षामा पढ्नुपर्दा असहज महसुस गर्न सक्दछन् ।

५. कुनै परिस्थितिमा (खासगरी द्वन्द्वकालमा) आफ्नो गाउँमा कुनै अप्रिय घटना घटाएका वा संलग्न भएको भए प्रतिशोधका कारण समाजले सहर्ष नस्वीकार्न सक्दछ ।

कतिपय अवस्थामा बालबालिकाको पुनर्एकीकरणमा गरिने सहयोग छोटो समयको हुने गरेकाले बालबालिका र घरपरिवारको आशा परिपूर्ति नभएको पनि हुन सक्दछ । त्यसैले बालबालिकाको पुनर्एकीकरण प्रक्रिया सुरु हुनु भन्दा पहिले नै कस्ता प्रक्रितिका सहयोग कति समयसम्म उपलब्ध हुनेछ स्पष्ट पार्नुपर्ने हुन्छ ।

## सफल पुनर्एकीकरणका सूचकहरू

पुनर्एकीकरणको महत्वपूर्ण पाटो बालबालिकालाई घरपरिवार वा समुदायमा गइसकेपछि त्यहाँ उनीहरूको के–कसरी समायोजन भइरहेको छ, पुनर्एकीकरण योजनाको के कसरी कार्यान्यन भइरहेको छ र त्यसमा के–कस्ता परिर्वतन गर्नु आवश्यक छन् भन्ने कुराको नियमित लेखाजोखा गर्नु हो । पुनर्स्थापित बालबालिकालाई गरिने फलोअपमा बालबालिकाको उमेरगत सामाजिक तथा शारीरिक विकासको अवस्था के–कस्तो छ, उनीहरूको मनोसामाजिक अवस्था के–कस्तो छ तथा उनीहरूको संरक्षणमा कुनै सवालहरू उठेका छन् वा छैनन् भन्ने कुरा पनि हेरिन्छ । पुनर्एकीकरण गरिएका बालबालिकाको फलोअप गर्दा उनीहरूको पुनर्एकीकरणमा देखिएका बाधाहरूलाई सम्बोधन गर्न पनि सघाउँदछ । बालबालिकाको कहिलेसम्म फलोअप गरिरहने भन्ने कुरा पनि फलोअपमा देखिएका सकारात्मक विकासक्रमले निर्धारण गर्दछ । कतिपय अवस्थामा बालबालिकालाई आर्थिक सहयोग निरन्तर गरिरहनुपर्दछ भने, कुनै अवस्थामा बालबालिकालाई सामान्य फलोअप मात्र गर्दा पनि पुग्दछ । र, अन्य कतिपय अवस्थामा उनीहरूलाई मनोसामाजिक सहयोगको आवश्यकता पर्न सक्दछ । सामान्यरूपमा हेर्दा बालबालिकाको भरणपोषण, हेरचाह आदिको पूर्ण जिम्मा लिएको व्यक्ति आफै स्वनिर्भर भएको र सम्बन्धीत बालक वा बालिका तथा परिवारमा कुनै मनोसाजिक तथा संरक्षणका सवाल नभको अवस्थालाई सफल पुनर्एकीकरण भएको भन्न सकिन्छ ।

सामान्यतयाः देहायका अवस्थालाई सफल पुनर्एकीकरण भएको भन्न सकिन्छ अथवा पुनर्एकीकरण भए नभएको हेर्न यी सूचकहरूको प्रयोग गर्न सकिन्छ :

- बालबालिका नियमितरूपमा घरपरिवारमा बसिरहेको अवस्था,
- लगातार विद्यालय गइरहेको वा रोजगार/स्वरोजगारमा भएको अवस्था,
- घरपरिवारमा वा अभिभावकसँग मिलेर बसेको अवस्था,
- कुनै मनोसामाजिक समस्या नभएको अवस्था,
- आफ्नो समुदायका बालबालिकासँग पुनर्एकीकरण गरेको बालक वा बालिका घुलमिल भएको अवस्था,
- घरपरिवारको कामकाज तथा सामुदायिक क्रियाकलापमा सक्रिय सहभागी भएको अवस्था,
- बालक्लब, युवाक्लब आदिमा संलग्न भई सामाजिक गतिविधिमा सामेल भएको अवस्था,
- बालबालिकामाथि कुनै पनि प्रकारको दूर्व्यवहार तथा हिंसा नभएको अवस्था,
- सम्बन्धित परिवार आफ्नो जीविका चलाउन र केही बचत गर्नसक्ने गरी आय गर्न सफल भएको अवस्था, आदि ।

***

# सत्र ४ : जोखिम नक्साङ्कन



६० मिनेट

### ४.१ सत्रको परिचय:

बालबालिकाले अत्यधिक समय बिताउने तथा उनीहरूको पहुँच भएका स्थानहरू कत्तिको जोखिमपूर्ण वा सुरक्षित छन् भनी नक्सामा उतारी गरिने विश्लेषण विधिलाई जोखिम नक्साङ्कन भनिन्छ । यस विधिमा बालबालिकाले आफ्नो घर, छिमेकी समुदाय, विद्यालय, बजार आदिको नक्सा कागजमा उतार्छन् र आफ्ना लागि ती ठाउँहरू सुरक्षित वा जोखिमपूर्ण के छन् भनेर औंल्याउँछन् । जोखिमपूर्ण तथा सुरक्षित ठाउँहरूको नक्सा बनाई देखाइने भएकाले यसलाई नक्साङ्कन विधि भनिएको हो । प्रस्तुत सत्रमा बालसंरक्षण नक्साङ्कनबारे छलफल गरिएको छ ।

### ४.२ अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिका तथा किशोरकिशोरीलाई आफू बस्ने गाउँघरमा भएका सुरक्षित तथा जोखिमपूर्ण स्थानहरूको लेखाजोखा गराउने कार्यमा संलग्न गराउनुका साथै जोखिम नक्साङ्कन विधिबारे बताउन सक्नेछन् ।
- बालबालिकाको सहभागितालाई प्रोत्साहन गर्दै भविष्यमा गरिनुपर्ने बालसंरक्षण कार्यमा यस विधिको प्रयोगबारे समुदायमा जानकारी गराउन सक्नेछन् ।

### ४.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

- न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ् टेप,
- चतुर्भूज आकारको ठूलो आकारको सेतो रङ्गको कागज वा न्यूजप्रिन्ट पेपर, रातो हरियो, पहेंलो आदि विभिन्न रङ्गका टीकाहरू, विभिन्न रङ्गका मेटाकार्ड, मार्कर, साइन पेन, पेन्सिल, इरेजर, विभिन्न मुद्रामा बालबालिकाको अनुहारका तस्वीरहरू जस्तै सामान्य अवस्था, हँसिलो र दु:खी आदि ।

### ४.४ सत्रको तयारी:

यस सत्रका लागि देहायको तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीको ज्ञान र बुझाइको स्तरलाई पूर्व अवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।

- यस सत्रमा दिइएको विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- यस सत्रमा नक्साङ्कन विधिबारे प्रयोगात्मक तरिकाबाट सिकाउन अनुरोध गरिन्छ ।

### ४.५ सत्र सञ्चालन गर्ने प्रक्रियाः ५ मिनेट

सहभागीलाई छलफल गरिने विषयवस्तुबारेजानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनको लागि सम्भव भएमा वास्तविक नक्सा वा सम्बन्धित तस्वीर देखाएर विषयवस्तुमा प्रवेशका लागि वातावरण बनाउनुहोस् ।

**क्रियाकलाप १ः नक्साङ्कन विधि, बनाउने तरिका र यसका फाइदाहरू (१५ मिनेट)**

- नक्साङ्कन विधि भनेको के हो ? यो विधिको के महत्त्व छ, आदि बारेमा बताउनुहोस् ।
- बालसंरक्षण नक्सा बनाउने तरिकाहरू बताउनुहोस् ।

**प्रयोगात्मक कक्षासमूह छलफल (३० मिनेट)**

- प्रयोगात्मक तरिकाले प्रशिक्षण सञ्चालन भएको क्षेत्र वरिपरि गाउँ या टोललाई नक्साङ्कन विधिमा बनाएर के देखाउने भन्ने कुरा बताउनुहोस् । नक्सा बनाउने कार्यमा विगतमा अनुभव भएका सहभागी भएमा यस सत्रमा उनको पनि सहयोग लिन सकिन्छ ।

**क्रियाकलाप २ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

यस सत्रमा हामीले के-के छलफल गऱ्यौं ? सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- जोखिम नक्साङ्कन विधि भनेको के हो ?
- जोखिम नक्साङ्कन विधिका फाइदा के-के हुन्?
- जोखिम नक्साङ्कन विधिको लागि चाहिने आवश्यक सामग्रीहरू के-के हुन सक्दछन् ?
- समुदायमा जोखिम नक्सा कसरी बनाइन्छ ? जोखिम नक्सा बनाउने चरणहरू (या क्रमिक पाइलाहरू) के-के हुन्?

***

# अध्ययन-सामग्री

**समुदायमा बालबालिकाका लागि जोखिमपूर्ण अवस्थाको विश्लेषण (जोखिम नक्साङ्कन विधिसहित)**

## जोखिम भनेको के हो ?

बालबालिकाको सन्दर्भमा जोखिम भन्ने शब्दको व्यापक प्रयोग भएको पाइन्छ । विषयवस्तुअनुसार जोखिम शब्दलाई भिन्न-भिन्न परिवेशमा भिन्न-भिन्न तरिकाले अर्थ्याउने चलन पनि छ र सोहीअनुरूप जोखिम शब्दलाई आफ्नो अनुकूलताअनुसार परिभाषित गर्ने प्रचलन पनि रहेको पाइन्छ । यसको अर्थ तथा परिभाषा समय र परिस्थितिअनुसार प्रयोग भएको पाइन्छ । जस्तै जोखिम नमोले मुनाफा हुँदैन (No risk, No gain) भन्ने भनाइ प्रायः हामी सबैले सुन्दछौं । जोखिम शब्दको प्रयोग सकारात्मकरूपमा पनि हुने गर्दछ तर समग्रमा यस शब्दको अर्थ एक प्रकारको खतरा तथा प्रतिकूल अवस्था भन्ने हुन्छ । **नेपाली बृहत् शब्दकोश**अनुसार जोखिम भनेको शारीरिक चोटपटक लाग्ने वा मानसिक आघात पुग्ने सम्भावना भएको काम; शारीरिक, मानसिक हानिनोक्सानी हुनसक्ने डरलाग्दो काम; खतरा; हानिनोक्सानी हुने सम्भावना; अनिष्ट वा विपत्तिको आशङ्का भनेर अर्थ्याएको छ ।[1] जोखिम भन्नाले सङ्कटका कारणले उत्पन्न गराउने क्षति तथा यसको अवस्था या तहको सम्भाव्यता हो । कुनै सङ्कट आइलागेमा उदाहरणको लागि काठमाडौं उपत्यकामा ८ रेक्टर स्केलको भूकम्प गएमा यति जना मानिस मर्नसक्दछन्, यतिजना घाइते हुनपुग्दछन्, यति घरहरू ध्वस्त हुन सक्दछ, आर्थिक, सामाजिक तथा जीविकोपार्जनको अवस्थामा यस्तो खालको प्रभाव पार्न सक्दछ भनेर गरिने पूर्वानुमानको अवस्थालाई नै जोखिम भनिन्छ ।

## जोखिम र बालबालिका

सामान्यतयाः बालबालिका कुनै न कुनै रूपमा जोखिमपूर्ण अवस्थामा हुन्छन् भन्ने मान्यता राखिन्छ । त्यस्तै, कुनै समुदाय तथा परिवारका बालबालिका अन्य बालबालिकाभन्दा बढी जोखिमपूर्ण अवस्थामा हुन्छन् । जस्तैःअपाङ्गता भएका बालबालिका तथा आर्थिकरूपमा गरीब परिवारका बालबालिका अत्यन्तै जोखिमपूर्ण अवस्थामा जीवन निर्वाह गर्न बाध्य भएका हुन्छन् र यस्ता बालबालिका तथा किशोरकिशोरीहरू दूर्व्यवहार तथा बालहिंसाको जोखिममा पर्ने सम्भावना अत्यन्तै उच्च रहन्छ । अर्कोथरी विज्ञको धारणा भने अलिक फरक रहेको पाइन्छ । बालबालिका हुनु आफैमा जोखिमपूर्ण अवस्था होइन । बरू उनीहरू कस्तो परिवारमा बस्दछन्, कस्तो वातावरण वा परिवेशमा हुर्कन्छन् आदिजस्ता कारकले उनीहरूको जोखिम निर्धारण गर्दछ भन्ने मान्यतामा विश्वास गर्दछन् ।[2]

बालबालिका र जोखिम सम्बन्धमा विभिन्न दृष्टिकोण तथा मान्यताहरू भएतापनि बालबालिका भनेको शारीरिक तथा मानसिकरूपमा संवेदनशील हुन्छन् भन्नेमा सबैको एउटै मत रहेको पाइन्छ । यस सम्बन्धमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को प्रस्तावनामा स्पष्टसँग भनिएको छ– 'बालअधिकारको घोषणापत्रमा उल्लेख भएबमोजिम बालकलाई निजको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले जन्मनुअघि र जन्मेपछि समुचित कानुनी संरक्षणलगायत विशेष संरक्षण र स्याहारको आवश्यकता पर्ने कुरालाई हृदयङ्गम गर्दै' भन्ने उल्लेख गरिएको छ । साथै उक्त प्रस्तावनामा नै, 'विश्वका सबै देशहरूमा बालबालिका अपवादजनकरूपमा कठिन अवस्थामा रहेका र त्यस्ता बालबालिकालाई विशेष ध्यान दिनुपर्ने आवश्यकता भएको कुरा स्वीकार गर्दै'[3] भनेर उल्लेख गरिएको छ ।

---

१ नेपाली बृहत शब्दकोश; प्रकाशक- नेपाल प्रज्ञा-प्रतिष्ठान

२ http://www.speakupbesafe.org/facilitators/risk-protective-factors.pdf

३ बालअधिकारसम्बन्धी महासन्धि, १९८९, नेपाली अनुवाद कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, काठमाडौं ।

## जोखिम नक्साङ्कन भनेको के हो ?

नीतिगत रूपमा जोखिम व्यवस्थापनलाई माथिबाट तल जाने (टप–डाउन) विधिले हेरिने चलन थियो, जसमा बालबालिका तथा किशोरकिशोरीहरूलाई यससम्बन्धमा निष्क्रिय समूहको रूपमा हेरिन्थ्यो र जोखिम व्यवस्थापनसम्बन्धी योजना तथा कार्यमा संलग्न गराइँदैन थियो ।[४] तर समयक्रमसँगै बालबालिकाले पनि जोखिम व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् भन्ने मान्यताको विकास हुँदै आएको पाइन्छ । बालबालिका तथा किशोरकिशोरीहरूलाई समाजमा अभिन्न अङ्गको रूपमा हेर्न थालियो । उनीहरू भनेका समस्या मात्र नभई समाधान पनि हुन् भनी स्वीकार्न थालियो । जोखिम नक्साङ्कन विधिलाई यस्तै प्रक्रियाको एउटा उदाहरणको रूपमा लिन सकिन्छ । जोखिम व्यवस्थापन सम्बन्धमा स्थानीयको सहयोग तथा सक्रिय सहभागितामा जोखिम न्यूनीकरणका विधिहरूको विकास भएको पाइन्छ । 'विपद व्यवस्थापनका क्षेत्रमा क्रियाशील संघसंस्था तथा कार्यालयले यससम्बन्धी नीति बनाउन या कार्यान्वयनका सम्बन्धमा स्थानीय समुदायलाई संलग्न गराउने र उनीहरूको आवश्यकतालाई प्राथमिकता दिन थालेको पाइन्छ ।'[५]

बालबालिकाले अत्यधिक समय बिताउने तथा उनीहरूको पहुँच भएका स्थानहरू कत्तिको जोखिमपूर्ण वा सुरक्षित छन् भनी गरिने विश्लेषणलाई नक्सामा उतार्ने विधिलाई जोखिम नक्साङ्कन विधि भनिन्छ । यस विधिमा बालबालिकाले आफ्नो घर, छिमेकी, समुदाय, विद्यालय, बजार आदिको नक्सा कागजमा उतार्छन् र आफ्ना लागि ती ठाउँहरूमा सुरक्षित वा जोखिमपूर्ण के छन् भनेर औंल्याउँछन् ।'[६] जोखिमपूर्ण तथा सुरक्षित ठाउँहरूको नक्सा बनाई देखाइने भएकाले यसलाई नक्साङ्कन विधि भनिएको हो । यस्तो विधिको प्रयोग विशेषतः समूह कार्यको रूपमा गर्ने गरिन्छ । जोखिम नक्साङ्कन विधिले समुदायमा बालबालिकालाई प्रभाव पार्ने जोखिमपूर्ण अवस्थाहरूको लेखाजोखा गर्न तथा सुरक्षाका सवालहरूबारे जानकारी लिन सहयोग पुऱ्याउँदछ । प्रायः आठदेखि १८ वर्षसम्मका २५ जनासम्म बालबालिकालाई सहभागी गराएर यो विधिको प्रयोग गर्न सकिन्छ ।

## नक्साङ्कन विधिको उद्देश्यः

- बालबालिका तथा किशोरकिशोरीहरूलाई आफू बस्ने गाउँघरमा भएका सकारात्मक तथा नकारात्मक पक्षहरूको बारेमा जानकारी गराउनु ।
- बालबालिका तथा किशोरकिशोरीहरूलाई आफू बस्ने गाउँघरमा भएका सुरक्षित तथा जोखिमपूर्ण स्थानहरूको लेखाजोखा गर्न गराउन संलग्न गराउनु साथै अन्य बालबालिका तथा किशोरकिशोरीहरूलाई यसबारेमा जानकारी गराउनु ।
- बालबालिकाको सहभागितालाई प्रोत्साहन गरी भविष्यमा गरिनुपर्ने सुधार कार्यका लागि जनवकालत गर्न यस विधिको प्रयोगबाट प्राप्त भएका सूचनाजानकारी उपयोग गर्नु, गराउनु ।

## नक्साङ्कन विधिको महत्व

सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि होस् या विकास कार्यका लागि होस् या त भविष्यमा आउने विपद न्यूनीकरणको तयारीका लागि नक्साङ्कन विधिको प्रयोग दिनप्रतिदिन व्यापक हुँदै गएको पाइन्छ । यस विधिको प्रयोग गैरसरकारी क्षेत्रमा क्रियाशील संघसंस्थाहरू, सुरक्षा क्षेत्रमा क्रियाशील सुरक्षाकर्मी, राजनीतिक अभियन्ता, स्थानीयतहमा रहेका निकायहरू जस्तै गाविस, नगरपालिका, स्वास्थ्य चौकी, विद्यालयले यस विधिको प्रयोग गर्ने गर्दछन् । त्यसरी नै समुदायका सामाजिक समूह जस्तै महिलासमूह, बालक्लब, आमासमूह आदिले नक्साङ्कन विधिको प्रयोग गर्ने गर्दछन् ।

४ The Role of Children and Youth in Communicating Disasters Risks;

५ Identifying and Mapping Community Vulnerability

६ बालसहभागिता प्रवर्द्धनका लागि सभागीतामूलक विधिहरुको सँगालो; प्रकाशक- बालसहभागिताको लागि कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम)

## नक्साङ्कन विधिको तयारीका लागि आवश्यक सामग्रीहरू

यस विधिको तयारीका लागि निम्न सामग्रीहरू आवश्यक पर्दछः

- चतुर्भूज आकारको ठूलो आकारको सेतो रङ्को कागज वा न्यूजप्रिन्ट पेपर
- रातो हरियो, पहेंलो आदि विभिन्न रङ्का टीकाहरू, विभिन्न रङ्का मेटाकार्ड, मार्कर, साइन पेन, पेन्सील, इरेजर, विभिन्न मुद्रामा बालबालिकाको अनुहारका तस्वीरहरू जस्तै सामान्य अवस्था, हँसिलो र दुःखी अवस्था झल्कने चित्रहरू आदि ।
- समूहसमूहमा बसेर छलफल गर्नको लागि कुर्सी तथा सुकुल र न्यूजप्रिन्ट पेपर राख्नको लागि सम्भव भएमा ठूलो टेबुल
- उपलब्ध भएको अवस्थामा स्थानीयतहमा विद्यालय तथा गाविसले बनाएका नक्सालाई सन्दर्भ सामग्रीका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

## नक्साङ्कन विधि बनाउने तरिका

- सहभागीलाई आवश्यकतानुसार छजना देखि १० जनाको समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहका सहभागीलाई माथि उल्लेख गरिएका समाग्रीहरू (न्यूजप्रिन्ट पेपर, मार्कर, साइन पेन, पेन्सील आदि) वितरण गर्नुहोस् ।
- न्यूजप्रिन्ट पेपरमा नक्सा कोर्दा न्यूजप्रिन्ट पेपरको सामुन्नेको माथिल्लो भागलाई (बायाँ तथा दायाँ भाग होइन) उत्तर दिशा मानेर नक्सा कोर्नुपर्दछ ।
- प्रत्येक समूहका सदस्यलाई आफू बसेको गाउँटोलको नक्सा बनाउन अनुरोध गर्नुहोस् । यसरी बनाइने नक्सामा घर, धारा, विद्यालय, सार्वजनिक स्थान, चौर, नदीनाला, बजार, खेतबारी, बाटाघाटो, पानीपँधेरो आदि स्थानहरू देखिनेगरी चित्र कोर्न तथा बुझिने सङ्केत राख्न भन्नुहोस् ।
- समूहका सदस्यहरूले छुट्टाछुट्टै या समूहमा एउटै चित्र बनाउन अनुरोध गर्नुहोस् ।
- बनाइएको चित्रमा सुहाउँदो रङ् तथा सङ्केत राख्न भन्नुहोस् । जस्तैः नदीनाला बुझाउन नीलो रङ्, जङ्गल बुझाउन हरियो रङ्, स्वास्थ्य चौकी भएमा त्यसलाई रेडक्रसको चित्र, विद्यालय बुझाउन षटकोण चिन्ह आदि राख्न सकिन्छ ।
- यसरी बनाइएको चित्रमा देखाइएका ठाउँहरू बालबालिकाको लागि सुरक्षित स्थान भएमा हँसिलो अनुहार भएको बालक वा बालिकाको मुहारचित्र, असुरक्षित स्थानमा दुःखी देखिने मुहारचित्र र सामान्य स्थान भएमा त्यसमा सामान्य भाव झल्किने मुद्राको मुहारचित्र वा स्टीकर टाँस्नुहोस् ।
- सहभागीहरूलाई आफ्नो समुदायमा बालबालिकाको हकअधिकारको सन्दर्भमा परिवर्तन गर्नुपर्ने तीनवटा कुराहरू कहाँ–कहाँ छन् भनी सोध्नुहोस् र तिनमा तारा चिन्ह टाँस्न भन्नुहोस् ।
- यसरी बनाइएको चित्रलाई समूहमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि कुनै स्थान किन सुरक्षित छ र कुनै स्थान किन असुरक्षित छ भनी छलफल गर्न लगाउनुहोस् ।

उल्लिखित नक्साङ्कन विधिको प्रयोग गर्नका लागि बालबालिकाको हकमा करिब दुईदेखि अढाई घण्टा समय लाग्न सक्दछ ।

## सहजकर्ताको लागि सुझाव

यस विधिलाई प्रयोगात्मक बनाउनुपर्ने भएकाले सहजकर्ताले यसको प्रक्रिया स्पष्टसँग सहभागीहरूलाई बताउनुपर्दछ । समूह विभाजन गर्दा भरसक एउटै गाउँटोलमा बस्ने सहभागीहरूलाई एउटै समूहमा राखेमा नक्सा बनाउन सजिलो हुन्छ । त्यस्तै सहभागीको उमेर समूहलाई पनि समूह विभाजन गर्दा ध्यान दिनुपर्दछ । एउटै उमेर समूहका सहभागीहरू एउटै समूहमा भएमा छलफल गर्न सहभागीलाई सजिलो हुन सक्दछ ।

साथै आफू बसेका गाउँठाउँको नक्सा बनाउने भएकोले यसको लागि चाहिने सूचनाजानकारी सहभागीलाई राम्ररी थाहा भएको हुनुपर्दछ र सहजकर्ताले प्रक्रियाको सहजीकरण गर्ने मात्रै हो । कहाँ के छ र त्यसलाई के कसरी चित्रित गर्ने भन्ने सम्पूर्ण निर्णय समूहलाई नै गर्न दिनुपर्दछ ।

यो विधिको प्रयोग गर्दा सहभागीहरूको सिर्जनात्मक क्षमता प्रस्फुटन हुने वातावरण बनाउन सहजकर्ताले विशेष ध्यान दिनुपर्दछ । नक्सा बनाउँदा स्थानीय स्रोतसाधनको प्रयोगमा यथेष्ट ध्यान पुऱ्याउनुपर्दछ । अन्त्यमा बालबालिकाले बनाएका नक्साहरूको के-कसरी र कुन-कुन कार्यमा उपयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल चलाउनुहोस् । माथि नै भनिसकिएको छ कि यस विधिको प्रयोग स्थानीय गाउँटोलका बारेमा समुदायलाई जानकारी गराउन तथा जनवकालत कार्यमा हुनसक्दछ ।

***

# सत्र ५ : सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्व-तयारी



**१ घण्टा ३० मिनेट**

### ५.१. सत्रको परिचय

यो सत्रको लक्ष्य बालबालिकाले सामान्य अवस्थामा र आकस्मिक अवस्थामा हुनसक्ने दूर्व्यवहार तथा हिंसाका स्वरूपहरू के-कस्ता हुन्छन् र उक्त जोखिमलाई न्यूनीकरण गर्नका लागि के-कस्ता सावधानीहरू अपनाउन सकिन्छ भन्नेबारे विस्तृत छलफल गरी पूर्व-तयारीको योजना बनाउन सक्नेगरी सघाउनु हो ।

### ५.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- सामान्य र आकस्मिक अवस्थामा बालबालिकामाथि के-कस्तो दूर्व्यवहार तथा हिंसा हुनसक्छ भन्ने बताउन ।
- बालसंरक्षणमा पूर्व-तयारीको महत्व तथा पूर्व-तयारी गर्दा ध्यान दिनुपर्ने पक्षहरूको स्पष्टरूपमा बताउन ।
- बालसंरक्षणका लागि गरिनुपर्ने पूर्व-तयारीको खाका तयार पार्न सक्ने हुन ।
- आकस्मिक अवस्थामा बालसंरक्षणका लागि रणनीतिगत तवरले सहयोग पुऱ्याउन सक्ने हुन ।

### ५.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूजप्रिन्ट पेपर

### ५.४. सत्र सञ्चालन गर्ने प्रक्रिया :

घटना अध्ययन, प्रस्तुती, छलफल तथा खेल ।

**क्रियाकलाप १ः आकस्मिक अवस्थामा बालसंरक्षणका सवालहरूको पहिचान घटना अध्ययन (४० मिनेट)**

- ठूलो समूहमा तल रहेको रीमाको घटना अध्ययन पढेर सुनाउनुहोस् ।

### रीमाको अवस्था

मनोसामाजिक कार्यकर्ता (राधा) सँग कुरा गर्दा १२ वर्षीय रीमाले धेरै गुम्सिएका कुराहरू खोलिन् । कोशीको बाढीले उनको घर बगाउने निश्चित भएपछि उनका बाबुआमा घरमा भएका सरसमान र बस्तुभाउ जोगाउन भरमगदुर कोशिस गर्दै हुनुहुन्थ्यो । त्यसै क्रममा बाढीले परिवार र रीमालगायत उनका दुई भाइहरू छुट्याईदियो । हप्ता दिन भैसक्यो । तर बाबुआमासँग अझै पनि सम्पर्क कायम भएको छैन । उनलाई आशा छ, नदीको अर्को पट्टि उहाँहरू सकुसल हुनुहुन्छ । नदी गाउँ पसिसकेपछि ३ रात उनीहरू विद्यालयको कोठामा सयौं गाउँलेका साथ बसे र त्यसपछि टेन्टमा पुगे । उनलाई आफ्ना भाइहरूको हेरचाह र सरसफाइको समस्याले धेरै पीरोल्थ्यो । उनका काका पनि जोडिएको टेन्टमा नै बस्ने भएकोले उनलाई केही सहयोग माग्न सजिलो भएको थियो । उनको कुरा सुनिसकेपछि राधा दिदीले बालसंरक्षणसम्बन्धी विषयमा चासो दिएर कुरा गर्न थाल्नुभयो । त्यसको जवाफमा रीमाले यस्तो अप्ठ्यारो परिवेशमा खतरा त भईहाल्छ नि भन्दै अन्त कुरा टाल्न खोजिन् । तर राधाले उनले केही कुरा लुकाउन खोजेको कुरा स्पष्टरूपमा नै बुझिन् ।

- उल्लिखित घटना अध्ययनमा आधारित भई निम्न प्रश्नहरूमा छलफल गराउनुहोस् ।
  - रीमाका परिस्थितिजन्य अप्ठ्याराहरू के-के हुन् ?
  - रीमाका बालसंरक्षणसम्बन्धी सवालहरू के-के हुन सक्दछन् ?

बालसंरक्षणसम्बन्धी सवालहरूको छलफल गर्दा अधिकांशरूपमा बालबालिका अधिकार हननका समग्र पक्षहरू आउन सक्दछन् । त्यसैले बालसंरक्षणका सवाल भनेको के हो ? अधिकार हनन भने के हो भन्नेबारे सत्रमा छलफल भइसकेको हुनाले बालबालिकामाथि हुने हानिहरू (Harms Against Children) का कुरा दोहोऱ्याउनु होस् ।

- आपतकालीन अवस्था भनेको के हो भन्नेबारे पाठ्य सामग्रीको आधारमा छोटो प्रस्तुती गरी बताउनुहोस् ।
- पाठ्यसामग्रीमा रहेका आपतकालीन अवस्थामा हुनसक्ने बालसंरक्षणका सवालहरू के–के हुन सक्दछन् भन्नेबारे एक–एक गरी बताउनुहोस् ।

### क्रियाकलाप २: पूर्व-तयारीको महत्व र पूर्व-तयारीमा ध्यान दिनु पर्ने पक्षहरू

- निम्न तरिका अपनाई चिठी लेख्ने खेल खेलाउनुहोस् ।
- सहभागीहरूलाई जोडीमा विभाजन गर्नुहोस् ।
- देहायको परिवेशमा एउटा चिठी लेख्न लगाउनुहोस् । चिठी लेख्नका लागि २ मिनेट समय दिनुहोस् ।
- तपाईंको दाजु अमेरिकाबाट १२ वर्षपछि घर फर्कदै हुनुहुन्छ । एउटा चिठी लेखी आफूलाई एकजोर जुत्ता मगाउनुहोस् ।
- समय सकेपछि एकएक गरी सबै सहभागीहरूको पढ्न लगाउनुहोस् । र, चिठीको विषयवस्तुबारे सामूहिकरूपमा समीक्षा गर्नुहोस् । धेरैजसो चिठीहरूमा आवश्यक सूचनाहरू नपुगेको हुन सक्नेछ ।
- फेरि ५ मिनेटको समय दिई सोही प्रयोजनका लागि चिठी लेख्न लगाउनुहोस् ।
- समय सकिएपछि, केही जोडीहरूलाई आफ्ना चिठी पढेर सुनाउन लगाउनुहोस् । यस पटकका चिठीहरू धेरै सुधारिएका हुनेछन् ।

- पूर्व-तयारी नगरी हतारमा गरिएको कामको परिणाम राम्रो हुने सम्भावना कम हुन्छ भनी पूर्व-तयारीको महत्वलाई दर्शाउदै बालसंरक्षण कार्य गर्दा पनि पूर्व-तयारीको ठूलो महत्व हुने कुरा बताउनुहोस् ।
- बालसंरक्षणमा पूर्व-तयारीको महत्व र पूर्व-तयारीका क्रममा के-के गर्न सकिन्छ प्रस्तुतीकरण गर्नुहोस्/छलफल अगाडि बढाउनुहोस् । (पाठ्य सामग्रीका आधारमा प्रस्तुतीकरण गर्ने विषय तयार पार्नुहोस्)
- यस सत्रमा सिकेका विषयवस्तुहरूको पूनरावलोकन गर्नुहोस् ।

***

# अध्ययन सामग्री

**सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्वतयारी (जोखिममा रहेका बालबालिकाको सन्दर्भमा)**

## सम्भावित जोखिम र पूर्व-तयारी

कुनै पनि व्यक्ति दूर्व्यवहार तथा हिंसाको जोखिमबाट मुक्त हुँदैनन् । दूर्व्यवहार तथा हिंसा जसलाई पनि हुनसक्ने भएकाले निश्चित कार्यक्रमहरू विशेष समूहलाई केन्द्रित गरेतापनि पूर्व-तयारी भने सबै बालबालिकालाई ध्यानमा राखी तयार पार्नुपर्ने हुन्छ । दूर्व्यवहार तथा हिंसाको सवालमा गरिने पूर्व-तयारीले बालबालिकामा सुरक्षित बानीको अभ्यास गर्न प्रेरित गर्दछ ।

सामान्यरूपमा बालबालिकामाथि हुने दूर्व्यवहार तथा हिंसा न्यूनीकरणको पूर्व-तयारी गर्दा दुईवटा अवस्थाहरूलाई मध्यनजर गर्नुपर्ने हुन्छ :

१. सामान्य अवस्था, र
२. आकस्मिक अवस्था (प्राक्रितिक विपत वा सशत्र द्वन्द्वको अवस्था)

### १. सामान्य अवस्था

सामान्य अवस्था भन्नाले सामान्यरूपमा सामाजिक गतिविधिहरू चलेको समाजको अवस्थालाई जनाउँदछ । यस्तो अवस्थामा कतिपय सामाजिक व्यवहार, तथा आचरणहरू अनुमान गर्न सकिने हुन्छन् । त्यसैगरी बालबालिकामाथि हुनसक्ने दूर्व्यवहार तथा हिंसाको जोखिम पनि केही हदसम्म विश्लेषण गर्न सकिने हुन्छ । सामान्य अवस्थामा हुनसक्ने दूर्व्यवहार तथा हिंसाहरूको विश्लेषण गरी त्यसको न्यूनीकरणका लागि अपनाउनु पर्ने व्यक्तिगतरूपमा तथा साङ्गठनिकरूपमा सावधानीहरू नै सामान्य अवस्थामा बालसंरक्षण कार्यमा गरिने पूर्व-तयारी हो ।



सामान्य अवस्थामा पूर्व-तयारीको लागि चरणहरू

क. बालसंरक्षणका सवालहरूको पहिचान गर्ने

ख. यसका कारणहरू पहिचान गर्ने ।

ग. कसले वा कसका कारण भइरहेको छ ? विश्लेषण गर्ने ।

घ. समस्या न्यूनीकरणमा तत्कालीन, मध्यकालीन, र दीर्घकालीन उपायहरू के-के हुनसक्दछन् भनी छलफल र पहिचान गर्ने ।

ङ पहिचान गरिएका रणनीतिहरूको कार्यान्वयनका लागि संयन्त्रको विस्तार र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

बालबालिकालाई कस्तो अवस्थाहरू जोखिमयुक्त हुन् र यस्ता अवस्थामा कस्ता व्यवहारहरू देखाउने भन्नेबारे जीवन उपयोगी सीपहरू सिकाउनुपर्दछ । बालबालिकामाथि कुनै दूर्व्यवहार तथा हिंसा भएको खण्डमा के गर्ने र कस्तो सहयोगको प्रक्रिया रहने (संरचना) भन्नेबारे स्पष्टता भएको पूर्व–तयारी आवश्यकता पर्दछ ।

## २. आकस्मिक अवस्था

प्राक्रितिक वा मानवसिर्जित विपत जहाँ तत्कालै सहयोगको आवश्यकता रहेको हुन्छ र सेवाप्रदायकहरूको सेवा पर्याप्त नभएको नहुन सक्दछ । आकस्मिक अवस्थामा समुदायमा रहेका संरक्षणका संयन्त्र तथा संरचनाहरू प्रभावित भएको हुन्छन् र बालबालिका थप जोखिममा पर्ने सम्भावना बढ्दछ । सामान्य अवस्थामा स्थापित संयन्त्रहरू जस्तैः गाउँ बालसंरक्षण समितिका सदस्यहरू पनि आफ्नै विपद् व्यवस्थापनमा सक्रिय हुनुपर्ने हुनसक्दछ भने विद्यालय, स्वास्थ्य संस्था/अस्पतालहरू पनि आपतकालीन अवस्थामा चल्न नसक्ने गरी असर पर्नसक्ने हुन्छ । जुन बेला बालबालिकाका लागि संरक्षणको बढी आवश्यकता पर्दछ । त्यही बेला सामाजिक तथा राज्यका समुदायस्तरका संयन्त्रहरू कमजोर हुने भएकाले बालसंरक्षणका लागि पूर्व–तयारी अति आवश्यक रहन्छ । अर्को पाटोमा बालबालिकाले नियमित गर्ने क्रियाकलाप गर्न नमिल्ने, आफ्नो घर छाडेर अन्यत्र बस्नुपर्ने, विद्यालय बन्द भएपछि व्यस्ततामा कमी हुने हुनाले मनोसामाजिक समस्या पनि देखिन सक्दछ ।

प्राक्रितिक प्रकोप **(Natural disaster)**: स्थानीय निकायको क्षमताले सम्बोधन गर्न नसक्ने र सामाजिक तथा आर्थिक विकासमा असर पार्नेगरी प्राक्रितिक हानिको अवस्था हो । (IASC)

जटिल किसिमको प्रकोप **(Complex Emergency)**: मानवीय सङ्कट जहाँ द्वन्द्वका कारण सेवा प्रदायक निकायहरू सेवा प्रदान गर्न नसक्ने गरी कमजोर भएका हुन्छन् र बाह्य सहयोगको आवश्यकता परको हुन्छ, त्यति बेला एकभन्दा बढी निकायको क्षेत्राधिकारको आवश्यकता पर्दछ । (IASC)

दीर्घ (लामो समय) आकस्मिकताः केही वर्षसम्म रहेको प्राक्रितिक तथा मानवसिर्जित विपद्को अवस्था जहाँ यस्ता परिस्थितिहरू तीव्ररूपमा दूर्व्यवहार तथा हिंसाका कारण प्राक्रितिक प्रकोप (Complex emergencies) का रूपमा विकास हुन सक्दछन् । (IASC)

### आपतकालीन अवस्थामा बालसंरक्षण किन ?

विस्थापन, परिवार तथा सामाजिक संरचना टुक्रनु, हिंसा, र सामाजिक सहयोगको पहुँचमा कमीका कारण संवेदनशील खालका बालसंरक्षणका सवालहरू जोखिमहरू देखिन सक्छन्, जसमा :

- बालबालिका बाबुआमा विहीन हुने (टुहुरो), विस्थापितमा पर्ने वा परिवारसँग बिछोडिनुपर्ने,
- सशस्त्र द्वन्द्वमा भर्ना हुन बाध्य हुनुपर्ने, यौनहिंसा, यौनशोषण वा बालबेचबिखन पर्नसक्ने सम्भावना हुने, आदि ।

### आपतकालीन अवस्थामा बालबालिकालाई कस्तो असर गर्छ त ?

- दूर्व्यवहार तथा हिंसासँग नजिक हुन्छ
- शोषण
- मृत्यु
- आवश्यकता पुर्ति नहुनु– विकास अवरोध
- सम्बन्धहरू बिग्रने

- मनोसामाजिक समस्याहरू
- अधिकारको हनन ।

### आकस्मिक अवस्थामा अधिक मात्रामा देखिन सक्ने बालसंरक्षणका सवालहरू

- पारिवारिक बिछोड
- शोषण तथा लैङ्गिक हिंसा
- बालश्रम/बालबेचबिखन
- मनोसामाजिक तनाव वा मानसिक समस्या
- सशस्त्र द्वन्द्वमा सामेल हुन सशस्त्र फौजमा भर्ना हुनुपर्ने
- शारीरिक हानि

### आकस्मिक अवस्थाको व्यवस्थापनको चेकलिस्ट

- विपद् व्यवस्थापन योजना तयार पार्ने । (आपतकालीन अवस्थामा कसले के गर्ने)
- अन्य प्रत्यक्षरूपमा सरोकार राख्ने निकायसँग समन्वय गर्ने । सम्भव भए लिखित सहमति पत्र तयार पार्ने ।
- समुदायस्तरमा आपतकालीन अवस्थामा आईपर्ने स्वास्थ्य समस्या र बालसंरक्षण समस्याबारे तालिम लिने/दिने ।
- विपद् व्यवस्थापन योजनालाई सुधार गर्न बेलाबखत अभ्यासहरू गरिरहने ।



- सम्भावित जोखिमलाई मध्यनजर गर्दै आपतकालीन अवस्थामा परिवार सँग कसरी सञ्चार गर्ने योजना तयार पार्ने ।
- महत्वपूर्ण कागजातहरूको संरक्षणको योजना बनाउने ।

## पूर्व-तयारीमा ध्यान दिनुपर्ने पक्षहरू

- दूर्व्यवहार तथा हिंसा जो कोहीलाई पनि हुनसक्दछ । तर विशेष परिस्थितिमा रहेका बालबालिकालाई दूर्व्यवहार तथा हिंसाको जोखिम बढी हुन्छ । (कसैले पनि दूर्व्यवहार तथा हिंसा प्रतिरोधात्मक सुई लगाएको हुँदैन ।)
- सामान्य अवस्थामा पनि बालबालिका बढी नै बालसंरक्षणको जोखिममा रहने हुनाले बालबालिकालाई बालसंरक्षण कार्यमा प्राथमिकता दिइन्छ नै । तथापि आपतकालीन अवस्थाको पूर्व–तयारीमा समग्र बालबालिकालाई केन्द्रमा राख्नुपर्दछ ।
- आपतकालीन अवस्थामा आवश्यक सहयोग सामग्रीहरूको व्यवस्था गरेर राख्नुपर्दछ ।
- बालसंरक्षणमा स्वास्थ्य संस्था/स्वास्थ्यकर्मीले सबै जिम्मेवारी लिने नभई, यससम्बन्धी सहयोगी निकायहरूसँग कसरी सहकार्य गर्न सकिन्छ, यकीन गर्ने ।
- आफ्नो निकायबाट सम्पादन गरिने सेवाका क्रममा हुनसक्ने दूर्व्यवहार तथा हिंसा कम गर्न :
    - बालसंरक्षण आचार–संहिता तयार गर्ने,
    - हिंसा प्रभावित बालबालिकासँग सञ्चारको सीप विकास गर्ने, र
    - भेदभावरहित वातावरण तथा बालमैत्री वातावरण सिर्जना गर्ने ।
- पूर्व–तयारी गर्ने क्रममा सम्भव भएसम्म समुदायलाई परिचालन गर्ने, परिचालन गर्न नसकिने/नपर्ने पक्षमा पनि समुदायलाई सूचना दिने ।

***

# सत्र ६ः दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामैत्री सञ्चार



**१ घण्टा ३० मिनेट**

### ६.१. सत्रको परिचयः

यो सत्रको लक्ष्य दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामैत्री सञ्चार गर्न सहभागीलाई सक्षम बनाउनु हो । यो सत्रमा दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकासँग कसरी गर्ने भन्ने सीपबारे अभ्यास गर्ने अवसर पाउनेछन् ।

### ६.२. अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् ः

- दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामैत्री सञ्चार के हो भन्ने कुरा बताउन ।
- दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकासँग बालमैत्री सञ्चार गर्ने सीपहरू बताउन ।

### ६.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री ः

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ टेप, आदि ।

### ६.४. सत्र सञ्चालन गर्ने प्रक्रियाः

- बालमैत्री सञ्चार सीपसम्बन्धी यस सत्रका विषयवस्तु, वा क्रियाकलापबारे संक्षिप्तरूपमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप १ः सञ्चार र यसको महत्व (२० मिनेट)**

- सञ्चारबारे छलफल गर्नु पूर्व निम्न निर्देशनका आधारमा आ–आफ्नो कापीमा चित्र कोर्ने क्रियाकलाप गर्न सहभागीलाई भन्नुहोस् । यस क्रियाकलापको क्रममा सहजकर्तासँग पुनः प्रश्न गर्ने वा सोध्न नपाइने नियमबारे समेत बताउनुहोस् ।
    - सहजकर्ताले सबभन्दा पहिला सहभागीलाई एउटा घर र यसको एक ढोका तथा चारवटा झ्यालको चित्र बनाउन लगाउनुहोस् ।
    - त्यसपछि एउटा गिलासको चित्र कोर्न भन्नुहोस् ।
    - घरको चित्र नजिक एउटा एउटा आँप र केराको चित्र बनाउन भन्नुहोस् ।
    - घरको चित्रको ठीक माथि सूर्यको चित्र बनाउन भन्नुहोस् ।
    - अब रूख र फूलको चित्र बनाउन लगाउनुहोस् ।

- सबैको चित्र बनिसकेपछि प्रत्येक सहभागीले के-कस्तो चित्र बनाए त्यो देखाउन अनुरोध गर्नुहोस् । र, यसको साथै सहभागीहरूबीच एकअर्काको चित्र हेर्न समेत लगाउनुहोस् ।
- सहजकर्ताले दिएको एउटै निर्देशनमा पनि सहभागीहरूको चित्र किन फरकफरक बन्यो भनी प्रश्न गर्नुहोस् र सहभागीको विचार लिनुहोस् ।
- त्यसपछि सहभागीहरूलाई सञ्चार भनेको के हो ? यसको महत्व किन छ ? भन्नेबारे जानकारी दिनुहोस् ।

**क्रियाकलाप २: दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकासँगको सञ्चार (३० मिनेट)**

- सहभागीलाई 'बालबालिकासँग गरिने कुराकानी एउटा विशिष्ट कला हो' भन्ने जानकारी दिनुहोस् ।
- अध्ययन सामग्रीमा दिइएको बुँदाहरूको सहयोगमा बालबालिकासँग गरिने कुराकानीका केही तरिकाहरूबारे बताउनुहोस् ।
- सहभागीसँग दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकासँग कुराकानी वा अन्तर्वार्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३: प्रभावकारी सञ्चारसम्बन्धी अभ्यास (३० मिनेट)**

- यसपछि सहभागीको सङ्ख्या बराबरको सङ्ख्यामा विभिन्न मिठाईलाई एकठाउँमा मिसाउनुहोस् र एक नदेखिने भाँडोमा राख्नुहोस् (एकै प्रकारका मिठाईको सङ्ख्या दुई वटा मात्र हुनुपर्नेछ) ।
- अब सहभागीलाई उक्त नदेखिने भाँडोबाट एक एकवटा मिठाई झिक्न लगाउनुहोस् ।
- सबै सहभागीले मिठाई झिकिसकेपछि उक्त मिठाईको खोल मिल्दो परेका जोडी साथी खोज्न लगाई २/२ जना सहभागी रहको समूह तयार गर्नुहोस् ।
- अब, एक सहभागीलाई स्वास्थ्यकर्मी र अर्को सहभागीलाई पीडित बालबालिका भएको अभिनय गर्न लगाई १० मिनेटको छलफल गर्न लगाउनुहोस् । यसपछि सहभागीहरूलाई पुनः एकअर्काको भूमिका परिवर्तन गरी छलफल गर्न १० मिनेट छलफल गर्न भन्नुहोस् ।
- सबै सहभागीहरूले आ–आफ्नो भूमिका निर्वाह गरिसकेपछि त्यसरी भूमिका गर्दा के–कस्ता अप्ठ्याराहरू आइपरे भनी अनुभव सुनाउन भन्नुहोस् ।
- सहभागीबाट आएका विचारलाई बुँदागतरूपमा न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।
- सहभागीबाट आएका विचारहरूमा सहजकर्ताले आफ्ना कुनै अवलोकन थप्न चाहेमा त्यसो गर्नुहोस् अथवा सहभागीको अनुभव सुनाउँदाको क्रममा कुनै जिज्ञासा भएमा प्रश्न गरी सबै सहभागीलाई स्पष्ट पार्न भन्नुहोस् ।

**क्रियाकलाप ४: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- यस सत्रमा के-कस्ता विषयमा छलफल गरियो वा यस सत्रका छलफलका विषय वा शीर्षकहरूबाट के सिकाइ भए ? जस्ता प्रश्नहरू सहभागीलाई सोध्नुहोस् र उक्त मुख्य शीर्षकहरू वा सिकाइहरू पुनःएकपटक भनी सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

**बालसंवेदी संवाद (आमरूपमा बालबालिकासँग गरिने सञ्चार-संवाद र दूर्व्यवहार तथा हिंसाको जोखिममा रहेका वा पीडित भएका बालबालिकासँग को सञ्चार-संवाद)**

### १. प्रभावकारी सञ्चार:

सञ्चार भनेका सूचनाजानकारी आदानप्रदान गर्ने माध्यम हो । अर्थात् सूचनाहरू पठाउने र पाउने वा आदानप्रदान गर्ने माध्यम वा प्रक्रिया नै सञ्चार हो । यसर्थ पनि सञ्चारलाई एक महत्वपूर्ण सीपको रूपमा लिइन्छ । सञ्चारले मानिसहरूलाई बोल्न, सुन्न, प्रभावकारी माध्यमबाट कुराकानी गर्न र एकअर्कालाई बुझ्न मद्दत पुर्‍याउँदछ । सञ्चार विभिन्न माध्यमहरूद्वारा गर्न सकिन्छ जस्तै चिन्ह वा सङ्केतबाट, शब्दबाट अर्थात् बोलेर र लेखेर, चिठीपत्र आदानप्रदान गरेर, टेलिफोनबाट कुराकानी गरेर, आमसञ्चारका माध्यमहरू उपयोग गरेर, कम्प्युटर तथा श्रव्यदृश्यका माध्यमबाट अभिव्यक्ति दिएर आदि ।




कुनै पनि व्यक्तिले बोलेको वा व्यक्त गरेको कुरालाई अर्को व्यक्तिले सोही अर्थमा बुझ्यो वा बुझेन भन्ने सुनिश्चित गर्ने र उसको प्रतिक्रिया प्राप्त गर्ने समेतको समग्र प्रक्रियालाई प्रभावकारी सञ्चार भनिन्छ । स्पष्ट र सरल, उमेर अनि स्तरअनुसारको भाषा, दुईतर्फी सञ्चार, एकअर्कालाई दोष नदिने खालका बोलीलगायतका विशेषताहरू प्रभावकारी सञ्चारमा हुन्छ । यसर्थ विद्यमान संस्क्रिति र परिस्थितिअनुरूप आफ्नो विचार, चाहना, आवश्यकताहरू डर, त्रास आदि बोलेर अथवा हाउभाउद्वारा अभिव्यक्त गर्नु नै प्रभावकारी सञ्चार हो ।

### प्रभावकारी सञ्चारका विशेषताहरू :

प्रभावकारी सञ्चारका विशेषताहरूलाई धेरै किसिमबाट बुझ्न सकिन्छ । सामान्यरूपमा प्रभावकारी सञ्चारका विशेषताहरू बुझ्दा त्यसमा देहायका विशेषताहरू रहेका हुनसक्दछन् :

- स्पष्ट र सरल (सजिलैसँग बुझ्न सकिने) कुराकानी,
- श्रोताको उमेर र स्तरअनुसारको शब्द र हाउभाव तथा अभिव्यक्ति,

- दुई तर्फीय सञ्चार (दुवैको बीचमा विचारको आदानप्रदान भएको),
- विषयवस्तुको गहिराइसम्म पुगेर गरिएको कुराकानी,
- दोषारपण नभएर एकले अर्कालाई बुझ्न वा पहिचान गर्ने गरी गरिएको कुराकानी, आदि ।

### सञ्चारका शैलीहरूः

सञ्चारका शैलीहरूलाई सामान्यरूपमा देहायअनुसार छलफल गर्न सकिन्छ :

क) निष्क्रिय शैलीः यस किसिमको शैलीमा व्यक्तिले जे भनेपनि ठीक भन्ने, आफ्नो कुरा वा प्रश्न/जिज्ञासा प्रस्ट राख्न नसक्ने र उत्तर पनि कम दिने गरिन्छ । आफूलाई आवश्यक परे पनि अरूलाई अगाडि सार्ने, सोध्न, खोज्न लगाउने गरिन्छ । केही अप्ठ्यारो आएमा रूने वा क्षमायाचना गर्ने गरिन्छ ।

ख) आक्रामक शैलीः यस्तो शैलीमा व्यक्तिले अरूलाई होच्याउने, झर्कने, ठूलो स्वरले बोल्ने, आफ्नो कुरालाई नै माथि पार्न जिद्दी गर्ने गर्दछन् । यसरी कुराकानी गर्दा अरूको मनमा ठेस पुगेको नपुगेको ख्याल राखिंदैन । अरूको कुरा पनि सुनिदैन, बीचैमा कुरा काटेर आनन्द लिने गरिन्छ । लामो समयको सम्बन्धलाई ख्याल नगरी अरूलाई दोष लगाउने गरिन्छ ।

ग) विश्वस्त शैलीः यस शैली अपनाउनेले कसैलाई पनि तल नपारी आफ्ना विचारहरूलाई खुलस्त भन्दछन् । आफ्ना कुरा प्रस्टसँग राख्ने र अरूको कुरा पनि राम्ररी सुन्दछन् । कुनै कुरा गर्नुपर्‍यो भने कसैको पनि पक्ष नलिएर वा दोष नदिई आफ्नो तर्क प्रस्तुत गर्दछन् ।

सरलरूपमा बुझ्दा सञ्चार मौखिक र अमौखिक गरी दुई प्रकारको हुने गर्दछन् । मौखिक सञ्चार भन्नाले शब्द र वाक्यमा सन्देश आदानप्रदान गर्नु हो । बोलिएको शब्दले भन्न खोजिएका विषयको अर्थ लाग्नुपर्दछ । सञ्चार अमौखिक तथा अशाब्दिक तरिकाले पनि प्रवाह गर्न सकिन्छ । जस्तै, कुराकानीका सङ्केत, शरीरको हाउभाउ, आँखाको हेराइ आदि ।

### प्रभावकारी सञ्चारका तरिकाहरू

घटना व्यवस्थापनको क्रममा प्रभावकारी सञ्चार आवश्यक हुने भएकाले बालसंरक्षण कार्यकर्ताले देहायका विधि अपनाउन सक्दछन् :



क) अवलोकन : सामान्य भाषामा अवलोकन भनेको हेराइ हो । बालसंरक्षण कार्यकताले राम्रोसँग लक्षित व्यक्ति वा सेवाग्राहीका कुरा विचार गरेन भने कुराकानीको क्रममा बाधा उत्पन्न हुन्छ र कुराकानी प्रभावकारी नहुन

सक्दछ । मनोसामाजिक सहयोगको क्रममा बालसंरक्षण कार्यकर्ता पीडित वा प्रभावित बालबालिका र आफैप्रति सचेत हुनुपर्दछ । पीडित वा प्रभावित बालबालिकाले अमौखिक तरिकाले पनि आफ्नो बारेमा बताइरहेका हुन्छन् । बालबालिकाको अमौखिक व्यवहारहरू जस्तै, आँखाको हेराइ, शारीरिक भाषा वा हावभाव, स्वरको उतारचढाव, अनुहारको प्रस्तुती, आँखीभौं खुम्च्याउने, ओठ बन्द गर्ने अथवा खोल्ने, लाज वा रिसले मुख रातो पार्ने आदि व्यवहार सुक्ष्मरूपमा अवलोकन गर्नुपर्दछ ।

ख) ध्यान दिएर सुन्नेः सक्रिय सुनाइ वा ध्यान दिएर सुन्ने सीपलाई आधारभूत सञ्चार सीप हो । आधारभूत सञ्चारको प्रयोगबाट मात्र सक्रिय सुनाइ सम्भव छ । सक्रिय सुनाइमा एउटा मात्र ज्ञानेन्द्रियको प्रयोग गरेर मात्र नभई सम्पूर्ण ज्ञानेन्द्रियको प्रयोग गरेर सुन्नुपर्दछ । यसको अर्थ मौखिक सन्देशलाई राम्ररी सुन्ने, अमौखिक सन्देशलाई पनि राम्ररी बुझ्ने र दुवैलाई प्रभावकारी ढङ्गले आत्मसात गर्नु भन्ने हो । सक्रिय सुनाइ अन्तर्गत के भनिदैछ भनेर ध्यानपूर्वक सुन्ने मात्र नभएर कुराकानीमा ध्यान केन्द्रित गर्नसक्ने, संक्षेपीकरण गर्नसक्ने, सान्दर्भिक प्रश्नहरू सोध्न सक्ने, शान्त हुने, सञ्चारका पक्षहरूलाई सम्मान गर्ने लगायत सम्पूर्ण ढङ्गले सक्रिय हुने कुराहरू पर्दछन् । सक्रिय सुनाइ मौखिक र अमौखिक सञ्चारका सीप प्रयोग गरी सम्पन्न गर्न सकिन्छ ।

ग) प्रश्न गर्ने : प्रश्न गर्ने सीप सक्रिय सुनाइको मुख्य पक्ष हो । कुनै विषयमा थप अन्वेषण गर्न, स्पष्ट पार्न र थप परिमार्जित गर्न प्रश्न गर्ने गरिन्छ । प्रश्न एक अर्कालाई बुझ्न र भावनालई स्वीकार गर्ने उपयुक्त एवम् प्रभावकारी माध्यम हो । मौखिक सञ्चारमा बालसंरक्षण कर्यकर्ताले प्रयोग गर्ने थुप्रै किसिमका प्रश्नहरू हुन सक्दछन् । यहाँ 'खुल्ला प्रश्न' र 'बन्द प्रश्न'को बारेमा छलफल गरिएको छ :

अ) बन्द प्रश्न : सुरुमा सूचना सङ्कलनका गर्नका लागि यस किसिमका प्रश्नहरू गरिन्छन् । यस किसिमका प्रश्नहरू निश्चित जवाफ प्राप्त गर्ने उद्देश्यले गरिन्छ । जस्तै, तपाईं नचिनेको व्यक्तिसँग कुरा गर्न वा आफ्ना मनको कुरा भन्न मन पराउनुहुन्छ ? तपाईँ सँधै यस्तै गर्नुहुन्छ ? त्यसो गर्नु तपाईंलाई राम्रो हो जस्तो लाग्दछ ?

आ) खुल्ला प्रश्न : यस्ता प्रश्नले बालबालिकालाई खुला र स्वतन्त्र ढङ्गले आफ्ना भावना व्यक्त गर्ने वातावरण दिन्छ । यस्ता प्रश्नको जवाफ 'अँ', 'हो' अथवा 'होइन' भन्ने जस्ता नभएर लामो प्रक्रितिका हुन्छन् र के, किन, कसरीबाट प्रश्न सुरु गरिन्छ । जस्तै, तपाईंले कस्तो महसुस गर्नुभएको छ, त्यसबारे केही बताइदिनुहोस् न ? त्यसपछिको समयमा कस्ता खालका कुरा सोच्नुभयो ? तपाईंले अहिले कस्तो महसुस गरिरहनुभएको छ ? आदि ।

## प्रभावकारीका सञ्चारका अन्तर्व्यक्ति अवरोधहरू :

अन्तरवैयक्तिक सञ्चारमा आउनसक्ने केही अवरोधहरू निम्नानुसार उल्लेख गरिएका छन् :

- पूर्वाग्राही भावना हुनु, होच्याउने बानी हुनु ।
- वक्ता र श्रोताको क्षमता, ज्ञान, सीप, धारणा आदि फरक हुनु ।
- सुन्ने मानिस तयार नहुनु ।
- विषयवस्तुमा निपूर्ण नहुनु, भाषिक ज्ञान नहुनु ।
- समय नहुनु वा समयमा लचिलोपना नहुनु ।
- बोलीको स्पष्टता नहुनु वा हड्बडाएर बोलेमा वा भाषा फरक हुनु ।
- दुईतर्फी सम्बन्ध राम्रो नहुनु वा अन्तरवैयक्तिक सम्बन्ध सीप नहुनु ।
- ध्यान दिएर नसुन्नु । होहल्ला भएमा सुन्न गाह्रो हुनु ।

- आफ्नो मात्र कुरा गर्नु ।
- डर, त्रास, लाज हुनु । आफ्नै समस्याप्रति चिन्तित भइरहनु आदि ।

## ९. दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकामैत्री सञ्चार

धेरैजसो अवस्थामा वयस्क व्यक्ति तथा ठूला उमेरका किशोरकिशोरीबाट नै बालबालिकामाथि दूर्व्यवहार तथा हिंसा भएका हुन्छन् । यस्तो अवस्थामा पीडित बालबालिकाले आफूलाई अरूभन्दा कमजोर ठान्ने र केही गर्न नसक्ने जस्तो महसुस गरिरहेका हुन्छन् । उनीहरूलाई निरन्तर यही कुराले सताइरहेको हुन्छ । उनीहरूको आत्मबल कमजोर हुनुका साथै आफ्नै बारेमा केही सोच्न नसक्ने अवस्थामा हुन्छन् । यसले उनीहरूले अरूलाई विश्वास नगर्ने, आफ्नोबारेमा नभन्ने, एक्लै बस्न मन पराउने स्वभावका हुन्छन् । अझ, महत्वपूर्ण कुरा त के हो भने कुनै बालबालिका पीडित भएको अवस्थामा उचित उपचार तथा सहयोग पाइएन भने युवावस्थामा अपराधतर्फ उन्मुख हुने जोखिमसमेत रहन्छ । कुनै पनि दूर्व्यवहार तथा हिंसाबाट पीडित/प्रभावित भएका व्यक्तिहरूले ममाथि दूर्व्यवहार तथा हिंसा भएको छ/थियो, म दूर्व्यवहार तथा हिंसा प्रभावित व्यक्ति हुँ, मेरा पीडा यो हो भनी सहजै कसैलाई भन्न पनि सक्दैनन् । हिंसाबाट पीडित बालबालिकाले आदरपूर्ण र विनयपूर्वक व्यवहार गर्नुपर्ने, उसको मुद्दा सम्बन्धी जानकारी प्रदान गर्ने, पीडितहरूले पनि निःशुल्क कानुनी सहायता प्राप्त गर्ने जस्ता महत्वपूर्ण अधिकार प्राप्त गर्दछन् । यसर्थ पनि उनीहरूसँग बालसंवेदी संवाद गरिनु आवश्यक हुन्छ ।



बालक वा बालिकापिच्छे नै उनीहरूको बुझ्ने तथा दायित्व बहन गर्ने क्षमता फरकफरक हुन्छ । यसरी परिपक्वतातर्फ जाने प्रक्रिया शारीरिक वृद्धिमा मात्र नभई उनीहरू हुर्कने वातावरण तथा उनीहरू केबाट प्रभावित छन् भन्ने कुराले निर्धारण गर्दछ । बालबालिकाले आफ्नो वरिपरिको व्यक्ति तथा वातावरण एवम् घटनाको अवलोकन गरी के सही हो र के गलत हो भन्ने कुरा सिक्दछन् । उनीहरूको आदर्श व्यक्ति राम्रो नभएमा वा उचित मार्गदर्शन नपाएमा राम्रा कुराहरू सिक्न सक्दैनन् र बालबिज्याइँ गर्न पुग्दछन् । वयस्क व्यक्तिले जस्तो बालबालिकाले कुरा बुझ्न वा त्यसको कारण थाहा पाउन सक्दैनन् ।

बालबालिकासँग कुराकानी सुरु गर्नुअघि उनीहरूप्रतिको बुझाइ स्पष्ट हुनु जरूरी हुन्छ । यसका लागि बालबालिकाको पृष्ठभूमिका तथ्यहरू जान्न जरूरी हुन्छ । कुराकानी गर्ने व्यक्तिले बालबालिकाले तपाईंलाई आफ्नाबारे सबै कुरा भन्ने गरी किन विश्वास गर्नुपर्दछ त ? तपाईंप्रति उसको दृष्टिकोण वा धारणा के छ ? जस्ता पक्षहरूमा स्व-विश्लेषण हुनु जरूरी हुन्छ । साथै, कुराकानी सुरु गर्नुपूर्व बालबालिकामा भएका डर, त्रासलाई हटाउने र उनी हुर्केबढेको पारिवारिक तथा साँस्क्रितिक परिवेशलाई बुझ्नु र कुराकानीको क्रममा त्यसलाई ख्याल गर्नु उत्तम हुन्छ । यसका अतिरिक्त बालसंवेदी संवादका लागि देहायका तरिकाहरू उपयोगी हुन सक्छन्ः[1]

१) बालबालिकालाई ध्यान दिनेः बालबालिकासँगको कुरालाई ध्यान दिएर सुन्ने । उनीहरूको विचार र भावनालाई गम्भीरताका साथ लिने गर्नुपर्दछ । बालबालिकाका कुराहरू सुन्न वयस्कहरू बढी नै संवेदनशील हुनुपर्दछ । उनीहरूसँगको कुरालाई अगाडि बढाउनुपर्दछ ।

२) बालबालिकासँग प्रश्न गर्नेः सम्भव भएसम्म बालबालिकासँग खुल्ला खालका प्रश्नहरू सोध्नुपर्दछ । साथै बालबालिकाले व्यक्त गरेको कुराको स्पष्टताका लागि पूरक प्रश्नहरू गर्नुपर्दछ । यसो गर्दा उनीहरूको इच्छामुताबिक स्वतन्त्र भई आफ्ना कुरा गर्न दिनुपर्छ नत्र बालबालिकाले उनीहरूका आफ्ना भावनाभन्दा पनि वयस्कको विचार परावर्तन गर्न सक्दछन् । कुराकानीको सुरुमा बालबालिकाले केही अप्ठ्यारो मानिरहेका छन् भने केही बन्द प्रश्न सोधी सम्बन्ध विस्तार गरेपछि खुला प्रश्न गर्नु महत्वपूर्ण हुन्छ ।

---

१ बालबालिकासँग सञ्चार संवादी केही सन्दर्भ र सिकाइहरु (लेखकः चन्द्रिका खतिवडा), २०६६, बालन्याय श्रोत सँगालो, केन्द्रीय बालकल्याण समिति र राष्ट्रिय न्यायिक प्रतिष्ठान, पेज. ११४-११५

३) बालबालिकाका प्रश्न सुन्ने र छलफल गर्नेः बालबालिकाको मनमा लागेका कुरा सोध्न र समय समयमा आवश्यक परे सुझाव दिन बालबालिकालाई प्रोत्साहन गर्नु महत्वपूर्ण हुन्छ ।

४) बालबालिकालाई समय समयमा प्रोत्साहन गर्नेः बालबालिका बोल्न सुरु गर्न र त्यसलाई निरन्तरता दिन बेलाबेलामा प्रोत्साहन आवश्यक पर्दछ । आफ्नो बारेमा बालबालिकाले नै बढी जानेका हुन्छन् भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूका अनुभव व्यक्त गर्न सहयोग गर्नु आवश्यक हुन्छ । हामीले सोधेका सबै प्रश्नहरूको जवाफ बालबालिकाले दिनैपर्छ भन्ने केही छैन ।

५) संवेदनशील हुनेः बालबालिकाका नितान्त व्यक्तिगत विषयलाई खोतल्दा अन्तर्वार्ताकार बढी संवेदनशील हुनुपर्दछ । बालबालिकाको बोलीको गति, संवेगलाई यथावत दिने र होसियारीपूर्ण सुन्ने, संवेदनशील हुने र प्रशंसा गर्नु आवश्यक हुन्छ ।

६) छलफलको अन्त्यः बालबालिकासँगको छलफललाई सुचारुरूपमा र सुनियोजित तरिकाले अन्त्य गर्नुपर्दछ । यसो गर्दा बालबालिकाले सोचेका र भन्न चाहेका बाँकी कुराहरू केही भए सो भन्न दिनुपर्दछ । यसो गर्नाले बालबालिकालाई राम्रो अनुभव दिन्छ र पछि गरिने भेटघाटलाई सकारात्मक बनाउन मद्दत गर्दछ । त्यस्तै यदि बालबालिकाले कुनै कुरा एकदमै गोप्य राख्न चाहेका छन् भने त्यसलाई सम्मानका साथ ग्रहण गर्नुपर्दछ ।

सामान्य अवस्थामा हिंसाबाट पीडित/प्रभावित तथा बालबिज्याइँको अभियोग लागेका बालबालिकाको हकमा सेवाप्रदायक (जस्तैः स्वास्थ्यर्मी, प्रहरी, न्यायप्रदायक अदि) ले सञ्चार-संवाद गर्दा निम्न व्यवहार गर्नुपर्दछ :

- बालबालिकाप्रति सम्मान र आदरपूर्ण व्यवहार प्रदर्शन गर्ने ।
- गोपनीयता कायम गर्न सकिने खालको वातावरण सिर्जना गर्ने ।
- कुराकानीको क्रममा बालबालिकालाई जहिले पनि आफूप्रति विश्वास दिलाउने वातावरणका निर्माणका लागि उनीहरूको कुरा ध्यान दिएर सुन्ने धैर्य हुनुपर्दछ ।
- बालबालिकालाई घटनाको बारेमा भन्न असहज भएको छ कि भनी विचार गर्ने, र यदि यस्तो भएको छ जस्तो लागेमा बालबालिकासँगको कुराकानी अन्त्य गर्ने वा अरू कुनै उपायहरूबाट कुराकानी गर्ने वातावरणका लागि सहज बनाउन प्रयास गर्ने ।
- सकेसम्म जहिलेपनि घटनाको मूल निचोडमा पुग्ने प्रयास गर्ने जसले गर्दा मेरो कुराको सुनुवाइ भयो भन्ने कुरा बालबालिकाले महसुस गर्न सकून् ।
- बालबालिकामा शारीरिक चोट देखिएको लक्षण भेटाएमा तुरुन्त उपचारका लागि प्रयत्न गर्ने ।
- बालबालिकालाई नै दोषी ठहऱ्याउने किसिमले कहिल्यै कुरा नगर्ने ।
- बालबालिकासँग जस्तोसुकै अवस्थामा पनि पूर्वाग्राही व्यवहार नगर्ने ।
- बालमैत्री वातावरणमा हुने सञ्चार-संवादको महत्वलाई बुझी सञ्चार-संवाद गर्ने ।

***

# सत्र ७ : बालदूर्व्यवहारका घटनाको व्यवस्थापन



१२० मिनेट

### ७.१ सत्रको परिचयः

समुदायमा आधारित बालसंरक्षण प्रणाली भनेको स्थानीयस्तरमा व्यक्तिगत तथा समूहमा एक अर्काको सहकार्यमा बालसंरक्षणको उद्देश्य लिएर क्रियाशील व्यक्ति तथा समूहलाई बुझाउँदछ । यस सत्रमा विशेषगरी बालबालिकामाथि हुने हिंसा, दूर्व्यवहार तथा यौनशोषणजस्ता गलत कार्यहरू भएमा उक्त घटनालाई कसरी कानुनी प्रक्रियामा पुऱ्याउने भन्ने विषयमा केन्द्रित रहेर चर्चा गरिएको छ ।

### ७.२ अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीले,

- बालसंरक्षण कार्यमा स्थानीय बालसंरक्षण संयन्त्रको काम, कार्यवाही र सहकार्यको सम्बन्धमा बताउन सक्नेछन्,
- बालअधिकार हननका गम्भीर प्रकृतिका घटनाको व्यवस्थापनका विभिन्न चरण एवं प्रक्रियाको बारेमा बताउन सक्ने हुनेछन् ।

### ७.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्रीः

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, केस स्टडी आदि ।

### ७.४ सत्रको तयारीः

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीको ज्ञान र बुझाइको स्तरलाई  पूर्वअवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- यस सत्रमा दिइएका विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

### ७.५ सत्र सञ्चालन गर्ने प्रक्रियाः १० मिनेट

सत्रमा छलफल गरिने विषयवस्तुको बारेमा सहभागीलाई जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनको लागि बालअधिकारका गम्भीर उल्लंघनका घटना-अध्ययन (केस स्टडी) लाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा यो सत्रमा छलफल हुने भएकोले त्यसबाट सहभागीहरूको ध्यान आकृष्ट गर्न सकिन्छ ।

**क्रियाकलाप १: बालबालिकाका अधिकारहरू के-के हुन् ? (६० मिनेट)**

- सहभागीलाई दुई समूहमा विभाजन गर्नुहोस् र समूहमा छलफलको चरण तथा नियमहरूको बारेमा जानकारी गराउनुहोस् ।
- दुवै समूहलाई माथि उल्लेखित घटना-अध्ययन (केस स्टडी) सबै सहभागीलाई पुग्नेगरी वितरण गर्नुहोस् ।
- पहिलो समूहलाई उक्त घटना-अध्ययन (केस स्टडी) को आधारमा बालअधिकारको उल्लंघन के-के भएको छ भनी छलफल गरेर प्रस्तुत गर्न भन्नुहोस् ।
- दोस्रो समूहलाई उक्त घटनाको व्यवस्थापनका प्रक्रियाको बारेमा छलफल गरी प्रस्तुत गर्न भनी जानकारी गराउनुहोस् ।
- समूह छलफलको लागि ४५-५० मिनेट र प्रस्तुतिको लागि १०-१० मिनेट समय छुट्टयाइएको बारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २: समूह छलफल (४० मिनेट)**

- अध्ययन सामग्रीमा भएको बालअधिकारको उल्लंघनका घटनाको बारेमा सहभागीलाई बताउनुहोस् ।
- केस व्यवस्थापनको बारेमा अध्ययन सामग्रीलाई उल्लेख गरिएअनुसार बताउनुहोस् ।

**क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

यस सत्रमा हामीले के-के छलफल गर्‍यौं ? भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- घटना (केस) व्यवस्थापनको मुख्य प्रक्रियाहरू के-के हुन् ?
- घटना (केस) व्यवस्थापना फलोअप र पीडितका हेरचाहको महत्त्व किन हुन्छ ?
- बालसंरक्षण समिति तथा बालक्लब या गैरसरकारी संस्थाले घटना (केस) व्यवस्थापन कार्यमा कस्तो भूमिका निर्वाह गर्न सक्दछन् ?

छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सबै सहभागीलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन-सामग्री

## समुदायमा आधारित बालसंरक्षण प्रणाली र घटना व्यवस्थापन

समुदायमा आधारित बालसंरक्षण प्रणाली भनेको स्थानीयस्तरमा व्यक्तिगत तथा समूहमा एक अर्काको सहकार्यमा बालसंरक्षणको उद्देश्य लिएर क्रियाशील व्यक्ति तथा समूहलाई जनाउँदछ । यस्ता संयन्त्रहरू परम्परादेखि नै स्वतःस्फूर्त रूपमा क्रियाशील भइआएका हुन्छन्, या आफ्नो गाउँघरमा सामाजिक कार्यमा योगदान पुऱ्याऊँ भन्ने भावनाले कार्यरत रहेका हुन्छन् । समुदायमा आधारित बालसंरक्षण संयन्त्रअन्तर्गत बाह्य सहयोगमा स्थापना भएका वा राज्यको स्थानीय निकायको पहलमा स्थापना भएका संरचना वा प्रणाली पनि पर्दछन् । स्थानीयतहमा क्रियाशील बालसंरक्षणका क्षेत्रमा क्रियाशील संरचनाहरूले अपौचारिक र अनौपचारिक प्रकारले काम गर्न सक्दछन् । साथै स्थानीयस्तरमा क्रियाशील बालसंरक्षण समितिहरूले गर्ने कार्यलाई कामको प्रकृतिअनुसार मुख्यरूपमा दुई भागमा विभाजन गर्ने प्रचलन पनि पाइन्छ । यसअन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूले सञ्चालन गर्ने गरेको पाइन्छः[१]

१. बालसंरक्षणका सवालमा समुदायमा सचेतना अभिवृद्धि (रोकथाममूलक) गर्नु ।

२. बालअधिकार उल्लंघनका घटनाका पीडितलाई न्याय दिलाउन तथा पीडकलाई कारबाहीका लागि आवश्यक प्रक्रियाको अवलम्बनमा क्रियाशील हुनु (उपचारमूलक)।

प्रस्तुत सत्रमा विशेषगरी बालबालिकामाथि हुने हिंसा, दूर्व्यवहार तथा यौनशोषणजस्ता गलतकार्यहरू भएमा उक्त घटनालाई कसरी कानुनी प्रक्रियामा लैजान सकिन्छ भन्ने पक्षमा केन्द्रित भएर चर्चा गरिएको छ ।

## घटना अध्ययन

रीताको जन्म पश्चिम नेपालको तराई जिल्लाको एउटा आर्थिकरूपले विपन्न किसान परिवारमा भएको थियो । उनको बाल्यकालका केही वर्षहरू घरपरिवारमा नै बित्यो । उनी नजिकको प्राथमिक विद्यालयमा कक्षा ३ मा अध्ययन गर्दै थिइन् । तिनै ताका काठमाडौंको एक परिवार उनको घरमा पुगे । रीतालाई राम्रोसँग पढाइदिने र उनले घरको काम सघाउनुपर्छ भन्दै उक्त परिवारले उनलाई काठमाडौं लिएर आए । त्यसबेला रीता १२ वर्षकी थिइन । काठमाण्डौमा उनी घरेलु कामदारको रूपमा काम गर्न थालिन् । हरेक दिन करिब १६-१७ घण्टा उनी घरको काममा खटिनुपर्थ्यो । उनले सँधै बिहान पाँच बजेदेखि राति १० बजेसम्म नै काम गर्नुपर्दथ्यो । बिहान चिया पकाउने, खाना पकाउने, भाँडा माझ्ने, घर सफा गर्ने, बगैंचामा बोटबिरूवामा पानी हाल्ने, बाथरूम/ट्वाइलेट सफा राख्ने लगायतका काम उनले नियमितरूपमा गर्नुपर्दथ्यो । त्यो परिवारले उनलाई विद्यालयमा भर्ना गरिदिएन बरु बिहानदेखि राति अबेरसम्म घरको काममा मात्र लगाइराख्थ्यो ।

उनलाई पेटभरि खान पनि दिइँदैनथ्यो । उब्रेपाब्रेको तथा अरूले खाएर नबुत्याएको खाना मात्र खान दिइन्थ्यो । उनलाई गालीगलौज गर्ने, भुत्लाउने, पिट्नेजस्ता कार्य पनि बारम्बार गरिन्थ्यो । उनको स्वास्थ्य अवस्था खस्कँदै गएको थियो । उनलाई भऱ्याङमुनि अँध्यारो छिँडीमा सुत्ने व्यवस्था गरिएको थियो । त्यहाँ झ्याल, ढोका पनि थिएन । उनलाई त्यही घरको १९ वर्षजत्तिको छोराले नियमितजसो बलात्कार गर्दथ्यो । उक्त घटना कसैलाई सुनाएमा मारिदिन्छु भनेर उसले धम्क्याउँदथ्यो । त्यसैले रीताले आफूमाथि बलात्कार भएको घटना कसैलाई भन्न सकेकी थिइनन् ।

एकदिन उनकी आमा गाउँबाट उनलाई भेट्न काठमाण्डौ आइन् । छोरी हँसिली देखिइनन्, रीता पहिलेभन्दा ज्यादै दुब्लाएकी थिइन् । यो देखेर आमा सशङ्कित भइन् । छोरीलाई, 'किन दुब्लाएको ? के भो तँलाई ?' भनेर आमाले सोध्दा छोरीले रूँदै सबै वृत्तान्त बताइन् । आमा छोरीको कुरा सुनेर छाँगाबाट झरेजस्तै भइन् । आफ्नो छोरीमाथि अत्याचार भएको रहेछ भनेर रीताकी आमाले घरकी साहुनीलाई

---

१ What Are We Learning About Protecting Children in the Community¿- Published by Save the Children, UK

भनिन् । घर मालिक्नीले उनलाई नै उल्टा 'त्यस्तो फत्तुर नलगाऊ, ठीक हुँदैन ! बरु तिम्री छोरी यहाँबाट लैजाऊ । म मेरो घरमा एक मिनेट पनि राख्न दिन्न ।' भन्दै रीताका आमाछोरी दुवैलाई घरबाट निकालिदिइन् ।

त्यसपछि रीताकी आमाले रीताको घटना आफ्नो भाञ्जा राम थारूलाई भनिन् । उनी कक्षा १० मा अध्ययन गर्थे र आफ्नो विद्यालयको बालअधिकार क्लबमा सचिव थिए । रामले बालक्लबको राष्ट्रिय भेलामा भाग लिंदा काठमाण्डौमा एक जुझारु बालअधिकारकर्मीलाई चिनेका थिए । उनको नाम साकार थियो । रामसँग साकारको टेलिफोन नम्बर पनि थियो । रामले साकारसँग सम्पर्क गरी मद्दत लिने विचार गरे । उनले साकारलाई फोन गरे । सबै घटना बताए । साकारले स्थानीय बालसंरक्षण समितिका अध्यक्षको नाम र फोन नम्बर दिए र सहयोगको लागि जिल्लामा सम्पर्क राख्नुपर्ने कार्यालय र सम्बन्धित व्यक्तिको नाम, नम्बर दिए । साथै, साकारले रीतामाथि भएको घटना गम्भीर अपराध भएकोले कानुनी कारबाहीमा जानुपर्दछ भने । त्यसपछि रीता, उनकी आमा र राम स्थानीय बालसंरक्षण समितिको अध्यक्षलाई भेट्न गए । अध्यक्षलाई  सविस्तार घटना सुनाए । बालसंरक्षण समितिले उक्त घटनालाई गम्भीर रूपमा लियो । घटनाको बारेमा छलफल गर्न बालसंरक्षण समितिको बैठक बस्यो । त्यतिखेर नै केही मानिसहरू रीताकी आमालाई केही क्षतिपूर्ति दिएर केस मिलाउनुपर्दछ भन्न पनि लागे । तर रीता पक्षले कुनै हालतमा पनि पीडकलाई कानुनी कार्यवाही हुनुपर्दछ भन्ने अडान लिए ।


बालसंरक्षण समितिले घटनाका सम्बन्धमा बालअधिकारकर्मी तथा कानुन व्यवसायीसँग पनि राय लियो । उनीहरू दुवैजनाले 'नाबालिकामाथि भएको बलात्कारले नेपालको कानुनले गम्भीर अपराध मानेको छ । त्यसैले यस्तो केसलाई न्यायालय नै लैजानुपर्दछ । केस मिलाउन पाइँदैन । यदि त्यसो गरेमा केस मिलाउनेलाई पनि कानुनले दण्डित गर्दछ ।' भन्नुभयो । त्यसपछि, रीताको केसबारे स्थानीय प्रहरीमा जाहेरी भयो ।

### रीताको घटनामा कुन-कुन बालअधिकार उल्लंघन भयो त ?

यस घटनामा रीताका थुप्रै अधिकारहरू उल्लंघन भएका छन् । यस बारेमा संक्षिप्त चर्चा गरौं ।

**दूर्व्यवहार**: बालबालिकामाथि शारीरिक, मानसिक तथा संवेगात्मकरूपमा आघात पुऱ्याउने कुनै प्रकारको क्रियाकलापलाई बालदूर्व्यवहार भनिन्छ । यस प्रकारको कार्य जोकोहीले पनि गर्न सक्दछन् ।[२] बालबालिकामाथि हुने वा हुनसक्ने दूर्व्यवहारका उदाहरणहरूमा :

- कुटपिट गर्नु
- गालीगलौज गर्नु, अपशब्द बोल्नु
- जगल्टाउनु तथा भुत्लाउनु
- यौनदूर्व्यवहार गर्नु तथा बलात्कार गर्नु
- शारीरिक तथा मानसिक यातना दिनु
- भोकभोकै राख्नु आदि पर्दछन् ।




प्रस्तुत केसमा रीतामाथि शारीरिकरूपमा कुट्नेपिट्ने, भुत्लाउने, गालीगलौज गर्ने तथा बलात्कार भएको छ । यसरी हेर्दा उनीमाथि शारीरिक, मानसिक, भावनात्मक तथा यौन दूर्व्यवहार भएको छ ।

**हेला तथा अपहेलना**: आमाबुवा, अभिभावक तथा हेरचाहकर्ताले बालबालिकामाथि गर्नुपर्ने आवश्यक रेखदेख तथा हेरचाह नगर्नुलाई हेला तथा अपहेलना भनिन्छ । हेला तथा अपहेलनाले बालबालिकाको शारीरिक तथा स्वास्थ्यमा आउने समस्यालाई बेवास्ता गरिरहेको हुन्छ । हेला तथा अपहेलनाका उदाहरणहरूमा :

२ Child abuse – definition of child abuse by the Free Online Dictionary, Thesaurus and Encyclopedia

- बालबालिकालाई परित्याग गर्नु, रेखदेख नगर्नु
- पोषणयुक्त खाना खान नदिनु,
- औषधोपचार नगर्नु, नगराउनु
- शिक्षाको अधिकारबाट वञ्चित गर्नु
- पर्याप्त तथा मौसमअनुसार लत्ताकपडा नदिनु एवं वातावरणअनुसारको रेखदेखको अभाव
- माया/स्नेहको अभाव तथा सामाजिक तिरस्कार आदि पर्दछन् ।

रीतालाई पेटभरि खान नदिनु, जुठोपुरो तथा उब्रेको मात्र खान दिनु गरिएकोले उनीमाथि हेंला भएको छ । उनलाई भऱ्याङको छिंडीमा झ्यालढोका नभएको ठाउँमा सुताउनु उनी माथिको अपहेलना हो । रीतालाई विद्यालयमा पढाउने सर्तमा काठमाण्डौ ल्याइएपनि उनलाई काममा मात्रै जोताइयो । उनको पढ्न पाउने अधिकारको उल्लंघन भएको छ । उनलाई मायाममता त पटक्कै गरिएको छैन र आवश्यक औषधोपचार पनि गरिएको छैन ।

**शोषण**: कसैको हित, सन्तुष्टि तथा मुनाफाको लागि अमानवीय, हानिकारक, गैरन्यायीक तथा असामाजिक कार्यमा बालबालिकालाई लगाउनुलाई बालशोषण भनिन्छ । यस्ता क्रियाकलापले बालबालिकाको मानसिक, शारीरिक अवस्थालाई प्रत्यक्ष प्रभाव पार्नुको साथै उनीहरूको शिक्षा, नैतिक, सामाजिक तथा संवेगात्मकविकासमा पनि प्रत्यक्ष असर पार्दछ ।[३] जस्तै :

- घरेलु बालश्रमिक
- बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु, जोखिमपूर्ण कार्यमा लगाउनु
- बालसैनिकमा लगाउनु
- आपराधिक कार्यमा बालबालिकालाई लगाउनु
- लागुऔषधको ओसारपसारमा लगाउनु
- बालबालिकाको बेचबिखन गर्नु
- बालबालिकाको यौनशोषण तथा शारीरिक शोषणा गर्नु आदि शोषणअन्तर्गत पर्दछन् ।


रीतालाई दिनमा १६ घण्टासम्म काममा लगाउनु, पढ्ने सुविधा दिन्छु भनेर गाउँबाट ल्याउनु तर नपढाउनु उनीमाथिको शोषण हो । जोखिमपूर्ण समयमा काममा लगाउनु पनि शोषण हो ।

बालअधिकारका उल्लंघनका घटनाहरू एकअर्कामा अन्तर्सम्बन्धित हुने गर्दछन् । कुनै एउटा अधिकार उल्लंघन भएमा त्यसको असर अर्कोमा पनि पर्दछ । त्यसैले माथिको चित्रमा यी तीन पक्षलाई वृत्तचित्रमा एकअर्कामाथि खप्टिएको देखाइएको हो ।

## घटनामा आधारित प्रक्रिया (अनौपचारिक र औपचारिक)

माथि उल्लेख गरिएको घटनामा आधारित प्रक्रियालाई संक्षिप्तरूपमा विवेचना गरौं । पीडित रीताले आफ्नी आमालाई घटना बारेमा जानकारी गराइन् । यो अनौपचारिकरूपमा भएको छ । पीडितकी आमाले भान्जा रामसँग छलफल गर्नु र रामले बालअधिकारकर्मी साकारसँग छलफल गर्नु र त्यसपछि पीडित पक्षले स्थानीय बालसंरक्षण समितिमा मौखिक जानकारी गराउनु अर्थात तल चित्रमा देखाइएको सङ्ख्या १ देखी ४ सम्मका सबै प्रक्रियाहरू अनौपचारिक प्रक्रियाअन्तर्गत भएको क्रियाकलापहरू हुन् ।

३ Action for the Rights of Children- UNHCR




स्थानीय बालसंरक्षण समितिको सहयोगमा वडा प्रहरी कार्यालयमा लिखित उजुरी दिएपछि औपचारिक प्रक्रियाको सुरूवात भयो । स्थानीय प्रहरी कार्यालयले आरोपित पक्षलाई गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयले उक्त केसलाई जिल्ला न्यायाधिवक्तासमक्ष पठायो र जिल्ला अदालतमा मुद्दा दर्ता भयो ।

जिल्ला अदालतले मुद्दा फैसला नहुन्जेलसम्मको लागि आरोपीलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । जिल्ला अदालते मुद्दाको फैसला गऱ्यो । पीडकलाई ८ वर्षको जेल सजाय र पीडितलाई १ लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भयो । मुद्दाको फैसलासँगै पीडित रीतालाई आफ्नै घरमा फर्काउने कार्य भयो । यसरी माथि चित्रमा सङ्ख्या ५ देखि ८ सम्ममा प्रक्रियाहरू औपचारिक प्रक्रिया हुन् ।

## अनौपचारिक प्रक्रिया

साथै, बालअधिकारका क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्थाले पीडित रीतालाई सुरक्षित घर (सेफ हाउस) मा लगेर राख्यो । उनलाई आवश्यक खाने, बस्ने तथा मनोविमर्श सुविधा प्रदान गऱ्यो । स्थानीय बालसंरक्षण समिति, बालअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाले रीतालाई बेलाबेलामा भेट्दै रहे । अदालतमा मुद्दाको प्रक्रियाको अनुगमन गर्दै रहे । रीताकी आमालाई गाउँमा आफ्नो घर जान बाटोखर्च उपलब्ध गराए । मुद्दाको बारेमा बेलामौकामा रीताकी आमालाई जानकारी गराउँदै रहे । यी सबै प्रक्रियाहरू मुद्दा औपचारिक प्रक्रियामा रहेकै बखत अनौपचारिकरूपमा भए गरिएका प्रक्रियाहरू हुन् ।

१
पीडित रीताले घटना बारेमा आमालाई जानकारी

२.
पीडितकी आमाले भान्जा रामसँग घटनाबारेमा छलफल

३.
रामद्वारा बाल अधिकारकर्मी साकारसँग छलफल

४.
पीडित पक्षद्वारा स्थानीय बाल संरक्षण समितिका अध्यक्षसँग छलफल

५.
एनजिओको पहलमा पीडित रीतालाई सेफ हाउसमा राख्ने कार्य

६
रीतालाई आवश्यक खान बस्न, पढाइ साथै मनोसामाजिक विमर्शको सेवा प्रदान

७.
एनजिओ र बासंस को पहलमा बेला मौकामा अदालती प्रक्रियाको अनुगमन

८.
अनुगमन बारेमा पीडितलाई जानकारी

९.
फैसलाबारे पीडित पक्षलाई जानकारी

***

# सत्र ८ : बालसंरक्षणका लागि समुदाय परिचालन



**१ घण्टा ३० मिनेट**

### ८.१. सत्रको परिचय

यो सत्रको लक्ष्य सहभागीहरूलाई आफ्नो समुदायमा रहेका बालसंरक्षणका सवालहरू न्यूनीकरण गर्न तथा तिनलाई सम्बोधन गर्न आमा समूहले अन्य सरोकारवालाहरूलाई के कसरी परिचालन गर्न सकिन्छ भन्ने कुरामा आधारभूत जानकारी प्रदान गर्नु हो ।

### ८.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- बालसंरक्षणमा सन्दर्भमा समुदायमा रहेका सरोकारवालाहरूको पहिचान गर्न सक्नेछन् ।
- बालसंरक्षणका निम्ति सरोकारवालाहरूसँग मिली सहयोग रणनीतिहरू तयार पार्न सक्नेछन् ।

### ८.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, फ्लिप  चार्ट पेपर, दुई पाइप (गोलाकार पाङ्ग्रा) ।

### ८.४. सत्र सञ्चालन गर्ने प्रक्रिया :

**क्रियाकलाप १ : पाइप तल राख्ने खेल (५० मिनेट)**

- सामुदायिक परिचालनको परिभाषा बताउँदै सत्र सुरु गर्नुहोस् ।

बालबालिकालाई दूर्व्यवहार तथा हिंसाबाट संरक्षण गर्नका लागि स्थानीयतहका विभिन्न सरोकारवालाहरूलाई संलग्न गराउने प्रक्रिया नै सामुदायिक परिचालन हो ।

- देहायमा उल्लेख गरिएअनुरूप पाइप तल राख्ने खेल खेलाउनुहोस् ।

### पाइप तल राख्ने खेल

- सहभागीहरूलाई २ देखि ४ वटा समूहमा (सहभागीहरूको सङ्ख्याको आधारमा) विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई भित्रपटि फर्कने गरी घेरा बनाएर उभ्याउनुहोस् । उनीहरू एक-अर्काको नजिकै उभिनुपर्दछ । सहभागीहरूलाई हात अगाडिपटि उचालेर उभिन भन्नुहोस् र दुवै हातका चोर औँलाहरूले घेराको बीच भागतिर देखाइएको हुनुपर्दछ ।
- प्रत्येक समूहका सहभागीहरूको चोर औँलामा एउटा गोलो पाइप सन्तुलन मिलाएर राख्नुहोस् ।
- सहभागीहरूलाई निर्देशन दिनुहोस्: "पाइपलाई भुइँमा राख्नुहोस् । तपाईंहरूको हात अथवा चोर औँलाको अवस्था बदलिनुहुँदैन । कसैको पनि औँलाबाट पाइप छुट्नुहुँदैन ।"
- वास्तविक खेल खेल्नुअघि अभ्यासका लागि समूहहरूलाई १० मिनेटजतिको समय दिनुहोस् । त्यसपछि समूहमा खेल खेलाउनुहोस् । यस समूहभित्र कम्तीमा पनि एक समूहले पाइप जमीनमा राखेपछि खेल रोक्नुहोस् ।
- खेल सकिएपछि सहभागीहरूलाई बस्न भन्नुहोस् ।

- छलफलका लागि निम्न प्रश्नहरू सोध्नुहोस्
  - पाइप जमीनमा राख्नु कत्तिको सजिलो भयो ?
  - जमिनमा पाइप राख्नका लागि आफ्नो समूहलाई तपाईंहरूले कसरी सङ्गठित गर्नुभयो ?
  - यस खेलबाट के सिकाइ भयो ?
- खेलबाट हुने मुख्य सिकाइलाई बालसंरक्षणमा सामुदायिक परिचालनसँग जोड्दै निम्न बुदाँहरू बताउनुहोस् :
  - परिचालनको उद्देश्य बालबालिकाका लागि बढी सुरक्षित तथा सुखी स्थानको निर्माण गर्नका लागि समुदायका विभिन्न सक्रिय निकायहरूलाई संलग्न पार्नु हो ।
  - समुदायका विभिन्न समूहहरूले साझा रणनीतिहरूको तर्जुमा गरेका खण्डमा र तिनलाई हासिल गर्नका लागि मिलेर काम गरेका खण्डमा परिचालनले एकदमै राम्रोसँग काम गर्दछ ।
  - समुदायभित्रका विभिन्न सरोकारवालाहरू फरक-फरक सवालहरूमा संलग्न हुन्छन् । एउटै वातावरणमा सबैलाई परिचालन गर्न उपयुक्त नहुन सक्दछ । उदाहरणका लागि, यौनदूर्व्यवहारमा बाबु-आमा, अस्पताल र प्रहरी संलग्न हुन सक्दछन् तर समुदायका सबै सदस्यहरू संलग्न नहुन पनि सक्दछन् ।
  - परिचालनका प्रयासहरूको माध्यमबाट बालबालिकाहरू तथा समुदायका सदस्यहरूलाई जोखिममा पारिँदैन भन्ने कुरा सुनिश्चित गर्नु अत्यावश्यक छ ।

### प्रशिक्षकका लागि टिपोट

यो खेल समुदाय परिचालनसँग सम्बन्धीत छ किनभने :

- यस खेलमा समूहहरुका साझा लक्ष्यहरु भएका खण्डमा ती साझा लक्ष्यहरु हासिल गर्नका निमित्त तिनले मिलेर काम गर्ने समूहहरु प्रभावकारी हुन्छन् भनी देखाइएको छ ।
- प्रभावकारी हुनका लागि समूहमा राम्रो सञ्चार तथा लक्ष्य हासिल गर्नका निमित्त उनीहरु आपसमा कसरी सहयोग गर्दछन् भन्ने बारेमा समूहका सबैले मञ्जुर गरेको रणनीति हुनु अत्यावश्यक छ ।
- समुदायहरुसँग मिलेर काम गर्नु जस्तै, मानिसहरुले विभिन्न भूमिकाको निर्वाह गर्दछन् । कसैले नयाँ विचार ल्याउँछन्, कसैले मानिसहरुलाई सङ्गठित पार्दछन्, केही मानिसहरुले नेतृत्व गर्दछन् तर अरु केही मानिसहरु भने सहभागी हुन्छन् तर नेतृत्व भने गर्दैनन् ।

- यति हुँदाहुँदै पनि समुदायसँग मिलेर काम गर्नु, जस्तैः केही मानिसहरुले नकारात्मक प्रभाव पार्दछन् । आफूहरु के गर्दैछौं भन्ने कुरा अरुहरुलाई नबताईकन नै उनीहरु हतारमा अघि बढ्दछन्, उनीहरु अरु मानिसहरुप्रति हाकिमको जस्तो व्यवहार गर्ने हुन सक्दछन्, केही नयाँ विचारहरु प्रयोग गर्ने कुरामा प्रतिस्पर्धा गर्ने अथवा त्यस्ता विचारहरुलाई प्रयोग नै गर्न नचाहने हुन सक्दछन्, केहीले भाग नै लिन नचाहलान् र कतिले खेलका बारेमा अथवा अरु सदस्यहरुको विचारका बारेमा सिकायत गर्न सक्लान् ।
- खेलको जस्तै परिचालनको पनि लक्ष्य मानिसहरुलाई सँगै मिलेर काम गराउनु हो । समुदायहरुसँगै काम गर्दा बालबालिकाहरुको संरक्षणका निमित्त उनीहरु के सुधार गर्न चाहन्छन् र यो लक्ष्य हासिल गर्नका लागि उनीहरु कसरी मिलेर काम गर्दछन् भन्ने कुरामाथि हामीले विचार गर्नु आवश्यक छ । यस प्रक्रियामा मनोवृत्ति तथा व्यवहार परिवर्तन गर्ने कुरा पनि पर्दछन् र यसका लागि समय लाग्दछ । जेसुकै भएतापनि यस प्रक्रियामाथि समुदायहरुको स्वामित्व हुनु र प्रक्रियालाई उनीहरुले नै सञ्चालन गर्नु महत्त्वपूर्ण छ ।
- सामुदायिक परिचालनमा संलग्न हुन सक्ने विभिन्न समूहहरुमा यी पर्दछन् : बालबालिकाहरु, बुबा-आमा तथा परिवार, समुदाय, समुदायमा आधारित संस्था, नागरिक समाज तथा सेवा प्रदायकहरु । बालसंरक्षणका लागि सामुदायिक परिचालनमा यी विभिन्न समूहहरुको भूमिकाका बारेमा थप जानकारी माथि उल्लिखित  पृष्ठहरुमा समावेश गरिएको छ ।

**क्रियाकलाप २ : सामुदायिक परिचालनबारे प्रस्तुतीकरण तथा छलफल (४० मिनेट)**

- अध्ययन सामग्रीमा दिइएका बुँदाहरूको आधारमा सामुदायिक परिचालनबारे प्रस्तुतीकरण गर्दै छलफल अगाडि बढाउनुहोस् ।

***

# अध्ययन सामग्री

## बालसंरक्षणका लागि समुदाय परिचालन

### बालसंरक्षणका लागि समुदाय परिचालन

बालबालिकाको संरक्षणमा समुदायका सरोकारवालाहरूको अत्यन्त ठूलो भूमिका रहेको हुन्छ । हाम्रो जस्तो एक अर्कामा निर्भर सामाजिक वातावरण र अधिकांश पारिवारिक सवालहरू पनि समुदायका सदस्यहरूले सजिलै थाहा पाउन सक्ने परिवेश भएकाले बालबालिकालाई हुनसक्ने सहयोग र जोखिमका कुरा प्रस्ट नै हुन्छन् । बालबालिकाले आफ्नै समुदायका साथीहरू वा वयस्कहरूले गरेको व्यवहारबाट नै उनको आफ्नो आचरण/व्यवहारको विकास हुँदै जान्छ । र, अर्को पक्षमा बालबालिकाले समुदायकै सदस्यहरूबाट नै पनि दूर्व्यवहार तथा हिंसा भोगिरहेका हुन सक्दछन् । धेरैजसो नेपाली समाज एक अर्कासँग सम्बन्धीत रहने हुनाले कुनै अवस्थामा बालबालिकाले दूर्व्यवहार तथा हिंसा भयो भने वा कुनै बालक वा बालिका समस्यामा परे भने समुदायले सक्दो सहयोगको पहल गरेका हुन्छन् । कतिपय अवस्थामा समुदायको सहयोगले बालबालिकाको जीवन बाँचेको वा उनको जीवनमा कायापलट नै भएको हुन्छ ।




नेपालमा भएको विकेन्द्रीकरणको अभ्यासले बालबालिकाका लागि सहयोगका बाध्यात्मक अवस्थाहरू सिर्जना गरेको छ । यसबाट पनि बालअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न समुदायलाई नै परिचालन गर्नु वा जिम्मा दिनुपर्दछ र त्यसका लागि स्रोतको व्यवस्था राज्यले गर्नुपर्दछ भन्ने पक्षलाई अवलम्बन गरेको देखिन्छ ।

### बालसंरक्षणको परिप्रेक्ष्यमा सामुदायिक परिचालनको परिभाषा तथा लक्ष्य

बालबालिकालाई दूर्व्यवहार तथा हिंसाबाट संरक्षण गर्नका लागि स्थानीयतहका विभिन्न सरोकारवालाहरूलाई संलग्न गराउने प्रक्रिया नै सामुदायिक परिचालन हो ।

सामुदायिक परिचालनको लक्ष्य बालसंरक्षणका लागि समुदायहरूलाई निम्नलिखित प्रकारले क्रियाशील बनाउनु हो :

- बालसंरक्षणको सरोकारका सवालहरूको रोकथाम गर्न र तिनलाई सम्बोधन गर्नका लागि समुदायहरूलाई संलग्न गराउनु ,

- बालबालिका, उनीहरूका परिवार तथा समुदायमा आधारित संस्थाहरू, नागरिक समाज र सेवा प्रदायकहरूबीच सम्बन्ध गाँस्न सघाउनु ,
- बालबालिकाका लागि सुरक्षित तथा रमाइलो स्थान निर्माण गर्नका लागि स्थानीय संरचनाहरूलाई सुदृढीकरण र सहयोग गर्नु ।

सामुदायिक परिचालनको उद्देश्य समुदायमा निहित ज्ञान, धारणा, र व्यवहारहरूमा दीर्घकालीन परिवर्तन ल्याउनु हो । बालबालिकाका लागि संरक्षित वातावरण सिर्जना गर्नका निम्ति सामुदायिक परिचालन अपरिहार्य छ ।

समुदायमा आधारित बालसंरक्षणलाई समुदायले स्थानीय निकाय तथा समुदायस्तरमा रहेका बालसंरक्षण पद्धति एवं संयन्त्रहरूसँग मिलेर आफ्नो समुदायभित्र बालबालिकाविरुद्ध हुने कुनै पनि प्रकारका शोषण, दूर्व्यवहार, हिंसा र बेवास्ताको रोकथामका लागि काम गर्नु तथा घटना व्यवस्थापनमा गरिने कामका रूपमा बुझ्न सकिन्छ ।

यसमा खासगरी–

- बालसंरक्षणसम्बन्धी घटना तथा सवालको पहिचान गर्नु,
- बालसंरक्षणका घटना तथा सवालको रोकथामका रणनीतिहरू पहिचान गर्नु,
- बालसंरक्षणसम्बन्धी घटना तथा सवालहरूमा उचित किसिमबाट सम्बोधन गर्नु,
- पीडित बालबालिका तथा उनीहरूको परिवारलाई तिनीहरूको अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि सेवाप्रदायकसँग समन्वय गरी सेवामा पहुँच (Access to Services) पुऱ्याउन सहयोग गर्नु,
- बालसंरक्षण कार्यको निरन्तर अनुगमन तथा फलोअप (Follow up) गर्नु आदि ।

समुदायमा आधारित बालसंरक्षणमा स्थानीयस्तरमा क्रियाशील हुनसक्ने समूहहरू देहायअनुसार हुन सक्दछन् :

- बालबालिकाः बालबालिकाले– क) विश्वासिलो प्रौढलाई आफूमाथि वा आफ्नो साथी वा दौँतरीमाथि भएको समस्याका बारेमा भन्न सक्दछन्, ख) साथीहरूलाई सहयोग गर्न (Peer Support) सक्छन्, र ग) समुदायमा बालअधिकार र बालसंरक्षणका जोखिमका बारेमा चेतना फैलाउन सक्छन् ।
- परिवारः बालविकास तथा समृद्धिमा परिवारको प्रमुख भूमिका रहन्छ । बालबालिकाको उचित हेरचाहसुसार तथा हेरचाह र उनीहरूका आवश्यकता परिपूर्ति गरी अधिकार परिपालनामा सहयोग गर्न सक्दछन् । आफ्ना बालबालिकालाई जोखिममा पर्न नदिनका लागि परिवार सजग र चनाखो हुनुपर्दछ ।
- समुदाय (घरछिमेक, गाउँटोल, आमासमूह, युवासमूह, बालक्लब जस्ता संस्था)ः समुदायले– क) समस्यामा परेका बालबालिकाको पहिचान गर्न सक्दछन्, ख) बालबालिकालाई विभिन्न सेवा प्रदायकसमक्ष सीफारिस गर्न सक्दछन्, ग) परिवारलाई बालबालिकाको उचित हेरचाहसुसार तथा हेरचाहका लागि सहयोग गर्न सक्दछन्, र घ) बालबालिका र परिवारलाई आवश्यकताअनुसारको आधारभूत आवश्यकता (जस्तैः खाना, बास, कपडा) पूरा गर्न सहयोग गर्न सक्दछन् ।
- समुदायमा आधारित सघंसस्थाहरूः समुदायमा आधारित संघसस्थाहरू (जस्तै बालक्लब, महिला समूह, उपभोक्ता समूह) ले– क) जोखिममा परेका बालबालिकाको पहिचान गर्न, ख) जोखिममा परेका बालबालिकालाई सेवा प्रदायकसमक्ष सीफारिस गर्न, ग) नागरिक समाज र संघसंस्थासँग मिलेर समाजमा बालअधिकार र बालसंरक्षणका बारेमा जनचेतना फैलाउन, र घ) बालसंरक्षणका सवालमा परिवारमा आपसी मेलमिलाप (Mediation) गर्न/गराउन सक्दछन् ।
- सामाजिक संघसंस्थाः सामाजिक संघसंस्था (स्थानीय सञ्चार माध्यम, गैरसरकारी संस्था, मानवअधिकारवादी संस्था वा कार्यकर्ता समूह) ले– क) बालसंरक्षणको स्थानीय धारणा, नीतिनिर्माणमा सरकारलाई दबाव तथा प्रभाव पार्न सक्दछन्, र ख) बालबालिकाको आवश्यकता अनुरूप प्रत्यक्ष सेवा (जस्तैः मनोसामाजिक सहयोग, बालगृह तथा आपतकालीन सहयोग गृह/कार्यक्रम) प्रदान गर्न सक्दछन् ।

- सेवा प्रदायक निकाय वा संस्थाः सेवाप्रदायक भन्नाले सरकारी निकायहरू (जस्तैः विद्यालय, स्वास्थ्य चौकी, महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति, प्रहरीका इकाइहरू) र खास सेवा प्रदान गर्न क्रिया(शील गैरसरकारी संस्थाहरू पर्दछन् । यिनीहरूले बालबालिका तथा उनीहरूको परिवार तथा हेरचाहकर्ताहरूलाई स्वास्थ्य, आवासीय सुविधा, शिक्षा, कानुनी सहायता, सामाजिक सेवा तथा मनोसामाजिक सहयोग प्रदान गर्न सक्दछन् ।

यसअघि नै छलफल गरिसकियो कि बालबालिकामाथि हुने हानि (दूर्व्यवहार, हेला, हिंसा तथा शोषण आदि) का विरुद्ध समुदायमा रहेका विभिन्न सरोकारवालालाई परिचालन गर्नुलाई समुदाय परिचालन भनेर बुझ्न सकिन्छ । समुदाय परिचालनमा- क) बालसंरक्षणको समस्या/घटना रोकथाम (Prevention) तथा घटना घटेमा त्यसको बारेमा प्रतिक्रिया जनाउन (Response) मा समुदायको संलग्नता, ख) बालबालिका, परिवार, सामुदायिक संस्था, नागरिक समाज र सेवा प्रदायकबीचको सम्बन्ध स्थापना, र ग) बालबालिकालाई सुरक्षित, सहज वातावरण बनाउन स्थानीय निकायको क्षमता अभिवृद्धि र सबलीकरणलगायतका कार्य गर्न सक्दछन् ।




समुदाय परिचालनको मूल मर्म भनेको बालबालिकामाथि हुने हानिविरूद्ध समुदायमा रहेका विभिन्न सरोकारवालालाई परिचालन गर्नु हो । समुदाय परिचालनमा- क) बालसंरक्षणको समस्या/घटना रोकथाम (Prevention) तथा घटना घटेमा त्यसको बारेमा प्रतिक्रिया जनाउन (Response) मा समुदायको संलग्नता, ख) बालबालिका, परिवार, सामुदायिक संस्था, नागरिक समाज र सेवा प्रदायकबीचको सम्बन्ध स्थापना, र ग) बालबालिकालाई सुरक्षित, सहज वातावरण बनाउन स्थानीय निकायको क्षमता अभिवृद्धि र सबलीकरणलगायतका कार्य गर्न सक्दछन् ।

बालसंरक्षणका सम्बन्धमा समुदाय परिचालनका देहायका चार पक्षहरू हुन सक्दछन्ः

१. बालसंरक्षणका सवालको पहिचानः यसअन्तर्गत- क) परिवार तथा समाजमा बालसंरक्षणका सवालहरूको पहिचान, ख) कुन बालबालिका बढी जोखिममा छन् र किन ? भन्ने थाहा पाउन, ग) पीडकको पहिचान र उनीहरूलाई के वा कसले प्रश्रय दिएको छ भन्ने बुझ्न, घ) बालक वा बालिका माथि घटनाको के र कस्तो असर परेको छ वा पर्ने सम्भावना छ भन्ने थाहा पाउन (पूर्व पहिचानले सम्भाव्य जोखिम कम गर्न सहयोग पुऱ्याउँछ) लगायतका कुराहरू पर्दछन् ।

२. स्थानीयस्तरमा रहेका सकारात्मक अभ्यासको प्रवर्द्धनः यसअन्तर्गत- क) बालसंरक्षणको वर्तमान अवस्था (कसरी वा कुन तवरबाट) बारे जानकार हुन, ख) बालसंरक्षण पद्धति एवं संयन्त्र तथा बालसंरक्षण अभ्यासका सकारात्मक तथा नकारात्मक असरको विश्लेषण, ग) सकारात्मक रूपमा प्रभाव पारेका रणनीतिको बढावा तथा राम्रोसँग काम गर्न नसकिएका रणनीतिको कम उपयोग गर्ने/गराउने योजना, र घ) नयाँ सकारात्मक रणनितिको सुरुवात आदि पर्दछन् । यी सबै कार्य गर्न सक्षम हुनका लागि बालसंरक्षणमा भएका प्रयास वा अभ्यासको अभिलेखीकरण (Documentation) हुनु आवश्यक हुन्छ ।

३. समुदायमा (बालबालिका तथा वयस्कको) जनचेतना अभिवृद्धिः यसअन्तर्गत- क) परिवार तथा समाजमा बालसंरक्षणका सवालहरू पहिचान गर्ने, ख) परिवार तथा समाजमा कस्तो ज्ञान, धारणा तथा व्यवहारमा परिर्वतन ल्याउनुपर्ने

आवश्यकता छ, पत्ता लगाउने, र ग) कसलाई कस्तो सूचना, जानकारी दिने तथा कस्तो प्रक्रिया अपनाउने निधो गर्ने लगायतका कार्यहरू पर्दछन् । बालबालिका तथा वयस्कहरूको सचेतना अभिवृद्धिले- क) संरक्षणका सवाल पत्ता लगाउन सघाउँछ, ख) बालबालिकाको संरक्षणको अवस्था सुधार गर्न सहयोग गर्छ, ग) बालसंरक्षणको सवाल कम गर्न र घटनापछि चालिने कदममा सहयोग पुऱ्याउँदछ, र

**घ) सेवाप्रदायकसगको सम्बन्ध-विस्तार गर्न मद्दत गर्दछ ।**

४. सेवाप्रदायकहरूसमक्ष बालबालिकाको सीफारिस (Referral)ः यसअन्तर्गत- क) क-कसले, के-के काम गर्दछन् नक्साङ्कन गर्ने, ख) घटना व्यवस्थापनका लागि सीफारिस (Referral) गर्ने, ग) कुन सेवाका लागि कुन निकायमा जाने भन्नेबारे पूर्व जानकारी दिने, र घ) सीफारिस गरिएका घटनाको नियमित अनुगमन गर्नेलगायतका कार्य पर्दछन् ।

५. नियमित अनुगमन तथा मूल्याङ्कनः यसमा परिवार तथा समुदाय तहमा बालसंरक्षण जोखिमको नियमित रूपमा आंकलन गर्ने तथा घटना व्यवस्थापन प्रक्रिया एवं परिणामको नियमित र व्यवस्थित ढङ्गबाट अनुगमन तथा मूल्याङ्कन गर्नेलगायतका काम पर्दछन् । साथै, बालसंरक्षणको समग्र पद्धति एवं संयन्त्रमा अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई कसरी समायोजन गर्ने भन्ने योजनासमेत समावेश हुनु आवश्यक हुन्छ ।

***

# सत्र ९ : बालसंरक्षण कार्यमा बालसंरक्षण संयन्त्रहरू र तिनका भूमिका



५० मिनेट

### ९.१ सत्रको परिचय:



गाउँ, समुदाय तथा टोलहरूमा स्थानीय स्रोत, साधनको प्रयोगमा बालबालिकामाथि हुने हिंसा, शोषण, दूर्व्यवहारजस्ता अधिकार उल्लंघनका घटना हुन नदिन रोकथामका उपायहरू अवलम्बन गर्न या त्यस्ता घटना भए गरेमा सोका विरूद्ध मुद्दा उठान गर्न, त्यस्ता घटनाविरूद्ध बहस, पैरवी गर्न तथा पीडित तथा प्रभावित बालबालिकालाई आवश्यक सेवाहरू उपलब्ध गराउन स्थानीयस्तरमा गठन भएका संरचनाहरूलाई बालसंरक्षण संयन्त्र भनिन्छ । यस्ता संयन्त्रमा स्थानीयतहमा क्रियाशील संघसंस्थाहरू, परिवार, धार्मिक संस्थाहरू, बालबालिका तथा युवा या प्रौढहरूको समूह, बालबालिकाको संरक्षणको क्षेत्रमा कार्यरत सरकारी संयन्त्रहरू सबै यसअन्तर्गत पर्दछन् । 'बालसंरक्षण संयन्त्र भनेको एक किसिमको प्रयत्न र प्रक्रिया हो जसले स्थानीयतहमा बालबालिकामाथि हुने शारीरिक, मनोसामाजिक तथा भावनात्मक दूर्व्यवहारबाट बालबालिकलाई बचाउने कार्य गर्दछ ।

### ९.२ अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- बालसंरक्षण संयन्त्र भनेको के हो भनेर बताउन सक्नेछन्,
- स्थानीय बालसंरक्षण संयन्त्रहरूको बालअधिकार प्रवर्द्धन गर्न वा बालसंरक्षण कार्यमा के–के भूमिका हुन्छ भनेर बताउन सक्नेछन् ।

### ९.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ् टेप, आदि ।

### ९.४ सत्रको तयारी:

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीको ज्ञान र बुझाइको स्तरलाई पूर्वअवलोकन गर्नुहोस् । सहभागीको स्थानीयतहमा भएका बालसंरक्षणका संयन्त्रहरूबारे जानकार हुनुहोस् र आवश्यकताअनुरूप अध्ययन-सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- यस सत्रमा दिइएको विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

### ९.५ सत्र सञ्चालन गर्ने प्रक्रिया: १० मिनेट

सहभागीलाई छलफल गरिने विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनयदि सम्भव भएमा विषयसँग सम्बन्धित सफलताको कथा तथा बालबालिका सहभागी भएका चित्रहरू देखाई सहभागीको ध्यान आकृष्ट गर्नुहोस् ।

**क्रियाकलाप १: बालबालिकाका अधिकारहरू के-के हुन् ? (१५ मिनेट)**

- बालसंरक्षण संयन्त्र भनेको के हो भनी सहभागीलाई सोध्नुहोस् । उनीहरूलाई यसबारे बताउन अनुरोध गर्नुहोस् । सहभागीका विचार आएपछि अन्त्यमा सहजकर्ताको तर्फबाट यसबारे प्रस्ट पार्नुहोस् ।
- स्थानीय समुदायमा भएका बालसंरक्षण संयन्त्रहरू र तिनका कार्यबारे कक्षाकोठा छलफल चलाउनुहोस् र आवश्यकताअनुसार सहजकर्ताले सूचनाजानकारी थप गर्नुहोस् ।

**क्रियाकलाप २: समूह छलफल (२० मिनेट)**

- स्थानीयतहमा बालसंरक्षणका संयन्त्रले बालअधिकारको सम्वर्द्धन तथा संरक्षणका कस्ता कार्यहरू गर्दछन् भनी सहभागीहरूबीच छलफल चलाउनुहोस् ।
- बालसंरक्षण समितिको बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि हुने भूमिकाबारे बताउनुहोस् ।

**क्रियाकलाप २: सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)**

'यस सत्रमा हामीले के-के छलफल गर्‍यौं ?' भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालसंरक्षण संयन्त्र भनेको के हो ?
- स्थानीयतहमा बालसंरक्षणको लागि बालसंरक्षण संयन्त्रहरूको कस्तो भूमिका हुन्छ ?सहभागीहरूलाई आफ्ना विचारहरू बुँदागतरूपमा भन्न लगाउनुहोस् ।

***

# अध्ययन-सामग्री

## बालसंरक्षणका संयन्त्रहरू र तिनका जिम्मेवारी तथा भूमिका

### बालसंरक्षण संयन्त्र भनेको के हो ?



बालबालिकालाई कुनै पनि प्रकारको हेला, हिंसा तथा दूर्व्यवहार आदिबाट संरक्षित भई सुरक्षित वातावरणमा हुर्कन पाउने अधिकार छ । यी अधिकारको प्राप्तिका लागि विश्वमा विभिन्न संघसंस्था तथा सरकारी निकायहरू क्रियाशील छन् । नेपालमा पनि राष्ट्रियस्तरदेखि स्थानीय वा गाउँस्तरसम्म विभिन्न औपचारिक तथा अनौपचरिक संस्था तथा निकायहरू बालअधिकारको प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि क्रियाशील भएका छन् । गाउँ, समुदाय तथा टोलहरूमा स्थानीय श्रोत, साधनको प्रयोगमा बालबालिकामाथि हुने हिंसा, शोषण, दूर्व्यवहारजस्ता अधिकार उल्लंघनका घटना हुन नदिन रोकथामका उपायहरू अवलम्बन गर्न या त्यस्ता घटना भए गरेमा सोका विरूद्ध मुद्दा उठान गर्न, त्यस्ता घटनाविरूद्ध बहस, पैरवी गर्न तथा पीडित तथा प्रभावित बालबालिकालाई आवश्यक सेवाहरू उपलब्ध गराउन स्थानीयस्तरमा गठन भएका संरचनाहरूलाई बालसंरक्षण संयन्त्र भनिन्छ । यस्ता संयन्त्रमा स्थानीयतहमा क्रियाशील संघसंस्थाहरू, परिवार, धार्मिक संस्थाहरू, बालबालिका तथा युवा या प्रौढहरूको समूह, बालबालिकाको संरक्षणको क्षेत्रमा कार्यरत सरकारी संयन्त्रहरू सबै पर्दछन् । 'बालसंरक्षण संयन्त्र भनेको एक किसिमको प्रयत्न र प्रक्रिया हो जसले स्थानीयतहमा बालबालिकामाथि हुने शारीरिक, मनोसामाजिक तथा भावनात्मक हानिहरूबाट बालबालिकालाई बचाउने कार्य गर्दछ ।'[१]

यसप्रकार, स्थानीयस्तरका संयन्त्र औपचारिक तथा अनौपचारिकरूपमा निर्माण भएका हुन्छन् र स्थानीय समुदायका क्रियाशील व्यक्तिहरूको समूह जसले एकअर्काको सहकार्यमा बालसंरक्षणको उद्देश्य प्राप्तिका लागि क्रियाशील भएका हुन्छन् ।[२] स्थानीयस्तरका बालसंरक्षणका संयन्त्रहरूले बालबालिकाको संरक्षणका लागि स्थानीय समुदायलाई प्रभावकारीरूपमा परिचालन गर्न सक्दछन् र बालसंरक्षणमा यस्ता संयन्त्रहरू प्रभावकारी भएका पाइन्छन् । यसै कारणले स्थानीयतहका बालसंरक्षणका संयन्त्रहरूको निर्माण तथा परिचालनका लागि बालअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू साथै सरकारी निकायहरूले प्राथमिकता दिएको पाइन्छ ।[३]

बालसंरक्षण संयन्त्रको मुख्य उद्देश्य भनेको बालबालिकामाथि हुनसक्ने हानिबाट बचाउनको लागि रोकथामका उपायहरू अवलम्बन गर्नु तथा यस्ता घटना भएमा त्यसउपर प्रतिक्रिया जनाउनु हो । यस्ता संयन्त्रले बालबालिकाको संरक्षणको वातावरण निर्माणका

---

१ Save the Children UK; A Common Responsibility: the role of community based child protection groups in protecting children from sexual abuse and exploitation

२ Eynon, A. and Lilly S.; Strengthening National Child Protection Systems in Emergencies: The Role of Community Based Child Protection Mechanisms; Page 8

३ Base on the report- Study of Community Based Child Protection Mechanisms in Ugnada and Democratic Republic of Congo. Published War Child UK

लागि परिवार तथा समुदायलाई सहयोग पुऱ्याएर, तिनीहरूलाई बालसंरक्षणका कार्यमा जस्तै जनचेतना अभिवृद्धि कार्य, अनुगमन, सुक्ष्म अध्ययनजस्ता क्रियाकलापमा संलग्न गराएर या परिचालन गरेर गर्न सक्दछन् । स्थानीय बालसंरक्षण संयन्त्रहरूले स्थानीयस्तरमा भएका बालअधिकार विरोधी गम्भीर घटनाविरूद्ध कानुन उपचारको प्रक्रिया अपनाउने तथा अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई उद्धार गर्ने, वैकल्पिक हेरचाहको व्यवस्था गर्ने, गराउने, बालबालिकाको पुनर्स्थापनाको कार्यमा सहयोग पुऱ्याउने तथा परिवारबाट विछोड भएका बालबालिकालाई पुनर्मिलन आदि जस्ता क्रियाकलापमा सहभागी भएर सहयोग पुऱ्याउन सक्दछन् ।[४]




स्थानीयतहमा रहेका बालसंरक्षण समितिहरू वास्तवमा बालबालिका तथा परिवारसँग प्रत्यक्ष सम्पर्कमा रहेका हुन्छन् । बालबालिकामाथि हुने वा हुन सक्ने शोषण, दूर्व्यवहार आदिका बारेमा सबैभन्दा पहिले जानकारी राख्ने समुदाय भनेको स्थानीयतहमा क्रियाशील बालसंरक्षण संयन्त्रहरू नै हुन् । अर्को शब्दमा, यी समितिहरू बालसंरक्षणका लागि सबैभन्दा अग्रस्थानमा रहेर कार्य गरिरहेका हुन्छन् । स्थानीयतहमा बालसंरक्षणका लागि बनाइने योजना तथा गतिविधिमा बालबालिका तथा परिवारको सरसल्लाह तथा सुझावमा तयार पारिन्छ र तिनै समुदायलाई बालसंरक्षणका क्रियाकलापको कार्यान्वयनमा सम्मिलित गरिन्छ । त्यसैले स्थानीयतहमा क्रियाशील बालसंरक्षण संयन्त्रहरू भनेका राष्ट्रियस्तरमा गरिने बालसंरक्षण कार्यका आधारशीला हुन् ।

## नेपालमा बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि स्थानीय संयन्त्रहरूको गठन

बालसंरक्षण तथा बालअधिकारको प्रवर्द्धनका लागि स्थानीयस्तरमा बालबालिकासमेतको सहभागितामा वयस्कहरू सम्मिलित भई गठन हुने समूहलाई बालसंरक्षण समिति भनिन्छ । नेपालको परिप्रेक्ष्यमा स्थानीयस्तरका बालसंरक्षण संयन्त्रहरूमा जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, विद्यालययस्तरीय बालसंरक्षणसमिति आदिजस्ता निकायहरूलाई जनाउँदछ ।

यस्ता निकायको गठनप्रक्रिया तथा कार्यहरूको बारेमा बालसंरक्षण तथा सम्वर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ मा उल्लेख गरिएको छ । उक्त निर्देशिकानुसार जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिमा देहाय बमोजिमका पदाधिकारीहरू हुनेछन् ।

४ Csaky , C. March 2009. “Living Without Fear: An overview of child protection systems in Colombia” Save the Children UK

## जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति

| | |
|---|---|
| १. जिल्ला बालकल्याण अधिकारी | संयोजक |
| २. जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ३. जिल्ला जनस्वास्थ्य कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ४. जिल्लाविकास समितिको पदाधिकारी वा अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ५. जिल्ला बालन्याय समन्वय समितिका सदस्य सचिव वा जिल्ला अदालको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ६. बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि | सदस्य |
| ७. पत्रकार महासंघअन्तर्गत जिल्लातहको प्रतिनिधि | सदस्य |
| ८. बालक्लब जिल्ला सञ्जालको प्रतिनिधि | सदस्य |
| ९. जिल्ला बालकल्याण समितिको अधिकृत | सदस्य-सचिव |

बालसंरक्षण तथा सम्वर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ अनुसार गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिमा देहाय बमोजिमका पदाधिकारी रहने व्यवस्था गरेको छः

| | |
|---|---|
| १. गाविस/नगरपालिकाको प्रतिनिधि | सदस्य |
| २. शिक्षक | सदस्य |
| ३. महिला स्वास्थ्य कार्यकर्ता | सदस्य |
| ४. महिला कार्यकर्ता | सदस्य |
| ५. बालअधिकारकर्मी/नागरिक समाजका प्रतिनिधि | सदस्य |
| ६. बालक्लबका प्रतिनिधि | सदस्य |
| ७. आदिवासी, जनाजाति, मधेसी, अल्पसंख्यक, दलित तथा पिछपडएका वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी तीन जना | सदस्य |

(माथिका सदस्यहरूमध्येबाट एकजना संयोजक चयन गरिनेछ ।)

माथि उल्लिखित ढाँचा बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ ले उल्लख गरेपनि जिल्ला, नगर तथा गाउँस्तरमा उक्त समितिहरूको गठन गर्दा नेपाल प्रहरी तथा बालबालिका सेवा केन्द्रका प्रतिनिधि तथा सामुदायिक प्रहरीलाई पनि समितिमा राख्ने गरेको पाइन्छ ।[५]

बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ अनुसार विद्यालयस्तरीय बाल संरक्षणसमितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहने व्यवस्था गरेको पाइन्छः

५ बालसंरक्षण हातेपुस्तिका; पृष्ट १८; प्रकाशक: केन्द्रीय बाल कल्याण समिति र सिविस नेपाल

| | | |
|---|---|---|
| १. प्रधानाध्यापक वा निजले तोकेका शिक्षक | | संयोजक |
| २. बालक्लबका प्रतिनिधि दुई (बालक र बालिका)जना | | सदस्य |
| ३. शिक्षकहरूले आफूमध्येबाट चुनी पठाएको प्रतिनिधि एक जना (उपलब्ध भएसम्म महिला शिक्षक अनिवार्य) | | सदस्य |
| ४. अभिभावकमध्येबाट PTA/SMC ले तोकेको एकजना अभिभावक | | सदस्य |
| ५. बालअधिकारकर्मी/नागरिक समाजका प्रतिनिधि एकजना | | सदस्य |
| ६. विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि एकजना | | सदस्य |

### स्थानीयतहमा गठन भएको बाल संरक्षण समितिले गर्ने कार्यहरू[६]

स्थानीयतहमा गठन भएका बालसंरक्षण समितिले बालबालिकाको सर्वोत्तम हित तथा बालसंरक्षणका लागि निम्न कार्यहरू गर्न सक्दछन् :

१. **बालसंरक्षणका सवालहरूको पहिचान** : स्थानीयस्तरमा बालसंरक्षणका सवालहरू के–के हुन् भनी पहिचान गर्नु बालसंरक्षण समितिको महत्त्वपूर्ण कार्य हो । किनकि बालसंरक्षण सवालहरूको पहिचान गरेपछि मात्रै स्थानीयतहमा हुने बालअधिकार उल्लंघनका घटनाहरूको कारण, असर तथा त्यस्ता विकृतिहरूबाट बालबालिकालाई कसरी बचाउन सकिन्छ भन्ने सन्दर्भमा योजनाको निर्माण गर्न तथा विभिन्न क्रियाकलापहरूको कार्यान्वयन गर्न ढोका खुल्दछ ।

२. **रोकथाम तथा चेतनामूलक कार्यक्रम** : स्थानीयस्तरमा बालअधिकार र बालसंरक्षणसम्बन्धी जनचेतना बढाउनका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

३. **नीतिगत पैरवीका कार्यक्रमहरू**: स्थानीय तथा राष्ट्रिय नीतिहरूमा बालबालिकाको हकअधिकार सुरक्षित गर्न तथा राज्यको जिम्मेवारी प्रवर्द्धन गर्नका लागि एकल वा सामूहिकरूपमा बालसंरक्षण समितिहरूले विभिन्न नीतिगत पैरवीका कार्यक्रमहरू सञ्चालन गर्न सक्दछन् । जस्तैः सार्वजनिक सुनुवाइ, ज्ञापनपत्र बुझाउने, हस्ताक्षर सङ्कलन अभियान, आदि ।

४. **सेवामूलक कार्यक्रमहरू** : बालसंरक्षणका लागि तथा बालअधिकार परिपूर्ति गर्न स्थानीय प्रयास तथा सहयोगमा सेवामूलक कार्यहरू जस्तै खोप अभियान, स्वास्थ्य शिविर, विद्यालय भर्ना अभियान, छात्रवृत्ति उपलब्ध गराउने, अनौपचारिक शिक्षा कार्यक्रम, जोखिममा परेका बालबालिकाको उद्धारजस्ता कार्यहरू गर्न सक्दछन् ।

५. **उजुरी सुनुवाइ तथा सिफारिस कार्य** : बालसंरक्षण समितिको प्रमुख काममध्ये अर्को काम भनेको उजुरी सुनुवाइ तथा सिफारिस गर्ने कार्य पनि हो । बालबालिकामा परिरहेको समस्याहरू, बालअधिकार हननका घटनाहरू या बालबालिकामाथि हुने दूर्व्यवहार, शोषण भएमा त्यसको उजुरी गर्ने व्यवस्था गर्ने र त्यसको उपयुक्त सुनुवाइ गर्ने कार्य पनि बालसंरक्षण समितिको क्षेत्राधिकार भित्र पर्दछ । यस कार्यका लागि विभिन्न स्थानमा उजुरी पेटिका राख्ने, बालबालिकाले भोगेको समस्याहरूको बारेमा उजुरी गर्ने सहज वातावरण निर्माण गर्ने कार्यहरू पनि गर्नुपर्दछ । स्थानीयस्तरमा कुनै उजुरी उपर सुनुवाइ गर्ने, सामुदायिक मध्यस्थताको भूमिका निर्वाह गर्ने र स्थानीयतहमा सुनुवाइ गर्न नसकिने विषयवस्तु भएमा आफूभन्दा माथिको निकायमा पठाउने आदिजस्ता कार्यहरू पनि गर्नुपर्दछ ।

६. **पुर्नस्थापनासम्बन्धी कार्य** : यसअन्तर्गत संयन्त्रले हिंसा, दूर्व्यवहारमा परेका बालबालिकाको उद्धार तथा बालबालिकाको उचित पुनर्स्थापनाको सहयोग गर्न तथा पारिवारिक मिलनका लागि कार्यहरू गर्न सक्दछ । यसरी परिवारमा पुनर्मिलन भएका बालबालिका आफ्ना परिवारमा दिगोरूपमा बस्ने वातावरण बनाउन परिवारको लागि सीपविकास तथा अन्य आयआर्जनका कार्यक्रमहरू पनि सञ्चालन गर्न सकिन्छ ।

***

६ बालसंरक्षण हातेपुस्तिका; केन्द्रीय बालकल्याण समिति र सिविस नेपालद्वारा प्रकाशित पुस्तकमा आधारित

# सत्र १०: घटना व्यवस्थापनमा आमा-समूहको भूमिका



४५ मिनेट

### १०.१. सत्रको परिचय

घटना व्यवस्थापनको क्रममा समुदायका विभिन्न सरोकारवाला समूहमध्ये महिला समूह पनि एक हो । बालबालिका संरक्षणमा जोखिममा परेको अवस्थामा घटना पहिचान, उद्दार, पारिवारिक तथा सामाजिक पुनर्स्थापनाको क्रममा हुने समग्र घटना व्यवस्थापनको क्रममा महिला समूहले खेल्नसक्ने भूमिकाबारे छलफल गरी सहभागीहरूलाई स्पष्ट पार्ने यस सत्रको उद्देश्य हो ।

### १०.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- घटना व्यवस्थापन के हो र किन आवश्यक छ ? भन्ने कुरा बताउन ।
- घटना व्यवस्थापनको क्रममा समुदायका सरोकारवालाको रूपमा महिला समूहको भूमिका पहिचान गर्न ।

### १०.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूजप्रिन्ट पेपर

### १०.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

#### क्रियाकलाप १: घटना व्यवस्थापनबारे जानकारी (१५ मिनेट)

- अध्ययन सामग्रीको सहयोगमा सहभागीलाई घटना व्यवस्थापन के हो र यसका विभिन्न चरणहरूबारे जानकारी दिनुहोस् ।

#### क्रियाकलाप २: घटना व्यवस्थापनसम्बन्धी समूह छलफल (३५ मिनेट)

- सबै सहभागीलाई तीन वा चार समूहमा विभाजन हुने गरी समूह निर्माण गर्नुहोस् ।
- अब सहभागीलाई आफ्नो समूहभित्र बालबालिकाको घटनाको व्यवस्थापनमा महिला समूहको के-कस्तो भूमिका हुन सक्दछ ? भनी छलफल गर्न लगाउनुहोस् ।
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एकएक जना नेता छान्न लगाउनुहोस् ।

- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह–कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् र सबै विचारहरूलाई एकत्रित गर्दै आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा घटना व्यवस्थापनमा महिला समूहको भूमिकाबारे छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन (१० मिनेट)**

- प्रश्नउत्तर विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।
- अन्त्यमा सक्रिय सहभागिताको लागि सबै सहभागीलाई धन्यवाद दिनुहोस् ।

***

# अध्ययन सामग्री

## घटना व्यवस्थापनमा आमा-समूहको भूमिका

बालसंरक्षणमा काम गर्दाको एक अहम् सिद्धान्त भनेको कुनै पनि बालबालिकाले कुनै पनि प्रकारको शोषण, दूर्व्यवहारको सामना गर्नु नपरोस् भन्ने नै हो । साथै, कथम्कदाचित कुनै बालबालिकामाथि हानि पुग्ने घटना भएमा क्षति कम गर्नका लागि उनीहरूलाई आवश्यक सबै सेवा, सुविधा समयमै प्रदान गर्नमा जोड दिनुपर्दछ ।




यसका लागि पूर्वतयारी गर्नु आवश्यक हुन्छ र बालबालिकामाथि आइपर्नसक्ने जोखिमको आंकलन गर्न सक्नुपर्दछ । साथै, बालसंरक्षणमा काम गर्ने संस्था वा निकायले आफ्नो संस्थागत क्षमता बढाएर आफूलाई तयारी अवस्थामा राख्नु पनि आवश्यक पूर्व शर्त हो ।

बालबालिका संरक्षणको जोखिममा रहेको कुरा पहिचान गर्नु र त्यसको न्यूनीकरणका लागि काम गर्नु बालसंरक्षणको रोकथाममूलक कामको पहिलो पाइला हो । यसको अर्थ बालबालिकालाई शोषण, दूर्व्यवहारतर्फ धकेल्ने कारकहरूको पहिचान र तिनलाई समयमा नै सम्बोधन गर्नुपर्दछ । उदाहरणका लागि घरपरिवारभन्दा बाहिर रहेका बालबालिका, विद्यालय नगएका किशोरीहरू, अभिभावकत्व विहीन भएर श्रममा संलग्न भएका बालबालिका, सडकमा आश्रित बालबालिका अत्यधिकरूपमा संरक्षणको जोखिममा भएको पाइएको छ । यस्ता बालबालिकालाई संरक्षण गर्नका लागि नीति, योजना, कार्यक्रम आवश्यक हुन्छ अनि सम्बन्धीत सरोकारवालाहरूको उत्तरदायित्व किटान गरिनुपर्दछ ।

खासगरी–

क) जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान र उनीहरूसँग सम्पर्क,

ख) जोखिम न्यूनीकरणका लागि आवश्यक सेवाको पहिचान,

ग) सेवाप्रदायक निकाय वा संस्थाहरूको पहिचान,

घ) जोखिम अवस्थामा रहेका वा पीडित बालबालिकाको संरक्षणका विकल्पहरूको पहिचान,

ङ) संरक्षणका लागि सेवा प्रदायक निकाय वा संस्थाहरूमा सेवा आवश्यक बालबालिकाको सीफारिस,

च) नियमित अनुगमन तथा फलोअप,

छ) दीर्घकालीन संरक्षणका विकल्पहरूको पहिचान र त्यसमा बालबालिकाको संरक्षणको व्यवस्था,

ज) उपयुक्त व्यवस्थापन तथा विकल्पहरूको नियमित पुनरावलोकनलगायतका प्रक्रियाहरू समावेश भएका हुन्छन् ।

जोखिम परिस्थितिमा रहेका बालबालिकाको संरक्षणका सन्दर्भमा स्वतन्त्र सुनुवाइ संयन्त्रको आवश्यकता पर्दछ । यसले बालबालिकाको तत्कालीन र दीर्घकालीन आवश्यकताहरू पहिचान गर्ने र संरक्षणका चक्रहरूमा उपयुक्त निर्णय लिन सहयोग गर्दछ । त्यसैगरी बालबालिका र उनीहरूका हेरचाहकर्ताहरूलाई संरक्षण योजना चक्रका सबै तह र प्रक्रियामा आफ्नो विचार अभिव्यक्तिको अवसर दिनुपर्दछ तथा त्यसको उचित सुनुवाइ हुनुपर्दछ ।



कुनै बालक वा बालिका संरक्षणको जोखिमपूर्ण परिस्थितिमा रहेको छ वा छैन भनी पहिचान र लेखाजोखा गर्दा स्वयं बालक वा बालिका, उसका बाबुआमा वा अभिभावक, पारिवारिक सदस्य वा आफन्त तथा समुदायका सदस्यहरूलाई संलग्न गराएर सूचना जानकारी लिनुपर्दछ । यसरी जानकारी सङ्कलन गरेपछि सो बालक वा बालिकालाई आवश्यक सेवाहरूको पहिचान गर्ने र सेवाप्रदायक निकाय वा संस्थाहरूको पहिचान गर्नुपर्दछ ।

त्यसपछि बालसंरक्षणका विकल्पहरूको खोजी गरी सो विकल्पमा बालक वा बालिकालाई पठाउने काम गर्न सकिन्छ । यसरी विकल्पहरूको निर्णय गर्दा बालबालिकाको सर्वोत्तम हितमा भए वा नभएको यकीन गर्नुपर्दछ । यसका लागि बालबालिका स्वयंसँग र उनीहरूको नजिकमा रहने अभिभावक, आफन्त वा सामाजिक कार्यकर्तासँग परामर्श गर्नुपर्दछ । संरक्षणको आवश्यकता भएका बालबालिकालाई सबैभन्दा उत्तम विकल्पमा सीफारिस गर्नुपर्दछ । यसरी सीफारिस गरिएको ठाउँमा बालक वा बालिकाको उचित हेरचाह र संरक्षण भएको भन्ने सुनिश्चित गर्न नियमित अनुगमन गर्नुपर्दछ । यसरी अनुगमन गर्दा बालबालिकालाई दीर्घकालीन फाइदा पुग्ने विकल्पको खोजी गर्नु र त्यसमा बालबालिकालाई पुनर्स्थापित गर्नु आवश्यक हुन्छ । यी सबै प्रक्रियाका लागि एउटा स्वतन्त्र विश्वसनीय सुनुवाइ संयन्त्रको आवश्यक हुन्छ ।

बालसंरक्षणका लागि घटना व्यवस्थापन गर्दा देहायअनुसारका कार्य गर्न सकिन्छ–

- बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता,
- शोषण वा दूर्व्यवहारका घटनाको पहिचान, जानकारी सङ्कलन, अनुसन्धान तथा प्रमाणीकरण,
- घटना व्यवस्थापन कार्यमा संवेदनशील भई स्वास्थ्य केन्द्र, प्रहरी, न्यायालय, सामाजिक कार्यकर्ताको सक्रियता,
- विद्यालय, स्वास्थ्य सेवा प्रदान गर्ने निकाय, प्रहरी चौकीहरूमा सुनुवाइ संयन्त्र,
- मनोविमर्श एवं मानसिक स्वास्थ्यसेवा,
- परिवारको पहिचान तथा पारिवारिक पुनर्मिलन (पारिवारिक सहयोग, मध्यस्थतासमेत),
- वैकल्पिक हेरचाह (अस्थायी, पुनर्स्थापन र पुनर्मिलन योजना आदि) को व्यवस्था,
- बालबालिकालाई संरक्षणका उपायहरू सीफारिस गर्दा परिवारसँग नै रहनसक्ने स्थितिको सुनिश्चितता, आदि ।

***

# सत्र ११: बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी सामान्य परिचय



५० मिनेट

### ११.१ सत्रको परिचय :

बालबालिका हुर्कनको लागि सबैभन्दा उपयुक्त स्थान भनेको परिवार हो । परिवारले बालबालिकाको विकास र कल्याणको लागि प्राकृतिक वातावरण प्रदान गर्दछ । विभिन्न कारणले बालबालिकाले आफ्ना परिवार वा प्राथमिक स्याहारकर्ताबाट शारीरिक, भावनात्मक, सामाजिक र मनोवैज्ञानिक रूपमा उचित, निरन्तर तथा गुणस्तरीय स्याहार, पालनपोषण र मार्गदर्शन पाइरहेका हुँदैनन् । 'उचित स्याहारबाट वञ्चित बालबालिका भन्नाले परिवारभित्रै बेवास्ता गरिएका र/वा दूर्व्यवहारमा परेका बालबालिका, सडकमा आश्रित बालबालिका वा अन्य गुणस्तरहीन वैकल्पिक हेरचाहमा रहेका बालबालिका, शरणार्थी तथा विस्थापित एवं बेचबिखनमा परेका बालबालिका र वैकल्पिक हेरचाहको आवश्यकताको जोखिममा रहेका बालबालिका भन्ने बुझ्नुपर्दछ ।

### ११.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- वैकल्पिक हेरचाह भनेको के हो भन्नेबारेमा बताउन सक्नेछन् ।
- वैकल्पिक हेरचाहका सन्दर्भमा राज्यको भूमिका तथा स्थानीयतहमा क्रियाशील बालसंरक्षण संयन्त्रहरूको भूमिकाका बारेमा प्रस्ट भई कार्यान्वयनका लागि घच्घच्याउन सक्नेछन् ।

### ११.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### ११.४ सत्रको तयारी :

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीहरूको बालबालिकाप्रतिको ज्ञान र वैकल्पिक हेरचाह सम्बन्धमा बुझाइको स्तरलाई पूर्व अवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- यस सत्रमा दिएको विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

### ११.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

सहभागीहरूलाई छलफल गरिने विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । 'यस विषयको आवश्यकता किन छ' र 'हामीले समुदायस्तरमा यसबारे किन छलफल गर्नुपर्दछ' भन्ने बताउनुहोस् ।

**क्रियाकलाप १: बालबालिकाका वैकल्पिक हेरचाहसम्बन्धी अधिकारहरू के-के हुन् ? (४० मिनेट)**

- 'अनाथालय तथा बालगृहको स्थापना किन भएको होला' भनी सहभागीबीच संक्षिप्त छलफल चलाउनुहोस् । 'कस्ता बालबालिका त्यहाँ राखिन्छ' भनी छलफल चलाउनुहोस् ।
- 'पारिवारिक हेरचाहबाट वञ्चित बालबालिका भनेका को हुन्' भन्नेबारेमा कक्षाकोठा छलफल चलाउनुहोस् । 'बालबालिका कसरी आफ्नो घर तथा परिवारबाट अलग्गिन पुग्दछन्' भन्ने सन्दर्भमा छलफल चलाउनुहोस् ।
- त्यसपछि नेपालको सन्दर्भमा पारिवारिक हेरचाहबाट वञ्चित बालबालिकाको अवस्थाको बारेमा बताउनुहोस् । वैकल्पिक हेरचाह भनेको के हो ? बताउनुहोस् ।
- बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, २००९ र 'वैकल्पिक हेरचाहका सम्बन्धमा नेपालमा कस्तो नीतिगत व्यवस्था रहेको छ' भन्नेबारेमा पनि बताउनुहोस् ।
- 'पारिवारिक हेरचाहबाट वञ्चित बालबालिकाको बारेमा उपयुक्त समाधान के हुन सक्दछ' भनी प्रश्न गर्नुहोस् र कक्षाकोठा छलफल चलाउनुहोस् ।
- 'पारिवारिक हेरचाहबाट वञ्चित बालबालिकाका लागि राज्यस्तरमा र समुदायस्तरमा के–के गर्न सकिन्छ' भन्ने सन्दर्भमा बताउनुहोस् ।

**क्रियाकलाप २: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

यस सत्रमा हामीले के–के छलफल गर्‍यौं ? भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालबालिकाकाको वैकल्पिक हेरचाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, २००९ को मुख्य सन्देश के हो ?
- बालबालिकाकाको वैकल्पिक हेरचाह सम्बन्धमा नेपालमा कस्तो नीति अङ्गीकार गरिएको छ ?
- बालबालिकाकाको वैकल्पिक हेरचाह सम्बन्धमा राज्यको र स्थानीयतहमा क्रियाशील बालसंरक्षण संयन्त्रहरूको के–कस्तो भूमिका हुनुपर्दछ?
- माथिका जस्ता प्रश्नहरू गर्दा सहभागीहरूको बुझाइ थप स्पष्ट पार्नुपर्ने देखिएमा आवश्यकताअनुसार त्यसो गर्नुहोस् ।
- यस सत्रमा गरिएका छलफलका विषय वा शीर्षकहरू पुनःएकपटक भनी सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन-सामग्री

## बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी सामान्य परिचय

### उचित स्याहारबाट वञ्चित बालबालिका भनेका को हुन्?

बालअधिकार बालबालबालिकाको मानवअधिकार हो । कुनै पनि बहाना तथा परिवेशमा बालअधिकारको उल्लंघन गर्न पाइन्न भन्ने विश्वव्यापी मान्यता छ र यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरिसकेको छ । बालबालिकाको सर्वाङ्गीण विकासको लागि उचित स्याहारको आवश्यकता पर्दछ । तर विभिन्न कारणले बालबालिकाले आफ्ना परिवार वा प्राथमिक स्याहारकर्ताबाट शारीरिक, भावनात्मक, सामाजिक र मनोवैज्ञानिक रूपमा उचित, निरन्तर तथा गुणस्तरीय हेरचाह, पालनपोषण र मार्गदर्शन पाइरहेका हुँदैनन् । 'उचित स्याहारबाट वञ्चित बालबालिका भन्नाले परिवारभित्रै बेवास्ता गरिएका र/वा दूर्व्यवहारमा परेका बालबालिका, सडकमा आश्रित बालबालिका वा अन्य गुणस्तरहीन वैकल्पिक स्याहारमा रहेका बालबालिका, शरणार्थी तथा विस्थापित एवं बेचबिखनमा परेका बालबालिका र वैकल्पिक हेरचाहको आवश्यकतामा रहेका बालबालिका भन्ने बुझ्नुपर्दछ ।'[१]

नेपालमा कैयौं बालबालिका आफ्नो घरपरिवारमा पाउनुपर्ने माया-ममताबाट वञ्चित भएका छन् । घरपरिवार तथा नजिकका आफन्तबाट पाउनुपर्ने माया-ममतापूर्ण व्यवहारको अभावमा परित्यक्त जीवन बिताउन बाध्य भएका बालबालिकाको सङ्ख्या ठूलो छ । यस्ता बालबालिकाको बालापन नै गम्भीर सङ्कटमा परेको हुन्छ । 'यस्तो अवस्था विशेषतः गरीबी, अपाङ्गता भएका अभिभावक, भेदभाव, बसाइँसराई, युद्ध, विस्थापन लगायतका कारणले गर्दा हुने गर्दछ । जसका कारण धेरै बालबालिका सडक, श्रम र आवासीय बालगृहमा पुग्ने गर्दछन् ।'[२]

नेपालमा परिवारविहीन बालबालिकाको सङ्ख्या कति छ त ? केन्द्रीय बालकल्याण समिति तथा नेपाल लेबर फोर्स सर्भेअनुसार वि.सं. २०६९ र सन् २००८ को अध्ययनले नेपालमा उचित हेरचाहबाट वञ्चित बालबालिकाको अवस्था देहाएबमोजिम देखाइएको छ :




- १५ हजार १०१ बालबालिका परिवारविहीन छन् । जसमध्ये पारिवारिक संरक्षणविहीन ७ हजार ७७६, परिवारमा अन्य वयस्क व्यक्ति नभएका र बालबालिका स्वयं अभिभावक भएका ३०१ र आफन्तको संरक्षणमा ७ हजार १७ बालबालिका रहेका छन् ।
- नेपालमा सञ्चालित ५९४ बालगृहहरूमा १६ हजार ६१७ जना बालबालिका आश्रित छन् ।
- करिब ३ लाख बालबालिका एचआईभी. र एड्स प्रभावित (अर्थात् एचआइभी सङ्क्रमित बाबुआमाका सन्तान वा स्वयं आफै सङ्क्रमित) छन् ।

---

१ परिवार र समुदायमा बालबालिकाको उचित संरक्षण, सेभ द चिल्ड्रेनले प्रकाशन गरेको सूचना सामग्री ।

२ ऐ. ऐ.

- सन् २०१२ मा मानव बेचबिखनमा परेकामध्ये ५५ प्रतिशत बालबालिका रहेका थिए ।
- ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकामध्ये ३४ प्रतिशत श्रमिकका रूपमा कार्यरत छन् ।

## बालबालिकाको वैकल्पिक स्याहार भनेको के हो ?



गरीबी, रोग, अपाङ्गता, प्राकृतिक प्रकोप, द्वन्द्व, हिंसा, युद्ध आदिका कारण बालबालिका गम्भीर नकारात्मक वातावरणमा बाँच्न बाध्य हुने गर्दछन् । यस्ता बालबालिकाको जीवन अत्यन्त जोखिमपूर्ण हुन्छ । यस्तो अवस्थामा रहेका बालबालिका आफ्नो परिवारबाट प्रायःटाढा बस्दछन् र पारिवारिक मायाममता लगायतका आधारभूत आवश्यकताबाट वञ्चित हुन पुग्दछन् । कोही बालबालिका आफ्नै परिवारमा बसिरहेका भएतापनि परिवारले उनीहरूलाई पर्याप्त स्याहार दिन नसकेको पाइन्छ ।

पारिवारिक मायाममता, हेरचाहलगायतका बालापन संरक्षणका लागि नभई नहुने आवश्यक सेवासुविधा औपचारिक तथा अनौपचारिकरूपमा व्यस्थापन गर्ने कार्यलाई वैकल्पिक हेरचाह भनिन्छ । वैकल्पिक हेरचाह अल्पकालीन तथा दीर्घकालीन दुवै प्रकृतिको हुन्छ । अझै पनि धेरै देशहरूमा आमाबाबु गुमाएका वा आमाबाबुबाट त्यागिएका, परिवारबाट बिछोडमा परेका बालबालिकालाई हेरचाह तथा संरक्षणको लागि पहिलो विकल्पको रूपमा अनाथालय तथा बालगृहमा राख्ने प्रचलन रहेको पाइन्छ । नेपालमा पनि बालगृहमा बालबालिका राख्ने प्रचलन व्यापकरूपमा रहेको पाइन्छ । नेपालमा बालअधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूले गरेको अध्ययनले के देखाउँदछ भने, बालगृहमा राखिएका बालबालिकामध्ये करिब ५८ प्रतिशत बालबालिकाको आमा तथा बाबुमध्ये एक जना जीवितै रहेको पाइएको छ । स्मरणीय के छ भने बालगृहमा बस्ने बालबालिकाको शारीरिक, मानसिक तथा भावनात्मक विकासको लागि त्यहाँ अनुकूल वातावरण उपलब्ध हुँदैन । विश्वमा अनेकौं देशहरूमा युनिसेफले गरेको अध्ययनले यो तथ्यलाई पुष्टि गरेको छ ।

बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, २००९ ले परिवारमा आधारित हेरचाहको महत्त्व र बालगृहको सङ्ख्या घटाउनुपर्ने कुरालाई स्पष्टरूपमा उल्लेख गरेको पाइन्छ । अर्को शब्दमा, वैकल्पिक हेरचाहका अन्य उपाय सम्भव नभएमा मात्र बालबालिकालाई अन्तिम विकल्पको रूपमा बालगृहमा त्यो पनि सकेसम्म छोटो समयको लागि राखिनुपर्दछ ।

## बालबालिकाको वैकल्पिक स्याहारसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, २००९

संयुक्त राष्ट्रसंघको साधारण सभाले वैकल्पिक हेरचाहसम्बन्धी निर्देशिकालाई २० नोभेम्बर २००९ मा पारित गरेको हो । बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी निर्देशिकालाई अभिभावकको संरक्षणविहीन भएका तथा अत्यन्त जोखिमपूर्ण परिवेशमा बाँच्न बाध्य भएका विश्वका लाखौं बालबालिकाको संरक्षणका लागि कोसेढुङ्गा मानिएको यस निर्देशिकामा मुख्यतयाः देहायका दुई सिद्धान्तहरू उल्लेख गरिएका छन् :

### क) आवश्यकताको सिद्धान्तः

बालबालिकालाई वैकल्पिक हेरचाहमा राख्ने निर्णय गर्नुभन्दा पहिले 'उनीहरूको लागि वैकल्पिक हेरचाह आवश्यक छ त' भन्ने विचार गर्नुपर्दछ । अर्को शब्दमा, वैकल्पिक हेरचाहमा राख्नुभन्दा पहिले अन्य विकल्पहरूको बारेमा यथोचित ध्यान दिन आवश्यक हुन्छ । त्यसरी नै 'वैकल्पिक हेरचाहमा राख्नुपर्ने कारण के-के हुन्', सोका बारेमा विस्तृत अध्ययन अनुसन्धान हुनुपर्दछ । ती कारण तथा समस्याहरूलाई हल गरेमा निज बालक वा बालिकालाई वैकल्पिक हेरचाहमा नराख्ने आधार हुन्छ कि हुँदैन भन्ने सन्दर्भमा विशेषरूपमा समीक्षा गरिनुपर्दछ । जस्तैः अभिभावक भएका बालबालिकालाई सम्झाइबुझाइ गरेर, या त गरीबीका कारण भएमा वैकल्पिक आयआर्जनको अवसरको लागि सहयोग पुऱ्याउने जस्ता विभिन्न उपायहरूको अवलम्बन गरेर वैकल्पिक हेरचाहमा राख्नुपर्ने अवस्थाको अन्त्य गर्न सकिन्छ भने त्यस्ता विकल्पहरूको पर्याप्तमात्रामा प्रयास गरिनुपर्दछ भन्ने मान्यतालाई यस सिद्धान्तले जोड दिएको पाइन्छ ।

यदि प्राथमिक हेरचाहकर्ता अभिभावक नभएका बालबालिकालाई निजको नजिकको आफन्तको संरक्षणमा राख्न सकिने वातावरण छ कि छैन ? यदि उक्त परिवारलाई केही सहयोग गरेमा राख्न सक्ने सामर्थ्य राख्छ कि राख्दैन या निज बालक वा बालिकाका लागि उनी जन्मेहुर्केको वातारवणमा राख्न सम्भव छ कि छैन आदि सवालमा गम्भीरतापूर्वक विश्लेषण गर्न यो सिद्धान्तले जोड दिएको पाइन्छ ।

### ख) अनुकूलताको सिद्धान्तः

यदि माथि उल्लेख गरिएको रोकथामका उपायहरूको अवलम्बन गर्दा पनि कुनै बालक तथा बालिकालाई वैकल्पिक हेरचाहमा राख्नुपर्ने अवस्थाको अन्त्य नभएमा उनको लागि सबैभन्दा उपयुक्त प्रकारको वैकल्पिक हेरचाहको खोजी गरिनुपर्दछ । उपयुक्त वैकल्पिक हेरचाहका स्वरूपमा परिवार तथा समुदायमा आधारित वैकल्पिक हेरचाहका स्वरूपहरू साथै संस्थागत हेरचाह पनि हुन सक्दछ । बालबालिकालाई बालगृहमा राखी हेरचाह दिने हो भने छानिएका बालगृहहरूको बालबालिकाको आवश्यकता पुरा गर्नसक्ने अवस्था हुनुपर्दछ । त्यस्ता बालगृहले सरकारले तोकेका आधारभूत मापदण्डहरू पुरा गरेको हुनुपर्दछ । त्यसरी नै बालगृहको भौतिक अवस्था, कार्यरत कर्मचारीको योग्यता, क्षमता, बालबालिकाको पठनपाठन, मनोरञ्जन, खानपिन आदिका लागि भएको व्यवस्था जस्ता आधारभूत बालअधिकारको उपभोग गर्न पाउने वातावरण छ कि छैन भन्ने यकीन गरिनु नै अनुकूलताको सिद्धान्तको मूल मर्म हो ।

यी दुवै सिद्धान्तहरूको अर्को महत्त्वपूर्ण पक्ष भनेको बालबालिकाको सर्वोतम हित र उनको चाहनाअनुरूप वैकल्पिक हेरचाहको स्वरूप छनोट गरिएको छ कि छैन भन्ने कुरालाई प्राथमिकताका साथ हेरिनुपर्दछ ।

यस निर्देशिकाले परिवारमा आधारित हेरचाहलाई महत्त्व दिन्छ र सकेसम्म बालगृहको सङ्ख्यालाई कम गर्दै लैजानुपर्दछ भन्ने सवालमा जोड दिएको पाइन्छ । यस कार्यका लागि परिवारबाट बालबालिकालाई अलग्याउने तथा परित्याग गर्ने अवस्थाको रोकथाम गर्ने र स्थानीय परिवारमा आधारित हेरचाहका विकल्पहरूको महत्त्वलाई प्राथमिकता दिइनुपर्दछ भनेर जोड दिएको पाइन्छ । साथै आर्थिक अभाव वा गरीबीलाई मात्र कारणका रूपमा लिई कुनै पनि बालबालिकालाई परिवारबाट अलग बनाउने वा वैकल्पिक हेरचाहमा राख्ने कार्यलाई निर्देशिकाले पूर्णरूपमा निरूत्साहित गरेको पाइन्छ ।

## वैकल्पिक हेरचाहसम्बन्धी नीति र कानुन

बालबालिकासम्बन्धी ऐन, २०४८ मा वैकल्पिक हेरचाहका सम्बन्धमा पनि व्यवस्था गरिएको छ । यस ऐनको परिच्छेद ३ मा बालकको संरंरक्षण र संरक्षकको व्यवस्था अन्तर्गत दफा २१ देखि ३१ सम्म वैकल्पिक हेरचाहसम्बन्धी विभिन्न पक्षहरूबारे उल्लेख गरिएको छ । दफा २१ को एकाघरका कोही नहुने बालक वा बालिकाको हेरचाह र निजको सम्पत्तिको जिम्मा अन्तर्गत कुनै बालक वा बालिकाको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बालकल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालक वा बालिकाको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनुपर्दछ । त्यस्तो व्यवस्था मिलाउँदा

सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाइदिनुपर्दछ । त्यस्तो नातेदार कोही नभएमा सो बालक वा बालिकाको पालनपोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ । बालक वा बालिकाको पालनपोषणको जिम्मा लिने कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा त्यस्तो बालक वा बालिकालाई नजिकको बालकल्याण गृहमा बुझाइदिनुपर्दछ भनी स्पष्ट उल्लेख गरिएको छ । त्यस्तै, दफा २२ मा संरक्षकको नियुक्ति अन्तर्गत बाबु, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भएपनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालक वा बालिकाको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालक वा बालिकालाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बालकल्याण अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा बालकल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालक वा बालिकाको निमित्त यस दफाको अन्य कुराको अधिनमा रही संरक्षक नियुक्त गरिदिनुपर्दछ भन्ने व्यवस्था गरेको पाइन्छ *(विस्तृत जानकारीको लागि बालबालिकासम्बन्धी ऐन, २०४८ हेर्नुहोस्)* ।

साथै, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले वैकल्पिक हेरचाहका सन्दर्भमा परिवारलाई आवश्यक सहयोग र अन्य पारिवारिक वातावरण प्रदान गर्ने विकल्पलाई प्राथमिकता दिइनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गरेको पाइन्छ । साथै, देशीय धर्मपुत्र तथा धर्मपुत्री राख्ने प्रक्रियालाई सहज बनाउन र अन्तर्देशीय धर्मपुत्र तथा धर्मपुत्री राख्ने सम्बन्धमा पनि विद्यमान कानुनमा परिमार्जन गर्नको लागि यो नीतिले सुझाएको छ ।

**समाधान के त ?**

के कारणले बालबालिका परिवारविहीन हुन पुग्दछन् ? बाबुआमा, परिवारका सदस्यहरूको मृत्यु हुनु, कुनै कारणवश बालबालिका परिवारबाट विछोडिन पुग्नु वा बाबुआमा पत्ता नलाग्नु तथा शारीरिक वा मानसिक अवस्थाले गर्दा आफ्ना छोराछोरीको हेरचाह गर्न सक्ने अवस्थामा आमाबाबु नहुनु आदि बालबालिका परिवारविहीन हुने प्राकृतिक अवस्थाहरू हुन् । मानवसिर्जित कारणहरूमा बाबुआमा तथा परिवारले बालबालिका त्याग्नु वा हेरचाह नगर्नु, बालबालिका घरबाट भागेर बाबुआमा तथा परिवारको स्याहारबाट वञ्चित हुनु या घर या बसोबासको स्थायी ठेगाना पत्ता नलाग्नु लगायतका सन्दर्भहरू यस अन्तर्गत पर्दछन् ।

किन बालबालिकालाई बालगृहमा पठाइन्छ ? यसका धेरै कारणहरू हुन सक्दछन् । 'विशेष गरेर नेपालको सन्दर्भमा बालबालिका परिवारबाट बिछोड भई अनाथालय वा बालगृहमा बस्न बाध्य पार्ने प्रमुख कारक तत्त्वमा गरीबी, रोग, अपाङ्गता, द्वन्द्व र विभेदको नीति रहेको पाइन्छ । बालबालिकालाई संस्थागत स्याहारमा राख्दा उनीहरूको विकासमा नकारात्मक प्रभाव पर्दछ भन्ने कुरा थुप्रै देशमा गरिएका अनुसन्धानले देखाएतापनि नेपाललगायत अन्य कतिपय देशमा यो प्रणाली अझै प्रचलनमा छ । नेपालका पनि धेरै संस्थाहरूमा बालबालिकाप्रति गरिने दूर्व्यवहार र अपहेलनाका घटना भयावहरूपमा पाइएको विभिन्न अध्ययनले देखाएको छ ।'[३]

नेपालको सन्दर्भमा भन्ने हो आमाबाबु नभएका कारणले बालबालिका बालगृहमा राखिएका हुन् भन्ने प्रचलन व्यापक छ । तर यथार्थमा भने यो फरक छ । 'बालगृहमा पुगेका अधिकांश बालबालिका साधारणतयाः तिनका आमाबाबुले खाना, लत्ताकपडा, शिक्षा दिन नसक्नाका कारणले त्यहाँ पुगेका हुन् भन्ने ठानिन्छ । संस्थागत वातावरणले बालबालिकाको शारीरिक, संवेगात्मक र सामाजिक आवश्यकता पूर्ति नहुने प्रमाणित भइसकको छ । साधारणतयाः यस्ता संस्थाहरूमा आर्थिक स्रोतको कमी र आवश्यक कर्मचारीको अभाव हुनाका साथै क्षमताभन्दा बढी बालबालिका राखिएका हुन्छन् ।  यस्ता अवस्थामा बालबालिका शोषण, दूर्व्यवहार र बेवास्ताका शिकार हुने जोखिममा पर्दछन् । टिडिएच र युनिसेफ नेपालले २००८ मा प्रकाशित गरेको एक प्रतिवेदनमा तीन विभिन्न भौगोलिक स्थानमा अवस्थित बालगृहहरूमा संरक्षित जम्मा १,७०६ जना बालबालिकामध्ये १५ प्रतिशत बालबालिकाको मात्र आमा बाबु दुवैको मृत्यु भइसकेको थियो । आमा वा बाबुमध्ये एकजना जीवित भएको बालबालिकाको सङ्ख्या २३ प्रतिशत (१२ प्रतिशत आमा र ११ प्रतिशत बाबुको मृत्यु भएको) थियो भने बाँकी ६२ प्रतिशतका आमाबाबु दुवै जीवित थिए । बालगृहका कर्मचारीका अनुसार ३३ प्रतिशत बालबालिका परित्याग गरिएका थिए ।'[४]

विभिन्न अध्ययनहरूले के देखाएका छन् भने उपयुक्त सहयोग प्रदान गरिएमा अधिकांश परिवारले आफ्ना छोराछोरी आफैसँग राख्न सक्दछन् । बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी निर्देशिका, २००९ को धारा १४ मा 'आर्थिक तथा भौतिक गरीबी वा गरीबीसँग

३ निसंस्थाकरण तर्फका १० चरणहरू, टेरे देजोम्स र होप फर हिमालयन किड्स, नेपाल, पेज...

४ निसंस्थाकरण तर्फका १० चरणहरू, टेरे देजोम्स र होप फर हिमालयन किड्स, नेपाल, पेज...

प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सम्बन्ध राख्ने कुरा, बालबालिकालाई आमाबाबुबाट अलग गराउने, अथवा वैकल्पिक हेरचाहमा लैजाने वा उनीहरूको पुनर्स्थापना रोक्ने एकमात्र कारणका रूपमा लिन हुँदैन बरु यसलाई त परिवारलाई उपयुक्त सहयोगको खाँचो भएको सङ्केतको रूपमा लिइनुपर्दछ भनी प्रस्टसँग उल्लेख गरेको पाइन्छ ।

माथि उल्लेख गरिएको अध्ययनले के देखाउँछ भने नेपालमा स्थापना भएको धेरैजसो बालगृहहरू व्यवसायको रूपमा सञ्चालित छन् । त्यसैले नेपालको सन्दर्भमा बालगृहको स्थापना गर्ने र परिवारविहीन बालबालिका भित्र्याउने प्रचलन व्यवसायकै रूपमा चलिआएको प्रसङ्गको समय-समयमा सञ्चारमाध्यमहरूमा चर्चा परिचर्चा हुने गर्दछ । संस्थागत हेरचाहमा राखिने बालबालिका बाबुआमाविहीन हुन् भनिएतापनि त्यस्तो नरहेको पाइएको छ । विभिन्न प्रलोभन दिई विशेषगरेर दुरदराजमा बस्ने गरीब परिवारका बालबालिकालाई बालगृहमा राख्ने कार्यमा विचौलियाहरूको बिगबिगी रहेको खबर पनि बेलाबखतमा सुन्नमा आउँदछन् । तसर्थ, यस्ता क्रियाकलापलाई निरूत्साहित पार्नका लागि बालअधिकारको क्षेत्रमा क्रियाशीलसबै चनाखो भएर वैकल्पिक हेरचाहमा कुनै बालक वा बालिका पुऱ्याउनुअगावै भरसक त्यहाँ नपुऱ्याउन सबै विकल्पहरूको खोजी गर्नु आवश्यक हुन्छ ।

## राज्यको दायित्व के हो ?

बालबालिका हुर्कनको लागि सबैभन्दा उपयुक्त स्थान भनेको परिवार हो । परिवारले बालबालिकाको विकास र कल्याणको लागि प्राकृतिक वातावरण प्रदान गर्दछ । कुनै खास कारणले आमाबाबु तथा परिवारले बालबालिकाको हेरचाह र स्यारसुसारको दायित्व निर्वाह गर्न नसक्ने अवस्था आएमा परिवारलाई आवश्यक संरक्षण तथा सहयोग गर्ने दायित्वमूलतः राज्यको हुन्छ । यस अन्तर्गत राज्यले परिवारलाई सहयोग गर्दा बालबालिकाको हेरचाह गर्ने अहम् दायित्व वहन गर्न सक्नेगरी परिवारलाई सक्षम बनाइनुपर्दछ ।

सामान्तयाः अनाथालयमा राखिने बालबालिका बाबुआमा/अभिभावक वा स्यारकर्ता नभएर ल्याइएको हो भन्नेमा सत्यता नभएको माथि नै उल्लेख गरिसकिएको छ । नेपालको दूर्गम गाउँहरूमा बसोबास गर्ने एवम् आर्थिक अवस्था कमजोर भएका परिवारलाई झुक्याएर वा प्रलोभनमा पारेर पनि तिनका बालबालिकालाई सहर बजारमा खोलिएका संस्थागत स्याहारमा राखिने प्रचलन बढ्दो छ । यसरी बालबालिकाको स्याहारसुसार र पालनपोषण गर्ने उद्देश्यका साथ खोलिएका केही संस्थाका सञ्चालकहरूको निहित स्वार्थका कारण पनि कति बालबालिका परिवार तथा समुदायबाट बाहिर निकालिएको अवस्था विद्यमान रहेको छ । तसर्थ, राज्यले यस्ता विकृतिहरूको अन्त्य गर्नको लागि निःसंस्थाकरणको प्रयासलाई प्राथमिकतामा साथ लागु गर्नुपर्दछ । राज्यले संस्थागत स्याहार वैकल्पिक स्याहारको पहिलो छनौट नभएर अन्तिम विकल्प मात्र हो भन्ने यथार्थलाई हृदयङ्गम गरी तदरूकताका साथ कार्यान्वयनमा लाग्नुपर्दछ ।

## स्थानीयतहमा क्रियाशील बालसंरक्षण संरचनाहरू तथा संघसंस्थाको दायित्व

### (क) चेतना जागरणः

विश्वका कैयौं देशमा गरिएका अध्ययनले के देखाएको छ भने बालबालिकाका लागि सबैभन्दा उपयुक्त स्थान तथा प्राकृतिक वासस्थान भनेको निज बालबालिकाको आफ्नो घरपरिवार हो, जहाँ बालबालिकाले जीवनपयोगी सीप र जीवन पद्धतिका आवश्यक कला प्राप्त गरिरहेका हुन्छन् । यी सबै कुराहरू बोलीव्यवहार, सहकार्य र आपसी सहयोगमार्फत बालबालिकाले औपचारिक तथा अनौपचारिक तवरबाट स्वभाविकरूपमा नै ग्रहण गरिरहेका हुन्छन् । त्यसैले बालबालिकाले आफ्नो घर परिवारमा कुन प्रकारको हेरचाह पाउँदछन् भन्ने मान्यतालाई व्यापकरूपमा प्रचार-प्रसार गर्नुपर्दछ ।

**(ख) जोखिमलाइ कम गराउने :**

आफ्नो घरपरिवारबाट बालबालिका मूलतः प्राकृतिक तथा मानवीय (कृत्रिम) कारणले गर्दा बिछोडिन पुग्दछन् भन्ने सन्दर्भमा माथि नै चर्चा गरियो । विशेषगरी, मानवीय कारणले हुने जोखिम न्यूनीकरण गराई परिवारबाट अलग हुन सक्ने सम्भावना भएको बालबालिकालाई निजकै परिवारमा राख्नको लागि पहल गरिनुपर्दछ । जस्तैः गरीबी, अपाङ्गता तथा गम्भीर प्रकृतिका तथा दीर्घरोगले ग्रसित भएका परिवारलाई मनोवैज्ञानिक तथा भौतिक सहयोग पुऱ्याई त्यस्तो वातावरण निर्माणका लागि सहयोग पुऱ्याउन सकिन्छ ।

**(ग) वैकल्पिक सहयोग चाहिने बालबालिकाको पहिचान :**

यस्ता बालबालिकाको सही पहिचान गर्नु र माथि उल्लेखित विकल्पहरूले काम नगर्ने यकीन भएमा स्थानीयतहमा बालसंरक्षणका क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको पहुँचमा पुऱ्याउन मद्दत गर्न सकिन्छ ।

**(घ) जिल्लातहको संरचना वा निकायमा सिफारिस गर्ने :**

स्थानीयतहमा क्रियाशील संघसंस्थाहरूले वैकल्पिक हेरचाहको लागि उपयुक्त व्यवस्था गर्न असमर्थ भएमा त्यस्ता बालबालिकालाई जिल्लातहमा पनि सिफारिस गर्नुपर्ने हुनसक्दछ । यस्तो परिस्थितिमा सोअनुरूपको भूमिका निर्वाह गरी सहयोग पुऱ्याउन सकिन्छ ।

***

# सत्र १२ : अभिभावकविहीन बालबालिकाको हेरचाह र सहयोग



१ घण्टा ३० मिनेट

### १२.१. सत्रको परिचय

समुदायमा विभिन्न कारणले धेरै वा थोरै सङ्ख्यामा बालबालिका अभिभावकविहीन हुन सक्छन् । परिवार तथा समुदायमा आधारित हेरचाह पद्धतिमार्फत् अभिभावकविहीन बालबालिकाको हेरचाह गर्ने अवधारणाबारे छलफल गर्ने र त्यस किसिमका हेरचाह पद्धतिमा आमा समूहको भूमिका स्पष्ट पार्ने उद्देश्य यस सत्रको रहेको छ ।

### १२.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- अभिभावकविहीन बालबालिका को हुन् भनी बताउन ।
- बालबालिकाको वैकल्पिक हेरचाहका विभिन्न स्वरूपहरूमध्ये समुदायमा आधारित हेरचाहका पद्धतिबारे भन्न ।
- अभिभावकविहीन बालबालिकाको हेरचाहका लागि समुदायमा आधारित पारिवारिक हेरचाह पद्धतिमा आमा समूहको भूमिका पहिचान गर्न ।

### १२.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूजप्रिन्ट पेपर

### १२.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

**क्रियाकलाप १: विषयवस्तुबारे जानकारी (१५ मिनेट)**

- अभिभावकविहीन बालबालिका को हुन् ? भनी सहभागीलाई प्रश्न गर्नुहोस् ।
- सहभागीबाट आएका विचारलाई बुँदागतरूपमा न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।
- अध्ययन सामग्रीको सहयोगमा सहभागीलाई अभिभावकविहीन बालबालिकाको वैकल्पिक हेरचाह एवम् यसका स्वरूपबारे जानकारी दिनुहोस् ।

**क्रियाकलाप २ः समुदायमा आधारित वैकल्पिक हेरचाहसम्बन्धी समूह छलफल (३५ मिनेट)**

- सहभागीहरूको सङ्ख्याअनुसार उनीहरूलाई तीन वा चार समूहमा विभाजन गर्नुहोस् ।
- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि समुदायतहमा नै के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ? बालबालिका परिवारबाट बिछोड हुनबाट जोगाउन महिला समूहको के-कस्तो भूमिका हुन्छ ? भन्ने दुई प्रश्नका बारेमा छलफल गर्न लगाउनुहोस् । (उपयुक्ततानुसार दुई समूहलाई एक प्रश्न र अर्को दुई समूहलाई अर्को प्रश्नमाथि छलफल गर्न लगाउन पनि सकिन्छ ।)
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् ।
- प्रस्तुतीमा अन्य समूहका सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न अवसर दिनुहोस् तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसबारे पनि छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- बालबालिका परिवारबाट बिछोड हुनबाट जोगाउन राज्यको दायित्वबारे छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।
- अन्त्यमा सक्रिय सहभागिताको लागि सबै सहभागीलाई धन्यवाद दिनुहोस् ।

***

# अध्ययन सामग्री

### अभिभावकविहीन बालबालिकाको हेरचाह र सहयोग

### अभिभावकविहीन बालबालिकाको वैकल्पिक हेरचाह

"विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले १) बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका, २) बाबुआमाबाट बिछोडिएका (वा त्यागिएका) वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, ३) बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेलाँ, दूर्व्यवहार वा शोषणमा परेका, ४) बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, ५) घर वा बसोबासको स्थायी ठेगान नभएका बालबालिका आदिलाई बुझाउँदछ । जुनसुकै कारण वा परिस्थितिका कारण आमाबाबुमध्ये एकजनाले पनि हेरचाह नगरिएका सबै बालबालिका । यी बालबालिका देशभित्र र देशबाहिर हुनसक्छन् र जोखिम अवस्थाबाट प्रभावित बालबालिका समेत हुनसक्छन् ।



उपयुक्त सहयोग पाएमा आर्थिक समस्या झेलिरहेका धेरैजसो परिवारहरू आफ्ना बालबालिका आफैसँग राखेर हेरचाह गर्न सक्षम हुन्छन् । र, कुनै कारणवस त्यसो हुन नसकेमा बालबालिकाको संरक्षण र हेरचाहका लागि परिवार तथा समुदायमा आधारित वैकल्पिक हेरचाहका उपायहरूको खोजी गरिनुपर्दछ ।

संयुक्त राष्ट्रसंघबाट जारी गरिएको 'बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी निर्देशिका' २००९ को बुँदा नं २८ग मा परिवार तथा समुदायमा आधारित वैकल्पिक हेरचाहका स्वरूपहरू यस प्रकार छन्ः

अ) नजिकको नातेदारबाट गरिने हेरचाह (Kinship Care),

आ) अभिभावकीय हेरचाह (Foster Care),

इ) परिवारमा आधारित वा पारिवारिक वातावरणमा राखेर अन्य व्यक्ति वा परिवारद्वारा गरिने हेरचाह (Other forms of Family-Based/Family-Like Care),

ई) बालबालिकाका लागि बनाइएका सुपरिवेक्षित स्वतन्त्र बसोबास प्रबन्ध (Supervised Independent Living Arrangements for children) र

उ) आवासीय वा संस्थागत हेरचाह (Residential Care) समेत पर्दछन् ।

समुदायतहमा अभ्यासमा रहेका वैकल्पिक हेरचाहसम्बन्धी दुई खालका स्वरूपहरूको व्यवस्थापन गर्न सकिन्छ :

### अ) नजिकको नातेदारबाट गरिने हेरचाह (Kinship Care):

बालबालिकाको वृहत् परिवारका सदस्यहरू वा नजिकका नातेदार गरिने हेरचाह हो । यो परिवारमा आधारित र कतिपय सन्दर्भमा बालबालिकाले चिनेका एवम् बालबालिकाको आनीबानीबारे हेरचाहकर्ताले थाहा पाएका हुन्छन् । परिवारसँगको सम्बन्धका कारण यो औपचारिक वा अनौपचारिक दुवै हुनसक्दछ । आमाबुवासँगको पुनर्मिलन सम्भव नभएको खण्डमा नातेदारबाट गरिने हेरचाहले बालबालिकालाई निरन्तर सम्बन्धको अनुभूति गराउँदछ, प्राक्रितिक वातावरणमा हुर्कन पाउँछन् । नातेदारबाट ती बालबालिका र उनीहरूका आफ्नै बालबालिकाबीच भेदभाद गर्नसक्ने सम्भावना हुन्छ । नातेदारहरू आफै कष्टकर जीवनयापन गरिरहेका छन् भने बालश्रम हुने जोखिम हुनसक्छ, पर्याप्त हेरचाह नहुन सक्छ । यसर्थ नातेदारको आर्थिक, सामाजिक, स्वास्थ्य एवम् बालबालिकाको आवश्यकताप्रति उनीहरूको दृष्टिकोणको गहन लेखाजोखा गरिनुपर्छ ।

बालबालिकाको हेरचाहसम्बन्धी क्षमता प्रवर्द्धन गरिनु आवश्यक हुन्छ । साथै, यससम्बन्धी योजना आवश्यक हुन्छ । प्रत्येक बालबालिका भिन्न हुन् र उनीहरूको परिस्थिति फरकफरक छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । परिवारको आम्दानीको दिगो श्रोतका लागि काम गनुपर्ने हुन्छ । यसका लागि गाउँसमुदायका अन्य सेवाप्रदायक निकायसँग सम्पर्क, समन्वय स्थापित गरिनु आवश्यक हुन्छ । यस्तै नातेदारको हेरचाह पाएका बालबालिकालाई समुदायका अन्य सदस्यहरूसँग छलफल अन्तर्क्रिया वा पहुँच बढाउनु आवश्यक हुन्छ र यसले नातेदारबाट हुने हेरचाह व्यवस्थापनमा कुनै समस्या आएमा वा बालबालिकामाथि दूर्व्यवहार भएको खण्डमा समुदायका अन्य व्यक्तिसँगको सम्बन्ध स्थापित भएको कारणले समाधानका उपाय खोज्न सकिन्छ । बालबालिकाको लागि उपयुक्त सहयोगी वातावरण तयार हुन्छ, उनीहरू छलफलमा आउन सक्छन् । बालबालिकाको समग्र विकासका लागि समुदायका व्यक्ति वा स्वावलम्बी समूहहरूसँग मिलेर योजना तय गर्ने र आआफ्नो भूमिका खोजी गर्न सकिन्छ ।

### आ) अभिभावकीय हेरचाह (Foster Care):

बालबालिकाको आफ्नो परिवार नभई अन्य कुनै परिवारको सदस्यहरूबीच पारिवारिक वातावरणमा गरिने वैकल्पिक हेरचाह हो । कुनै अधिकारप्राप्त निकायद्वारा तोकिएको परिवारमा बालबालिकाको हेरचाह गरिन्छ । बालबालिकाको हेरचाहका लागि परिवार छनौट गरिन्छ, उपयुक्त ठहऱ्याइन्छ, स्वीक्रिति दिइन्छ र नियमित सुपरिवेक्षण र आवधिक समीक्षा गरिन्छ । बालबालिकाको प्राक्रितिक बुवाआमासँग राख्न नसकिएको खण्डमा निश्चित अवधिका लागि अधिकारीमार्फत् नियुक्त गरिएको हेरचाहकर्ताबाट गरिने हेरचाह । बालबालिकाको हेरचाहका लागि इच्छुक, तालिमप्राप्त र ती परिवारको समग्र स्थितिको लेखाजोखा गरेर मात्र बालबालिकालाई हेरचाहका लागि राख्न सकिन्छ । तालिममा बालविकास, बालअधिकार, बालसंरक्षण, अभिभावकत्व सीप, बालबालिकाको सरसफाइ एवम् पोषण, आचारसंहितालगायत विषयवस्तु समेटिनुपर्दछ ।




यस्ता वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई समुदायका अन्य सदस्यहरू र सेवा प्रदायक निकायहरूसँग सम्बन्ध विकास गर्नुपर्दछ । बालबालिकालाई सेवामा

पहुँच, बालसंरक्षणको लागि सहयोगी, अनुगमनजस्ता कुराहरूमा सहयोग पुग्दछ । साँसक्रितिक हिसाबले उपयुक्त, दक्ष, तालिमप्राप्त र बालबालिकाको जटिल आवश्यकतालाई बुझ्ने समर्पित हेरचाहकर्ताको आवश्यकता हुन्छ । बालबालिका र हेरचाहकर्ता एवम् परिवारबीचको तालमेल (Matching) हुनु जरूरी हुन्छ । बालबालिका र हेरचाहकर्ताबीचको सम्बन्धलाई स्थापित गर्न विशेष परिचयात्मक छलफल र आवश्यक समय उपलब्ध गराउनुपर्दछ ।

**बालबालिका परिवारबाट बिछोड हुनबाट जोगाउन राज्यको दायित्व**

- राज्यले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई अभिभावकीय हेरचाह (फोष्टर केयर) मा राख्ने, धर्मपुत्र/धर्मपुत्री लिने वा आवश्यकताअनुसार हेरचाहका उपयुक्त विकल्पमा राख्ने व्यवस्था गर्नुपर्दछ ।




- आमाबाबु/अभिभावकबाट बालबालिका बिछोडिनबाट जोगाउन राज्यले उपयुक्त र साँसक्रितिकरूपमा संवेदी उपायहरू सुनिश्चित गर्नुपर्दछ । त्यसमा पनि खासगरी–

क) अपाङ्गता भएका, लागु पदार्थ र रक्सी सेवन गर्ने, आदिवासी वा सिमान्तक्रित पृष्ठभूमि भएकालगायत परिवारमाथिको भेदभाव र सशस्त्र द्वन्द्व भएका ठाउँमा रहेको वा वैदेशिक रोजगारमा रहेकाजस्ता कारणहरूले परिवारको क्षमतालाई सिमित बनाउने कुरालाई दृष्टिगत गरी पारिवारिक हेरचाहको वातावरणलाई सहयोग गर्ने ।

ख) दूर्व्यवहार र शोषणबाट पीडित भएका, परित्यक्त, सडकमा आश्रित, अविबाहित आमाबाट जन्मिएका, संरक्षकविहीन भएका र बिछोडिएका, आन्तरिकरूपमा विस्थापित र शरणार्थी बालबालिका, आप्रवासी मजदुरका बालबालिका, शरण खोजिरहेका बालबालिका वा एच. आइ. भी. र अन्य गम्भीर खालका रोगबाट सङ्क्रमित वा प्रभावितलगायत जोखिमी अवस्थामा रहेका बालबालिकालाई उपयुक्त हेरचाह तथा संरक्षण प्रदान गर्ने ।

यसो गर्नुको उद्देश्य वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सङ्ख्या घटाउनु हो ।

जोखिम अवस्थामा रहेका बालबालिकाका लागि रोकथाममूलक, उपचारात्मक र पुनर्स्थापनसम्बन्धी क्रियाकलापहरू गरिनु आवश्यक छ । केही क्रियाकलापहरूलाई निम्नअनुसार चर्चा गरिन्छः

क) जोखिमी अवस्थामा रहेका बाबु, आमा, परिवारका सदस्य वा संरक्षकको हेरचाहबाट बालबालिका अलग नहोऊन् भनी सञ्चालन गर्ने/गराउने रोकथाममूलक लक्षित कार्यक्रमहरू (Preventive Programmes)

- लक्षित परिवारको लागि सामाजिक सुरक्षा सहयोग (Social Security Assistance),
- लक्षित परिवारको लागि गरीबी निवारण वा आयवृद्धि कार्यक्रम,

- लक्षित परिवारलाई आर्थिक अनुदान (Cash Incentive) कार्यक्रम,
- अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम,
- मनोविमर्श सेवा तथा परिवारमा मनोसामाजिक सहयोग,
- बालअधिकार र बालविकाससम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रम,
- जोखिम अवस्थाका बाबु वा आमामध्ये एक मात्र भएको परिवार वा बालबालिका घरमुली भएको परिवारलाई लक्षित गरी परिवार सुदृढीकरण सहयोग कार्यक्रम ।

ख) बाबु, आमा, परिवारका सदस्य वा संरक्षकको हेरचाहबाट बालबालिका अलग भएको स्थितिलाई सम्बोधन गर्न सञ्चालन गर्न, गराउन सक्ने उपचारात्मक लक्षित कार्यक्रमहरू (Curative Programmes)

- बालबालिकाको बाबु, आमा, परिवारका सदस्य वा संरक्षकको पहिचान तथा खोजी कार्य (फेमेली ट्रेसिङ्),
- दीवा हेरचाह केन्द्रको स्थापना र सञ्चालन,
- मनोविमर्श सेवा तथा परिवारमा मनोसामाजिक सहयोग,
- निःशुल्क कानुनी सेवा,
- प्रभावकारी अभिभावकीय हेरचाह शिक्षा (Parenting Education) तथा सीप अभिवृद्धिका कार्यक्रम ।

ग) बाबु, आमा, परिवारका सदस्य वा संरक्षकको हेरचाहबाट बालबालिका अलग परिवारमा पुनर्एकीकरण भएको अवस्थामा वा बालबालिकालाई हेरचाह प्रदान गर्ने परिवारलाई लक्षित गरी सञ्चालन गर्न, गराउन सक्ने लक्षित कार्यक्रमहरू (Rehabilitative Programmes) मा-

- बालअधिकार र बालविकाससम्बन्धी सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम,
- नियमित अन्तर्क्रिया गरी बालबालिका तथा परिवारलाई पुनर्एकीकरण गर्न, गराउन तयार गर्ने खालका क्रियाकलाप,
- बालबालिका र परिवारसँग सम्बन्ध स्थापित गराउने उद्देश्यले सामुदायिक छलफल कार्यक्रम,
- मनोविमर्श सेवा तथा परिवारमा मनोसामाजिक सहयोग,
- प्रभावकारी अभिभावकीय हेरचाह शिक्षा (Parenting Education) तथा सीप अभिवृद्धिका कार्यक्रम, आदि पर्दछन् ।

***

# सत्र १३ : बालसंरक्षण कार्यमा बालसहभागिता



**४५ मिनेट**

### १३.१ सत्रको परिचयः

बालबालिकाको संरक्षण केवल उनीहरूको लागि मात्र होइन हामी वयस्कको भविष्यको सुरक्षाको लागि पनि हो । विश्वमा गरिएका विभिन्न अध्ययन अनुसन्धानहरूले के देखाएका छन् भने बालसहभागिताले बालविकास, बालबचाऊ र बालसंरक्षणमा सकारात्मक परिवर्तन ल्याउन सघाउँदछ । बालबालिकाले उपयुक्त वातावरण पाएमा निश्चय नै समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्दछन् । त्यसैले बालअधिकारको क्षेत्रमा क्रियाशील बालअधिकारकर्मी तथा संघसंस्थाले बालसहभागितालाई उच्च प्राथमिकतामा राखेर कार्य गर्नुपर्दछ । प्रस्तुत सत्रमा बालसंरक्षण कार्यमा बालसहभागिताको बारेमा छलफल गरिएको छ ।

### १३.२ अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीले,

- बालसहभागिता भनेको के हो र यसको आवश्यकताको बारेमा बुझ्नेछन् र बताउन सक्नेछन् ।
- बालसहभागिताका सम्बन्धमा व्याख्या गरिएका आठ चरणहरूका बारेमा जानकार भई समुदायमा बताउन सक्नेछन् ।

### १३.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्रीः

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### १३.४ सत्रको तयारीः

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीको ज्ञान र बुझाइको स्तरलाई पूर्व अवलोकन गर्नुहोस् । सहभागी सम्बद्ध विद्यालयमा बालसहभागिताको सम्बन्धमा कस्तो अवस्था छ भन्नेबारे जानकार हुनुहोस् र आवश्यकताअनुरूप अध्ययन-सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- यस सत्रमा दिइएको विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

## १३.५ सत्र सञ्चालन गर्ने प्रक्रिया: ५ मिनेट

सहभागीलाई छलफल गरिने विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनको लागि यदि सम्भव भएमा यस विषयसँग सम्बन्धित सफलताको कथा तथा बालसहभागिता झल्कने खालका चित्रहरू देखाई सहभागीको ध्यान आकृष्ट गर्नुहोस् ।

**क्रियाकलाप १: बालबालिकाका सहभागिताका अधिकारहरू के-के हुन् ? (१५ मिनेट)**

- 'प्रशिक्षण कार्य कुनबेला प्रभावकारी हुन्छ' भनी सहभागीहरूलाई सोध्नुहोस् । सहभागितामूलक प्रशिक्षण कार्य महत्त्वपूर्ण हुन्छ भन्ने आएमा 'किन' भनी प्रश्न सोधेर छलफल चलाउनुहोस् ।
- बालसंरक्षण कार्यमा बालसहभागिता किन आवश्यक हुन्छ भनी कक्षाकोठा छलफल चलाउनुहोस् ।

**क्रियाकलाप २: समूह छलफल (२० मिनेट)**

- बालसहभागिताको महत्त्वको बारेमा बताउनुहोस ।
- बालसहभागिताको महत्त्वपूर्ण विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् ।
- बालसहभागिताका सम्बन्धमा व्याख्या गरिएका आठवटा चरणको बारेसविस्तार बताउनुहोस् ।




**क्रियाकलाप२: सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)**

यस सत्रमा हामीले के-के छलफल गऱ्यौं ? सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालसंरक्षण कार्यमा बालसहभागिताको किन महत्त्व छ ?
- बालसहभागिताको सन्दर्भमा ध्यान दिनुपर्ने कुराहरू के–के हुन्, भन्नुहोस् ।
- बालसहभागिताका सम्बन्धमा व्याख्या गरिएका आठवटा चरणहरू के–के हुन् ?

***

# अध्ययन-सामग्री

## बालसंरक्षण कार्यमा बालसहभागिता

### बालसहभागिता भनेको के हो ?




सहभागिता भनेको निर्णय प्रक्रियामा आफ्ना विचार तथा धारणाहरू प्रस्तुत गर्नु हो । यस प्रकारको अवसरले सहभागीको जीवनका साथै आफू बस्ने समुदायको जीवनमा पनि प्रभाव पार्दछ । तसर्थ सहभागिता भन्नाले प्रजातन्त्रको संस्थागत विकासको लागि एउटा साधन हो र कुनै समाज तथा मुलुक कत्तिको प्रजातान्त्रिक छ भन्ने मापन गर्ने एउटा आधार पनि हो । सहभागिता भनेको नागरिकको आधारभूत अधिकार हो ।[१] जसरी साना विरूवालाई निरन्तर रेखदेखको क्रममा, गोडमेल, मलजल आदि गरेपछि मात्र बिरूवा बढेर ठूलो हुन्छ र फल दिन्छ त्यस्तै बालबालिकालाई आफ्नो प्रतिभाको प्रस्फुटनका लागि चाहिने आवश्यक वातावरणको निर्माणका लागि वयस्कहरूले उपयुक्त वातावरणको निर्माण गर्न जरूरी पर्दछ । यसको लागि बालसहभागिता अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

बालबालिकाको विचार, भावनाको प्रतिनिधित्व र उनीहरूको उमेर, विकासको स्तर र परिपक्वताको सापेक्षतामा उचित कदर गरिनु नै बालसहभागिता हो । बालबालिकाको जीवनमा प्रत्यक्ष सरोकार राख्ने तथा प्रत्यक्ष प्रभाव पार्ने प्रत्येक विषयमा प्रत्यक्ष सहभागी भई आफ्नो विचार अभिव्यक्त गर्न पाउनु, त्यस्ता विषयहरूको निर्णय प्रक्रियामा छलफलमा प्रत्यक्ष सहभागी भई आफ्नो आवाज राख्ने र त्यसमा सुनुवाइ हुनु नै बालसहभागिता हो ।[२] बालसहभागिता भनेको एउटा निरन्तर प्रक्रिया हो जसमा बालबालिकाको जीवनसँग सरोकार राख्ने पक्षहरूको पहिचान गर्ने, त्यसको उपभोग गर्न तथा समस्याहरूको निराकरण गर्नको लागि आफ्नो अनुकूल वातावरण निर्माणमा सक्रियतापूर्वक भूमिका निर्वाह गर्नु हो । अर्को शब्दमा, बालसहभागिता भनेको सबै बालबालिकालाई उनीहरूको लिङ्ग, जात, धर्म, संस्कृतिलगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरी उनीहरूको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु तथा उनीहरूको उमेर तथा क्षमताको आधारमा अर्थपूर्ण सहभागिता हुनु नै बालसहभागिता हो । अर्थपूर्ण बालसहभागिताले बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयमा विचार राख्न पाउने वातावरणको निर्माण गर्दछ । उनीहरूको विचारलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । उपयुक्त विचारहरूलाई उचित कदर गरिन्छ । र, बालबालिका सक्रियरूपमा निर्णय प्रक्रियामा सहभागी हुन्छन् ।

१ Children's participation from tokenism to citizenship; By Roger Hart

२ बालसंरक्षण; बाल अधिकार अइयन प्रतिष्टान र केन्द्रय बाल कल्याण समिति; लेखक चन्द्रिका खतिवडा

बालबालिकाले जान्न तथा सिक्नको लागि सकारात्मक वातावरणको आवश्यकता पर्दछ । यसले बालसहभागितालाई सुनिश्चित गर्दछ । अर्थपूर्ण सहभागिताले बालबालिकाको ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागि चाहिने सकारात्मक सिकाइको वातावरण निर्माण गरी उनीहरूलाई सिक्न प्रोत्साहित गर्दछ । त्यसैले अर्थपूर्ण सहभागिताका चार महत्त्वपूर्ण तत्त्वहरू हुन्छन् । ती तत्त्वहरू[३]:

ज्ञान + सीप + प्रोत्साहन सकारात्मक वातावरण अर्थपूर्ण सहभागिता



बाल्यावस्था भनेको सिक्ने, बुझ्ने, जान्ने र जिज्ञासु अवस्था हो । बालबालिकाले आफैं गरेर, छोएर, र हेरेर जान्न बुझ्न चाहन्छन् । बालबालिकाले कुनै पनि विषयवस्तुको बारेमा जान्नको लागि सहभागिता अनिवार्य हुन्छ । बालबालिका स्वयं सामाजिक, सांस्कतिक, सामुदायिक, पारिवारिकलगायतका गतिविधिमा सहभागी हुन चाहन्छन् । यस्तै उनीहरू आफ्नो जीवनमा प्रभाव पार्ने हरेक विष( यमा प्रत्यक्ष सहभागी हुने हक राख्दछन् । यो अधिकारलाई 'बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का सिद्धान्तहरूमध्ये एक सिद्धान्तको रूपमा अङ्गीकार गरिएको छ । उक्त महासन्धिको धारा १२ मा आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई आफूसँग सम्बद्ध सबै विषयहरूमा स्वतन्त्ररूपले आफ्नो विचार अभिव्यक्त गर्न पाउने अधिकार भएको कुराको आश्वासन पक्ष राष्ट्रहरूले दिनेछन् भनिएको छ । त्यसैगरी महासन्धिमा बालबालिकाको उमेर र परिपक्वताअनुसार उनीहरूको विचारलाई उचित महत्त्व दिइनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै धारा १३ मा बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पक्षराष्ट्रहरूले सम्मान गर्नेछन् भनिएको छ भने धारा १४ मा बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई राष्ट्रपक्षहरूले सम्मान गर्नेछन् भनिएको छ ।'[४]

बालबालिकाको संरक्षण केवल उनीहरूको लागि मात्र होइन हामी वयस्कको भविष्यको सुरक्षाको लागि पनि हो । विश्वमा गरिएका विभिन्न अध्ययन अनुसन्धानले के देखाएका छन् भने बालसहभागिताले बालविकास, बालबचाऊ र बालसंरक्षणमा सकारात्मक परिवर्तन ल्याउन सघाउँदछ । बालबालिकाले उपयुक्त वातावरण पाएमा निश्चय नै समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्दछन् ।[५] तर आफ्नो जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुमा बालबालिकाको पनि अन्य नागरिकसरह सहभागिता हुने अधिकारलाई प्रस्टसँग महासन्धिमा उल्लेख गरिए तापनि व्यवहारमा बालबालिकाको सहभागिता विश्वमा नै अत्यन्त कम मात्रमा हुने गरेको पाइन्छ ।

३ Training for Child Protection, pages ;Page 98 published by Keeping Children Safe, London
४ बालअधिकारसम्बन्धि महासन्धि, १९८९- नेपालीमा अनुवाद कानुन, न्याय, संसदीय व्यवस्था तथा संविधानसभा मन्त्रालय
५ Knutson, 1997; Rajani, 2001

## बालसहभागिताका सन्दर्भमा ध्यान दिनुपर्ने सवालहरू

अर्थपूर्ण बालसहभागिताको लागि ध्यान दिनुपर्ने कुराहरूको बारेमा देहायमा संक्षिप्त चर्चा गरिएको छ ।

१. बालसहभागिता भनेको बालअधिकार हो र यसले अन्य बालअधिकार उपभोग गर्नका लागि उपयुक्त वातावरण निर्माणमा सहयोग पुऱ्याउँदछ ।[६]

२. बालसहभागिता नैतिकरूपले स्वीकार्य हुनुपर्दछ र सुरक्षित पनि हुनुपर्दछ ।

३. बालसहभागिता अर्थपूर्ण र दिगो प्रकृतिको हुनुपर्दछ ।

४. बालसहभागिताले परिवार, टोल तथा समाजको सम्बन्धलाई मजबुत बनाउने खालको हुनुपर्दछ ।

५. बालसहभागिता निरन्तर प्रक्रियाको रूपमा हुनुपर्दछ र अन्य अधिकार उपभोगका लागि यसले मार्ग दिन सक्नुपर्दछ ।

६. बालसहभागिता दबाव तथा प्रायोजित कार्यहरूबाट मुक्त हुनुपर्दछ ।

७. बालसहभागिता केवल विश्वासपूर्ण र भरोसायोग्य वातावरणमा मात्र मौलाउन सक्दछ ।

८. बालसहभागिता मानवअधिकारजन्य दृष्टिकोणमा आधारित हुनुपर्दछ ।

९. बालसहभागितामा बालबालिकाको अन्तर्निहित क्षमता तथा भूमिकाको सम्मान गरिनुपर्दछ ।[७]

१०. बाल सहभागितामा बालबालिकालाई लिङ्ग, जात, धर्म, वर्ण आदिका आधारमा विभेद गरिनुहुन्न ।

## बालसहभागिताका खुड्किलाहरू[८]

### १. नाम मात्रको सहभागिता (Manipulation):

हिजोआज बालसहभागिताको नाममा केही बालबालिकालाई कुनै कार्यक्रममा सहभागी गराइने प्रचलन पाइन्छ । यस्तो सहभागितामा बालबालिकालाई के-कस्तो कार्यक्रम हो, कार्यक्रमको उद्देश्य के हो आदिबारे बिलकूलै थाहा हुँदैन । उनीहरूको सहभागिता केवल देखावटीरूपमा मात्र हुनेगर्दछ । त्यसैले बालसहभागिताको अन्तिम खुड्किलोको रूपमा यसलाई राखिएको छ । यस अवस्थाको बालबालिकालाई सहभागितालाई वास्तवमा बालबालिकाको सहभागिता भन्न मिल्दैन । यस अन्तर्गतको सहभागितामा राजनीतिक तथा सामाजिक विषयवस्तु उल्लेख गरिएको प्लेकार्ड बोकेर बालबालिका लाइनमा बस्ने गरेको अक्सर देखिन्छ । प्लेकार्ड बोक्ने बालबालिकालाई प्लेकार्डमा के लेखेको छ भन्ने सवालमा सामान्य जानकारी हुँदैन ।

### २. सजावट (Decoration):

दोस्रो खुडकिलो अन्तर्गत बालसहभागिता भन्नाले केवल सजावटका लागि मात्र गर्ने गरिन्छ । जस्तैः कुनै कार्यक्रममा बालबालिकालाई कुनै विषयवस्तु अङ्कित टि-सर्ट वितरण गरिन्छ । कुनै कार्यक्रममा नाच्न तथा गीत गाउनका लागि प्रयोग गरिन्छ । यस कार्यमा बालबालिकाको प्रयोग गर्नु भनेको कार्यक्रमलाई प्रभावकारी बनाउन तथा दर्शकलाई मनोरञ्जन दिलाउनका लागि मात्र हो । त्यसैले

६ क्रम सङ्ख्या १ देखी ७ सम्म World vision's guidelines on child participationमा आधारित छ

७ क्रम सङ्ख्या ९ र १० Understanding and evaluating Children's Participation; Plan Internationalमा आधारित छ

८ Based on Children's participation form tokenism to citizenship; Published by UNICEF; Written by Roger A. Hart

बालबालिकाले यस प्रकारको सहभागितामा पहिलो खुड्किलोभन्दा अत्यन्त न्यून मात्रामा कार्यक्रमका बारेमा जानकारी त राख्दछन् तथापि यसलाई पनि बालअधिकारको दृष्टिकोणले बालसहभागिता मान्न सकिंदैन ।

### ३. टोकेनिजम (Tokenism):

यस प्रकारको सहभागितामा बालबालिकाको केही मात्रामा सहभागिता भएको त देखिन्छ तर वास्तवमा त्यो नाम मात्रको हुन्छ । कुनै कार्यक्रममा बालबालिकलाई बोल्न अवसर दिनु तर बोल्ने विषयवस्तुका तयारी वयस्कहरूले गरिदिने गर्दछन् । यस्तो सहभागितामा बालबालिकाले आफ्नो विवेक तथा विचारको प्रयोग गर्न पाएका हुँदैनन् । यस्ता सहभागितामा बालबालिकाको केवल बाहिरी तथा सतहीरूपमा मात्र सहभागिता भएको हुन्छ ।

समग्रमा भन्ने हो भने माथि उल्लेखित बालसहभागिताको तीन खुड्किलालाई बालअधिकारका दृष्टिले बालसहभागिता भएको मान्न सकिंदैन ।

### ४. हस्तान्तरित तर सूचित (Assigned but Informed):

बालबालिकाको सहभागिताको सम्बन्धमा बालबालिकालाई के-के गर्ने भन्नेबारेमा बताइन्छ र सहभागिता गराइन्छ । यसो गर्नाले बालबालिकाले के गर्ने र किन गर्ने भन्नेबारेमा जानकार हुनेछन् । बालबालिकाले कसले काम अह्राउँदैछ र केका लागि सहभागिता गरिदैछ भन्ने सवालमा थाहा पाएका हुन्छन् । यसर्थ यस खुड्किलो अन्तर्गतको सहभागितामा उनीहरूको माथि उल्लेख गरिएको सहभागिता (टोकेनिजम, सजावट तथा प्रायोजित) भन्दा केही मात्रामा भएपनि अर्थपूर्ण हुन्छ ।

### ५. परामर्श दिइएको तर सूचित (Consulted but Informed):

यस खुड्किलो अन्तर्गत कुनै कार्यक्रम वयस्कहरूद्वारा नै बनाइन्छ तर बालबालिकाले यस कार्यक्रम निर्माणका चरणहरूलाई बुझेका हुन्छन् । कार्यक्रमका उद्देश्यका बारेमा जानकारी दिइएको हुन्छ साथै बालबालिकाको सुझाव तथा विचारहरूलाई कार्यक्रमको उत्पादन तथा कार्यान्वयनका बेला ध्यान दिइन्छ । अर्को शब्दमा, कार्यक्रमको निर्माण तथा कार्यान्वयनका सम्बन्धमा बालबालिकाका आफ्नो विचार तथा सुझावलाई वयस्कहरूले सुन्ने र त्यसलाई व्यवहारमा उतार्ने गर्दछन् ।

### ६. वयस्कद्वारा सुरुवातीत तर बालबालिकासँगको साझा निर्णय (Adult initiated, shared decision with children):

यस खुड्किलोमा वयस्कहरूले कार्यक्रमको निर्माण तथा कार्यान्वयन गरेतापनि परामर्शदाताको रूपमा बालबालिकाको सहभागिता हुने गर्दछ । कार्यक्रम निर्माण तथा कार्यान्वयनको प्रक्रिया, उद्देश्य आदि निर्माणको क्रममा बालबालिकाको सहभागितालाई यस चरणमा अनुरोध गरिएको हुन्छ ।

### ७. बालबालिकाद्वारा सुरुवातीत तथा निर्देशित (Child initiated and Directed):

यस चरणमा पूर्ण सक्रियताका साथ बालबालिकाको सहभागितामा कार्यक्रम बनाइन्छ । सबै बालबालिका कार्यक्रम केका लागि, कसरी गर्ने भन्नेबारेमा राम्ररी जानकार भएका हुन्छन् । उनीहरूको सक्रियतामा नै आपसमा कामको बाँडफाँड गरिन्छ । विद्यालयमा बालबालिकाले निकाल्ने भित्तेपत्रिका यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

### ८. बालबालिकाद्वारा सुरुवातीत तथा वयस्कसँगको साझा निर्णय (Child initiated and shared decisions with adults):

यो चरणमा उल्लेख गरिएको सहभागिता त्यतिखेर सम्भव हुन्छ, जब बालबालिकाले आफ्ना समस्याहरूको पहिचान आफैं गर्दछन् । उक्त समस्या निराकरणका लागि चाहिने कार्यक्रम आफै बनाउँदछन् । यसरी बनाइएको कार्यक्रम केका लागि, कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा पूर्णरूपमा उनीहरूको सहभागिता हुन्छ र कसरी कार्यान्वयन गर्ने भन्ने योजना पनि आफै बनाई कार्यान्वयन गर्दछन् । तर यसबारेमा भएका निर्णयहरू अन्य बालबालिका तथा वयस्कहरूमाफ जानकारी गराउँदछन् । यस चरणअन्तर्गत हुने बालसहभागिता साँच्चै नै अर्थपूर्ण हुन्छ । अर्को शब्दमा, यस अवस्थाको बालसहभागितालाई पूर्ण प्रजातन्त्रिक मुलुकमा नागरिकहरूको हुने सहभागितासरह मानिन्छ ।

***

# सत्र १४ : मनोसामाजिक सहयोग



१ घण्टा ३० मिनेट

### १४.१. सत्रको परिचय:

पीडित बालबालिकाले घटनापश्चात केही समय (र, उपयुक्त निकास नभएमा दीर्घकालीनरूपमा) मानसिकरूपमा विक्षिप्त हुने वा असजिलो महसुस गर्दछन् । यसर्थ बालसंरक्षणमा क्रियाशील वा संलग्न व्यक्ति वा कार्यकर्ताले सम्बन्धीत बालबालिकालाई प्रत्यक्षरूपमा मनोसामाजिक सहयोग दिइनु जरूरी हुन्छ ।

### १४.२. अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- मनोसामाजिक सहयोग के हो र किन आवश्यक हुन्छ भन्ने बारेमा बताउन सक्नेछन् ।
- पीडित बालबालिकालाई मनोसामाजिक सहयोग केकसरी गर्न सकिन्छ भन्ने सीप तथा ज्ञान हासिल गरी अरूलाई पनि भन्न सक्नेछन् ।

### १४.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ टेप, आदि ।

### १४.४. सत्र सञ्चालन गर्ने प्रक्रिया:

- यस सत्रमा सञ्चालन गरिने विषयवस्तु, वा क्रियाकलापबारे सहभागीलाई संक्षिप्तरूपमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप १: मनोसामाजिक सहयोग के हो (२५ मिनेट)**

- सबै सहभागीलाई एकएकवटा मेटाकार्ड बाँड्नुहोस् र "हामीलाई पीर, चिन्ता पर्छ कि पर्दैन ? पर्छ भने कस्ता खालका पर्छन् र किन पर्छन् ?" भनी सोध्नुहोस् ।
- सहभागीहरूलाई सोधिएको प्रश्नको उत्तर वा आ-आफ्ना विचारलाई अघि दिइएको मेटाकार्डमा लेख्न भन्नुहोस् ।
- केही समयपछि, उक्त मेटाकार्डमा लेखिएको कुरालाई सबै सहभागीसमक्ष पालैपालो भन्न लगाउनुहोस् र सहभागीबाट आएको समस्यालाई न्यूजप्रिन्ट पेपरमा टिपोट गर्नुहोस् (दोहोरिएका विचारलाई उल्लेख गर्नुपर्दैन) । साथै, माथिको प्रश्नमा सहभागीले कुनैपनि जवाफ नदिन सक्छन् वा जवाफ नआएको अवस्थालाई पनि स्वीकार्नुहोला ।
- र, यी समस्याहरू आइपर्दा के गरिन्छ भनी पुनः प्रश्न गरी सहभागीबाट आएका सबै कुराहरूलाई छोटकरीमा टिप्नुहोस् ।

- अभ्र, बालबालिकामाथि शोषण, दूर्व्यवहार वा हिंसा भएको अवस्थामा भन् कस्ता खालका थप समस्या आउलान् ? भन्ने प्रश्न गरी एकछिन सहभागीलाई अनुभुति गर्न दिनुहोस् ।
- अब सहभागीसमक्ष मनोसामाजिक शब्दको अर्थ बताई मनोसामाजिक सहयोगबारे छलफल गर्नुहोस् ।
- कुनै हिंसा, शोषण वा दूर्व्यवहारबाट पीडित बालबालिकामा निम्न खालका मनोसामाजिक समस्याहरू आउन सक्दछन् भन्ने कुरा सहभागीलाई जानकारी दिनुहोस् :

**क्रियाकलाप २: मनोसामाजिक सहयोगसम्बन्धी अभ्यास (३५ मिनेट)**

- सहभागीलाई अब ऐना खेल खेलौं भनी जानकारी दिनुहोस् ।
- उपस्थित सहभागीहरूलाई एकआपसमा मुखामुख हुने गरी दुई लहरमा उभिन लगाउनुहोस् । यसो गर्दा समान वा उस्तै उचाई भएका सहभागीहरू वारिपारि पर्नेगरी सहजकर्ताले व्यवस्थापन गर्नुहोस् ।
- यसपछि एक लहरमा रहेका सहभागीले केही अभिनय गर्न लगाउनुहोस् र सँगैको विपरीत दिशामा उभिएको वा सामुन्नेमा रहेको साथीको नक्कल गर्न लगाउनुहोस् । जस्तै सम्मुखको साथीले कपाल मिलाएको अवस्थामा विपरीतपट्टि उभिने साथीले कपाल मिलाउने अभिनय गर्ने ।
- एकछिन यस खेल खेलिसकेपछि वारिपारि रहेका सहभागीबीच जोडी तयार गर्नुहोस् । त्यसपछि जोडी सहभागीमध्ये एकजना पीडित बालबालिका र अर्को सामाजिक कार्यकर्ता भई मनोसामाजिक सहयोग गर्दाको भूमिका निर्वाह गर्न लगाउनुहोस् । यसका लागि १० मिनेटको समय दिनुहोस् ।
- १० मिनटपछि ती जोडी सहभागीहरूमध्ये एकअर्काको भूमिका फेरबदल गर्न लगाउनुहोस् र मनोसामाजिक सहयोग गरिएको चरणहरू ख्याल गरी पुनः भूमिका निर्वाह गर्न भन्नुहोस् ।
- सबै सहभागीहरूले आ-आफ्नो भूमिका निर्वाह गरिसके पछि के-कस्ता अप्ठ्याराहरू आइपरे भनी अनुभव सुनाउन भन्नुहोस् । (यस क्रियाकलापमा के-कस्ता सूचना सङ्कलन गरियो भनी सुनाउनु आवश्यक हुँदैन ।)
- आवश्यकतानुसार सहभागीबाट आएका विचारलाई बुँदागतरूपमा न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।
- सहभागीका अनुभवमा कुनै सुधार गर्नुपर्ने पक्षहरूबारे छलफल गर्न आवश्यक भएमा सहभागीहरूसँग छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (५ मिनेट)**

यस सत्रमा गरिएका छलफलका विषय वा शीर्षकहरू पुन:एकपटक भनी सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## मनोसामाजिक सहयोग

### प्राथमिक मनोसामाजिक सहयोग सीप (Primary Psychosocial Support Skill)

कुनै पनि व्यक्तिको आफ्नो बारे र समाजको बारेमा मन (भावना, सोचाइ, विचार) मा आफ्नै किसिमको धारणा रहेको हुन्छ । व्यक्तिको मन र समाजबीचको सम्बन्धलाई मनोसामाजिक सम्बन्ध भनेर बुझ्न सकिन्छ । मनोसामाजिक सम्बन्धका कारण मानिसले आफू अनुकूल समाजमा अरूका बानी, व्यवहार वा कार्य खोज्दछ । यसो हुनु भनेको उनको मनले समाजसँग अदृष्यरूपमा अन्तर्क्रिया गरिरहेको हो भनेर बुझ्न सकिन्छ । कुनै घटना घटिसकेपछि बालबालिका वा अन्य जो कोहीलाई पनि मानसिकरूपमा उथलपुथल हुने वा असजिलो महसुस हुने गर्दछ । सो असजिलोपना उपयुक्त निकासको अभावमा लामो समयसम्म रहिरहन्छ । कस्ता व्यक्तिलाई विश्वास गर्ने वा जीवनका कस्ता गतिविधिहरूलाई स्वीकार्ने वा नकार्ने भन्ने अन्तरद्वन्द्व व्यक्तिको मनमा भइरहन्छ ।

मनोसामाजिक कार्यदल (नेपाल) ले 'मनोसामाजिक' शब्दलाई यस प्रकारले परिभाषित गरेको छ :

हाम्रा अनुभवको मनोवैज्ञानिक पक्षहरू (हाम्रा विचारहरू, भावनाहरू र व्यवहारहरू) तथा हाम्रा वृहत् सामाजिक अनुभव (हाम्रा सम्बन्धहरू, परम्पराहरू र संस्क्रिति) बीचको निकट सम्बन्धलाई जोड दिन मनोसामाजिक शब्दको प्रयोग गरिन्छ ।[ज्ञ]

'मानवीय क्षमता'मा व्यक्तिको शारीरिक एवम् मानसिक स्वस्थताका साथै उसको ज्ञान तथा सीपहरूसमेत समावेश भएका हुन्छन् । सामाजिक परिवेशले व्यक्तिले एकआपसमा आदानप्रदान गर्ने सामाजिक सम्बन्ध र सहयोगहरूलाई जनाउँछ र त्यो मनोसामाजिक हितको एक महत्वपूर्ण अङ्ग बन्छ । संस्क्रिति र मूल्यहरूले व्यक्तिले घटनाहरूको कस्तो अनुभव गर्छन्, त्यसलाई बुझ्छन् र त्यसको प्रतिक्रिया दिन्छन् भन्ने कुरालाई प्रभाव पार्ने समुदायको खास सन्दर्भ र संस्कारलाई इंगित गर्दछ ।[1]



यसर्थ, मनोसामाजिक सहयोग प्रभावित बालबालिकाको समग्र हितको खातिर हुने गर्दछ । यो छुट्टै क्रियाकलाप वा गतिविधिको रूपमा स्थापित गरिनुहुँदैन । यसका लागि कतिपय सन्दर्भमा सम्बन्धीत प्रभावित बालबालिकालाई मात्र मनोसामाजिक सहयोग प्रदान गर्ने नभई पारिवारिक छलफल पनि चलाउनुपर्ने हुन सक्दछ । परिवारले सो बालक वा बालिकालाई स्वीकार गर्नु, पारिवारिक गतिविधिहरूमा संलग्न गराउनु, मायालु वातावरण सिर्जना गर्नु र उनीहरूलाई सुरक्षित महसुस गराउनु आवश्यक हुन्छ ।

१ संयुक्त राष्ट्रसंघ बालकोष (युनिसेफ), २०१०, कफाग कार्यसमूहः नेपालमा समुदायमा आधारित पुनःएकीकरणका लागि श्रोत पुस्तिका, काठमाडौं पेज २६

**मनोसामाजिक सहयोगका चरणहरू :**

मनोसामाजिक सहयोग कुनै निश्चित ढाँचामा हुनु जरूरी मानिदैन । तथापि कतिपय सन्दर्भमा मनोसामाजिक सहयोगका चरणहरूबारे ज्ञान भए पीडित वा प्रभावित बालबालिकाको सन्दर्भमा बालसंरक्षण कार्यकर्ताले एक उपयुक्त निकास दिन सक्दछन् । यसर्थ, देहायमा केही चरणबारे उल्लेख गरिएको छ :

क) सम्बन्ध विस्तारः पीडित वा प्रभावित बालबालिकालाई मनोसामाजिक सहयोग दिंदा तत्कालको घटनासँग सम्बन्धीत सबै पाटा, क्षेत्रमा सतर्क भएर त्यसमा जानकारी प्राप्त गर्नु जरूरी छ । जस्तै, पीडित वा प्रभावितहरूमा हुने सम्भावित स्वास्थ्य समस्या, सामाजिक समस्या, आर्थिक समस्या, कानुनी समस्या तथा राज्यले यससम्बन्धी गरेको व्यवस्था आदि बारे जानकारी हुनुपर्दछ । मनोसामाजिक सहयोगमा प्रभावित बालबालिकासँग आफ्नो राम्रो सम्बन्ध बनाउनु आवश्यक हुन्छ । कार्यकर्ताले बालबालिकालाई सुरक्षित र सजिलो महसुस हुने वातावरणमा छलफल सत्र सुरु गर्नुपर्दछ । गोपनीयताको पक्षलाई मध्यनजर गरेर मनोसामाजिक सहयोगका लागि अनिवार्यरूपमा एक अलग कोठाको व्यवस्था भयो भने राम्रो हुन्छ । पीडित वा प्रभावित बालबालिका प्रायःजसो सजिलै खुल्न नचाहने स्वभावका हुने हुँदा उनीहरूसँग काम गर्दा धैर्यवान् हुनुपर्दछ । कतिपय अवस्थामा उनीहरूसँग सम्बन्ध स्थापना गर्न मात्रै पनि दुईतीन पटक छलफल गर्नुपर्ने हुन सक्दछ । राम्रो सम्बन्ध स्थापित गरिसकेपछि प्रभावित बालबालिकालाई सजिलो महसुस हुनेगरी छलफल सत्र अगाडि बढाउनुपर्दछ । धेरैजसो अवस्थामा बालिकाहरू महिला कार्यकर्तासँग नै खुल्न सजिलो महसुस गर्ने हुनाले अन्तर्वार्ता लिँदा वा प्राथमिक मनोसामाजिक सहयोग गर्दा महिला कार्यकर्ता भएमा राम्रो हुन्छ । यदि यसो गर्न सम्भव नभएमा पीडित वा प्रभावित बालबालिकाको सहमति लिएर पुरुष कार्यकर्ताले कुनै अर्को एक महिलाको उपस्थितिमा छलफल सत्रलाई अघि बढाउन सकिन्छ । यदि पीडित वा प्रभावित व्यक्ति बोल्न चाहेनन् भने नजिकको दौतरी समूह वा साथीहरूको सहयोगको माध्यमबाट पनि छलफल सत्रलाई अगाडि बढाउन सकिन्छ ।

ख) समस्याको लेखाजोखा : पीडित वा प्रभावित बालबालिकालाई उनको दुःखपूर्ण भावना अभिव्यक्त गर्न दिनुपर्दछ । र, बालसंरक्षण कार्यकर्ताले उनका समस्या र कथाव्यथालाई सुन्न तत्पर रही आफूलाई सहयोगीका रूपमा प्रस्तुत गर्नुपर्दछ । यदि उनीहरू रुन वा कराउन चाहन्छन् भने पनि उनीहरूलाई त्यसो गर्न दिनुपर्दछ र त्यसमा कुनै बाधा पुऱ्याउँनु हुँदैन । त्यसो गर्दा पीडित वा प्रभावित बालबालिकालाई केही अप्ठ्यारो भएमा एकछिन विश्राम लिंदा उपयुक्त हुन्छ । बालबालिको सहयोग खोज्ने भावनाप्रति आफूलाई संवेदनशील बनाउनुपर्दछ । छलफल गर्दा उपयुक्त वातावरणमा बसाइँ र नरम बोलीमा प्रश्न गरिनुपर्छ । यस चरणमा पीडित वा प्रभावित बालबालिकाको समस्यालाई केन्द्रविन्दुमा राखी त्यसका असरहरूको लेखाजोखा गरिन्छ । साथै, पीडित वा प्रभावित बालबालिकाको



भावना, उनको त्यस समस्याप्रतिको दृष्टिकोण पनि यस चरणमा राम्ररी जाँच्नु आवश्यक छ ।

ग) समस्याको विश्लेषण : छलफलको क्रममा बालसंरक्षण कार्यकर्ताले पीडित वा प्रभावित बालबालिकाको सम्पूर्ण भावना तथा समस्याहरू बुझेको छु भन्ने विश्वास दिलाउन सक्नुपर्दछ । समस्यामा परेको समयदेखि नै प्रभावित बालबालिकाप्रति हुनसक्ने दूर्व्यवहारले उनीहरूको जीवनमा नकारात्मक छाप पारेको हुन सक्दछ । यसबाट उनीहरूमा मानसिक तनाव, जीवनप्रतिको नकारात्मक भावना, निराश हुने भावना आउनसक्दछ । तसर्थ यी सबै कुरालाई ध्यानमा राखी दुवै पक्ष मिलेर समस्याको हल गर्न सम्भाव्य विकल्प पहिल्याउनु आवश्यक हुन्छ । समस्यालाई सम्बोधन गर्नका लागि आवश्यक विभिन्न तरिकाको पहिचान गर्ने तथा प्रत्येक चरणमा गरिएको कार्यको मूल्याङ्कन गरिनुपर्दछ । हरेक व्यक्ति अर्कोभन्दा भिन्न हुने हुनाले एउटै तरिका सबैलाई उपयुक्त नहुनसक्छ । त्यसकारण मनोविमर्शकर्ताले पीडित वा प्रभावित बालबालिकाको भावना, तर्क, त्यस समस्याप्रति उनीहरूको दृष्टिकोण राम्रोसँग बुझ्नुपर्दछ । बालसंरक्षण कार्यकर्ताले पीडित वा प्रभावित बालबालिकासँग मिलेर समस्या हल गर्न सम्भाव्य उपायहरू खोज्न आवश्यक तयारी गर्नुपर्दछ । यसो गरिसकेपछि दुवै मिलेर पीडित वा प्रभावित बालबालिकाको आवश्यकतालाई ध्यानमा राखी उपलब्ध श्रोतहरूको पहिचान गर्न सकिन्छ र ती श्रोतलाई समस्या समाधान गर्नमा कसरी उपयोग गर्न सकिन्छ भन्नेबारे छलफल गरिनुपर्दछ ।

घ) अग्रसरता, पहल र योजनाः यस चरणमा बालबालिकालाई अब कसरी समस्या समाधान गर्न सकिन्छ भन्ने कुरा उनीहरूबाटै निकाल्न प्रेरित गरिनुपर्दछ । त्यसपछि बनाइएका योजना व्यवहारिक छ कि छैन भनेर जाँच गर्नु पर्दछ । ती समस्या समाधानका लागि विकल्पको पहिचान गरी कुन रूपमा अघि बढाउने हो भन्ने योजना पनि यसै सत्रमा बनाइन्छ । तत्पश्चात् तय गरिएका विकल्पहरू समस्याको सम्वोधन गर्न वा व्यवहार परिवर्तनका लागि कत्तिको महत्वपूर्ण छन् भनेर मूल्याङ्कन गर्नुपर्दछ । यी योजनाहरू परिवर्तनशील हुनुपर्छ किनभने बनाइएका योजना यदि कुनै मोडमा उपयुक्त हुन नसक्ने अवस्था छ भने फेरि संशोधन गर्नुपर्दछ । जसको निर्णय धेरैजसो अवस्थामा स्वयं प्रभावित बालबालिकाले गर्न सक्दछन् । यसमा बालसंरक्षण कार्यकर्ताले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ ।

ङ) कार्यान्वयन : यस चरणमा बनाइएका योजनाहरू क्रमबद्धरूपमा कसरी कार्यान्वयन गर्ने भन्ने बारे छलफल गरी तिनलाई कार्यान्वयन गरिन्छ । यदि पीडित वा प्रभावित बालबालिकालाई कुनै समस्या परेमा बालसंरक्षण कार्यकर्ताले सहयोग गर्नुपर्दछ । यही क्रममा पीडित वा प्रभावित बालबालिकामा आएका परिवर्तनको हरेक तहमा मूल्याङ्कन गर्नु पर्दछ ।

च) सत्रको समापन र फलोअप : बालबालिकाको व्यवहारमा आएका परिवर्तन र भएका प्रगति तथा समस्या समाधानका लागि उपयोग गरिएको श्रोतबारे अन्तिम चरणमा लेखाजोखा गरिन्छ । यी सबैपछि पीडित वा प्रभावित बालबालिकालाई नियमित फलोअपमा आइराख्नका लागि प्रेरित गर्नुका साथै उनले बनाएका योजनाअनुसार नियमितरूपमा र सहज ढङ्गले चलेको छ कि छैन भन्ने कुराका निश्चित गरिसकेपछि सहयोगको समापन गरिन्छ । अन्तिममा यदि कुनै बेला केही समस्या परे आफूकहाँ आउन र मनोसामाजिक सहयोग लिन आग्रह गर्दै सत्रको अन्त्य गरिन्छ ।

पीडित वा प्रभावित बालबालिकालाई पारिवारिक तथा सामाजिक गतिविधिहरूमा संलग्न गराउन सकिएमा मनोसामाजिक सहयोग बढी प्रभावकारी हुन्छ । यसरी नै शिक्षा, मनोरञ्जन, सामाजिक अन्तर्क्रियामा सहभागितालगायतका उमेर र अवस्था सुहाउँदा र केही निश्चित पद्धति वा प्रक्रियाहरू अपनाउन सकिएमा त्यसले पीडित वा प्रभावित बालबालिकालाई थप सहयोग गर्दछ । यसर्थ, मनोसामाजिक सहयोगको साथसाथै पीडित वा प्रभावित बालबालिकालाई निम्न कुराहरूमा ध्यान दिदैं दैनिक क्रियाकलापमा संलग्न गराउने कोशिस गर्नुपर्दछ :

- घरपरिवारमा सहयोग गर्ने, पढाइ, पोसिलो खाना, खेलकुद, मनोरञ्जनका लागि व्यक्तिगत समय तालिका निर्माण गर्ने र पर्याप्त आराम गर्ने ।
- बिहान सबेरै उठ्ने र नियमितरूपमा व्यायाम गर्ने ।
- सङ्गीत सुन्ने र मनोरञ्जनात्मक क्रियाकलापमा भाग लिने ।
- आफ्नो दैनिकीलाई व्यस्त बनाइरहने (खाली दिमाग भूतको घर भन्ने उखान सम्झने ।

- समयसमयमा आफ्नो सबल पक्ष तथा सुधार्नुपर्ने पक्ष केलाउने ।



- परिवारका सदस्यहरू तथा दौतरीहरूलाई समस्या परेका बालबालिकालाई एक्लै नछाड्न भन्ने र समूहमा घुलमिल हुने वातावरण सिर्जना गर्ने ।
- परिवारका सदस्यहरू र दौतरीहरूलाई समस्या परेको व्यक्तिका लागि थप समय दिने ताकि उनले आफ्नोपन महसुस गर्न सकून् ।
- संवेदनशील भई पीडित वा प्रभावित बालबालिकाको कुराहरू ध्यान दिएर सुन्ने खालको वातावरण तयार गरिदिने ।
- अरू व्यक्ति माझ पीडित वा प्रभावित बालबालिकाको नराम्रा पक्षभन्दा पनि सकारात्मक खालका कुराहरू गर्ने । पीडित वा प्रभावित बालबालिकाको सकारात्मक (सबल) पक्षहरू खोज्ने र त्यसबारेमा उनलाई भनिदिने ।
- आवश्यकताअनुसार उनलाई आराम गर्न दिने तथा आफू सुरक्षित भएको महसुस गर्न दिने ।
- गम्भीर खालको समस्या देखियो भने मनोसामाजिक विमर्शकर्ता (Psychosocial Counselor) कहाँ लैजाने ।

(साभारः प्लान नेपाल र इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, २०१३, समुदायमा आधारित बालसंरक्षण संरचनाहरूका पदाधिकारीहरूका लागि बालसंरक्षण कार्यसम्बन्धी श्रोत-पुस्तक, पेज.??)

***

# सत्र १५ : बालिकाहरूको संरक्षणको सम्बोधन



१ घण्टा ३० मिनेट

### १५.१. सत्रको कपरिचय

प्रस्तुत सत्रको लक्ष्य बालिकाहरूको संरक्षणसँग सम्बन्धीत खासखास सवालहरूको सम्बोधन गर्न आमा समूहको भूमिका स्पष्ट पार्ने रहेको छ ।

### १५.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कुरा/पक्षहरूमा सक्षम हुनेछन् :

- बालबालिकाको संरक्षणमा आमा समूहको भूमिकाबारे चर्चा गर्न ।

### १५.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूजप्रिन्ट पेपर

### १५.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

**क्रियाकलाप १: समुदायमा आधारित वैकल्पिक हेरचाहसम्बन्धी समूह छलफल (३५ मिनेट)**

- सहभागीहरूको सङ्ख्याअनुसार उनीहरूलाई तीन वा चार समूहमा विभाजन गर्नुहोस् ।
- समुदायमा रहेका बालिकाहरूका संरक्षणका मुद्दाहरू के-के छन् र तिनीहरूलाई सम्बोधन गर्नका लागि समुदायतहमा नै के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ? त्यसका लागि महिला समूहको के-कस्तो भूमिका हुन्छ ? भन्ने प्रश्नहरूमा छलफल गर्न लगाउनुहोस् ।
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् ।

- प्रस्तुतीमा अन्य समूहका सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न अवसर दिनुहोस् तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसबारे पनि छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- खासगरी बालिकाहरूको संरक्षणका लागि राज्यको दायित्वबारे छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।
- अन्त्यमा सक्रिय सहभागिताको लागि सबै सहभागीलाई धन्यवाद दिनुहोस् ।

***

# सत्र १६ : किशोरावस्थामा आउने परिवर्तनहरूबारे जागरण



**१ घन्टा १५ मिनेट ।**

### १६.१. सत्रको परिचयः

किशोरावस्था र किशोरकिशोरीमा आउने शारीरिक तथा मानसिक परिवर्तन तथा असरहरूबारेमा जानकारी दिने र किशोरावस्थामा उत्पन्न हुनसक्ने नकारात्मक असरबाट कसरी जोगिने भन्ने बारेमा छलफल गर्नु यस सत्रको उद्देश्य रहेको छ ।

### १६.२. अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- किशोरावस्था भनेको के हो भन्ने थाहा पाउनेछन् ।
- किशोरावस्थामा आउने शारीरिक तथा मानसिक परिवर्तन तथा यसबाट उनीहरूमा पर्ने असरहरूबारेमा जानकारी पाउनेछन्
- किशोरावस्थामा उत्पन्न हुनसक्ने नकारात्मक असरबाट किशोरकिशोरीलाई जोगाउन कसरी मद्दत गर्ने भन्ने जानकारी थाहा पाउनेछन् ।

### १६.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्रीः

किशोरावस्थासम्बन्धी फ्लिप चार्ट, मेटाकार्ड, आदि ।

### १६.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

**क्रियाकलाप १ः किशोरावस्थाबारे छलफल (३५ मिनेट)**

- सहभागीहरूलाई किशोरावस्थाको बारेमा कतै पढ्नुभएको छ ? कहिँकतैबाट केही सुन्नुभएको छ ? भनी प्रश्न सोध्ने । अँ, भन्ने उत्तर आएमा किशोरावस्था भन्नाले के बुझिन्छ र यस अवस्थामा कस्ताकस्ता परिवर्तन देखा पर्दछन् भनी सहभागीलाई भन्न लगाउने । (किशोरावस्थासम्बन्धी फ्लिप चार्ट (उपलब्ध भएमा) देखाई छलफल गर्न सकिन्छ ।)
- प्रश्नको उत्तर सोचेर भन्नका लागि आ–आफ्ना कापीमा उतार्न सहभागीलाई ५ मिनेट समय दिने ।
- अब सहभागीलाई किशोरावस्था र यस अवस्थाका परिवर्तनहरू पालैपालो एक–एकवटा भन्न आग्रह गर्ने ।
- सहभागीबाट आएका कुरालाई बुँदागतरूपमा न्यूजप्रिन्ट पेपरमा उतार गर्ने ।

- न्यूजप्रिन्ट पेपरमा टिपिएका बुँदाहरूबाहेक भिन्न/फरक केही बुँदा कुनै सहभागीसँग भए थप गर्न आग्रह गर्ने ।
- सहभागीबाट आएका बुँदाहरूलाई समेट्दै यस पाठ्यसामग्रीको सहयोगबाट किशोरावस्था र यसका स्वभावजन्य विशेषताहरूबारे जानकारी दिने ।

## किशोरावस्था

- सामान्यतया १३ देखि १८ वर्षको उमेरसमूहका व्यक्तिलाई किशोरकिशोरी भनिन्छ र सो अवस्थालाई किशोरावस्था भनिन्छ ।
- किशोरावस्थाको सुरूवातमा अत्यन्तै द्रुतगतिमा शारीरिक वृद्धि हुने, यौनअङ्गमा परिवर्तन आउने र प्रजनन क्षमताको विकास हुने हुन्छ ।

## किशोरावस्थामा देखा पर्ने शारीरिक तथा मानसिक परिवर्तनहरू

### क) शारीरिक परिवर्तन

- पुरूष (केटा)हरूको स्वर धोद्रो हुनु
- पुरूषहरूमा दाह्रीजुँगा आउने
- महिला(केटी)हरूमा महिनावारी वा रजस्वला हुने
- यौनअङ्ग वा जनेन्द्रियहरूको विकास हुने
- यौनअङ्गहरूको वरीपरि र काखीमुनी रौं आउने

### ख) मानसिक परिवर्तन

- चञ्चले स्वभाव, सिर्जनात्मक हुन्छन् ।
- दिउँसै सपना देख्छन् ।
- विपरीत लिङ्गीप्रति चाँडै आकर्षित हुने ।
- अरूको बहकावमा लाग्ने ।
- अरूको कुरामा छिट्टै विश्वास गर्छन्
- उनीहरूले हतारमा निर्णय लिँदा फुर्सदमा पछुताउँछन् ।
- छिटो रिसाउने ।
- आफूभन्दा उमेरले ठूलाहरूको कुरा सुन्दैनन् । आफ्नो कुरालाई मात्र ठीक ठान्छन् ।
- जिद्दी स्वभावका हुन्छन् ।
- देखासिकी गर्न वा नक्कल गर्न चाहन्छन् ।

- चञ्चल र नयाँनयाँ ठाउँमा घुम्न रुचाउँछन् ।
- नयाँ कुरा वा यौनव्यवहारबारे जिज्ञासु हुन्छन् ।
- दौँतरी साथीहरूको सङ्गत र यसको प्रभाव बढी हुन्छ ।
- लडाइँ, झगडातिर उन्मुख हुने स्वभाव हुन्छ ।
- हाँस्ने बानी र इर्ष्यालु हुन्छन् ।
- 'यी शारीरिक तथा मानसिक परिवर्तनहरू किशोरावास्थामा देखिने लक्षणहरू हुन् । यी परिवर्तनहरू किशोरावस्थामा उत्पन्न हुने एक किसिमको हर्मोनका कारणले हुने हुन्छ । शारीरिक परिवर्तनलाई हामीले स्वभाविकरूपमा बढ्न दिनुपर्दछ भने मानसिक परिवर्तनमध्ये व्यक्तिगत तथा सामुहिक विकासमा असर गर्ने व्यवहार र कार्यहरूलाई हामी एक हदसम्म आफै नियन्त्रण गर्न सक्छौं' भन्ने कुरा सहभागीसँग छलफल गर्ने ।

**क्रियाकलाप २: किशोरावस्थाबारे जागरणको अभ्यास (४० मिनेट)**

- सहभागीहरूलाई आफू किशोरावस्थामा हुँदा आफूलाई खुसी, रमाइलो वा मनपर्ने क्षणहरू सम्झन लगाउनुहोस् ।
- सहभागीहरूलाई सोच्न केही समय दिएपछि त्यसबारे भन्न लगाउनुहोस् र आएको बुँदामा छलफल गर्नुहोस् । यसो गर्दा सहभागीहरूलाई पहिले आइसकेको बुँदा दोहोऱ्याउन नपाइने नियम बताउनुहोस् ।
- त्यसपछि आफू किशोरावस्थामा हुँदा के-कस्ता कारणले आफूलाई चित्त दुख्थ्यो त्यो स्मरण गर्न लगाउनुहोस् र माथिकै प्रक्रिया अपनाई छलफल अगाडि बढाउनुहोस् ।
- सहभागीहरूलाई आफूले आफैलाई नियाल्दा कस्तो महसुस भयो भनी प्रश्न गर्ने र त्यसमा छलफल गर्ने ।

**सहजकर्ताका लागि**

हामी कहिले खुसी त कहिले दुःखको संवेगको महसुस गर्दछौं । हामीमा कहिले माया, स्नेह, प्रेम, सद्भाव आदि सकारात्मक भावना उत्पन्न हुन्छ त कहिले घृणा, रिस, द्वेष, ईर्ष्या, अपसोचजस्ता नकारात्मक भावना उत्पन्न भएको अनुभव हुन्छ । सकारात्मक क्षणहरूले हाम्रो जीवनमा जोश, जाँगर, हौसला, आशाजस्ता कुराहरूलाई बढावा दिएका हुन्छन् । यिनले हाम्रो जीवनमा आशाको ज्योतिको किरण ल्याइदिन्छ । नकारात्मक मनोभावनाले निराशा र अन्धकार ल्याइदिन्छ । नकारात्मक भावनाले असर पारेपछि हाम्रो दिमागले ठीकसँग सोच्न वा काम गर्न सक्दैन । यस्तो अवस्थामा हामीले धैर्यता अपनाउनु आवश्यक हुन्छ ।

हामी सबैमा अन्तर्निहीत क्षमता वा खुवी हुन्छन् । जसलाई हामीले कहिल्यै चिन्ने वा बुझ्ने प्रयास नगरिएको पनि हुन सक्दछ । ती खुबीहरूलाई पहिचान गरी आफूमा भएका कमीकमजोरीहरूलाई सुधार्दै हामीले आफ्नो क्षमताको विकास गर्न सक्दछौं । हामीले संसारको सबैभन्दा राम्रो अमूल्य मानवजीवन पाएका छौं त्यसलाई कसरी जीउनेः सकारात्मक तरिका वा व्यवहार अपनाएर वा नकारात्मक भएर त्यो हामी आफ्नै हातमा छ ।

- सहभागी सबैलाई धन्यवाद दिई पूनरावलोकन गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## बालविकासका विभिन्न अवस्थाहरू र किशोरावस्था

### बालविकास

मानवविकास गर्भधारणको अवस्थादेखि वयस्क तथा वृद्धावस्थासम्म नै क्रमशः अगाडि बढिरहने प्रक्रिया हो । बालविकासको क्रमलाई मुख्यतया शारीरिक विकास, सामाजिक विकास, संवेगात्मक (रिस, राग, घृणा, माया आदि जुन देख्न नसकिने तर महसुस गर्न सकिने विकास र बौद्धिक विकास गरी चार क्षेत्रमा छुट्याउने गरिएको पाइन्छ । यी चारै क्षेत्रलाई आधार बनाएर १८ वर्षभन्दा मुनिका बालबालिकाको विकासलाई देहायअनुसार पाँच चरणहरूमा विभाजन गर्ने गरिएको छः

१) गर्भावस्था ० देखि ९ महिनासम्म

२) शैशव अवस्था जन्मदेखि २ वर्षसम्म

३) पूर्व बाल्यावस्था २ वर्षदेखि ६ वर्षसम्म

४) मध्य बाल्यावस्था ६ वर्षदेखि १२ वर्षसम्म

५) किशोरावस्था १३ वर्षदेखि १८ वर्षसम्म

### ख) किशोरावस्था




सामान्यतया १३ देखि १८ वर्षको उमेरसमूहमा रहेका बालबालिकालाई किशोरकिशोरी मानिन्छ र सो अवस्थालाई किशोरावस्था भनिन्छ । किशोरावस्थाको सुरुवातमा अत्यन्तै द्रुत गतिमा शारीरिक वृद्धि हुने, यौन अङ्गमा परिवर्तन आउने र प्रजनन क्षमताको विकास हुने हुन्छ । उपयुक्त सहयोगी परिवेश र संयन्त्रहरूको अभावमा यस उमेरसमूहमा ठूला दुर्घटना हुने सम्भावना रहेकाले किशोरावस्था मानिसको जीवनको सबभन्दा बढी चुनौतीपूर्ण र जटिल समय हो ।

यो अवस्थामा खासगरी देहायका स्वभावजन्य विशेषताहरू देखिन्छन्:

- आफ्नो बारेमा, आफ्नो रूप तथा शरीरको बारेमा धेरै सजग बन्छन् । छिटो शारीरिक परिवर्तन हुने भएका कारण तिनलाई कसरी व्यवस्थित गर्ने भनी किशोरकिशोरी सँधै तनावग्रस्त हुन्छन् । कसरी यस्तो परिवर्तन लिएर वरिपरिको वातावरणमा समायोजन हुने भनी हलचल पैदा हुन्छ ।

- आफूप्रतिको बुझाई, आफ्नो पहिचान (म को हूँ ?), आफ्नो भूमिका (मेरो भूमिका के हो ?, मेरो अर्थ के हो ?), आफ्नो सम्बन्धहरू (म कसको हूँ ? म कोसँग सम्बन्धीत छु ?) आदिको बारेमा किशोरकिशोरीमा खोज, प्रश्न र द्विविधाको परिस्थिति देखिन्छ ।




- उनीहरूमा आत्मसम्मान बोधको कमी आउँछ र आफ्ना बारेमा, आफ्नो जीवनका बारेमा अनिश्चितता बढ्छ । धेरै किशोरकिशोरी साना उमेरका बालबालिकाजस्तै कहिलेकाहीँ आत्मकेन्द्रित र स्वार्थी हुन्छन् ।
- केही किशोरकिशोरीले वयस्कहरूले जस्तै र कहिलेकाहीँ उनीहरूले भन्दा पनि अझ राम्रो ढङ्गले तर्कगत रूपले कल्पना गर्न र सैद्धान्तिक ढङ्गले सोच्न सक्छन् ।
- यही समयमा विपरीत लिङ्गप्रति आकर्षण हुन थाल्छ ।
- अत्यन्त संवेगशील र भावुक हुनसक्छन् ।
- प्रत्येक निर्णयप्रक्रियामा भाग लिन उत्सुक रहन्छन् (परिवारमा, विद्यालयमा आदि) । राम्रो निर्णय लिने र राम्रो फैसला लिने मिश्रित सक्षमता हुन्छ ।
- जटिल कामहरू सम्पादन गर्न परिपक्व सीपहरू विकास भएको हुन्छ ।
- अनुमान लगाउन, कल्पना गर्न, सिद्धान्तहरूबाट निचोड निकाल्न सम्भाव्यता र वास्तविकता दुवैलाई महत्व दिन अझ बढी सक्षम हुन्छन् ।
- उनीहरू छनौट गरी ध्यान केन्द्रित गर्न सीपालु हुन्छन् (जस्तै ठूलो आवाजमा सङ्गीत सुन्दै कठिन गणितको अभ्यास गर्न ।
- सम्झना शक्ति झन् फराकिलो बन्छ र ज्ञान झन्झन् द्रुत गतिले सम्पन्नतातर्फ बढ्छ ।
- पुरानासँग नयाँ सोचलाई दाँजेर हेर्ने, अवधारणालाई विश्लेषण गर्ने, उनीहरूको आफ्नै विचार ल्याउने क्षमता बढ्छ ।
- अरूको आवश्यकतामा अत्यन्तै संवेदनशील र सहयोगी हुन्छन् ।
- दौँतरीको प्रभाव बलियो हुन्छ– जस्तोः घरपरिवारभन्दा साथीसँगीहरूसँग घुमफिर र बसउठ गर्न बढी मन पराउँदछन् । यसले गर्दा विकास बिथोल्ने बाधाहरू उत्पन्न हुने खतरा पनि बढ्छ ।

***

# सत्र १७ : वैदेशिक रोजगारलाई कसरी सुरक्षित बनाउने ?



८० मिनेट

### १७.१ सत्रको परिचय:

नेपालमा कामको सिलसिलामा विदेश जाने प्रचलन दिनप्रतिदिन व्यापक बन्दै गएको छ । गाउँघरतिर ठूलो सङ्ख्यामा किशोरकिशोरीहरू वैदेशिक रोजगारमा गएका पाइन्छन् । प्रतिदिन १ हजार ५०० का दरले नेपालीहरू विदेश (भारतबाहेक) जाने गरेका छन् भन्ने सरकारी तथ्याङ्क छ । अर्को तीतो वास्तविकता भनेको प्रत्येक दिन औसत दुईदेखि तीनजना वैदेशिक रोजगारमा गएका नेपालीको लास आउने गर्दछ । त्यसैगरी वैदेशिक रोजगारीमा गएका हजारौंको सङ्ख्यामा नेपाली ठगिने, लुटिने, जेलमा पर्ने, मानसिक तथा शारीरिक यातनाको शिकार हुने गरेका घटना प्रशस्त छन् । माइती नेपालको एक अध्ययनअनुसार बैदैशिक रोजगारमा गएकामध्ये करिब ६० प्रतिशत महिलाहरू विभिन्न समस्याहरू भोगी बेखर्ची भई नेपाल आउने गरका छन् । त्यसैले वैदेशिक रोजगारीमा जानुपूर्व अपनाउनुपर्ने सावधानी तथा गर्नुपर्ने तयारीबारे प्रस्तुत सत्रको छलफलले सघाउँदछ ।

### १७.२ अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- वैदेशिक रोजगार भनेको के हो र वैदेशिक रोजगारको क्रममा आइपर्ने समस्याहरूको बारेमा बताउन,
- वैदेशिक रोजगारमा जानुपूर्व र गइसकेपछि आइपर्ने जोखिमलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बताउन,
- आफ्नो गाउँसमाजमा वैदेशिक रोजगारमा जान चाहनेहरूलाई जागरूक बनाउन बालक्लब वा किशोरकिशोरीसमूहको तर्फबाट क्रियाशील हुन ।

### १७.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, केस स्टडी आदि ।

### १७.४ सत्रको तयारी:

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीमध्येबाट वैदेशिक रोजगारीमा गएर फर्किएका वा परिवारका कोही गएर फर्किएका छन् भने उनको अनुभव ५-७ मिनेटको बताउन लगाउनुहोस् ।

- यस सत्रमा दिइएका अध्ययनका विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । अन्य सन्दर्भसामग्रीको पनि अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सत्रका सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

## १७.५ सत्र सञ्चालन गर्ने प्रक्रिया: १० मिनेट

सहभागीलाई छलफल गरिने विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनको लागि सत्रको तयारी खण्डमा उल्लेख गरिएका अनुभव सुनाउन अनुरोध गर्नुहोस् । त्यसपछि यस सत्र अन्तर्गत अध्ययन सामग्रीमा दिइएको घटनाअध्ययन (केस स्टडी) सुनाउनुहोस् । त्यसपछि सहभागीहरूको बीचमा छोटो छलफल चलाउनुहोस् र मूल विषयवस्तुमा प्रवेश गर्नका लागि वातावरण बनाउनुहोस् ।

### क्रियाकलाप १: बसाइँसराइ र वैदेशिक रोजगारीको अर्थ तथा परिभाषा (१० मिनेट)

- बसाइँसराइ भनेको के हो भनी कक्षाकोठामा छलफल चलाउनुहोस् । परिभाषा बताउनुहोस् । र,वैदेशिक रोजगारको बारेमा बताउनुहोस् ।
- वैदेशिक रोजगारीसम्बन्धी तथ्यगत जानकारी संक्षिप्तरूपमा बताउनुहोस् । वैदेशिक रोजगारीको फाइदा तथा बेफाइदाको बारेमा पनि चर्चा गर्नुहोस् ।

### क्रियाकलाप २: समूह छलफल ) ५० मिनेट

- प्रत्येक सहभागीलाई सुरक्षित वैदेशिक रोजगारीका लागि के-के गर्नुपर्दछ, पाँच-पाँचवटा बुँदाहरू आफ्नो कापीमा लेख्न अनुरोध गर्नुहोस् ।
- सँगै बसेका तीन-तीनजना साथीहरूबीच छलफल गराई कम्तीमा १०/१० वटा बुँदा तयार गर्न लगाउनुहोस् । र, प्रत्येक समूहबाट एक/एक जनालाई बसेको स्थानबाट नै प्रस्तुत गर्न लगाउनुहोस् ।
- सुरक्षित वैदेशिक रोजगारको लागि ध्यान दिनुपर्ने सवालहरू र किशोरकिशोरी तथा बालबालिकामा बसाइँसराइ (वैदेशिक रोजगारका) का जोखिमहरू के-के हुन सक्दछन् भन्ने सम्बन्धमा कक्षाकोठा छलफल चलाउनुहोस् ।
- छलफलको सारांश तथा निचोड बताउनुहोस् ।

### क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

'यस सत्रमा हामीले के-के छलफल गर्‍यौं ?' भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बसाइँसराइ भनेको के हो ?
- वैदेशिक रोजगार भनेको के हो ?
- वैदेशिक रोजगारीका फाइदा तथा बेफाइदाहरू के-के हुन् ?
- १८ वर्षमुनिका बालबालिकाले वैदेशिक रोजगारीमा जाँदा के-के कुरामा ध्यान पुर्‍याउनुपर्दछ ? (यो झुक्याउने प्रश्न हो । किनभने १८ वर्ष उमेर पुरा नभई वैदेशिक रोजगारमा जान नेपालको कानुनले निषेध गरको छ ।)
- वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू के-के हुन्?

छलफलमा सक्रिय सहभागी भएकोमा सबैलाई धन्यवाद दिँदै सत्र अन्त्य गर्नुहोस् ।

***

# सत्र १८ : सुरक्षित वैदेशिक रोजगारीका लागि बालक्लबको भूमिका



**४० मिनेट**

### १८.१ सत्रको परिचयः

स्थानीयतहमा क्रियाशील बालक्लबले सुरक्षित वैदेशिक रोजगारीका सम्बन्धमा जनचेतना अभिवृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । के-के सावधानी अपनाउँदा वैदेशिक रोजगारी सुरक्षित हुनसक्दछ भन्ने सन्दर्भमा समुदायमा व्यापक छलफल कार्यक्रम सञ्चालन गरी वैदेशिक रोजगारीमा जाने किशोरकिशोरीहरूलाई सचेत बनाउन सक्दछन् । गैरकानुनीरूपमा वैदेशिक रोजगारीमा जाने कार्य र क्रमलाई निरूत्साहित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

### १८.२ अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीले,

- वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन स्थानीयतहमा बालक्लबको भूमिकाबारे जानकार भई  क्रियाशील हुन सक्नेछन् ।
- वैदेशिक रोजगारीका सम्बन्धमा समुदायमा खासगरी किशोरकिशोरीहरूलाई लक्षित गरी सचेतना अभिवृद्धि गर्न अभिप्रेरित हुनेछन् ।

### १८.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्रीः

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, आदि ।

### १८.४ सत्रको तयारीः

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीमध्येबाट बालक्लबमा सक्रिय कुनै एक सहभागीलाई बालक्लबले गरेका उल्लेखनीय कार्य भन्न अनुरोध गर्नुहोस् । अझ, वैदेशिक रोजगारीका सम्बन्धमा स्थानीयतहमा भए, गरिएका उल्लेखनीय वा सफल कथा भए सुनाउन प्रोत्साहन गर्नुहोस् ।

### १८.५ सत्र सञ्चालन गर्ने प्रक्रियाः ५ मिनेट

'सहभागीलाई छलफल गरिने विषयवस्तुबारे जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउन सत्रको तयारीमा उल्लेख गरिएझैं सहभागीहरूलाई आफ्ना अनुभव सुनाउन अनुरोध गर्नुहोस् । त्यसपछि आवश्यकताअनुसार एक समूहमा तीनदेखि चारजनासम्म पर्नेगरी सहभागीलाई समूहमा विभाजन गर्नुहोस् ।

**क्रियाकलाप १: बालक्लबको भूमिका सम्बन्धमा समुह छलफल ? (२५ मिनेट)**

- सुरक्षित वैदेशिक रोजगारीको लागि स्थानीयतहमा बालक्लबले खेल्नसक्ने भूमिकाबारे समूहमा छलफल गरी प्रस्तुत गर्न अनुरोध गर्नुहोस् ।
- समूहले प्रस्तुत गरेका बुँदाहरूको आधारमा कक्षाकोठा छलफल चलाउनुहोस् ।
- अध्ययन-सामग्रीमा दिइएका बालक्लबले गर्नसक्ने कामहरू सहभागीहरूको प्रस्तुतिमा नसमेटिएको भए त्यसबारे बताउनुहोस् ।

**क्रियाकलाप२: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

'यस सत्रमा हामीले के-के छलफल गऱ्यौं ?' भनी सहभागीसँग प्रश्न गर्दै सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- बालक्लबले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन, समुदायमा जनचेतना जगाउन के-के गर्न सक्दछन् ?प्रत्येक सहभागीलाई एउटा बुँदा भन्न लगाई यो सत्रको मूल्याङ्कन गर्नुहोस् । यो क्रम आवश्यकतानुसार दोहोऱ्याउनुहोस् ।

छलफलमा सक्रिय सहभागी भएकोमा सबैलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन-सामग्री

### सुरक्षित बसाइँसराइ (वैदेशिक रोजगार) र बालक्लबको भूमिका

### बसाइँसराइ भनेको के हो ?

जब मानिसले एक स्थानबाट अर्को स्थानमा आफ्नो वासस्थान परिवर्तन गर्दछ त्यसलाई बसाईँसराइ भनिन्छ । मानव सभ्यताको उत्पत्तिसँगै मानिसहरू आफ्नो दैनिक जीवन गुजाराको लागि एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने प्रवृत्ति रहेको पाइन्छ । समयक्रमसँगै यो प्रवृत्ति दिन प्रतिदिन बढ्दै गएको पाइन्छ । मानिसहरू सामान्यतयाः दुई कारणले बसाइँसराइ गर्नेगर्दछन् । कोही आफू बसेको गाउँठाउँमा भोग्नुपरेका समस्याहरूबाट मुक्त हुनको लागि अर्को ठाउँमा जाने गर्दछन् । यस प्रकारको बसाईँसराइमा विशेषगरी दूर्गम क्षेत्रमा बस्ने समुदायका मानिसहरू सम्मानित जीवनयापनका लागि चाहिने आधारभूत आवश्यकताबाट वञ्चित भएका कारण बाध्य भएर बसाइँ सर्नुपर्ने अवस्थामा पुग्दछन् । कहिलेकाहीँ विपद्का कारण बासस्थान, खेतीपाती तथा अन्य भौतिक संरचना ध्वस्त भएर पनि कोही बसाइँ सर्न बाध्य हुन्छन् । यसरी बसाइँ सर्नुपर्ने अवस्थालाई अङ्ग्रेजीमा पुस फ्याक्टर (Push Factor) का कारणले भएको बसाईँसराइ भन्ने चलन छ । यस अवस्थालाई बाध्य भएर गरिने बसाईँसराइ (Involuntary Migration) पनि भनिन्छ । अर्को कारण भनेको आफू बसेको स्थानभन्दा अन्य स्थानमा सहजताका साथ बस्न सकिने वातावरण तथा भौतिक सुविधा, व्यापारव्यवसाय तथा रोजगारीका लागि मानिस बसाइँ सर्न चाहन्छन् । यसरी बसाइँ सर्नुलाई अङ्ग्रेजीमा आकर्षण (Pull Factor) का कारणले गरिएको बसाईँसराइ भन्ने चलन छ । यस्तो बसाईँसराइलाई स्वेच्छिक बसाईँसराइ (Voluntary Migration) भनिन्छ । त्यस्तै आफ्नै देशभित्र एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नुलाई आन्तरिक बसाईँसराइ भनिन्छ भने एक देशबाट अर्को देशमा बसाइँ सर्नुलाई बाह्य बसाईँसराइ भन्ने प्रचलन छ ।[1] त्यसरी नै एक देशबाट अर्को देशमा आर्थिक आयआर्जनका लागि काम गर्न जानुलाई वैदेशिक रोजगारी भनिन्छ । 'वैदेशिक रोजगारी' भन्नाले कामदारले विदेशमा पाउने रोजगारी सम्झनुपर्छ भनी वैदेशिक रोजगार ऐन, २०६४ मा उल्लेख गरिएको छ ।

आफू बसेको थातथलोबाट बसाइँ सरी अन्यन्त्र जानु भनेको एक किसिमको जोखिम मोल्नुपर्ने अवस्था नै हो । नयाँ ठाउँको वस्तुस्थिति, परिवेश, रहनसहन, हावापानी, सामाजिक, साँस्कृतिक तथा राजनीतिक वातावरणजस्ता अवस्था बेग्लै हुनु, त्यस्तो अवस्थासँग अभ्यस्त नहुनु भनेको एक प्रकारले जोखिमलाई स्वीकार गर्नु नै हो । अझ, कामका लागि विदेश जान निश्चित कानुनहरूको पालना गर्नुपर्ने हुन्छ । यस प्रकारका कानुन, सुरक्षित बसाईँसराइबारे आवश्यक सूचनाजानकारी नहुनु, गलत मनसाय भएका केही व्यक्ति (तथा संस्थाले) उमेर नपुगेका विशेष गरेर बालबालिकालाई पनि प्रलोभनमा पारी विदेशतर्फ धकल्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ ।[2] जस्तै खाडी मूलकमा श्रम गर्नका लागि बालबालिकाको उमेर बढाई राहदानी बनाई जाने चलन बढ्दै गएको पाइन्छ । त्यसैगरी, आफ्ना अभिभावकको साथ नलागी विभिन्न बहानामा बसाइँ सर्ने बालबालिकाको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ । यस्ता बालबालिका आफ्नै देशभित्र या अन्तर्देशीय बसाईँसराइ गर्ने गर्दछन् । यस्ता बालबालिका/किशोरकिशोरीहरूले अत्यन्तै जोखिमपूर्ण समस्याहरू भोग्नुपर्ने अवस्था पनि आइपर्न सक्दछ । जस्तै गैरकानुनी थुना, अध्ययन कार्यबाट विमुख हुनु, आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनु, शरणार्थीको जीवनयापन गर्न बाध्य हुनु आदि समस्यासँग जुझ्नुपर्ने हुन सक्दछ । अर्को शब्दमा, यस्ता बालबालिकाको बालापन नै जोखिममा पर्न सक्दछ । यसर्थ, बालबालिकालाई लक्षित गरी असुरक्षित बसाईँसराइ या भनौं वैदेशिक रोजगारीबाट आउनसक्ने जोखिमबारे अवगत गराउने र सुरक्षित वैदेशिक रोजगारीबारे जानकारी गराउनु अत्यन्त जरूरी छ ।

---

१ http://www.nationalgeographic.com/xpeditions/lessons/09/g35/migrationguidestudent.pdf

२ बालबालिकाको लागि सुरक्षित बसाई सराई सम्बन्धी तालिम सहयोगी सामग्री

## वैदेशिक रोजगारीसम्बन्धी तथ्यगत जानकारी[३]

- आर्थिक वर्ष २०७०/७१ आर्थिक सर्वेक्षणको प्रतिवेदनअनुसार नेपालबाट प्रतिदिन १ हजार ५०० व्यक्ति रोजगारीका लागि विदेशिने अनुमान छ । आन्तरिक रोजगारीका लागि विदेशिनेहरूमा ७४ प्रतिशत अदक्ष कामदार छन् । बाँकी २५ प्रतिशत अर्धदक्ष र एक प्रतिशत मात्र दक्ष जनशक्ति रहेको छ ।

- प्रत्येक वर्ष करिब ४ लाख नयाँ जनशक्ति रोजगार बजारमा प्रवेश गर्दछन् । तर, नेपालमा रोजगार वृद्धिदर भने २.९ प्रतिशत मात्र रहेको छ ।

- आर्थिक वर्ष २०७०/७१ को फागुन मसान्तसम्ममा ५ लाख ८५ हजार ६६२ जनालाई वैदेशिक रोजगारीको लागि पूर्वस्वीकृति दिइएको छ । वैदेशिक रोजगारीमा गई फर्किएका कामदारहरू पुनः श्रम स्वीकृति नवीकरण गरी १ लाख ९ हजार ४२७ जना सोही देशमा वैदेशिक रोजगारीमा गएका पाइन्छन् ।

- २०७१ पौष मसान्तसम्म वैदेशिक रोजगारीमा जाने कामदारहरूको सङ्ख्या करिब ३५ लाख पुगिसकेको अनुमान गरिएको छ ।

- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक वर्ष २०७०/७१ फागुन मसान्तसम्म वैदेशिक रोजगारीमा रहेका मृतक कामदारका ६३८ परिवार र अङ्गभङ्ग भएका ६९ जना कामदारलाई आर्थिक सहायता दिइएको छ । विदेशमा अलपत्र परेका २१ शव झिकाउन र ३०० वटा शव जिल्लासम्म पुऱ्याउन सहयोग गरिएको छ ।

- आर्थिक वर्ष २०७०/७१ को फागुन मसान्तसम्म वैदेशिक रोजगारीसम्बन्धी ७३ थान मुद्दाहरू फछ्र्योट भएका र २७७ थान मुद्दाहरू फछ्र्योट हुन बाँकी रहेको अवस्था छ ।

- नेपालको कूल ग्राईस्थ उत्पादनको २२ प्रतिशत रकम वैदेशिक रोजगारीबाट प्राप्त हन्छ ।[४]

## सुरक्षित वैदेशिक रोजगारीका लागि ध्यान दिनुपर्ने सवालहरू

नेपालीहरू कामको शिलशिलामा विदेश जाने प्रचलन दिन प्रतिदिन व्यापक बन्दै गएको छ । गाउँघरतिर किशोरकिशोरीहरू विदेश मात्र गएको सुनिन्छ । प्रतिदिन १ हजार ५०० का दरले नेपालीहरू विदेश (भारत बाहेक) जाने गरका छन् भन्ने सरकारी तथ्याङ्क छ । अर्को तीतो वास्तविकता भनेको प्रत्येक दिन औशत दुईदेखि तीनजना वैदेशिक रोजगारमा गएका नेपालीको लास आउने गर्दछ । त्यसैगरी वैदेशिक रोजगारीमा गएका हजारौंको सङ्ख्यामा नेपाली ठगिने, लुटिने, जेलमा पर्ने, मानसिक तथा शारीरिक यातनाको शिकार हुने गरेका घटना प्रसस्त छन् । माइती नेपालको एक अध्ययन अनुसार वैदैशिक रोजगारमा गएका मध्ये करिब ६० प्रतिशत महिलाहरू विभिन्न समस्याहरू भोगी बेखर्ची भई नेपाल आउने गरका छन् । त्यसैले वैदेशिक रोजगारमा जानुपूर्व सूरक्षित यात्रा तथा रोजगारको लागि देहायका कार्यहरू गर्न आवश्यक हुन्छः

## आधारभूत कागजात[५]

१) **राहदानी** : वैदेशिक रोजगारीमा जाने व्यक्तिसँग अनिवार्यरूपमा राहदानी हुनुपर्दछ । राहदानी बनाउनको लागि नेपाली नागरिकताको परिचयपत्र चाहिन्छ । सोह्रवर्ष उमेर पुगेको नेपाली नागरिकले आफ्नो जन्म भएको वा बसोबास भएको जिल्लाबाट नागरिकताको परिचयपत्र बनाउन सक्दछन् । नागरिकता भएको व्यक्ति १८ वर्ष पुगेको भएमा रोजगारीमा जान योग्य हुन्छन् । राहदानी भएपछि मात्र विदेश यात्रा गर्ने अनुमति पाइन्छ । भारतमा जान तथा काम गर्नको लागि नेपालीलाई र नेपालमा भारतीयलाई राहदानी आवश्यक पर्दैन ।

---

३ नेपाल सरकार, अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण २०७०।७१, पेज १३९

४ http://trn.gorkhapatraonline.com/index.php/editorial/1542-remittance-for-development.html (The Raising Nepal, Remmitance for Development)

५ परदेशको रोजगारीमा- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुका लागि जानकारी पुस्तिका, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

अर्काको राहदानीमा आफ्नो फोटो टाँसेर विशेष गरेर १८ वर्षमुनिका बालबालिका वैदेशिक रोजगारीको लागि विदेश जाने गरेको पाइएको थियो । त्यस्तो गर्नु गैरकानुनी कार्य हो । यस्तो कार्य गर्ने व्यक्ति स्वदेश या विदेश जहाँ भएपनि कारबाहीमा पर्दछ । नेपालमा यस्तो गर्नेलाई नेपालको अध्यागमन ऐन, २०२८ अनुसार पाँचवर्ष कैद र रु ५० हजार जरिवाना गर्न सक्दछ । त्यस्तै, राहदानी ऐन, २०२४ अनुसार १ वर्ष कैद र रु ५ हजारसम्म जरिवानाको व्यवस्था छ । त्यस्तो कार्य गर्ने जोकोहीलाई पनि विदेशमा देशैपिच्छे फरक सजायको व्यवस्था हुन्छ । यस्तो कार्य गर्नुलाई गम्भीर अपराध मानिन्छ ।

२) **भिषा (प्रवेशाज्ञा वा अनुमति पत्र)**: एक देशले अर्को देशको नागरिकलाई प्रवेश गर्न दिइएको अनुमति पत्रलाई भिषा अथवा प्रवेशाज्ञा भनिन्छ । राहदानीमा सम्बन्धित देशको राजदुतावासले छाप लगाई, स्टिकर टाँसेर प्रवेशाज्ञा दिने गर्दछ । राहदानी भनेको आफ्नो देशको सरकारले बाहिर जानका लागि योग्य छ भन्ने प्रमाण हो भने जुन देश जाने हो सो देशको सरकारले भिषा लाएपछि मात्र उक्त देश जाने अनुमति पाइन्छ ।

३) **स्वास्थ्य परीक्षण**: वैदेशिक रोजगारका लागि विदेश जानको लागि आफू स्वस्थ्य छु र काम गर्न सक्दछु भन्ने प्रमाण देखाउने कागजातलाई स्वास्थ्य परीक्षणको प्रमाणपत्र भनिन्छ । कुन देश जाने हो सो देशले मान्यता दिएको स्थान वा चिकित्सकबाट आफ्नो स्वास्थ्यको जाँच गराई स्वास्थ्य परीक्षणको प्रमाणपत्र लिनुपर्दछ । स्वास्थ्य जाँचको प्रमाणपत्र नभएमा रोजगारीका लागि अनुमति पाइँदैन ।

४) **बीमा** : विदेशमा गएर काम गर्ने सिलसिलामा कामदारको मृत्यु वा दुर्घटनामा परी अङ्गभङ्ग पनि हुन सक्दछ । कुनै व्यक्तिले बीमा गराएका छन् भने मात्र उनका आश्रितहरूले बीमा बापतको रकम प्राप्त गर्न सक्दछन् । बीमा नगराएको भए केही पनि पाइँदैन । त्यसैले विदेशमा काम गर्न जाने कामदारहरूले अनिवार्यरूपमा बीमा गराउनुपर्ने कानुनी व्यवस्था छ । त्यसैले वैदेशिक रोजगारीमा जाने कामदारहरूले सम्बन्धित मुलुकमा जानु अगाडि रोजगार सम्झौतापत्रमा उल्लिखित अवधिभरका लागि कम्तीमा पाँच लाखको बीमा गराउनुपर्दछ ।

५) **काम गर्ने कम्पनीको नाम, ठेगाना र जिम्मेवार व्यक्तिको विवरण**: वैदेशिक रोजगारीमा जाने सबैले आफूले काम गर्ने कम्पनीको नाम, ठेगाना र जिम्मेवार व्यक्तिको विवरण साथमा राख्नुपर्दछ । विदेशमा काम गर्न जाँदा कहिलेकाहीँ त्यहाँ पुगेपछि कहाँ जाने, कसलाई सम्पर्क गर्ने भन्ने समस्या आइपर्दछन् । पहिलो पटक बाहिर जानेलाई यो समस्या झन् धेरै पर्न सक्दछ । त्यसैले जानुभन्दा पहिला त्यहाँ गएर काम गर्ने कम्पनीको नाम, ठेगाना र त्यहाँको जिम्मेवार व्यक्तिको नाम, ठेगाना साथमा हुनुपर्दछ । यस्तो ठेगाना सम्भव भएसम्म त्यहाँको स्थानीय भाषा, अङ्ग्रेजी र नेपाली तीनैवटा भाषामा भयो भने राम्रो हुन्छ । र, सम्पर्कका लागि अन्तर्राष्ट्रिय कोड नम्बरसहितको टेलिफोन र फ्याक्स नम्बर पनि साथैमा हुनुपर्दछ । त्यसरी नै आफू जाने देशमा रहेको नेपाली राजदूतावास, नियोग वा श्रमसहचारी (लेबर अटेची) को ठेगाना, नेपालीहरू र तिनीहरूको सङ्गठनको ठेगानाबारे सूचनाजानकारी साथमा राख्नुहोस् । आफू काम गर्न जाने देशमा रहेको नेपाली राजदूतावास वा नियोगको ठेगाना, सम्पर्क व्यक्ति र टेलिफोन नम्बर साथमा हुनुपर्दछ । त्यहाँ पुगेपछि कुनै समस्या परिहाल्यो भने त्यहाँ सम्पर्क गर्नुपर्दछ । समस्यामा परेका नेपालीलाई सहयोग गर्नु ती संस्थामा काम गर्नेहरूको दायित्वभित्र पर्दछ ।

### अन्य महत्वपूर्ण ध्यान दिनुपर्ने सवालहरू:[६]

- वैदेशिक रोजगारीमा जाँदा दलालहरूको बहकाउमा लागेर विदेश जान तम्सिनुहुँदैन । मान्यताप्राप्त मेनपावर कम्पनीको माध्यमबाट जाँदा तुलनात्मकरूपमा सुरक्षित भइन्छ ।
- प्रक्रिया नपुऱ्याई गैरकानुनीरूपमा विदेश जानु भनेको बेचबिखनमा पर्नसक्ने, घरेलु कामको लागि दास बनाइन सक्ने, तलबसुविधा नपाइने, जेलमा परिने जस्ता जोखिम हुन सक्दछन् । यसरी कहिले पनि विदेश जानुहुँदैन ।
- विदेश जानुपूर्व कुन काममा आफ्नो सीप, दक्षता तथा रुचि छ र विदेशमा कुन काममा बढी आम्दानी हुन्छ त्यससम्बन्धी आवश्यक सीप सिकेर जानु राम्रो हुन्छ ।

---

६ माथि उल्लेखित केही बुँदाहरु बालबालिकाको लागि सुरक्षित बसाइँसराइ सम्बन्धी तालिम सहयोगी सामग्री, प्लानेट अँफ (इन्फेन्ट्स) बाट लिइएको हो ।

- वैदेशिक रोजगारीमा जाँदा उक्त देशमा लान मान्यता दिइएको मुद्रामा आवश्यक रकम बोक्नुहोस् । साथै, त्यो देशको मुद्राको अरू देशको मुद्रासँगको विनिमय दर थाहा पाउनुहोस् । विदेशी मुद्रा विनिमय गरेका रकमको प्रमाण राहदानीमा उल्लेख भएको हुनुपर्दछ वा सटहीको रसिद साथमा राख्नुपर्दछ ।
- विदेशमा पुग्नेवित्तिकै आफ्नो सम्पर्क ठेगाना, तथा अन्य जानकारी नेपालमा आफ्नो घरपरिवार र नातेदारलाई पठाउन भुल्नुहुँदैन । साथै, आफू कार्यरत स्थानमा आपतविपद् पर्दा सहयोग पुऱ्याउने विभिन्न गैरसरकारी संस्था तथा सरकारी निकायको बारेमा जानकारी राख्नुपर्दछ ।
- नेपाल सरकारले इजाजत दिएको देशमा मात्र रोजगारीको लागि जानुपर्दछ ।
- विदेशमा जानुपूर्व उक्त देशको भेषभूषा, रहनसहन, हावापानी, भाषा, धर्म, संस्कृति आदिबारे जानकारी हासिल गरी गएमा त्यहाँ घुलमिल हुन मद्दत पुग्दछ ।
- आवश्यक कागजात तथा सूचनाहरू वेगर कहिल्यै पनि हतारमा विदेश जानुहुँदैन ।

## किशोरकिशोरी तथा बालबालिका बसाइँसराइ (वैदेशिक रोजगारी) मा जाँदाका जोखिमहरू के-के हुन सक्दछन् ?[७]

- साथीभाइ तथा दलालको लहलहैमा आवश्यक कागजातबिना गैरकानुनीरूपमा विदेश जाँदा जोखिम हुन्छ । यात्राको क्रममा लुटिने र बेखर्ची हुने जोखिम हुन्छ ।
- असुरक्षित बसाइँ सर्ने क्रममा चाहिने आधारभूत सूचनाको अभाव हुने, जसका कारण अनावश्यक झन्झटमा पर्ने जोखिम हुन्छ । जस्तै नेपालबाट बालबालिका दलालको प्रलोभनमा परी भारतमा निकृष्ट बालश्रमको सिकार हुनुपरेको, कोठीमा बेचिन पुगेका प्रशस्त उदाहरणहरू छन् ।
- बिहानै झिसमिसेदेखी राति अबेरसम्म श्रम गर्नुपर्ने बाध्यता हुन सक्दछ ।
- बालबालिकाको शारीरिक तथा मानसिक विकासको लागि नभई नहुने खाना, शिक्षा, स्वास्थ्य, मनोरञ्जन आदिको अभावमा जिउनुपर्ने जोखिम हुन सक्दछ।
- ज्यानै जानसक्ने तथा अङ्गभङ्ग हुने जोखिम हुन सक्दछ ।
- जोखिमपूर्ण कामहरू जस्तै ईँटाभट्टा, खानी वा लागुऔषध, हातहतियार ओसारपसार तथा यौनशोषण आदिमा पर्ने जोखिम हुन सक्दछ ।

## वैदेशिक रोजगारीका क्रममा हुनसक्ने जोखिमलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ?[८]

- वैदेशिक रोजगारीको जोखिम न्यून गर्नको लागि १८ वर्ष उमेर पुरा नगरी वैदेशिक रोजगारीमा जानुहुँदैन । वैदेशिक रोजगार ऐन, २०६४ मा १८ वर्ष उमेर पूरा नगरेको कुनै पनि नाबालिगलाई वैदेशिक रोजगारमा पठाइने छैन भनी उल्लेख गरिएको छ ।[९]
- घरपरिवार, इष्टमित्रसँग सल्लाह नगरी वैदेशिक रोजगारमा जानुहुँदैन ।
- वैदेशिक रोजगारीमा जानुपूर्व राहदानी बनाउनुहोस् र आफ्नो राहदानी अन्य कसैलाई नदिनुहोस् ।

---

७ बालबालिकाको लागि सुरक्षित बसाइँसराइ सम्बन्धी तालिम सहयोगी सामग्री, प्रकाशक-प्लाजेट अँफ (ईन्फेन्ट्स)
८ http://www.hellonepalkorea.com/index.php?pg=detail&type=miscinfo&id=11266#sthash.Tu3q6pRC.dpuf
९ वैदेशिक रोजगार ऐन २०६४, परिच्छेद २ धारा ३ मा उल्लेखित

- कुन संस्थाबाट वा कोमार्फत वैदेशिक रोजगारीमा जाने हो त्यसबारेमा यथेष्ट जानकारी राख्नुहोस् ।
- दलालमार्फत वा व्यक्तिगतरूपमा वैदेशिक रोजगारीमा जाने प्रयत्न नगर्नुहोस्, ठगिने र विदेशमा अलपत्र पर्ने प्रबल सम्भावना रहन्छ ।
- घरजग्गा धितो राखी वा चर्को ब्याज तिरी ऋण लिएको रकम कुनै ठगको हातमा पर्नसक्छ हेक्का राख्नुहोस् ।
- आफू जान चाहेको देशको बारेमा र गर्नुपर्ने कामको बारेमा राम्रो जानकारी राख्नुहोस् ।
- आफू जाने देश र पठाउने म्यानपावर एजेन्सी निश्चित भएपछि 'कुन कामका लागि जाने हो, सोको लागि कति खर्च लाग्छ, काम गरेबापत तलब, खाना र बस्ने व्यवस्था के-कस्तो छ, काम गर्नुपर्ने घण्टा, ओभरटाइम र भत्ता के छ र करार अवधि के कति छ' आदिबारे राम्ररी जानकारी लिनुहोस् ।
- वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च यकीन भएपछि सम्बन्धित कम्पनी संस्थामा आफै गई आधिकारिक कर्मचारीलाई मात्र रकम बुझाई अनिवार्यरूपमा रसिद लिनुहोस् । रकम बुझाउनको लागि नेपाल सरकारले बैंकमार्फत बुझाउने नियम बनाउँदै छ । यसबारे थाहा पाउनुहोस् र बैंकमार्फतमात्र बुझाउनुहोस् । अन्यथा पछि कुनै समस्या परी क्षतिपूर्ति दाबी गर्दा प्रमाण पुग्दैन ।
- कन्सल्टेन्सी फर्म, ट्राभल एजेन्सी, मनी ट्रान्सफर, दलाल, एजेन्ट आदि कुनै पनि व्यक्ति वा संस्थालाई वैदेशिक रोजगारीमा पठाउने अधिकार प्राप्त छैन । यी कसैलाई पनि विश्वास नगर्नुहोस् र रकम नदिनुहोस्, ठगिने बढी सम्भावना हुन्छ ।
- काम गर्ने देश छनौट गरी जानुपूर्व त्यो देशको भाषा, सँस्कृति, रहनसहन, चालचलन, रीतिरिवाज र कानुनको बारेमा आवश्यक जानकारी राख्नुहोस् ।
- त्यहाँस्थित नेपाली दुतावासको सम्पर्क ठेगाना अन्य कामदारलाई सघाउने/सहयोग गर्ने संघसंस्थाको फोन र फ्याक्स नं. डायरीमा टिप्नुहोस् । अथवा, जानेको मानिससँग लेख्न लगाउनुहोस् ।
- सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र लिनुहोस् ।
- सरकारले तोकिएको बीमा कम्पनीमा गई करार अवधिअनुसार कम्तीमा रु ५ लाखको जीवन बीमा गराउनुहोस् ।
- वैदेशिक रोजगार विभागमा कल्याणकारी कोषमा रु १ हजार बुझाई रसिद लिनुहोस् । सो रकम नतिरी श्रम विभागबाट श्रम स्वीकृति पाइँदैन ।
- स्वीकृत संस्थामा गई अनिवार्यरूपमा कम्तीमा दुई दिनको अभिमुखीकरण तालिम लिनुहोस् ।
- काम गर्न जाने देश, कम्पनी, काम गर्ने पद र पेशा तलबभत्ता अन्य सुविधा र सेवा शर्तहरूबारे राम्रो जानकारी राखेर मात्र सम्झौतापत्रमा सही गर्नुहोस् । दोहोरो सम्झौतापत्र नगर्नुहोस्, ठगिने सम्भावना रहन्छ ।
- विमानस्थलमा फरक-फरक सम्झौता गरेका कागज वैदेशिक रोजगारीमा जाने कामदारका साथमा पाइएका छन्, त्यसैले एउटै कम्पनीसँगमात्र सम्झौता गर्नुहोस् ।
- गन्तव्य मुलुक, तपाईं जान लागेको देशमा रोजगारीका लागि यात्रा गर्दा आफ्नै देशको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट मात्र यात्रा गर्नुहोस् । भारत हुँदै यात्रा नगर्नुहोस् । भारत हुँदै गरिने यात्रामा प्रायः दलालले गैरकानुनीरूपमा वैदेशिक रोजगारीका लागि लैजाने गरेको पाइएको छ ।
- त्यस्तै, अन्य देशको बाटो प्रयोग गरी रोजगारीका लागि विदेश नजानुहोस् । यदि कसैले तपाईलाई ललाईफकाई लैजाँदैछ भने स्थानीय प्रहरीलाई खबर गर्नुहोस् ।

- अध्यागमनका लागि चाहिने आवश्यक कागजात सुरक्षितसँग राख्नुहोस् र सबै कागजातको एकप्रति प्रतिलिपि घरका आफन्तसँग पनि छाडिदिनुहोस् ।
- लुकीछिपी जाँदा कानुनी कारबाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौता बमोजिमको काम नपाउने, उद्धार गर्न कठिन हुने र कल्याणकारी कोष बीमा कम्पनीबाट प्राप्त हुने सेवासुविधा प्राप्त नहुने हुँदा विशेष होस पुऱ्याउनुहोस् ।
- व्यक्तिगत प्रयासबाट भिषा प्राप्त गरी वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयं नेपाली दूतावासबाट प्रमाणित सक्कल कागजातसहित विभागमा उपस्थित भई श्रम स्वीकृति लिन सक्नुहुनेछ ।
- वैदेशिक रोजगारमा हुने ठगी र अन्य सूचना लिन र दिन हटलाइन फोन नं. ९७७ १ ४११२३५० को टेलिफोन लाइनको व्यवस्था गरिएकोले कुनै गुनासो वा जानकारी भए फोन गर्नुहोस् । साथै, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको टोल फ्रि नं. १६६००१५०००५ मा पनि आफ्नो समस्या राख्न सकिन्छ ।
- पहिलेको श्रम स्वीकृति म्याद नाघेको वा नयाँ देश वा कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले पुनः श्रम स्वीकृति नवीकरण गर्नुहोस् । करार अवधि सकिएपछि पनि स्वीकृति बेगर गैरकानुनी तरिकाबाट भिषाको म्यादभन्दा बढी समय नबस्नुहोस् । अन्यथा सम्बन्धित देशको कानुनअनुसार कारबाही हुन सक्दछ । आफ्नो राहदानीको म्याद समयमा नै नवीकरण गराउनुहोस् ।
- महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेबिया, कतार, युएई र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व नेपाली राजदूतावासबाट करारपत्र र भिषा प्रमाणित गराई श्रम स्वीकृति लिएर मात्र जानुहोस् ।
- कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाईदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको स्थानीय प्रशासन वा प्रहरी कार्यालय, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार विभागमा सूचना दिनुहोस् ।
- वैदेशिक रोजगारीका लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्न परेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोस् ।
- वैदेशिक रोजगारीबाट प्राप्त आय (विप्रेषण) सुविधा उपभोग गर्ने भन्दा आय र उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुहोस् ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने कार्यमा सरकारी एवं गैरसरकारी संघसंस्था र व्यक्तिहरूलाई पनि सहयोग गर्नुहोस् ।
- वैदेशिक रोजगारमा जाँदा एचआईभी र एड्स तथा यौनजन्य सरुवा रोगको बारेमा पनि सचेत हुनुहोस् ।
- वैदेशिक रोजगारीमा जाँदा अनावश्यकरूपमा हड्ताल र अशान्ति ल्याउने क्रियाकलापमा सरिक नहुनुहोस् ।

## सुरक्षित वैदेशिक रोजगारीबारे समुदायमा जनचेतना अभिवृद्धि गर्न बालक्लबको भूमिका

स्थानीयतहमा क्रियाशील बालक्लबले सुरक्षित वैदेशिक रोजगारीबारे समुदायमा जनचेतना अभिवृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । के-के सावधानी अपनाउँदा वैदेशिक रोजगारी सुरक्षित हुन सक्दछ भन्नेबारे समुदायमा व्यापकमात्रामा छलफल सञ्चालन गरी वैदेशिक रोजगारीमा जाने किशोरकिशोरीहरूलाई सचेत बनाउन सक्दछन् । गैरकानुनीरूपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरूत्साहित गर्न बालक्लबले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्दछन् । बालक्लबले गर्नसक्ने अन्य कार्यलाई बुँदागतरूपमा तल उल्लेख गरिएको छ :

- सुरक्षित बसाइँसराइसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । यस्ता क्रियाकलापअन्तर्गत भित्तेपत्रिका प्रकाशन, सडकनाटक प्रदर्शनी, स्थानीय सञ्चारमाध्यममार्फत आम जनसमुदायलाई सुरक्षित वैदेशिक रोजगारका फाइदाबारे जानकारी गराउने लगायतका कार्य गर्न सकिन्छ ।

- वैदेशिक रोजगारीका लागि नेपालबाट जान सकिने देशहरू, कामको प्रकृति, पुरा गर्नुपर्ने कानुनी प्रक्रिया र आवश्यक कागजात आदिबारे लक्षित समुदायलाई सचेत गराउन सकिन्छ । यस्ता कार्यको लागि स्थानीय बालक्लब तथा समुदायमा सूचना केन्द्रको स्थापना गर्न सकिन्छ ।

- नगर/गाउँ बालसंरक्षण समिति, नेपाल प्रहरीअन्तर्गत सामुदायिक प्रहरी र महिला तथा बालबालिका सेवा केन्द्रलगायतका संयन्त्रहरूसँग सहकार्य गरेर सुरक्षित वैदेशिक बसाइँसराइका लागि र गैरकानुनी वैदेशिक रोजगारको विरूद्धमा व्यापक अभियान सञ्चालन गर्न सकिन्छ ।

- बालबालिका विशेषगरी किशोरकिशोरीहरूलाई दौंतरी शिक्षामार्फत जीवन उपयोगी सीप प्रवर्द्धन गर्न, व्यक्तिगत परामर्श दिन तथा लक्षित समूहमा छलफल चलाउन सकिन्छ ।

- असुरक्षित बसाइँसराइबाट पीडित भएका व्यक्तिको भोगाइ, सिकाइ तथा अनुभवहरू स्वयं उनीहरूबाट सुनाएर पनि समुदायमा सचेतीकरण गर्न सकिन्छ ।

- देशभित्र र देशबाहिर विभिन्न उद्देश्यको लागि हुने बसाइँसराइका क्रममा सुरक्षित रहने उपायहरू (Safety Measures) बारे किशोरकिशोरीहरूलाई जानकारी गराउन सकिन्छ ।

- समुदायमा आधारित विभिन्न समूहहरू जस्तै आमासमूह, महिलासमूह आदिसँग मिलेर वैदेशिक रोजगारीमा जानुपूर्वका तयारी र गएपछि गर्न हुने र नहुने गतिविधिबारे व्यापकमात्रामा सामुहिक छलफल चलाई जानकारी आदानप्रदान गर्न सकिन्छ ।

थप जानकारीको लागि वैदेशिक रोजगार विभागको अत्यन्त जरूरी सूचना पढ्नुहोस् :

## नेपाल सरकार, वैदेशिक विभागको वैदेशिक रोजगारमा जाने व्यक्तिहरूका लागि अत्यन्त जरूरी सूचना[१०]

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाई नेपाली कामदारहरूलाई वैदेशिक रोजगारीमा पठाउने सन्दर्भमा श्रम स्वीकृतिका लागि पेश गरिने कागजात प्रमाणहरू सत्य र तथ्यमा आधारित नभएको अवस्थामा वैदेशिक रोजगारीमा जाने कामदारहरू करारबमोजिम काम, सुविधा नपाई मर्का पर्ने, विदेशी भूमिमा पीडित बन्नुपर्ने, स्वदेश फर्कन कठिनाइ हुने, कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने र ज्यानसमेत गुमाउनुपर्ने हुन सक्दछ । यसर्थ, वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले निम्न विषयहरूमा विशेष ध्यान पुऱ्याई, यकीन गरी श्रम स्वीकृति लिएर वैधानिकरूपमा मात्र वैदेशिक रोजगारमा जान सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- वैदेशिक रोजगारमा जानका लागि कानुनी प्रक्रिया पुऱ्याई व्यक्तिगत र संस्थागत गरी दुई किसिमले वैदेशिक रोजगार विभाग अन्तर्गत ताहाचल (रेडक्रसमार्ग) स्थित कार्यालयहरूबाट श्रम स्वीकृति प्राप्त गर्न सकिन्छ । संस्थागत रूपमा वैदेशिक रोजगारमा कामदार पठाउने कार्य वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिई नियमित रूपमा नवीकरण भएका इजाजत पत्रवाला संस्थाहरू (म्यानपावर कम्पनी) ले गर्दछन् । तपाईले सम्पर्क गरेको संस्था वैदेशिक रोजगार विभागबाट इजाजत लिएको मेनपावर कम्पनी हो कि होइन र उक्त मेनपावरको काम कारबाही रोक्का भएको छ, छैन तथा खारेजीमा परेको छ, छैन बुझ्नुहोस् । व्यक्तिगत प्रयासबाट भिषा प्राप्त गरी वैदेशिक रोजगारमा जाने व्यक्तिले नेपाली दुतावास प्रमाणित सक्कल कागजातसहित स्वयं उपस्थित भई श्रम स्वीकृति लिन सक्नुहुनेछ ।

१० नेपाल सरकार, श्रम तथा वैदेशिक रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग,

१. वैदेशिक रोजगारमा जाँदा कुन काममा जाने, सोको लागि कति खर्च लाग्छ, काम गरेवापत तलब, खाना र बस्ने व्यवस्था, काम गर्नुपर्ने घण्टा, ओभरटाइम काम भत्ता, करार अवधि आदिबारे राम्ररी जानकारी लिनुहोस् । देश, कम्पनी, काम गर्ने पद र पेशा, तलबभत्ता, अन्य सुविधा र सेवाशर्तहरूबारे चित्त बुझेमा मात्र राजीखुसी साथ सम्झौतापत्रमा सही गर्नुहोस् र सोको एक प्रति आफूसँग राख्नुहोला । विमानस्थलमा फरक–फरक सम्झौता गरेका कागज साथमा राखेको पाइएकोले एउटै कम्पनीसँगमात्र सम्झौता गर्नुहोस् । दोहोरो सम्झौतापत्र नगर्नुहोस्, ठगिनुहुन्छ ।

२. वैदेशिक रोजगारमा जाँदा कुन संस्थाबाट वा कोमार्फत जाने हो त्यसबारेमा यथेष्ट जानकारी राख्नुहोस् । दलालमार्फत वा त्यस्तै व्यक्तिबाट जाने प्रयत्न नगर्नुहोस्, ठगिने र विदेशमा अलपत्र पर्ने प्रबल सम्भावना रहन्छ । कन्सल्टेन्सी फर्म, ट्राभल एजेन्सी, मनी ट्रान्सफर चेन्जर, दलाल, एजेन्ट, कुनै पनि व्यक्ति वा संस्थालाई वैदेशिक रोजगारमा पठाउने अधिकार प्राप्त छैन । यी कसैलाई पनि रकम नदिनुहोस्, ठगिने बढी सम्भावना हुन्छ ।

३. आफ्नो नाममा भिषा प्राप्त भई वैदेशिक रोजगारमा जाने निश्चित भएपछि मेनपावर कम्पनीको बैंक खातामा वा प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला । साथै, बुझाएको रकमको भर्पाइ अनिवार्यरूपमा लिनुहोला । पूर्वस्वीकृति अनुसारको विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला ।

४. इजाजतप्राप्त मेनपावर कम्पनीले विदेश पठाउन पासपोर्ट माग गरेमा कुन देशमा कुन कामका लागि कति अवधिभित्र पठाउने र कति लागतमा पठाउने हो, यकीन गरी भर्पाइ लिएर मात्र सक्कल पासपोर्ट बुझाउनुहोला ।

५. जान चाहेको देशको बारेमा राम्रो जानकारी राख्नुहोस् । त्यो देशको भाषा संस्कृति, रहनसहन, चालचलन, रीतिरिवाज र कानुनको बारेमा आवश्यक जानकारी राख्नुहोस् ।

६. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासको सम्पर्क ठेगाना, अन्य कामदारलाई सघाउने र सहयोग गर्ने संघसंस्थाहरूको फोन र फ्याक्स नं. डायरीमा टिप्नुहोस् । अथवा, जानेको मानिससँग लेख्न लगाउनुहोस् ।

७. सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई तोकिएको होलोग्राम भएको स्वास्थ्य परीक्षण प्रमाणपत्र लिनुहोस् ।

८. सरकारले तोकेको बीमा कम्पनीमा गई करार अवधिअनुसार कम्तीमा रु ५ लाखको जीवनबीमा गराउनुहोस् ।

९. कल्याणकारी कोषमा रु १,००० ।– बुझाई रसिद लिनुहोस् । सो रकम नतिरी श्रम स्वीकृति पाइँदैन ।

१०. विदेश जानुअघि स्वीकृत अभिमुखीकरण संस्थामा गई अनिवार्यरूपमा २ दिनको अभिमुखीकरण तालिम तथा जाने मुलुकको श्रम कानूनसम्बन्धी जानकारी लिनुहोस् । सो अभिमुखीकरण तालिमबाट आफू जाने देशको भौगोलिक अवस्था, हावापानी, ट्राफिक नियम, श्रमसम्वन्धी सामान्य कानुनी प्रावधान लगायतका विषयमा पर्याप्त जानकारी प्राप्त हुनेछ ।

११. वैदेशिक रोजगारीमा जान लागेका नेपाली नागरिकहरूले विदेश प्रस्थान गर्नुअगाडि आफूले प्राप्त गरेका रोजगार सम्बद्ध कागजातहरूको प्रतिलिपिहरू एक/एकथान आफ्नो घरमा सुरक्षित साथ राख्नुहोस् र आफ्नो साथमा लिएर जानपर्ने कागजातहरू रूजू गरी लिई जानुहोस् ताकि अध्यागमनको प्रस्थान कक्षमा वा विदेशमा पुगेर समस्या झेल्नु नपरोस् ।

१२. कामको लागि विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । श्रम स्वीकृतिको निस्सा प्राप्त नहुँदै हवाई टिकट खरीद नगर्नुहोला । अन्य देशको विभिन्न बाटो प्रयोग गरी रोजगारीका लागि विदेश नजानुहोस् । यदि कसैले तपाईँलाई ललाईफकाई लैजादैछ भने स्थानीय प्रहरीलाई खबर गर्नुहोस् ।

१३. लुकीछिपी जाँदा कानुनी कारबाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौताबमोजिम काम नपाउने, उद्धार गर्न कठिन हुने र कल्याणकारी कोष, बीमा कम्पनीबाट प्राप्त हुने सेवासुविधा प्राप्त नहुने हुँदा विशेष होश पुऱ्याउनुहोस् ।

१४. वैदेशिक रोजगारमा हुने ठगी र अन्य सूचना लिन र दिन हटलाइन फोन नं. ९७७ १ ४११२३५० को टेलिफोन लाइनको व्यवस्था गरिएकोले कुनै गुनासो वा जानकारी भए फोन गर्नुहोस् । साथै, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको टोल फ्रि नं. १६६००१५०००५मा पनि आफ्नो समस्या राख्न सकिन्छ ।

१५. पहिलेको श्रम स्वीकृति म्याद नाघेको वा नयाँ देश वा कम्पनीमा वैदेशिक रोजगारमा पुनः जाँदा अनिवार्यरूपले पुनः श्रम स्वीकृति (नवीकरण) लिनुहोस् । करार अवधि सकिएपछि पनि स्वीकृति वेगर, गैरकानुनी तरीकाबाट भिषाको म्यादभन्दा बढी समय नबस्नुहोस् अन्यथा सम्बन्धित देशको कानुनअनुसार कारबाही हुन सक्दछ । आफ्नो राहदानीको म्याद समयमा नै नवीकरण गर्नुहोस् ।

१६. कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको स्थानीय प्रशासन, प्रहरी,वैदेशिक रोजगार विभागमा सूचना दिनुहोस् ।

१७. वैदेशिक रोजगारीका लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्न परेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोस् वा पत्रपत्रिकामा प्रकाशित विज्ञापनमा उल्लेखित Lt. No. टाइप गरी ४००१ मा S.M.S.गरी आधिकारिकता बुझ्नुहोस् ।

१८. वैदेशिक रोजगारमा जाँदा HIV &AIDS तथा यौनजन्य सरुवा रोगको बारेमा सचेत हुनुहोस् ।

१९. वैदेशिक रोजगारमा विदेशमा रहँदा अनावश्यकरूपमा हड्ताल र अशान्ति नगर्नुहोस् ।

२०. मेनपावर कम्पनीको नाम ठेगाना परिवर्तन भएको कारणले सम्पर्क गर्न नसकिए विभागमा सम्पर्क गर्नुहोस् ।

## विदेशबाट नेपालमा पैसा पठाउने तरिकासम्बन्धी जानकारी[११]

### विदेशबाट नेपालमा पैसा पठाउन के-के तरिकाहरू छन् ?

विदेशबाट नेपालमा आफ्ना आफन्तहरूलाई पैसा पठाउन बैंक खाता वा रेमिटेन्स कम्पनीहरूको माध्यम प्रयोग गर्न सकिन्छ । रेमिटेन्स कम्पनीका उदाहरणहरू Western Union Money Transfer, IME, Money Gram, आदि हुन् र बैंक खाताभन्दा रेमिटेन्सबाट पैसा पठाउन तुलनात्मकरूपमा सस्तो र सरल हुन्छ ।

रेमिटन्सबाट पैसा पठाउँदा आफूले रोजगारी गरिरहेको देश र पैसा पठाउन चाहेको देशमा उपलब्ध रेमिटेन्स कम्पनीहरूमध्ये कुनैको काउन्टरमा गई पैसा पठाउने र प्राप्त गर्ने व्यक्ति, ठेगाना, रकम आदि जानकारीहरू एउटा फाराममा भरेपछि रेमिटेन्स कम्पनीले एउटा गोप्य नम्बर पैसा पठाउने व्यक्तिलाई दिन्छ । फाराममा पैसा प्राप्त गर्ने भनेर तोकिएको व्यक्तिले उक्त नम्बर र आफ्नो परिचयपत्र लिई उक्त रेमिटेन्स कम्पनीको काउण्टरमा गएमा सजिलै पैसा प्राप्त गर्न सकिन्छ । बैंकबाट बैंक खातामार्फत मात्र पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरूरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई स्विफ्ट कोड (SWIFT-Society of Worldwide International Financial Software) भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्नेछ । सो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटेन्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने सम्भावना हुन्छ र अतः यस्तो माध्यम प्रयोग नगर्नु नै राम्रो हुन्छ ।

११ नेपाल सरकार, श्रम तथा वैदेशिक रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग,

## वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूले थाहा पाउनुपर्ने कुराहरू[१२]:

**क) उमेर र विवरण**: १८ वर्ष पूरा भएको अवस्थामा मात्र वैदेशिक रोजगारीको प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

रोजगारीमा जानेक्रममा झुटो विवरण वा कागजात पेश गर्नुहुँदैन ।

**ख) संस्थागत पहल**: वैदेशिक रोजगारको निमित्त अनुमति प्राप्त गरेका एजेन्सीहरूसँग मात्र वैदेशिक रोजगारीमा जाने सम्बन्धी कारोबार गर्नुपर्छ । संस्थासँग व्यक्तिगत तवरले जानेगरी काम कारबाही गर्नुहुँदैन । व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जान चाहनेले वैदेशिक रोजगार विभागको स्वीकृति प्राप्त गर्नुपर्दछ ।

**ग) आवश्यक प्रमाणहरू सुरक्षित राख्नुपर्ने**: वैदेशिक रोजगारको निमित्त जानेक्रममा वैदेशिक रोजगार एजेन्सीलाई रकम बुझाएपछि रसिद लिई सुरक्षित राख्नुपर्छ । वैदेशिक रोजगारीको निमित्त एकमुष्ट वा किस्तामा रकम बुझाएको भएमा कुन किस्तावापत कति रकम बुझाइएको हो, सोसमेतको निस्सा लिनुपर्छ । बुझाएको रकम र प्राप्त रसिदमा रकम फरक परेनपरेको यकीन गरी गरी वास्तविक तिरेको रकम जनाएको रसिद लिनुपर्छ । रसिदमा सम्बन्धित एजेन्सीको छाप भएनभएको र बुझिलिनेको दस्तखत भएनभएको जाँची लिनुपर्दछ । राहदानी, भिसा, श्रम स्वीकृति, करारपत्र, तालिमहरूको प्रमाणपत्र, रकम बुझाएको रसिदहरू, बिमा, स्वास्थ्य परीक्षण आदिको कागजात आफूसँग सुरक्षित राखी त्यसको फोटोकपी घर परिवारका व्यक्तिहरू वा भरपर्दो अभिभावकलाई छोड्नुपर्दछ ।

**घ) तालिम तथा सुरक्षा**: वैदेशिक रोजगारीमा जाने कामको लागि कुनै सीपमूलक तालिम आवश्यक भए त्यस्तो तालिम लिएको हुनुपर्ने र मान्यताप्राप्त संस्थाबाट अभिमुखीकरण तालिम हासिल गर्नुपर्छ । वैदेशिक रोजगारीमा जाने क्रममा गर्नुपर्ने बिमा तथा कल्याणकारी कोषमा अनिवार्यरूपमा रकम जम्मा गर्नुपर्दछ । एजेन्सी वा कोही कसैबाट वैदेशिक रोजगारीसम्बन्धी विषयमा गलत वा ठगी गर्न लागेको शङ्का लागेमा वा त्यसो भएगरेमा वैदेशिक रोजगार विभाग वा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरीमा तुरुन्त खबर गर्नुपर्दछ । वैदेशिक रोजगारीमा जाने व्यक्तिले अनुमति लिएको अवस्थामा बाहेक अन्य मुलुकको मार्ग प्रयोग गरी वैदेशिक रोजगारीमा जानुहुँदैन । वैदेशिक रोजगारीको निमित्त विदेश प्रस्थान गर्नुपूर्व वैदेशिक रोजगार विभागबाट राहदानीमा श्रम स्वीकृतिको स्टिकर लगाएको हुनुपर्छ ।

**ङ) पूर्व तयारीको अवलम्बन**: वैदेशिक रोजगारमा जाने नेपालीले अनुमतिको अवधिपश्चात् नियमानुसार म्याद थप नगरी अवैधानिकरूपमा विदेशमा बस्न वा काम गर्न हुँदैन । वैदेशिक रोजगारीको क्रममा भएको सम्झौता अनुसारको अवधिभित्र करार भङ्ग नभएसम्म उक्त कार्य छाडी अन्यत्र काम गर्न वा बिना स्वीकृति काम छाडी अन्यत्र जान हुँदैन ।

**च) क्षतिपूर्ति**: कुनै कारणले विदेशबाट असमयमा फर्कनुपरेमा वैदेशिक रोजगार विभाग र पठाउने एजेन्सीमा फिर्ता आएको १५ दिन भित्रमा जानकारी गराउनुपर्दछ ।

**छ) विदेशमा सम्पर्क र समन्वय**: नियमअनुसार वैदेशिक रोजगारीमा गएपछि उक्त मुलुकमा रहेको नेपाली दुतावास, वा नियोग वा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले तोकेको सम्बद्ध संस्थामा सम्पर्क कायम गरी आफू आएको जानकारी गराउनुपर्नेछ । वैदेशिक रोजगारको क्रममा समस्या आएको अवस्थामा उक्त निकायमा जानकारी गराउनुपर्नेछ ।

**ज) श्रम स्वीकृति**: वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जानुहुँदैन ।

**झ) अभिमूखीकरण तालिम**: वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालिम लिनुपर्छ र जान लागेको देश, आफूले गर्ने काम र पाउने पारिश्रमिकबारे राम्ररी जानकारी लिई जानुपर्दछ ।

**ञ) अन्य गर्नुपर्ने कार्यहरू**: स्वास्थ्य परीक्षण, जीवन विमा, दुर्घटना विमा विदेशमा काम गर्न जानुपूर्व अनिवार्यरूपमा गर्नुपर्दछ ।

१२ नेपाल सरकार, श्रम तथा वैदेशिक रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग,

ट) **मृतक कामदारका हकदारले पाउने आर्थिक सहायता**: वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ 'घ' मा उल्लेख भएअनुसार र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ बमोजिम वैदेशिक रोजगारमा गई मृत्यु भएका (Any kind of death) कामदारका परिवारलाई निम्नअनुसार प्रक्रिया पूरा गरी रु ३,००,००० (तीन लाख) आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ (२०७१।६।३० देखि लागु)

## केस स्टडी[१३]

सिन्धुपाल्चोककी १६ वर्षीया तामाङ थरकी एक बालिका ७० साल जेष्ठ महिनामा दुई वर्षका लागि खाडी मुलुक ओमन उडेकी थिइन् । तर, दुई महिनामै फर्किन् । खै किन फर्काए थाहा छैन उनी भन्छिन्, काम र भाषा नजानेर होला । पौरखी नेपालको सेफ हाउसमा भेटिएकी उनी निकै थलिएकी जस्ती देखिन्थिन् । स्पष्ट कुरा नगर्ने, टोलाउने र बेलाबेला रून खोज्थिन् । मामाले १५ हजार रूपैयाँमा ओमन उडाएको, उता गएर थुप्रै घरमा काम गरेको तर सुको पैसा हात नलागेको उनी बताउँथिन् ।

पासपोर्टमा २६ वर्ष लेखेर ओमन गएकी रहिछन्, सेफ हाउसकी सुभद्रा राणाले उनको वास्तविकता सुनाइन्, काम नजानेर एउटा घरबाट अर्को घरमा सारि राखेछन् । कुटपिट गरेछन् । बलात्कार पनि गरेछन् क्यारे । मानसिक रूपमै बिरामी लाग्छिन् उनी ।

उनलाई नेपाल आएको समेत पत्तो थिएन । भन्छिन्, एयरपोर्टमा झर्दा ओमनै होला भन्ठानेकी थिएँ । एयरपोर्टबाट सिधै सेफ हाउस ल्याइएकी उनी बीचमा घर गइन् । तर, गाउँमा राख्न नसकेर उनको बुवाले फेरि यहीँ ल्याए,' राणाले भनिन्, आत्महत्या गर्न खोजिछन् । यहाँ आएर अलि सुध्रिएको छ अवस्था ।

माइती नेपालले उद्धार गरेका महिला तथा युवती अङ्गभङ्ग भएका, रोगव्याधि लागेका र मानसिक स्थिति बिग्रिएका हुने गरेको अच्युतकुमार बताउँछन् । कोही–कोही त यहाँ आइसकेपछि पनि नेपाल लगिदेऊ भन्दै रून्छन्, उनले सुनाए, पाँच र छ दिनपछि मात्रै होशमा आउँछन् । र, आफ्नो नाम, थर, ठेगाना बताउँछन् । माइती नेपालले सन् २००९ मा गरेको अध्ययनले खाडी देशबाट फर्किने ५७ प्रतिशत महिला मानसिक रोगी हुने देखाएको थियो । ३३ प्रतिशत चाहिँ ठीकै हुँदा रहेछन्, अच्युतकुमार भन्छन्, चार प्रतिशतलाई टीबी लाग्ने र चार प्रतिशत गर्भवती हुने गरेको पाइयो । अहिलेसम्म यो आँकडा बढिसक्यो होला ।

महिलाहरूको शारीरिक अवस्था नाजुक हुनु र मानसिक स्थिति गुम्नुको प्रमुख कारण सामूहिक बलात्कार र कुटपिट भएको पौरखी नेपालकी मञ्जु गुरूङ बताउँछिन् । यतिसम्म पीडा खेपेर आएका हुन्छन् कि उनीहरूका कुरा सुन्दा नै आङ सिरिङ्ग हुन्छ, उनी भन्छिन्, मालिकहरूले दुईतलाबाट खसालिदिने, कोर्राले हिर्काउने, भित्तामा बजार्ने, आँखा फुटाइदिने, घाँटी अठ्याएर मार्न खोज्ने, दैनिक बलात्कार गर्ने आदि गर्दा रहेछन् । कतिले त डराएर यस्तो कुरा भन्दै-भन्दैनन् । महिनौँसम्म मौन बस्छन् । डर हराउँदै गएपछि मुख खोल्छन् ।'

विस्तृत जानकारी को लागि http://www.nagariknews.com/friday/story/18784.html#sthash.WSIDMAS1.dpuf मा हेर्नुहोस् ।

***

१३ नागरिक दैनिक, २९ मे २०१४ मा प्रकाशित

# सत्र १९ : विपद्को अवस्थामा बालसंरक्षण



९० मिनेट

### १९.१ सत्रको परिचय:

विपद् भनेको अत्यन्तै भयावह अवस्थासँग जुझ्नुपर्ने परिस्थिति हो । विपद् भन्नाले आकस्मिक, भयङ्कर विनाशकारी घटना बुझाउँदछ, जसले समाज गाउँ, सहर तथा सिङ्गो मुलुकको नियमित प्रक्रियालाई नै तहसनहस पार्दछ र डरलाग्दो मानवीय तथा भौतिक, आर्थिक, वातावरणीय क्षति गराउँदछ जसको सम्बोधन स्थानीय श्रोत र साधनले प्रायः असम्भव हुन्छ । यस्तो विषम परिस्थितिमा बालबालिकाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रस्तुत सत्रमा छलफल गरिएको छ ।

### १९.२ अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- विपद् भनेको के हो ? नेपालमा आइपरेका विपद्को घटनाक्रमको बारेमा जानकार हुनेछन् ।
- विपद् आउनुअगावै पूर्व-तयारीको रूपमा र विपद्पश्चात बालबालिकाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा सहभागीहरू जानकार हुनेछन् ।

### १९.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, गम र मास्किङ्ग टेप, विपद्सम्बन्धी वृत्तचित्र तथा तस्वीर आदि ।

### १९.४ सत्रको तयारी:

यस सत्रका लागि निम्न तयारी गर्नु उपयोगी हुनेछ :

- सम्भव भएमा सहभागीको ज्ञान तथा बुझाइको स्तरलाई पूर्व अवलोकन गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- यस सत्रमा दिइएको विषयवस्तुको राम्ररी अध्ययन गर्नुहोस् । आवश्यकतानुसार सहायक शीर्षकलाई छुट्टाछुट्टै मेटाकार्डमा उतार्नुहोस् । मुख्य-मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।

### १९.५ सत्र सञ्चालन गर्ने प्रक्रिया: १५ मिनेट

'सहभागीलाई छलफल गरिने विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । सहभागीको रुचि जगाउनको लागि सम्भव भएमा यस विषयसँग सम्बन्धित वृत्तचित्र (https://www.youtube.com/watch?v=QWtxPj8boNs)तथा यस सम्बन्धी तस्वीर देखाएर साथै यस सम्बन्धमा सहभागीको अनुभव सुनाउन लगाएर विषयवस्तुमा प्रवेशका लागि वातावरण बनाउन सकिन्छ ।

**क्रियाकलाप १: विपद्का बारेमा जानकारी (१५ मिनेट)**

- विपद् भनेको के हो भन्ने सन्दर्भमा मष्तिष्क मन्थन गराउनुहोस् । आएका विचारहरूलाई न्यूजप्रिन्ट पेपरमा टिप्न लगाउनुहोस् । सबै विचार टिपिसकेपछि नमिल्ने विचार आएका भए सहभागीहरूको सहमतिमा हटाउनुहोस् । सहभागीहरूबाट आएका विचारहरूको आधारमा विपद्लाई बुझ्न सरल परिभाषा बताउने कोसिस गर्नुहोस् ।

- विपद्को जोखिमका दृष्टिकोणबाट नेपाल के-कस्तो अवस्थामा रहेको छ भनी कक्षाकोठा छलफल चलाउनुहोस् । नेपालमा विपद्का घटनाक्रम बारेमा संक्षिप्त चर्चा गर्नुहोस् ।

**क्रियाकलाप २: समूह छलफल (५० मिनेट)**

- सहभागीलाई दुई समूहमा विभाजन गर्नुहोस् । बालबालिकाको संरक्षणका लागि विपद् पूर्वको तयारी के-कसरी गर्ने र विपद्पश्चात् के-कसरी गर्न सकिन्छ भनी समूहमा छलफल गरी प्रस्तुत् गर्न लगाउनुहोस् । समूहमा छलफल गर्न पहिले समूह छलफलसम्बन्धी नियम बताउनुहोस् ।

- समूह प्रस्तुतिपछि कक्षाकोठा छलफल चलाउनुहोस् र आफ्नो धारणा बताउनुहोस् ।

**क्रियाकलाप३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- यस सत्रमा हामीले के-के छलफल गऱ्यौं ? भनी सहभागीसँग प्रश्न गर्दै यस सत्रका क्रियाकलापहरूको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरू गर्न सकिन्छ :

- विपद् भनेको के हो ?
- विपद् पूर्वको अवस्थामा बालसंरक्षणका लागि गरिनुपर्ने कार्य के-के हुन सक्दछन् ?
- विपद्पश्चात् बालसंरक्षणका लागि गरिनुपर्ने कार्य के-के हुन सक्दछन् ?

- छलफलमा सक्रिय सहभागी भएकोमा सबै सहभागीलाई धन्यवाद दिँदै सत्र अन्त्य गर्नुहोस् ।

***

# अध्ययन-सामग्री

## आपतकालीन अवस्था तथा विपद्मा बालसंरक्षण

### विपद् तथा आपत्कालीन अवस्था भनेको के हो ?

विपद् आइलाग्यो भन्नेवित्तिकै हामी खराब अवस्थाको चित्रण गर्न थाल्दछौं । यथार्थमा नै विपद् आइलाग्नु भनेको अत्यन्त नराम्रो परिवेशको सिर्जना हुनु हो । बोलीचालीको भाषामा विपद् आउनुलाई 'दशा लाग्यो' पनि भन्ने गरिन्छ । विपद् भन्नाले आकस्मिक, भयङ्कर विनाशकारी घटना जसले समाज गाउँ, सहर तथा सिङ्गो मुलुकको नियमित प्रक्रियालाई नै तहसनहस पार्दछ र डरलाग्दो मानवीय तथा भौतिक, आर्थिक, वातावरणीय क्षति गराउँदछ । विपद्को परिणामलाई सम्बोधन गर्न स्थानीय श्रोत र साधनले प्रायः असम्भव हुन्छ भनेर परिभाषित गरिएको पाइन्छ ।




विपद्को सिर्जना मुलतः मानवीय तथा प्राकृतिक कारणले हुने गर्दछ । मानवीय कारण भन्नाले मानव सिर्जित (गैर प्राकृतिक) कारण हो भने प्राकृतिक कारण भनेको मानवको प्रत्यक्ष संलग्नता नभई प्राकृतिक कारणले सिर्जित घटना वा परिस्थिति हो । उदाहरणको लागि कुनै गाउँ समाजमा विभिन्न कारणले एक समुदायले अर्को समुदायमा आक्रमण गर्नु, गाउँटोलमा आगजनी गर्नु, ठूलो क्षेत्रफलमा फलेको अन्नबाली नोक्सान गर्नु आदि मानव सिर्जित विपद् हुन् । भुइँचालो, ज्वालामूखी फुट्नु, आँधीबेहरी (समुद्री), हिमपात, हुरीबतास, आदिले ठूलो मात्रामा जनधनको नोक्सान गर्नुलाई प्राकृतिक विपद् भनिन्छ । यद्यपि प्राकृतिक विपद्मा हुने धनजनको क्षतिको मुख्य कारण भनेको मानवनिर्मित संरचनाहरू नै हुन् भन्ने यस क्षेत्रमा क्रियाशील संघसंस्था तथा विद्वानको धारणा रहेको पाइन्छ ।

उत्पत्तिका दृष्टिकोणले विपद्लाई दुई समूहमा विभाजन गरिएजस्तै यसले गर्ने क्षतिका आधारमा यसलाई चार समूहमा विभाजन गर्न सकिन्छ :

क) **गम्भीर प्रकारको प्राकृतिक विपद्**: बाढी, समुद्री आँधी, हिमपात, सुख्खा, भुइँचालो आदि ।

ख) **सामान्य प्रकारको प्राकृतिक विपद्**: पहिरो, शीतलहर, लूः, आँधीबेहरी आदि ।

ग) **गम्भीर प्रकारको मानवसिर्जित विपद्** : आगजनी, डढेलो, युद्ध, वनविनाश, स्वास्थ्य महामारी, रासायनिक प्रदुषण,

घ) **सामान्य प्रकारको मानवसिर्जित विपत** : यातायात दुर्घटना, खाद्य विषाक्तता, औद्योगिक दुर्घटना तथा सङ्कट, वातावरणीय प्रदुषण आदि ।

विपद्लाई विभिन्न संस्था तथा विद्वानले भिन्न-भिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । नेपाली बृहत् शब्दकोशका अनुसार 'भूकम्प, अतिवृष्टि, अनावृष्टि, आँधीबेहरी, महामारी आदिले सिर्जना गरेको आपत्तिजनक स्थिति नै विपद् हो' भनिएको छ । यसै सन्दर्भमा दैवीप्रकोप (उद्धार) ऐन, २०३९ का अनुसार "दैवी प्रकोप" भन्नाले भूकम्प, आगलागी, आँधीबेरी, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि,

अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनुपर्छ र सो शब्दले औद्योगिक दुर्घटना विस्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ' भनी उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय रेडक्रस महासंघका अनुसार 'आकस्मिकरूपमा जनजीवन अस्तव्यस्त बन्ने विपत्तिपूर्ण अवस्था नै विपद् हो । यस्तो अवस्थामा मानिसले धेरै दुःख पाउँदछन् । तसर्थ उनीहरूका लागि सुरक्षा, खाना, लुगाफाटो आवास, औषधोपचार तथा सामाजिक सेवाजस्ता दैनिक जीवनमा नभई नहुने वस्तु र सेवा सहयोगदाताहरूबाट परिपूर्ति गरिनुपर्ने अवस्था हुन्छ ।'

माथि दिइएको परिभाषाहरूअनुसार विपद्मा देहायका विशेषताहरू हुन्छन् भन्नेमा सबैको मतऐक्यता रहेको पाइन्छ :

क) विपद् कहिले आउँछ भनेर प्रायः अनुमान गर्न गाह्रो हुन्छ । यो अचानक उत्पन्न हुने आपतकालीन अवस्था हो ।

ख) विपद्ले मानिस, समाज तथा मुलुकको नै नियमित प्रक्रियालाई अवरूद्ध, असामान्य तथा अस्तव्यस्त बनाउँदछ ।

ग) विपद्ले धनजनको ठूलो क्षति पुऱ्याउँदछ । धेरै मानिसलाई हताहत बनाउँदछ । बाँचेकाहरूलाई पनि दैनिक जीवनयापन गर्ने वातावरण अत्यन्तै कष्टप्रद हुन्छ । फलतः बाँचेका मानिसहरूको जीवनपद्धति साह्रै कष्टपद हुन्छ । जोखिमको मात्रा बढ्दछ ।

घ) जनधनको क्षति व्यापक मात्रामा हुनुका साथै उपलब्ध स्रोतसाधनको ठूलो मात्रामा नोक्सान हुने भएकाले विपद्पछिको व्यवस्थापन गर्नु भनेको निकै जटिल कार्य हुनजान्छ । यस्तो अवस्थामा वाह्य सहयोगको ठूलो आवश्यकता पर्दछ ।



*स्रोतः इमेज फर मेजर डिज्यास्टर इन नेपाल ।*
*महाकाली (माथि) र कोशी(तल) नदीमा आएको बाढी ।*

ङ) विपद्ले मानवसमाजको उन्नति, प्रगतिलाई मात्र तहसनहस पार्दैन, हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको प्रगतिलाई कैयौं वर्ष पछाडि धकेलिदिन्छ ।


विपद्ले पुऱ्याउने क्षति तथा विपद्ले उत्पन्न गराउने अवस्थाको बारेमा हामीले संक्षिप्तरूपमा माथि विश्लेषण गऱ्यौं । अब विपद्को अवस्थामा बालअधिकारको उपभोगलाई निरन्तरता दिन तथा बालसंरक्षण सुनिश्चित गर्न के-कस्ता काम गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गरिएको छ ।

## नेपालमा आइपरेका केही प्रमुख विनाशकारी प्रकोप तथा विपद्[१]

- वि.सं. १९९० साल माघ महिनामा नेपालमा ठूलो भूकम्प आएको थियो । यो भूकम्प ८.२ रेक्टर स्केलको रहेको अनुमान गरिएको थियो । यो भूकम्पले ८ हजार ५१९ जनाको मृत्यू भएको र २० हजार ७२४ घर नष्ट भएको थियो । वि.सं. २०८६ असोजमा सुदूर पश्चिमाञ्चलमा गएको ६.२ रेक्टर स्केलको भूकम्पका कारण ६ जनाको मृत्यू तथा ३० जना गम्भीर घाइते भएका थिए भने ८ हजार ७९० वटा घर भत्केका कारणले १३ हजार ३५९ जना विस्थापित भएका थिए ।
- वि.सं. २०४५ भाद्र महिनामा आएको भूकम्पमा ७२१ जनाको मृत्यु भएको थियो भने २१ हजार ७८६ घर भत्केको थियो ।

१ स्रोत नेपाल डिज्यास्टर नलेज नेटवर्क र विपद् परिचय तथा व्यवस्थापन

- त्यस्तै, वि.सं. २०५० भाद्र महिनामा आएको बाढीले १ हजार ४८ जनाको ज्यान लिएको थियो । २०५३ आषाढ महिनामा आएका बाढीका कारण ६५० जनाको मृत्यु भएको थियो ।
- वि.सं. १८८६ सालमा तानसेनमा, २०२५ सालमा विराटनगरमा, २०३० सालमा सिंहदरबारमा, २०६० सालमा ताप्लेजुङ र तेह्रथुममा भएको आगलागीले ठूलो क्षति पुऱ्याएको थियो ।
- वि.सं. २०२० सालमा विफरबाट नेपालमा १ हजार मानिसको मृत्यु भएको थियो ।
- वि.सं. २०३० र २०३७ सालमा नेपालले लामो खडेरीको सामना गर्नुपरेको थियो ।
- वि.सं. २०४४ सालमा दशरथ रङ्गशालामा भएको भागदौडमा ७१ जनाको मृत्यू भएको थियो ।




- वि.सं. २००२, २०२५, २०२७, २०२८, २०३१, २०३२, २०३५, २०३८, २०४०, २०५०, २०६१, २०६३ र २०६९ र २०७० सालमा गएको बाढीपहिरोले मुलुकको विभिन्न भागमा ठूलो जनधनको क्षति भएको थियो ।
- वि.सं. २०७१ असोज महिनामा भारतमा आएको हुद्-हुद् समुद्री आँधीका कारण नेपालको मनाङ्ग र मुस्ताङ्ग क्षेत्रमा भएको हिमपातका ४१ जना पर्यटक र नेपालीहरूको मृत्यु भएको थियो ।

विपद्को अवस्थामा बालसंरक्षण के-कसरी गर्ने भन्ने सन्दर्भमा छलफल गर्नुअघि यस सन्दर्भमा प्रयोग गरिने शब्दहरूको बारेमा संक्षिप्त चर्चा गर्न अत्यावश्यक हुन्छ ।

**बालबालिका**:

बालबालिकासम्बन्धी ऐन, २०४८ को परिच्छेद १ को दफा २ को परिभाषा अन्तर्गत 'बालक भन्नाले १६ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई सम्झनुपर्दछ' भनिएको छ । स्मरणीय के छ भने बालकको परिभाषाका मुख्य आधार उमेरलाई लिइएको पाइन्छ र देशअनुसार बालबालिकाको उमेर फरक पर्दछ । जस्तैः छिमेकी देश भारतमा बालक भन्नाले १८ वर्ष उमेर पुरा नगरको बालबालिकालाई बुझिन्छ । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १ मा अठार वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई 'बालबालिका' भनेर परिभाषित गरिएको छ ।



**बालअधिकार**:

बालबालिकाले सम्मानित भएर बाँच्नको लागि नभईनहुने हकहरूलाई बालअधिकार भनिन्छ । विश्वका प्रायः सबै देशहरूसंयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को राज्यपक्ष भइसकेका छन् । नेपालले पनि यो महासन्धिलाई अनुमोदन गरेको छ । यो महासन्धिअनुसार बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको समग्र पक्षलाई बालअधिकार भनिन्छ । एक बालक वा बालिकाको हैसियतमा राज्य तथा अन्य उत्तरदायित्व वहनकर्ताहरूले निर्वाह गर्नुपर्ने भूमिका तथा उपलब्ध गराउनुपर्ने सेवा र सुविधाहरूको उपभोग गरी सम्मानित भएर बाँच्न पाउने अधिकारलाई बालअधिकार भनिन्छ ।

**सङ्कट (Hazard)**:

विभिन्न शब्दकोशले सङ्कट भनेको खतरा (Danger) तथा जोखिम (Risk) भनी अर्थ्याउन खोजको पाइन्छ । नेपाली शब्दकोश अनुसार सङ्कट भनेको कुनै आपद्विपत्को स्थिति; साह्रै अप्ठेरो अवस्था; कष्ट; कठिनाई हो । सङ्कट भनेको कुनै प्रकारको नष्ट, नोक्सान तथा हानिजस्ता घटना घट्नको लागि आवश्यक वातावरण तथा परिवेशसिर्जित भएको अवस्था हो । त्यसैले सङ्कट भनेको एउटा खतरापूर्ण अवस्था हो जसका कारण व्यक्तिका घरपरिवार, सम्पत्ति, स्वास्थ्य तथा वातावरणमा गम्भीर असर पार्दछ ।

**क्षमता (Capacity)**:

क्षमता भनेको सामान्यतयाः कठीन परिस्थितिको सामना गर्नसक्ने अवस्थालाई बुझाउँदछ । अर्को शब्दमा भन्नुपर्दा विपद्को जोखिमलाई न्यूनीकरण गर्न तथा विपद् आएपछि त्यस्तो अवस्थालाई सामना गर्नसक्ने या दुःखलाई न्यूनीकरण गर्नसक्ने हैसियतलाई क्षमता भनिन्छ ।

**जोखिम (Risk)**:

जोखिम भन्नाले सङ्कटका कारणले उत्पन्न गराउने क्षति तथा त्यसको अवस्था या तहको सम्भाव्यता हो । कुनै सङ्कट आइपरेमा त्यसको क्षति के–कति हुन सक्दछ त भन्ने आधारमा जोखिमलाई मापन गर्ने गरिन्छ । उदाहरणको लागि काठमाण्डौ उपत्यकामा ८ रेक्टर स्केलको भूकम्प गएमा यतिजना मानिस मर्न सक्दछन्, यतिजना घाइते हुन सक्दछन्, यति घरहरू ध्वस्त हुन सक्दछन् र आर्थिक, सामाजिक तथा जीविकोपार्जनको अवस्थामा यस्तो प्रभाव पार्न सक्दछ भने पूर्वानुमानको अवस्थालाई नै जोखिम भनिन्छ ।

**जोखिमको लेखाजोखा (Risk Assessment) भनेको के हो ?**

जोखिमको लेखाजोखा गर्नु भनेको एक प्रकारको प्रक्रिया हो । यस प्रक्रियामा सङ्कटका क्षेत्रहरूको पहिचान गरिन्छ । साथै सङ्कटले ल्याउने जोखिमको पूर्व लेखाजोखा गरिन्छ र यस्तो सङ्कटको अवस्थालाई कसरी निराकरण गर्ने तथा न्यूनीकरण गर्ने भन्ने सवालमा लेखाजोखा गरिन्छ ।

**जोखिमोन्मुख (Vulnerability)** :

व्यक्तिका कमजोरी, असुरक्षा तथा समस्याहरू जसले व्यक्तिलाई हानिनोक्सानी पुर्‍याई विपद्को अवस्थामा राख्ने कार्य गर्दछ त्यसलाई जोखिमोन्मुख परिस्थिति भनिन्छ ।

**आपतकाल (Emergency)**:

विपद् (मानवीय तथा प्राकृतिक) का कारण उत्पन्न हुने आकस्मिक आपद्‌विपदमा फँसेको अवस्थालाई आपतकालीन अवस्था भनिन्छ । यस्तो अवस्थामा हुने क्षतिको न्यूनीकरणका लागि तुरुन्तै मानवीय कार्य तथा सहयोगको आवश्यकता पर्दछ ।

**विपद् र बालसंरक्षण**

## विपद पूर्वको अवस्था र बालबालिका



विपद्‌को पूर्वतयारी कार्यमा संलग्न हुन पाउनु सबै बालबालिकाको अधिकार हो । आफू र आफ्नो परिवार तथा समुदायलाई पर्नसक्ने सङ्कटको बारेमा बालबालिकालाई जानकारी गराउनुपर्दछ । बालबालिका कति जोखिमोन्मूख अवस्थामा छन् र यस्तो अवस्थालाई पार लाउन तथा सकेसम्म कम गर्न उनीहरू स्वयंले के गर्नुपर्दछ भन्ने पूर्वतयारीको कार्यमा पनि बालबालिकालाई सहभागी गराउनुपर्दछ । साथै, विपद्‌का लागि जोखिमपूर्ण अवस्था कहाँ-कहाँ छन् भनेर लेखाजोखा गर्ने कार्यमा पनि बालबालिकाको सहभागिता गराइनुपर्दछ । सरोकार पक्ष तथा सरकारले तयार पारेका जोखिम न्यूनीकरण योजना बालमैत्री भए/नभएको सन्दर्भमा बालबालिकाको सहभागितामा समीक्षा गरिनुपर्दछ ।

बालबालिका पढ्ने विद्यालय तथा खेल्ने स्थान या बस्ने घर प्राकृतिक विपद्‌का कारणले कत्तिको जोखिमपूर्ण छ भनेर उनीहरूलाई जानकारी गराइनुपर्दछ । पारिवारिक तथा सामूहिक विपद् तथा पूर्व-तयारी कार्यमा बालबालिकाको सहभागिता हुनु उनीहरूको अधिकार हो । जस्तै भूकम्प गएका बेलामा कसरी जीवन रक्षा गर्न सकिन्छ भन्नेबारे गरिने कृत्रिम अभ्यासमा बालबालिकालाई सहभागी गराइनुपर्दछ । घरमा या विद्यालयमा आगो लागेका अवस्थामा कसरी सुरक्षा अपनाउने भन्ने शिक्षण कार्यमा उनीहरूको सहभागिता सुनिश्चित गरिनुपर्दछ । यस सन्दर्भमा प्रकाशन गरिने अध्ययनसामग्री तथा प्रयोगमा ल्याइने सरसामानहरू बालमैत्री बनाइनुपर्दछ । आपत्‌विपद्‌को अवस्थामा चाहिने पानीको भाँडो, औषधि, टर्चलाइट, खानेकुराजस्ता सामग्री राखिने जीवन-रक्षक झोला तथा सुरक्षित स्थान एवम् उद्धारका लागि प्रशिक्षण प्राप्त स्वयंसेवकहरूको बारेमा बालबालिकालाई जानकारी गराउनुपर्दछ । बाढीको अवस्थामा स्थानीय सामग्रीहरूको प्रयोग जस्तै जर्किनको प्रयोगले कसरी जीवन रक्षा गर्न सकिन्छ भन्ने अभ्यास गराउनुपर्दछ । साथै, विपद्‌को बेलामा सहयोग गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त हुने सर-सहयोगको बारेमा बालबालिकालाई जानकारी गराइनुपर्दछ ।

## विपद्‌पश्चात्‌को अवस्था र बालबालिका

विपद्‌पूर्वको अवस्थामा गरिने तयारीले विपद्‌पश्चातको अवस्थाको सामना गर्न ठूलो मद्दत पुर्‍याउन सक्दछ । विपद्‌को अवस्थामा प्राथमिक उपचारको सेवा तथा सामग्रीहरूमा पहिलो पहुँच बालबालिकाको हुनुपर्दछ । यो उनीहरूको अधिकार हो । त्यस्तै समुदायमा व्यवस्था गरिएका अन्य उद्धारका सामग्री तथा स्थानमा बालबालिकाको सहज पहुँच हुनुपर्दछ । तालिम प्राप्त उद्धारकर्मीले गर्ने उद्धार कार्यमा बालबालिकालाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ । त्यस्तै विपद्‌सम्बन्धी पूर्व-चेतावनीका सूचनाहरू बालबालिकाले बुझ्न र सम्झन सक्नेगरी प्रसारण गरिनुपर्दछ । विपद्‌पश्चात स्थानान्तरणका बेला बालबालिकाले प्रयोग गर्ने पानीको स्रोत, शौचालय, फोहर फाल्ने भाँडो, अस्थायीरूपमा



*भुटानी शरणार्थी शिविरमा लागेको आगलागी*

बसोबास गर्ने भवन, स्थान आदि बालमैत्री हुनुपर्दछ । सुरक्षित बसाइको लागि चाहिने लत्ताकपडा, खाद्यान्न आदिबारे बालबालिकालाई अग्रीम जानकारी गराउनुपर्दछ र उनीहरूलाई प्राथमिकतामा राखिनुपर्दछ । एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण हुँदाको समयमा बालबालिकाले आफ्नो परिवारका साथ स्थानान्तरण हुन पाउनुपर्दछ । परिवारसँग विछोड भएको अवस्थामा आफ्नो नजिकको नातेदार तथा सरकारले तोकेको हेरालुका साथमा बालबालिकाले यात्रा गर्न पाउनुपर्दछ । यस्तो अवस्थामा बालबालिकाले आफ्नो खेलौना आफैसँग लान पाउने व्यवस्था गर्नुपर्दछ ।[२]

विपद्पश्चातपनि बालबालिकाले स-सम्मान बाँच्न पाउने वातावरणको प्रत्याभूति भएको हुनुपर्दछ । चोटपटक तथा घाइते भएको अवस्थामा विशेष प्राथमिकताका साथ उपचार पाउनुपर्दछ । विरामी भएको अवस्थामा तुरून्तै गुणस्तरीय उपचारको सेवा प्राप्त गर्न पाउने पनि बालबालिकाको अधिकार हो । आमाबाबुसँग बिछोड भएको अवस्थामा विशेष संरक्षण तथा हेरचाहको सेवा पाउनुपर्दछ । यस्तो अवस्थामा पनि प्रत्येक दिन बिहान, दिउँसो र बेलुका गरी कम्तीमा तीनपटक पोषणयुक्त खाना खान पाउनुपर्दछ । वयस्कहरूभन्दा पहिला बालबालिकालाई खाना खुवाउन प्राथमिकता दिनुपर्दछ । विपद्को अवस्थमा पनि बालबालिकाले ढुक्क भएर खेल्न, पढ्न, चित्रहरू बनाउन, कथाहरू सुन्न विशेष स्थलको व्यवस्था गरिएको हुनुपर्दछ । शारीरिकरूपमा अशक्त तथा फरक तरिकाले सिक्ने बालबालिकाका लागि उपयुक्त अध्ययन तथा खेलकुदका सामग्रीहरूको व्यवस्था गरिनुपर्दछ । संक्षिप्तमा भन्दा बालबालिकाको अवस्था तथा उनीहरूको अधिकारको प्रत्याभूति गर्ने कुरामा विपद्मा पनि विशेष ख्याल गरिनुपर्दछ ।

विपद्का कारण अस्थायी शिविरमा बस्नुपरेका अवस्थामा शिविरको वातावरण बालमैत्री हुनुपर्दछ । शिविरले जारी गरका नियम तथा समय तालिकाको बारेमा बालबालिकालाई अग्रीम जानकारी हुनुपर्दछ । परिवारबाट अलग भएका बालबालिकालाई परिवारको सम्पर्कमा ल्याउने विशेष प्राथमिकता दिइनुपर्दछ । शिविरमा धेरै मानिसहरू बस्दछन् । यस्तो घना बस्तीमा बालबालिका माथि हुने दूर्व्यवहार, यौनहिंसाजस्ता घटनाबाट बालबालिकालाई जोगाउन विशेष व्यवस्था गरिनुपर्दछ । यी सवै परिस्थितिमा बालबालिकासँग मर्यादित व्यवहार गरिनुपर्दछ, उनीहरूलाई पाइदैन । समग्रमा भन्ने हो विपद्पश्चात् पनि बालबालिका सम्मानित भएर बाँच्न पाउने वातावरणको प्रत्याभूतिको लागि हरसम्भव प्रयास गरिनुपर्दछ र उपलब्ध स्रोतसाधनको यथोचित प्रयोग गरिनुपर्दछ ।

https://www.youtube.com/watch?v=QWtxPj8boNs

***

२ हामी सुरक्षित छौं-सेभ द चिल्ड्रेन

# सत्र २०: सीफारिस तथा समुदायमा उपलब्ध अन्य सेवाका लागि संयोजन



**१ घण्टा ३० मिनेट ।**

## २०.१. सत्रको परिचय

यो सत्रको लक्ष्य दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकाको संरक्षणका लागि विभिन्न निकायहरूबीच सेवा लिनका लागि गरिने सहकार्यबारे सहभागीहरूलाई स्पष्ट पार्ने हो । यस सत्रमा स्थानीयस्तरमा कुन कुन सेवा प्रदायकहरू छन् र कुन निकायसँग कस्ता सहयोगहरू उपलब्ध छन् भनी नक्साङ्कन गर्न र सेवाप्रदायकसँग सेवा आदानप्रदान गर्ने क्रममा कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्दछ भन्ने बारेमा विस्तृत छलफल गरिन्छ ।

## २०.२. अपेक्षित उपलब्धि

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन् :

- बालसंरक्षणमा सीफारिस प्रणाली भनेको के हो र यसको महत्व के छ भन्ने बताउन ।
- स्थानीयस्तरमा रहेका सेवा प्रदायकहरू र तिनले दिने सेवाको नक्साङ्कन गर्न ।
- दूर्व्यवहार तथा हिंसामा परेका बालबालिकालाई आवश्यकताअनुसार सेवा प्रदायक संस्था तथा निकायमा सीफारिश गर्न ।

## २०.३. सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

मार्कर, न्यूजप्रिन्ट पेपर

## २०.४. सत्र सञ्चालन गर्ने प्रक्रिया

### क्रियाकलाप १ : सीफारिस प्रणालीहरूका बारेमा प्रस्तुतीकरण

- सबै सहभागीलाई सीफारिस प्रणाली भनेको के हो ? भन्नेबारेमा सामान्य परिचयात्मक जानकारी दिनुहोस् । (यस छलफलका लागि पाठ्य सामग्रीको सहयोग लिनुहोस् ।)
- सबै सहभागी रहेको हल (पूर्ण सत्र) मा सीफारिस प्रणालीमा संलग्न निकायहरूबारे गरिने छलफललाई अगाडि बढाउनुहोस् । सहभागीहरूलाई देहायका प्रश्नहरू सोध्नुहोस् :
    - स्थानीयतहमा बालबालिकाको लागि सेवा प्रदान गर्ने के-कस्ता सहयोगी निकायहरू रहेका छन् ?

- जिल्लातहमा रहेका बालबालिकाका लागि काम गर्ने र स्थानीय समुदायको पहुँचमा रहेको निकायहरू कुन कुन हुन् ?
- यी निकायहरूमा वा सीफारिस प्रणालीहरूमा समुदायहरू कसरी संलग्न हुन्छन् ?

- सहभागीहरूले भनेका सबै सरोकारवालाहरू बोर्ड/न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् । सहभागीहरूले भनेका कुराहरू निम्न ढाँचामा टिप्न सकिन्छ वा छुट्टाछुट्टै न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।

| क्र.सं. | स्थानीयतहमा रहेका निकायहरू | जिल्लातहमा रहेका निकायहरू |
|---|---|---|
| | | |

- यससम्बन्धी पाठ्य सामग्री अध्ययन गरी पहिले नै तयार पारिएको परिभाषाका आधारमा सीफारिस प्रणाली थप छलफल गर्नुहोस् ।

### क्रियाकलाप २: धागो फ्याक्ने खेल

- धागो फ्याँक्ने अभ्यास गरी आफ्नो क्षेत्रमा रहेका सेवा प्रदायकको सेवा नक्साङ्कन र लिन सकिने सेवाको अभ्यास गराउनुहोस् ।

**धागो फ्याक्ने खेल**

**आवश्यक सामग्रीहरू** :

लगभग २० मिटर लामो बलियो प्रक्रितिको धागो वा सुतली र हरेक सेवाप्रदायक र सामाजिक संयन्त्रका नाम लेखिएका एक एकवटा मेटा कार्डहरू ।

- सबै सहभागीहरूलाई गोलो घेरामा राख्नुहोस् ।
- प्रथम चरणमा टिपोट गरिएका सरोकारवालाहरूको सङ्ख्यामा मात्र सहभागीहरूलाई गोलो घेरामा राख्नुहोस् । (यदि सहभागीहरू टिपोट गरिएका सरोवालाहरूको सङ्ख्याभन्दा बढी भएका आवश्यक मात्रामा मात्र सहभागीलाई गोलो घेरामा राखी अन्य सहभागीलाई खेलको अवलोकन गर्न भन्नुहोस् ।)

- गोलो घेरामा बाँकी रहेका सहभागीहरूलाई सरोकारवालाहरूको नाम लेखिएको एक एकवटा मेटाकार्ड वितरण गर्नुहोस् । र उक्त मेटाकार्डलाई टाउकोमा सबैले देख्नेगरी बाँध्न लगाउनुहोस् (पहिले नै सरोकारवालाहरूको नाम लेखी, धागो लगाएर बाँध्न मिल्ने बनाएर राख्नुहोस्) ।
- यस अभ्यासको नियम बताउने :
  - घेराभन्दा बाहिर बस्ने सहभागी-साथीहरू पर्यवेक्षकको मात्र भूमिका निभाउनेछन् ।
  - सुरुमा स्वास्थ्य संस्थालाई धागोको डल्लो दिइनेछ । उक्त धागोले एक बालक वा बालिकाको प्रतिनिधित्व गर्नेछ ।
  - उक्त धागोलाई तपाईंले कस्तो सहयोग दिनुभयो र अब कस्तो सहयोगको खाँचो छ भन्न लगाउनुहोस् । र, यसो गर्दा आवश्यक सेवा प्रदान गर्ने क्रममा कुन निकायमा सीफारिस गर्नुहुन्छ बताउनुपर्नेछ । कस्ता सूचनाहरू तपाईं उक्त सरोकारवालालाई दिनुहुन्छ र कस्ता सूचनाजानकारी दिनुहुन्न पनि बताउनुपर्नेछ ।
  - सीफारिस गर्ने क्रममा सबै धागोको एउटा टुप्पो समाती डल्लो चाहिँ सीफारिस गरिने सरोकारवालातिर फ्याँक्नुपर्नेछ । यसरी एकपछि अर्को सरोकारवालाको सहयोगको चित्रण भएपछि अभ्यास खेल समाप्त भएको सूचना दिनुहोस् तर धागो चाहिँ यथास्थितिमा राख्न लगाउनुहोस् ।
  - समय र आवश्यकताअनुरूप अर्को मुद्दामा फेरि पनि अभ्यास खेललाई दोहोऱ्याउन सकिन्छ ।
  - खेलबाट हुने मुख्य सिकाइबारे छलफल गर्नुहोस् । पहिले घेरामा रहेका सहभागीहरूलाई सोध्नुहोस् र त्यसपछि पर्यवेक्षकहरूलाई पनि सोध्नुहोस् ।
  - आवश्यकतानुसार बोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुँदागतरूपमा टिप्नुहोस् ।

- खेल/अभ्यासबाट हुने सिकाइहरू
  - एउटै निकायले सबै सेवा प्रदान गर्न सम्भव छैन । सेवा प्रदायकलाई आफ्नो अधिकार क्षेत्र र जिम्मेवारीको ज्ञान हुनु जरुरी हुन्छ ।
  - एउटै मुद्दामा सबै सरोकारवाला निकायहरूको सेवा आवश्यक नपर्न सक्दछ ।
  - आफूसँग भएका सबै सूचनाजानकारी अर्को निकायलाई दिनैपर्छ भन्ने हुँदैन । उक्त सूचनाजानकारीले बालबालिकालाई तत्कालीन वा दीर्घकालीन असर के गर्दछ भन्ने कुरामा सचेत हुनुपर्दछ । यसैले पनि बालसंरक्षण कार्यमा गोपनीयतालाई विशेष महत्व दिनुपर्दछ भनिएको हो ।
  - बालबालिकालाई धेरै यताउता वा असम्बन्धीत निकायमा सीफारिस गर्ने वा धेरै समय लगाउने गराईरहँदा निज बालक वा बालिका पुनःपीडित हुने सम्भावना रहन्छ । त्यसैले बालमैत्री तवरले एक निकायमा लिइसकेको सूचनाजानकारी अर्कोमा फेरि लिन नपर्ने गरी आवश्यक सूचनाजानकारी लिनेदिने वातावरण बनाउनुपर्दछ ।
  - सीफारिस प्रणालीको पहिलो चरण भनेको सेवाप्रदायकहरूको नक्साङ्कन नै हो । जसमा को, कहाँ, केका लागि कार्यरत छन् भन्ने प्रश्नको उत्तर खोजिएको हुन्छ ।
  - यस संयन्त्रभित्र विभिन्न स्वतन्त्र निकायहरू हुने, बालसंरक्षणको लागि वा एउटै उद्देश्यका लागि परिचालन गर्नुपर्ने हुनाले उनीहरूसँग लगातार समन्वय गरी सूचनाजानकारी आदानप्रदान गर्नुपर्ने हुन सक्दछ ।
- अन्त्यमा नक्साङ्कनको नमूना, सीफारिस गर्ने प्रक्रियामा ध्यान दिनुपर्ने कुरा, अन्य संस्थासँगको समन्वय, र आचारसंहिताको प्रस्तुतीकरण तथा छलफल गर्नुहोस् ।
- सत्रको अन्त्यमा सक्रिय सहभागिताको लागि सबै सहभागीलाई धन्यवाद दिनुहोस् ।

***

# अध्ययन सामग्री

## सीफारिस तथा समुदायमा उपलब्ध अन्य सेवाका लागि संयोजन

बालसंरक्षण एक बहुआयामिक विषय हो । हिंसाबाट प्रभावित बालबालिकालाई आवश्यक पर्ने सेवाहरू एकै छाना मुनि प्राप्त गर्नु सबै अवस्थामा सम्भव हुँदैन । उदाहरणका लागि यदि कुनै बालक वा बालिका जोखिमयुक्त श्रमका कारण बिरामी परेर स्वास्थ्य संस्थामा आईपुगे भने निज बालक वा बालिकाको स्वास्थ्य समस्या मात्र नभई अरू समस्याहरू पनि हुन सक्दछन् । जस्तै : मानसिक, संवेगात्मक, यौनिक समस्याहरू जसको सम्बोधनका लागि भिन्नभिन्न खालका सेवाप्रदायकको ढोकासम्म पुग्नुपर्ने हुनसक्दछ । बालसंरक्षण कार्यको सन्दर्भमा सीफारिस भन्नाले बालबालिकालाई आवश्यक यस्तै भिन्नभिन्न सहयोगको चाँजो मिलाउन एउटा निकायबाट अर्को निकायमा विशिष्टिक्रित सेवा लिन पठाउने कार्य भन्ने बुझिन्छ ।

सीफारिस प्रणाली भनेको बालसंरक्षणको सरोकारका सवालहरूलाई सम्बोधन गर्नका लागि सेवा प्रदायकहरूले कसरी मिलेर काम गर्न



सक्छन् भन्ने योजना तर्जुमा गर्नु पनि हो । सामान्यतया बालबालिकाको आवश्यक सेवाको सीफारिसलाई मध्यनजर गर्दा कानुनी सेवा, स्वास्थ्य सेवा र सामाजिक सेवा प्रदान गर्ने निकायमा हुने सेवाको समन्वय भनेर बुझ्नुपर्दछ ।

सीफारिस प्रणालीको तर्जुमा गर्दा निम्नलिखित कार्यहरू गरिन्छ :

- आफ्नो क्षेत्रमा बालबालिकालाई सहायता गर्ने सेवाप्रदायकहरू को को छन् भनी नक्साङ्कन गर्ने,
- सहयोग लिन कहाँ जाने भन्ने विषयमा समुदायको चेतना अभिवृद्धि गर्ने,
- बालसंरक्षणको सवालहरू उत्पन्न भएमा सेवा प्रदायकहरूलाई सीफारिस गने कार्य,
- जोखिममा रहेका बालबालिकाको अवस्थामा सुधार भएको सुनिश्चित गर्नका लागि सीफारिसको फलो-अप ।

## सेवाप्रदायकहरूको नक्साङ्कन

सेवा प्रदायकहरूको नक्साङ्कन गर्दा क्रियाशील रहेका सरकारी, गैरसरकारी र सामाजिक संस्था तथा संयन्त्रहरूको पूर्ण विवरण लिई आवश्यक सहयोगका लागि तयार वा सहमत गराउनु पर्दछ । यस चरणमा निम्न प्रकारको विवरण लिएर राख्न सकिन्छ ।

| क्र.स. | सेवा समूह | संस्थाको नाम, र ठेगाना | कार्यक्षेत्र (सेवाको विवरण) | समेट्ने भौगोलिक क्षेत्र | क्षमता | कहिले सम्म | सम्पर्क व्यक्तिको नाम र फोन नम्बर | संस्थाको फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | स्वास्थ्य चौकी, सगरमाथा नगर | उपचार, सचेतना, खोप | पुरै गाविस | - | लगातार | क्रितराम सिग्देल ९८५१०.. | ०५९ ..... | - |
| २ | | कख नेपाल, रामनगर | स्वास्थ्य क्याम्प, सचेतना | गा.वि.स क, ख, ग | आवश्यकता अनुसार लचक | - | - | - | - |
| ३ | | - | - | - | - | - | - | - | - |
| ४ | | - | - | - | - | - | - | - | - |
| ५ | ट्रान्जिट होम | - | - | - | - | - | - | - | - |
| ६ | कानुनी सेवा | - | - | - | - | - | - | - | - |
| ७ | मनोसामाजिक सेवा | | | - | - | - | - | - | - |
| ८ | पुनर्स्थापन सेवा | - | - | - | - | - | - | - | - |
| ९ | | - | - | - | - | - | - | - | - |
| १० | | - | - | - | - | - | - | - | - |

त्यसरी सेवाप्रदायकको नक्साङ्कन गर्दा कति संस्थाहरूको कार्यक्रममा भएको बेलामा मात्र सहयोग पुऱ्याउन सक्ने अन्यथा नसक्ने हुन्छ । त्यसैले कस्ता सेवाहरू कहिलेसम्म सञ्चालन हुने भन्ने स्पष्ट विवरण आउनुपर्ने हुन्छ । कतिपय अवस्थामा ती संस्था वा निकायको क्षमताको प्रश्न पनि देखिन्छ । अधिकांश संघसस्थाले काम गर्ने क्षेत्र फराकिलो बनाएर प्रस्तुत गर्दछन् तर साच्चै सेवा दिने क्रममा आफूले प्रतिबद्धता व्यक्त गरेका सेवा दिन असमर्थ हुन्छन् । त्यसैले विवरण लिने र दिने क्रममा सेवा प्रदायक संस्था वा निकायको वास्तविकतालाई झल्काउन अति नै ध्यान पुऱ्याउनुपर्दछ ।

सेवा प्रदायकहरू फरक-फरक किसिमले काम गर्दछन् । कुनै क्षेत्रमा कार्य सञ्चालन गरिरहेका विभिन्न सेवा प्रदायकहरूका भूमिका तथा काम-कर्तव्यबारे थाहा पाउनु महत्वपूर्ण हुन्छ । समय, श्रोत तथा कोष सेवाप्रदायकहरूका लागि सीमित हुन्छन् । उपलब्ध श्रोतहरूको अधीनमा रही रोकथाम तथा सम्बोधनका एकदमै प्रभावकारी कार्यक्रमहरूको तर्जुमा गर्नका निमित्त साझेदारीमा काम गर्नु महत्वपूर्ण हुन्छ । समुदायमा आधारित संस्था तथा अग्रपङ्क्तिमा रहेका कार्यकर्ताहरूले सीफारिस सञ्जालको विकास गर्न अथवा सेवाहरूका बीचमा बढ्दो समन्वयको विकास गर्न सहयोग गर्न सक्दछन् ।

## आचार संहिता




सेवा प्रदायकहरूसँग काम गर्नु चुनौतीपूर्ण हुन सक्दछ किनभने धेरैजसो तिनका प्राथमिकताहरू एक–अर्कासँग बाझिने खालका हुन्छन् र श्रोतहरू सीमित हुन सक्दछन् । समुदायमा आधारित संस्था तथा सामुदायिक परिचालकहरूले बालसंरक्षणबारे उनीहरूको ज्ञान बढाउन र यसबारे समझदारी राख्नका निमित्त सेवा प्रदायकहरूका साथसाथै समुदायसँग मिलेर काम गर्नु आवश्यक हुन्छ । उनीहरूले बालबालिकालाई थप जोखिममा पार्दैनन् भन्ने कुरा सुनिश्चित गर्नका निमित्त सीफारिस प्रणालीका लागि आचार-संहिताको तर्जुमा गर्न उनीहरूलाई प्रोत्साहित गर्नुपर्ने हुन सक्दछ ।

### सीफारिस आचार-संहिताको नमूना

- सावधानीपूर्वक काम गर्ने, कुनै अनावश्यक जोखिम नउठाउने ।
- मुद्दाहरू सेवा प्रदायकहरूलाई सीफारिस गर्ने ।
- गोपनीय प्रक्रिया अवलम्बन गरी उपयुक्त मानिसहरूसँग मात्र सूचना लिनेदिने ।
- तपाइँले बालबालिका वा परिवारका लागि के गर्न सक्नुहुन्छ भन्ने जानकारी सुस्पष्ट भाषामा जानकारी दिई उनीहरूले बुझेको सुनिश्चित गर्ने ।
- सम्बन्धीत बालबालिका र परिवारको सूचनाजानकारी अरूसंग आदानप्रदान गर्नलाई उनीहरूको स्वीक्रिति पाएको सुनिश्चित गर्ने ।
- भविष्यमा जोखिम रोकथाम गर्नका लागि बालबालिका वा परिवारसँगै बसेर योजना बनाउने ।

***

## प्रशिक्षण तालिकाको नमूना
## आमासमूहका सदस्यहरूका लागि बालसंरक्षणसम्बन्धी प्रशिक्षणका विषयवस्तु

| क्र. सं. | सत्रको शीर्षक | समय | कैफियत |
|---|---|---|---|
| ०१ | सहभागीबीच परिचय तथा प्रशिक्षण उद्देश्यहरूबारे जानकारी | ४५ मिनेट | भाग १ हेर्नुहोस् |
| ०२ | बालबालिका र बालअधिकारको आवश्यकता | ६० मिनेट | भाग १ हेर्नुहोस् |
| | बालबालिका सुरक्षित कहाँ हुन्छन् ? | ६० मिनेट | |
| ०३ | बालअधिकार भनेका के हो हो ? किन चाहिन्छ ? | ९० मिनेट | भाग १ हेर्नुहोस् |
| ०४ | बालअधिकार उल्लंघनका घटनाहरू (हिंसा, शोषण, हेलाहेलचेक्राई, दुर्व्यवहार तथा शारीरिक सजाय/दण्ड) को पहिचान | ९० मिनेट | भाग ३ हेर्नुहोस् |
| ०५ | बालसंरक्षणका सवालहरूको पहिचान | ४५ मिनेट | |
| ०६ | बालसंरक्षणको लागि आमा समूहको भूमिका<br>• व्यक्तिगत र सामुहिक रूपमा | ४५ मिनेट | |
| ०७ | बालबालिका बेचविखन, यौन-हिंसाविरूद्ध आमा समूहको भूमिका | ४५ मिनेट | |
| ०८ | दुर्व्यवहार तथा हिंसामा परेका बालबालिका मैत्री सञ्चार सीप | ४५ मिनेट | |
| ०९ | बालबालिकाको पुनर्एकीकरण तथा फलोअप (अनुगमन) मा सहजीकरण/सहयोग मा आमा समूहको भुमिका | ६० मिनेट | |
| १० | संभावित जोखिम कम गर्नको लागि गरिने पूर्व-तयारीमा आमा समूहको भूमिका | ४५ मिनेट | |
| ११ | बालसंरक्षणका लागि समुदायको परिचालनमा आमा समूहको भुमिका | ६० मिनेट | |
| १२ | घटना व्यवस्थापनमा आमा समूहको भूमिका | ६० मिनेट | |
| १३ | अभिभावकबिहीन बालबालिकाको हेरचाह र सहयोग | ४५ मिनेट | |
| १४ | मनोसामाजिक सहयोग | ६० मिनेट | |
| १५ | बालिकाहरूको संरक्षणको सम्बोधनका लागि गरिनुपर्ने कार्यहरू | ४५ मिनेट | |
| १६ | किशोरकिशोरी अवस्थामा आउने परिवर्तनहरूबारे जागरण | ६० मिनेट | |
| १७ | आपत्कालीन अवस्थामा बालसंरक्षणका लागि स्थानीयतहमा क्रियाशील आमासमूहको भूमिका | ६० मिनेट | |
| १८ | बालबालिकाको बैकल्पिक हेरचाहसम्बन्धी सामान्य परिचय | ४५ मिनेट | |
| १९ | जोखिमपूर्ण अवस्थाका बालबालिकाको शिफारिस तथा समुदायमा उपलब्ध अन्य सेवाका लागि संयोजन | ४५ मिनेट | |
| | | १११० मिनेट (१०८०) | |

PLAN INTERNATIONAL

Save the Children

Terre des hommes
Helping children worldwide. tdh.ch

unicef

World Vision